पूर्णाङ्क ६७५ / २०८२ पुस

मधुपर्क

कर्णाली
सुदूरपश्चिम
विशेषाङ्क

गोरखापत्र संस्थानका प्रकाशनमा विज्ञापन प्रकाशित गर्न तथा ग्राहक बन्नका लागि निम्नानुसारका कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ
सम्पर्क नं. : ०१-५३२७४९३, ५३३१३९४ (विज्ञापन शाखा)/ ५३२०६३८ (ग्राहक सेवा शाखा)/टोल फ्री नं. १६६००१९४४४४
इ-मेल : mgorkhapatra@gmail.com

पूर्व क्षेत्र प्रकाशन कार्यालय, विराटनगर
विराटनगर-१९, मोरङ, कोशी प्रदेश
सम्पर्क नं. : ०२१-५९१००३, ५९१००४
इ-मेल : biratnagar.regional@gorkhapatra.org.np

पश्चिम क्षेत्र प्रकाशन कार्यालय, कोहलपुर
सम्पर्क नं. : ०८१-५३१६२२, ५३१६२३
इ-मेल : kohalpur.regional@gorkhapatra.org.np

मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ०४१-५९०४२९
इ-मेल : janakpur.regional@gorkhapatra.org.np

बागमती प्रदेश कार्यालय, हेटौँडा, मकवानपुर
सम्पर्क नं. : ०५७-५९०६५१
इ-मेल : hetauda.regional@gorkhapatra.org.np

गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की
सम्पर्क नं. : ०६१-५३१८२७, ९८६५०२२६६६
इ-मेल : pokhara.regional@gorkhapatra.org.np

लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही
सम्पर्क नं. : ०७१-५४३३७६
इ-मेल : butwal.regional@gorkhapatra.org.np

कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
सम्पर्क नं. : ०८३-५९००६०
इ-मेल : karnali.regional@gorkhapatra.org.np

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
सम्पर्क नं. : ०९१-४१२०४३, ९८५८४२१८०१
इ-मेल : dhangadi.regional@gorkhapatra.org.np

हाम्रा प्रकाशनहरु

गोरखापत्र
THE RISING NEPAL
gorkhapatraonline.com
मधुपर्क
युवामञ्च
मुना

मधुपर्क

वर्ष ५८, अङ्क ८, पूर्णाङ्क ६७५, पुस २०८२

(VOL 58, NO 8 (DECEMBER-JANUARY 2025-26)

२०२५ जेठदेखि निरन्तर प्रकाशित

त्रिभुवनचन्द्र वाग्ले
नि. सम्पादक

लक्ष्मी खतिवडा
सहसम्पादक

सानुराम दाहाल
ले-आउट/डिजाइन

एनबी याक्खा
कला

तीर्थराज अधिकारी
शुद्धाशुद्धि

ओमप्रकाश भुसाल
मुद्रण व्यवस्था

बबिता कार्की
वितरण व्यवस्था

गङ्गबहादुर पन्थी
व्यापार

महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
मुद्रित तथा प्रकाशित

गोरखापत्र संस्थान,
धर्मपथ, काठमाडौँ
फोन नं. ०१-५३४४४३५
पो. ब. नं. २३, काठमाडौँ

सम्पादकीय

माटो र मन मिश्रित पीयूष-स्वाद

अघिल्तिर एक अबोध शिशु र अर्कोतिर ज्ञानले परिपूर्ण गुरु छन्, पश्चिम कता हो भन्ने शिशुको प्रश्नमा गुरुले कस्तो उत्तर देलान्, कता देखाउलान् पश्चिम भनेर, पश्चिम बुझाउन कस्तो भूमिका बाँध्नु पर्ला गुरुलाई । कुनै पनि स्थान निरपेक्ष रूपमा दूर, सुदूर, पश्चिम, पूर्व वा उत्तर दक्षिण हुन सक्छ भनेर गुरुले कसरी पुष्टि गर्लान् । यस सन्दर्भमा गुरुले कुनै सापेक्षताको तुलनामा मात्र पश्चिम देखाउन सक्लान् । भनिरहनु पर्दैन, पूर्व वा पश्चिम सापेक्षित सम्बोधन हुन्, संज्ञान हुन् ।

मधुपर्कले सुदूरपश्चिम तथा कर्णाली विशेषाङ्क प्रकाशन गर्ने योजना बुन्दै गर्दा लागेको थियो, कर्नालबाट ऋषिमुनिले पिएको पानी नै कर्नाली थियो र कर्णाली छ । कर्नाल यसको यो ठोस पहिचान हो तर वर्तमानले पश्चिम बुझेको डोटी निरपेक्ष पश्चिम हो ? डोटीको पहिचान पश्चिम वा सुदूरपश्चिम मात्र हुन सक्छ ? डोटीले भन्न पाउनुपर्ने थियो, ऊ पूर्व हो कि पश्चिम तर कसले, किन, कसरी उसको न्वारान गरिदियो 'पश्चिम' वा 'सुदूरपश्चिम' । हाम्रा काली र कुटी, लेकम, अपि र नाम्पाले डोटीलाई पूर्व भन्न पाउनुपर्ने थियो, काठमाडौँले पश्चिम र सुदूर भनिदियो । यसर्थ सुदूरपश्चिम सापेक्षित बुझाइ हो जबकि कर्णाली ठोस तथा निरपेक्ष बुझाइ । नामको विषय बौद्धिक बहसका लागि मात्र हुनु पर्छ, विग्रहका लागि होइन, नाम भौतिक पहिचान मात्र हो, यसमा विवाद गर्नुले सुखद परिणाम आउँदैन । यो सन्दर्भलाई यहीँ बिट मारौँ । जसलाई आज सुदूरपश्चिम भनिएको छ, ऊसँग पहिचानका लाख लाख विशेषता छन् । महाकाली, शिव, व्यास, त्रिशूल, अपि जस्ता हिमाल, ओम पर्वत के छैन सुदूरपश्चिमसँग । उसलाई यसरी चिनाएको भए कहाँबाट कुन पश्चिम र पूर्व भन्ने प्रश्नउत्तर गर्नुपर्ने अवस्था आउने थिएन । मधुपर्कले देशका विभिन्न स्थान, भाषा समुदायलाई अक्षरले जोड्ने प्रयास गर्दै आएको छ । यसै क्रममा मैथली, भोजपुरी भाषा विशेष, बन्दीपुर विशेषाङ्क प्रकाशनपछि सुदूरपश्चिम र कर्णाली विशेषाङ्क प्रकाशित छ । यो अङ्कमा जेजति सामग्री छन् तिनले सुदूरपश्चिम र कर्णालीलाई पूरै परिचय दिन सक्छन् भन्ने होइन । मधुपर्कले आफ्नो सीमा र औकात अनुसार सुदूरपश्चिम र कर्णालीबारे धेरैभन्दा धेरै सामग्रीमार्फत प्रकाश पार्न चाहेको हो तर त्यो सम्भव थिएन ।

नेपाली भाषा, साहित्य, संस्कृति, सभ्यताको जननी भूमि सुदूरपश्चिम र कर्णालीलाई भौतिकतामा मात्र नभएर विशेषतामा बुझ्न सकियोस् भनेर मधुपर्कले यस्तो प्रयास गरेको हो । मधुपर्कले देशका विभिन्न स्थानमा पुगेर सबै राष्ट्र भाषा, साहित्य, जातीय संस्कृतिसँग साक्षात्कार हुने अभ्यास थालेको छ । यसै क्रममा बन्दीपुर विशेषाङ्क प्रकाशित गरियो र शैलुङलाई साक्षात् गरिएको छ । यसरी नै सुदूरपश्चिम र कर्णालीलाई साक्षात् गरेर विशेषाङ्क प्रकाशन गर्ने प्रयास गर्दागर्दै विविध कारण काठमाडौँबाटै यस्तो विशेषाङ्क प्रकाशन गर्न बाध्य भयौँ तर यस सन्दर्भमा सम्बद्ध क्षेत्रका लेखक, सर्जक, जानकार, शुभचिन्तकसँगको अन्तर्क्रियाले हामीलाई यो विशेषाङ्क प्रकाशन गर्न सहयोग तथा सद्भाव प्राप्त भएको छ । सर्जकलाई स्थलगत साक्षात्कार हुने अवसर नपाइएकाले यस क्षेत्रका सबै १९ जिल्लामा प्रचलित नेपाली संस्कृति, हाम्रा सबै राष्ट्र भाषा, साहित्यका यथेष्ट सामग्री प्रस्तुत गर्न सकिएको छैन तर प्रयासको थालनी गरेका छौँ, निरन्तर राख्ने छौँ । यहाँका भाषा, साहित्य, संस्कृति उन्नयनको चासो र चिन्ता सुदूरपश्चिम र कर्णाली सरकार/स्थानीय सरकार, सरोकारी तथा सर्जकको पनि हो । मधुपर्क प्रयासको पाइला हो पूर्णताको पूर्णविराम होइन ।

यस पटक आमपाठक विशेषतः सुदूरपश्चिम तथा कर्णालीका पाठकलाई मधुपर्क भिन्न स्वादको हुने छ । यसमा अपिको सुगन्ध हुने छ । कर्नालको सङ्गीत सुनिने छ । हुम्लाको छाया र जुम्लाको सन्देश पाइने छ । माटो र मनको मिश्रित पीयूष-स्वाद मिल्ने छ भन्ने हाम्रो विश्वास छ । हाम्रा पाठक तथा शुभचिन्तकले एकै थलोमा बसेर सुदूरपश्चिम तथा कर्णालीबारे विविध जानकारी प्राप्त गरी लाभान्वित हुनुभयो भने हामी हाम्रो प्रयासमा सफल भएको मान्ने छौँ । थप प्रयासका लागि प्रेरित हुने छौँ । निरन्तरता हाम्रो अभियान र अभियान हाम्रो निरन्तरता हुने छ ।

E-mail : madhuparkmonthly@gmail .com,
madhuparknews@gmail.com
website : www .gorkhapatraonline .com

मूल्य रु. २५ ।-
वार्षिक २५० ।-

पत्रपत्रांश



मधुपर्कका रचना पठनीय

मङ्सिर महिनाको मधुपर्क समयमै पढ्न पाइयो। मधुपर्क पढ्न पाउँदा खुसी लाग्छ। आगामी दिनमा पनि मधुपर्क अझै उत्कृष्ट अङ्कमा पढ्न पाइने छ भन्ने आशा छ। नियात्रा स्तम्भमा प्रकाशित नियात्रा लेखहरू पढ्दा आफू नै त्यहाँ पुगे झैँ लाग्यो। त्यस्तै संस्मरण स्तम्भमा प्रकाशित संस्मरण लेख पढ्दा विगत र वर्तमान तुलना गर्न सजिलो भयो। आलेख शीर्षकमा प्रकाशित लेखहरू पठनीय छन्। त्यस्तै संस्कृति स्तम्भ सबै वर्गका पाठकका लागि उपयोगी नै छन्। अझ यस्ता लेख रचनाले युवामाझ बिर्सन र हराउन लागेको नेपाली संस्कृतिको जगेर्ना गर्न सहयोग पुग्ने छ। यसर्थ यसले पनि निरन्तरता पाओस्। आगामी अङ्कमा पनि नेपालीको मौलिक चाडपर्व झल्कने खालका रचना पनि प्राथमिकता पर्ने छ भन्ने आशा छ। मङ्सिर अङ्कमा प्रकाशित कथा, लघुकथा, कविता, निबन्ध आदि सबै राम्रा छन्। समग्रमा भन्नु पर्दा प्रकाशित प्रायः सबैजसो लेख रचना पठनीय छन्। आगामी अङ्कमा पनि यस्तै उत्कृष्ट लेख रचना पढ्न पाइने छ भन्ने आशा गर्दछु।

सयमा सय उत्कृष्ट

मधुपर्कको २०८२ मङ्सिरको अङ्क समयमै पढ्ने अवसर मिल्यो। हरिप्रसाद घिमिरेको किसान पौरखी बने शीर्षकको कविता पढेपछि मेरो मन रमायो। रोहिणी रसिकको व्यर्थमै फालियो शीर्षकको कविता निकै सुन्दर छ। महेश प्रसाईंले लेखेको चालिसको दशकका नेपाली कवि र कविता शीर्षकको आलेखमा काठमाडौँमा उदाएका कविमा मेरो नाम पनि समावेश गरिएको रहेछ। डा. देवी पन्थीले लेखेको गजलको सूक्ष्म विवेचना शीर्षकको आलेख गजल लेख्नेहरूका लागि निकै उपयोगी छ। ईश्वर पोखरेलले लेखेको अर्काको माउ शीर्षकको लघुकथा निकै मन पर्‍यो। मुकेश मल्लले लेखेको नेपाली आधुनिक कलामा मिथक शीर्षकको लेख ज्यादै राम्रो छ। बासुदेव गुरागाईंले लेखेको रुख शीर्षकको निबन्ध पढेपछि रुखबिरुवा हामी सबैले रोप्नु पर्छ भन्ने महसुस भयो। लक्ष्मीधर गुरागाईंले लेखेको नमेटिएका डोब गोरखापत्र पुराण शीर्षकको लेख पढ्न पाउँदा खुसी लाग्यो। सिद्धनारायण आचार्यले लेखेको तथास्तु शीर्षकको निबन्ध राम्रो लाग्यो। कृष्ण गौतमले लेखेको जीजिविषा शीर्षकको कथा र ध्रुव सापकोटाले लेखेको पाइलाको डोब अझैँ बाँकी छ शीर्षकको कथा ज्यादै नै मार्मिक छन्। विवेक दुलाल क्षेत्रीले लेखेको नियति शीर्षकको लघुकथामा एक मानिस नदीमा माछा मार्दै थियो र माछाहरू भन्दै थिए 'ए मानिस आज तिमी हामीलाई मारेर खाऊ, भोलि तिमी मरेपछि हामीले नै खाने हो' भनिएको छ। विष्णु न्यौपानेको स्वाभिमान शीर्षकको कथा निकै राम्रो छ। इन्दु पन्तले लेखेको नयाँ मोड शीर्षकको कथा दोहोर्‍याएर पढे। हरिप्रसाद उप्रेतीले लेखेको न्यायकी देवी शीर्षकको कथा राम्रै लाग्यो। जेबी खत्रीले लेखेको नेताको घर शीर्षकको लघुकथा निकै राम्रो छ। कृष्णराज खनालले लेखेको बाको अन्त्येष्टि शीर्षकको कथा निकै मन पर्‍यो। डा. दीनबन्धु शर्माले लेखेको त्यो मान्छे शीर्षकको कथा राम्रो लाग्यो। डा. कृष्ण सुवेदीले लेखेको यात्रा र स्वप्न अनुभूति शीर्षकको नियात्रा निकै मन पर्‍यो। नन्दलाल आचार्यले लेखेको आँखाभित्र शीर्षकको लघुकथा र नारायण कैलाश सिग्देलले लेखेको चिया पसल्नी शीर्षकको लघुकथा निकै नै राम्रो लाग्यो। कणाद महर्षिको पोलेको मकै शीर्षकको कविता राम्रो लाग्यो। विष्णु आचार्य 'अतृप्त' को गीत मधुपर्कमा पढेपछि रेडियोमा कहिले सुन्न पाइएला भन्न चाहन्छु। भीम राना 'जिज्ञासु' र बिर्खे अञ्जानले लेखेको मुक्तक निकै नै दामी छन्। धनमाया राईले लेखेको आमा छेपारो शीर्षकको संस्मरण र लीलाराज दाहालले लेखेको घुम्दै फिर्दै ल्होमन्थाङ शीर्षकको संस्मरण सबैले पढ्नै पर्ने रहेछ। कृष्णमणि पराजुलीले लेखेको कहाँ गए संवेदना र करुणा शीर्षकको संस्मरण राम्रै छ। तेजप्रकाश श्रेष्ठले लेखेको छायानाथको छत्रछायामा गमक्क शीर्षकको नियात्रा साह्रै नै पढ्नयोग्य छ। प्रमोद नेपालले लेखेको स्वच्छ धरातलको खोजी शीर्षकको कविता निकै नै सुन्दर छ। डा. मेघराज ढकालले लेखेको बन्छ थैली समाल्दा शीर्षकको कविता निकै राम्रो छ। डा. बेन्जु शर्मासँगको कुराकानी पढ्ने अवसर मिल्यो। विमल विकलले लेखेको

मुक्तक राम्रै छ । डा. प्रेमराज सिलवालले लेखेको गुर्जो, छहरे झरना र भटभटेमा गुर्जे माइला शीर्षकको व्यङ्ग्य निकै राम्रो छ । अच्युतप्रसाद पौडेल चिन्तनले लेखेको केही ज्योतिर्लिङ्गको दर्शन शीर्षकको संस्कृति लेख निकै राम्रो छ । किसन पौडेलले स्मृतिमा काठमाडौँ शीर्षकको संस्मरणमा मलाई पनि रेडियो नेपालमा फर्माइस गीतमा मेरो नाम आइरहन्थ्यो भनेर सम्झँदा खुसी लाग्यो गोरखापत्र दैनिकमा सम्पादकलाई चिठीमा पनि मेरो नाम आइरहन्थ्यो । प्रकाश रम्घालीले लेखेको हेर्दाहेर्दै साँझको घाम झैँ शीर्षकको कविता राम्रै छ । धनकुटे कान्छा, राजेश ढुङ्गाना, गणेश श्रेष्ठ कवितामा जमेका छन् । डा. बमबहादुर थापा जितालीको फर्कन्छु आफ्नै घर शीर्षकको छन्दबद्ध कविता निकै नै राम्रो छ । यस अङ्कमा गजल, हाइकु, टुक्का कविताले स्थान पाउन सकेको रहेनछ जस्तो लाग्यो । मधुपर्कमा सबै विधाले स्थान पाउन सकोस् भन्ने मेरो चाहना छ । यति राम्रो संयोजनका लागि मधुपर्कका सम्पादकलाई धेरै धेरै धन्यवाद ।

अरुणबहादुर खत्री 'नदी'

हार्दिक कृतज्ञता

म गोरखापत्र संस्थानका प्रकाशनको नियमित पाठक हुँ । सिभिल इन्जिनियरिङ विषय पढे पनि भाषा, साहित्य र पत्रकारिता क्षेत्रमा गहिरो रुचि रहेको छ मेरो । मलाई साहित्यिक लेख तथा रचना पढ्न निकै मन लाग्छ । २०४८ सालदेखि मैले गोरखापत्र संस्थानका प्रकाशनमा साहित्यिक लेख रचना पठाउन थालेको हुँ र पढ्दै पनि आएको छु । मेरा लेख रचनालाई उचित स्थान दिएर साहित्य र पत्रकारिता क्षेत्रमा लाग्ने हौसला र प्रेरणा दिनुभएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । ■

नवराज न्यौपाने 'मौन'

पहेँलो प्रेम

पहेँलो फूलको छहारीमा बसेर लेख्दै छु
अतीतका यादहरू
लेख्दालेख्दै सकिन सक्छ मसी
बिर्सिन सक्छु वर्तमान
म टोलाएको देखेर रमिते डाँडाले नसोधोस्
झ्याउँपोखरीले झर्को नमानोस्
बुधबारेको बयान गरेर थाक्ने छैनन् ओठहरू
जालपादेवी र सिंहबाहिनी शिरमा राखेर
सदैव सबैको भलो चिताउँदै बिताएको बालापन
मस्तिष्कको टारबारीमा सयौँ फन्का घुमिरहेको छ आज पनि
देउरालीको काखमा
कहिल्यै फुर्सदिलो बनेर गफिने दिन आएन
जसोतसो टेकेको स्कुलले अभाव र तनाव झेलेर
मलाई नै गिज्याइरह्यो
दिन दुई गुणा, रात चार गुणा कामले चिहाइरह्यो
पाखा पखेराका हरेक कुनाले
मेरो हातको स्पर्श खोजिरहे
टाट्नाका बाख्रा, खसीले मेरै हातको
भोजन रोजिरहे
गाईवस्तुले मामाघरसम्म जाने बिदा दिएनन्
खेतबारीले कहिल्यै पनि बिर्सिएनन्
धाराले हर साँझबिहान पर्खियो
ढिकीजाँतोले दिन बिराएर सम्झियो
पिँढी आँगनले सिँगारपेटारको आस गरिरहे
सबैको खुसी जोगाउँदा जोगाउँदै आफ्ना खुसी मरिरहे
हाट बजार धाउनुपर्ने
अर्मपर्म लाउनुपर्ने
तुर्के पुल र तुम्लिङटारसँग गहिरो मित्रता राखियो
पानी नपर्दा खेत बाँझो बस्दा देवीदेउराली खुब भाकियो
लेखेर सबै कहाँ राख्नु अतीतलाई
देखेर मधुपर्कको गातामा पहेँला धानका बालाले
मनलाई डोहोर्‍याएर पुर्‍याएको छ
हजारेका फाँटहरूमा, जहाँ सुन पोखिएको आभास हुन्थ्यो
यही मङ्सिर र पुसमा
सम्झिएर अहिले भाँडाकुटी खेल्दै छ मन
पारि दिङ्लालाई नियाल्दै हजारेको फाँटबिचमा
बिर्सिएर साउने झरीलाई
खुसीका दाना बटुलेर भर्न खोज्दै छ भकारी
पहेँलो फूलको बोटमुनि बसेर मनमा
झुलाइरहेको छ पहेँलो बालापन
मलाई पँहेलो रङले खुब लोभ्याउँछ ।

लक्ष्मी ढकाल

मधुपर्कको मङ्सिर अङ्कको आवरण पृष्ठबारे यसका पाठकको अनुभूतिलाई प्रस्तुत गरिएको छ । सं.



यस अङ्कमा

- **संस्कृति, सभ्यता र परम्परा,** निर्मलकुमार भण्डारी ५
- **सुदूरपश्चिममा मनाइने चाडपर्व,** डा. पुष्करराज भट्ट ७
- **कैलाली, कञ्चनपुरमा थारू साहित्य,** सागर कुश्मी ११
- **भीमदत्त पन्त र दलित कलुवाको योगदान,** गणेशबहादुर नेपाली १५
- **प्रजातान्त्रिक योद्धा एन.डी. 'प्रकाश',** आर.डी. 'प्रभास' चटौत १७
- **बझाङी योद्धा जोरासिंह ऐडी,** रतन भण्डारी २०
- **केटोका हबा,** आडी भट्ट २३
- **बुढी पोल्ने लोकपर्व,** चन्द्रकला पन्त २४
- **कर्णालीका केही लोक प्रचलन,** हरिलाल महतारा २५
- **कस्तो सरकार (कविता),** गोमा जोशी २८
- **कर्णाली र सुदूरपश्चिम दोस्रो घर,** त्रिभुवनचन्द्र वाग्ले २९
- **मानसखण्डमा रामलीला संस्कृतिका जनक मास्टर बुलाकीराम,** हेमबाबु लेखक ३१
- **कमैया प्रथा र केही थारू परम्परा,** हेमन्ती जोशी ३३
- **हिउँ लोकसाहित्य,** कर्णबहादुर रोकाया ३५
- **डोट्याली संस्कृतिमा गौराको विशिष्टता,** जगदीश ओझा ३९
- **सुदूरपश्चिमको कला, साहित्य र संस्कृति उन्नयनमा शिल्पी समुदाय,** कर्ण दयाल 'सोराडी' ४३
- **संस्कृति, सभ्यता र थारू विरासत,** लक्की चौधरी ४६
- **उत्तराखण्डको गोरखा किल्ला,** महेशचन्द्र बराल 'ओमश्री' ५०
- **कलङ्कितबाट ज्ञान (कविता),** उत्तमराज अधिकारी ५१
- **देउडा, मागल र पैठ सम्पदा,** मीमबहादुर परियार ५२
- **वेदकालीदेखि तिल्यालीसम्मको यात्रा,** नन्दकृष्ण जोशी ५६
- **अठासी वर्षमा कैलाश मानसरोवर,** नन्दु उप्रेती ५९
- **सौका तथा राउटे जाति,** पदम बडाल, नारा जोशी ६१
- **मुक्तक,** रीता चन्द ६४
- **रहस्यमै पाताल भूमेश्वर गुफा,** नरेन्द्रबहादुर चन्द ६५
- **सुदूरपश्चिमका महिला साहित्यकार,** श्रेष्ठ प्रिया पत्थर ६७
- **शिक्षाका प्रवर्तक गोपालसिंह जमादार,** पुरनसिंह दयाल ७१
- **मुक्तक,** भीमसिंह धामी ७३
- **कर्णालीका देवता,** कालीबहादुर शाही ७४
- **सुदूरपश्चिमका विविध सुस्केरा,** रामचन्द्र नेपाल ७७
- **पित्तृसत्ताले बलि चढाएकी धना,** सरिता जोशी ८०
- **सुदूरपश्चिमी संस्कृतिमा जन्मसंस्कार र लोकसाहित्य,** उमेश अवस्थी 'आदर्श' ८४
- **लाप्चाबाट मानसरोवर कैलाशको दर्शन,** राजन रावत ८६
- **डेउडा लोकसंस्कृतिका सामाजिक-सांस्कृतिक आयाम,** तीर्थराज भट्ट ८८
- **सौन्दर्यको चाँदनीमा कैलाली,** झराज जोशी ९०
- **गजल,** राजेन्द्र ओड ९३
- **मैले देखेको कर्णालीसँग...,** कुलचन्द्र वाग्ले ९४
- **नेपाली साहित्यका धरोहर पहलमान सिंह स्वार,** प्राडा श्रीराम प्रसाद उपाध्याय ९८
- **मुक्तक,** दीपा शाही रावत ९९
- **भैलोको उद्गम..** मनोहर लामिछाने १००
- **दैलेख हुँदै दुल्लुतिर,** महानन्द ढकाल १०३
- **खप्की खाँदै खप्तडको,** प्रतीक ढकाल १०६

साहित्यिक गतिविधि ११०-११२

संस्कृति, सभ्यता र परम्परा

कर्णाली र कुमाउनी संस्कृतिबाट प्रभावित 'सुदूरपश्चिम'

निर्मलकुमार भण्डारी

नेपाली मानचित्रको पश्चिम पार्श्वमा रहेको भूगोल नै सुदूरपश्चिम हो । यो न त सुगम छ न दुर्गम नै । न त पूर्ण विकसित छ । न नितान्त अविकसित नै । यसको भौगोलिक एवं विकासात्मक अवस्था सम्भवतः मिश्रित अवस्थामा रहेको देखिन्छ । यो विशेषतः हरेक सन्ध्यामा दिनान्त हुने भूगोलका रूपमा रहेकाले पूर्वको तुलनामा प्रायः सबै क्षेत्रमा निस्तेज र अविकसित देखिन्छ । त्यसै गरी विकास निर्माणका कार्यमा यहाँ अरू क्षेत्रको तुलनामा निष्पक्षता र समानुपातिकता पाइँदैन । कतै न कतै तथा केही न केही कुरामा सूक्ष्म विभेद, त्रुटि एवं सौताने व्यवहार भए/गरेको अनुभूति अतीतदेखि नै यस सुदूरपश्चिमलाई अवश्य छ । सम्भवतः यो कुरा विगतदेखि नै यहाँको जनजीवनले भोग्दै, भन्दै र महसुस गर्दै आएको विषय पनि हो ।

भौगोलिक, राजनीतिक एवं मानचित्रात्मक विभाजन अनुसार सुदूरपश्चिमका भागमा हिमाली, पहाडी र तराईका गरी नौ जिल्ला समाविष्ट छन्, जो आआफ्नै भौगोलिक बनावट अनुसार सुगम र दुर्गम पनि छन् । बझाङ, बाजुरा, डोटी, अछाम र कैलाली त्यसै गरी दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुर गरी जम्मा नौ जिल्लालाई उदरस्थ गरेर बसेको छ सुदूरपश्चिम । उपर्युक्त जिल्लामध्ये बझाङ, बाजुरा र दार्चुला हिमाली जिल्लाको भूपरिसरमा पर्दछन् भने बैतडी, बाजुरा, डोटी डडेलधुरा र अछाम पहाडी जिल्लाभित्र पर्दछन् । त्यसै गरी कैलाली र कञ्चनपुर तराईका जिल्ला हुन् । समग्रमा कैलाली र कञ्चनपुर जिल्ला सेतीका उपर्युक्त तीन हिमाली जिल्ला र चार पहाडी जिल्लाका खेल मैदान जस्तै हुन् । समतल आँगन र प्राकृतिक अवस्थिति एवं वातावरण अनुसार आवतजावत गर्ने क्रीडास्थली जस्तै हुन् । जसको समसामयिक उपयोग र उपभोग विगतदेखि यस भेगको जनजीवनले गर्दै आइरहेको देखिन्छ ।

मूलतः सुदूरपश्चिम भौगोलिक रूपमा दूरसुदूर मात्रै छैन, यो प्राकृतिक एवं भौगोलिक संरचना र नैसर्गिक सजावट अनुसार सुन्दर एवं नयनाभिराम छ । त्यसैले यसलाई नक्साङ्कनको हिसाबमा सुदूरपश्चिम भने पनि प्राकृतिक रम्यता र नैसर्गिक साजसज्जाका आधारमा सुदूरपश्चिमलाई सुन्दर पश्चिम भन्नु असान्दर्भिक हुँदैन । वस्तुतः भौगोलिक संरचना प्राकृतिक रमणीयता तथा नैसर्गिक साजसजावटमा मात्र सुदूरपश्चिम सुन्दर छैन । अपितु यहाँको धार्मिक साहित्यिक सांस्कृतिक ऐतिहासिक लोकसाहित्यिक तथा अन्यान्य विविध कलात्मक प्रस्तुति एवं प्रदर्शन तथा अर्वाचीन सभ्यता मान्यता र परम्परा पालनमा समेत सुदूरपश्चिम अग्रणी छ । त्यसैले पनि यो सुन्दर पश्चिमको शब्द संसारभित्र पर्दछ ।

यहाँ रहेको देवात्मा हिमालय– सैपाल, नाम्पा, अपि, उरैलेकलगायतका अन्य अज्ञात नाम रहेका हिमाच्छादित शैलश्रेणी आप्लावित भएर सेती–काली–कर्णाली र बुढीगङ्गा नामका गङ्गा जस्तै पवित्र हिमनदीले सुन्दर सुदूरपश्चिमलाई सिँचेर रसार्द्र बनाएका छन् । यहाँका सदावहार वन, वृक्षले पवित्र, मन्द र सुगन्ध वायुको सञ्चार गरेका छन् । यहाँका पर्वतीय थुम्काथुम्कीमा विराजित देवशक्तिले सुदूरको चतुर्दिक सुरक्षा गरेका छन् भने यहाँका खप्तड मालिका तथा अन्य सुन्दर पर्यटकीय क्षेत्रले आफ्नो सौन्दर्यको भावनात्मक रसपान गराउन स्वदेशी र विदेशी पर्यटकलाई स्वतःस्फूर्त रूपमा यहाँ पदार्पण गर्न डाकेका छन् । यो पनि यस सुन्दर सुदूरपश्चिमको सौन्दर्यात्मक विशेषता हो ।

प्रकारान्तरमा यहाँ उपर्युक्त प्राकृतिक भौतिक सम्पदा मात्र नभएर अभौतिक तथा कतिपय अवस्थामा श्रव्यदृश्य परम्परामा आधारित सम्पदा पनि रहेका छन्, जस्तै, देउडा, न्याउला, ठाडीभाका, हुड्केली छलिया, चौलो आदिका साथै पन्चैबाजामा आधारित भुवानाच, धामीनाच तथा बिहेबारीमा गरिने मौलिक बेस–विन्यासयुक्त दमाईनृत्य आदि संस्कृति पनि

सुदूरपश्चिमका लोकसांस्कृतिक धरोहर हुन् । त्यसै गरी सुदूरपश्चिमका केही जिल्ला डोटी, डडेलधुरा, बैतडी र दार्चुलामा मनाइने शिवपार्वतीको पूजन पर्व 'गौरा' यहाँको नितान्त मौलिक मनोरञ्जनात्मक र साङ्गीतिक पर्व हो, जो भाद्र महिनामा पर्ने अमुक्ताभरण सप्तमीभन्दा दुई दिनअघि पर्ने बिरुडा पञ्चमीदेखि ऐ. पक्षको पूर्णिमासम्म धुमधामका साथ मनाइन्छ । यस पर्वमा गौरा महेश्वरको विधिवत् पूजन, विवाह प्रक्रिया, व्रतउपवासका साथमा स्थानीय मान्यता र परम्परा अनुसारका सांस्कृतिक खेलमालका परिदृश्य झन्डै एक/डेढ हप्तासम्म प्रस्तुत गरिन्छन् । जसमा विभिन्न वीर पुरुष र देवीदेवताका चैत, चाँचरी, ढुस्को, धुमारी, भोलाउलो, होरी गीत गायनका अतिरिक्त स्थानीय लोकलयमा आधारित देउडा र अन्य पुराना किसिमका गीत गायन प्रस्तुत गरिन्छन् । जो सबै विशेष मनोरञ्जनात्मक श्रव्यात्मक र दृश्यात्मक पनि हुन्छन् । त्यसै गरी रोपाइँ गर्दा गाइने भैनी गीत र बच्चाको षष्ठी पूजामा गाइने छैठी पूजाकर्मका गीत पनि समय सान्दर्भिक हुन्छन् । एवं प्रकारले विवाह व्रतबन्ध तथा अन्य यज्ञयज्ञादि जस्ता शुभकर्ममा गाइने माङ्गलिक फाग, मागलका राग र रुन्का पनि साह्रै भावोत्कर्ष बढाउने र अव्यक्त मनोरञ्जन दिने किसिमका हुन्छन् । यो पक्रिया र परम्परा पनि सुदूरपश्चिमको मौलिक मान्यता र विशेषताभित्र पर्दछ । जसलाई कदापि नकार्न सकिन्न ।

मूलतः अतीतमा नदी प्रश्रवणका हिसाबले समग्र नेपाललाई कोशी प्रदेश गण्डकी प्रदेश र कर्णाली प्रदेश गरी जम्मा तीन प्रदेशमा मात्र बाँडिएको थियो । अतः त्यतिबेलाको भौगोलिक विभाजनदेखि हाम्रो यो सुदूरपश्चिम कर्णाली प्रदेशमा समाहित छ । भनिन्छ कर्णाली प्रदेशको सिँजाक्षेत्र भनेको भाषा, साहित्य, कला र संस्कृतिको उद्‌गम थलो मात्र नभएर महर्षी मनुले दीर्घकालसम्म तपस्या गरेको दिव्य मानसभूमि पनि हो भने मानव जातिको उद्‌गम स्थलसमेत यही क्षेत्र हो भन्ने कुरा स्कन्दपुराणको मानसखण्डमा समेत उल्लेख गरिएको छ । अतः अतीतदेखि नै कर्णाली प्रदेशको ओत र आश्रयमा रहेको सेती, काली र कर्णाली क्षेत्र नै शास्त्रसम्मत मानस खण्ड हो, जहाँको भाषा, कला र संस्कृतिले समग्र नेपाल प्रभावित मात्र नभएर पूर्ण परिचित पनि छ भन्दा अतिशयोक्ति हुँदैन । सहज बोधका हिसाबमा कर्णाली नदीवारिदेखि नेपालको भौगोलिक सीमाक्षेत्रभित्र पर्ने महाकाली नदी तथा उत्तरतिरको तिब्बती सीमा हुँदै दक्षिणतिर पर्ने भारतीय सीमारेखासम्मको भूगोल नै सुदूरपश्चिम हो । जो प्रकृति, संस्कृति सभ्यता र परम्परा एवं मान्यतामा सुरम्य छ । कलापूर्ण छ । संस्कारयुक्त छ । भौगोलिक भावनात्मक अवस्थितिका आधारमा सुदूरपश्चिम प्रदेश पछाडिबाट कर्णाली प्रदेश र अगाडिबाट भारतको कुमाउनी प्रदेशको बिचभागमा रहेकाले यो यी दुवै क्षेत्रबाट सम्मिश्रित रूपमा प्रभावित छ । त्यसै गरी मानवीय जनबस्तीको स्वैच्छिक स्थानान्तरण पनि यी दुवै स्थानबाट भएको पाइएकाले सुदूरपश्चिमलाई दुवै ठाउँको संस्कृति, सभ्यता, मान्यता र परम्पराको छाप र संस्कार पर्नु स्वाभाविकै हो । त्यसै गरी स्थानीय भाषिक उच्चारण र लवजका कुरा हेर्दा कुमाउनी र सुदूरपश्चिमेली अभिव्यक्ति प्रक्रियामा प्रायः सहज बोधगम्यता पाइन्छ । यद्यपि त्यहाँको भाषिक उच्चारण र लवजमा थोरबहुत रूपमा हिन्दी भाषिकता र उच्चारणको सम्मिश्रण नपाइने होइन तर पनि कुमाउ क्षेत्रलाई पनि सुदूरपश्चिमेलीपनको छिटपुट छाप र प्रभाव परेको अनुमान गर्न सकिन्छ भने खानपान, पहिरन परिधान र भाग, मागल खेल तथा खेलसित सम्बद्ध पदचालको प्रक्रियामा प्रायः सम्यक समानता पाइन्छ । सम्भवतः छलिया नृत्यादिको प्रक्रिया र परिदृश्य पनि कुमाउनी संस्कृतिकै उपज हुन सक्दछ । एवं प्रकारले कर्णाली प्रदेशबाट पनि सुदूरपश्चिमले थुप्रै अभौतिक संस्कृति, संस्कार र सम्पदा प्राप्त गरेको छ । तीमध्ये पन्चैबाजा, कुनै साधनद्वारा हातले बजाउन मिल्ने वाद्ययन्त्र जस्तै, दाइनो दमाउ, ढोल, झ्याली, मुखले बजाउन मिल्ने बाजा जस्तै नरसिङ्गा, सहनाई, भोक्कर, शङ्ख, बाँसुरी, देउडा र ठाडी भाकाका विविध परिदृश्य र प्रारूप, चौलो र भुवाजन्य नृत्य । हुड्केली नृत्यका विविध पक्ष एवं प्रारूप । धानरोपाइँ गर्दा गाइने भैनी गीतका नमुना । उपर्युक्त सबै प्रकारका संस्कृति र संस्कारजन्य अभौतिक सम्पदा सुदूरपश्चिमले कर्णाली प्रदेशबाट स्वतःस्फूर्त रूपमा पाएको छ । किनभने विगतका समयमा हाम्रो देशमा भएका जनबस्ती अधिकांश कर्णाली प्रदेशबाट र छिटपुट मात्रामा कुमाउनी प्रदेशबाट स्थानान्तरण भएर सेती, महाकालीको परिसरमा आएर बसोबास गरेका हुन् भन्ने भनाइ रहेको छ । त्यसैले सुदूरपश्चिममा पनि सम्बन्धित स्थान विशेषका विविध पक्षको संस्कारिक एवं अन्य प्रचलनात्मक छाप पर्नु स्वाभाविकै हो । प्रकारान्तरमा पन्चैबाजा, देउडा, चौलो, हुड्केली, भैनी, बालगीत, संस्कारगीत र वनगीत नै सुदूरपश्चिम भेगका अभौतिक सम्पदा हुन्, जो सुदूरपश्चिम प्रदेशले कर्णाली र कुमाउनी प्रदेशबाटै हस्तगत गरे झैँ लाग्दछ । मानिसले बदलिँदो समय, परिस्थिति र अवस्था अनुसार जहाँसुकै स्थानान्तरण भएर गए पनि उसले पहिले बसेको ठाउँको संस्कार, संस्कृति र व्यवहारले उसलाई आत्मसात् गरेकै हुन्छ । त्यसैले मानिस जहाँ जहाँ जान्छ, त्यहाँ त्यहाँ उसको धर्म संस्कृति, सभ्यता र परम्परागत संस्कार उसैसित पिछा गर्दै गएको हुन्छ । यी सबै मानवदेहका प्रतिच्छाया जस्तै हुन् । जसरी मानवदेहको प्रतिच्छायालाई कसै गरी पनि अलग्याउन सकिँदैन, त्यसरी नै सभ्यता र संस्कृतिजन्य विषय पनि हुन् । अस्तु । ■

सुदूरपश्चिममा मनाइने चाडपर्व

डा. पुष्करराज भट्ट

सुदूरपश्चिम सांस्कृतिक हिसाबले समृद्ध प्रदेश हो । यहाँको माटोमा संस्कृतिका अनेकन पक्ष पाइन्छन् । यहाँको समाजमा विभिन्न समुदाय एवं जातिको बसोबास भएका कारण फरक फरक संस्कृतिको उपस्थिति पाइन्छ । यस प्रदेशमा तराईमा दुई जिल्ला कैलाली र कञ्चनपुर रहेका छन् भने पहाडमा सात जिल्ला बैतडी, दार्चुला, डोटी, डडेलधुरा, अछाम, बभाङ र बाजुरा रहेका छन् । पहाडका जिल्लामा प्रायः एकै किसिमको संस्कृति पाइन्छ । पहाडका जिल्लामा जिल्ला विशेषको मौलिक पर्व एवं सांस्कृतिक परम्परा पनि विद्यमान छन् । यस लेखमा सुदूरपश्चिमका विभिन्न जिल्लामा मनाइने चाडपर्व र ती पर्वको सांस्कृतिक महत्त्वलाई प्रस्तुत गरिएको छ ।

सुदूरपश्चिममा सात पहाडी जिल्ला छन् । सुदूरपश्चिममा रहेका पहाडी जिल्लाका नागरिक सुदूरपश्चिमकै तराईका साथसाथै नेपाल एवं विश्वका विभिन्न देशमा छरिएर रहेका छन् । आफ्नो मूल थलोबाट अन्य ठाउँमा गए पनि मानिसले आफ्नो सांस्कृतिक कर्मलाई छाडेको हुँदैन । उसले आफूसँगै आफ्नो सांस्कृतिक क्रियाकलापलाई पनि व्यापक परिवेशमा चिनाउँछ । यहाँ सुदूरपश्चिमका पहाडी मूलका चाडपर्वलाई चिनाउने कार्य गरिएको छ ।

नेपालमा विक्रम संवत्‌लाई सरकारी कामकाजमा प्रयोग गरिनुका साथै दैनिक व्यवहारमा पनि प्रयोग गरिन्छ । वर्षको प्रारम्भको दिन वैशाख १ गते बिसु पर्वका रूपमा मनाइने गरिएको छ । यसलाई बिस्पती, बिसु, जाँत, बिस्सजाँत पनि भनिन्छ । यस पर्वमा घरबाहिर गएका परिवारका सदस्य घरमा फर्कने, पारिवारिक मिलन हुने, नयाँ नयाँ खाद्य परिकार बनाउने र खाने, लत्ताकपडा किन्नेलगायतका कार्य गर्छन् । यही दिन सिस्नु लगाउने कार्य पनि गरिन्छ । नन्दभाउजू, देवरभाउजू, सालीभिनाका बिचमा सिस्नो लगाउने कार्य गर्छन् । सिस्नु लगाउने क्रममा देवर वा भाउजू नहुने, नन्द वा भाउजू नहुने, साली वा भिनाजु नहुनेले आफ्नै शरीरमा सिस्नो लगाउने गर्छन् । सिस्नो लगाउने कार्यका कारण शरीरमा कुनै पनि रोग नलाग्ने जनविश्वास रहेको छ । हिन्दु सम्राट् विक्रमादित्यको पराक्रम वा जन्मदिनको खुसियालीमा वा सूर्यले पृथ्वीको परिक्रमा वैशाख १ मा पूरा गरेको विश्वासमा बिसु पर्व मनाइने गरेको छ ।

खप्तडमा जेठ शुक्ल दशमीका दिन गङ्गा दशहरा मेला लाग्छ । नवमीको दिनदेखि नै खप्तडमा मेला लाग्ने गरेको छ । यहाँ त्रिवेणीधाममा मनकामना मन्दिर छ । जसमा गणेश, अन्नपूर्ण र बसाहाका मूर्ति छन् । यहाँ मानिसले आफ्ना पूर्वजको मृतात्माको शान्तिका लागि तर्पण गर्ने गर्छन् । यो समयमा नवमीको मेला भरेर नवमीमा मेला भरेर रातभर जाग्रम बस्दै शीत खाएर दशमीको दिन त्रिवेणीमा स्नान गरेर पितृको तर्पणपछि त्रिवेणीधामको दर्शन गर्दा ठुलो पुण्य पाइने र पितृहरूको वैकुण्ठवास हुने मान्यता छ । गङ्गा दशहराको मेला सुदूरपश्चिमका अन्य क्षेत्रमा पनि आयोजना हुने गरेको छ । असार १५ का दिन दहीचिउरा पर्व मनाइने गरेको पाइन्छ । कृषि तथा सहकारी मन्त्रालयले असार १५ लाई राष्ट्रिय धान दिवस मनाउने परम्परा बसाएसँगै यहाँ पनि यो दिवस मनाइन्छ । यस दिनलाई रोपाइँ महोत्सवका रूपमा पनि मनाइने गरेको पाइन्छ । यो परम्परा देशमा धानको उत्पादन बढाउन प्रारम्भ गरिएको हो । खेतमा रोपाइँ सकेर दहीचिउरा खाने भएकाले यसलाई दहीचिउरा खाने दिनका रूपमा समेत लिइन्छ ।

साउन १ मा हरेलो पर्व मनाइने गरेको छ । साउन १५ मा खिर खाने पर्व मनाइने गरेको छ । वर्षाको झरीमा भिजेको शरीरलाई न्यानो बनाउने र ऊर्जामय राख्न हरेक वर्ष यो पर्व मनाइन्छ । मानिसको श्रम र स्वास्थ्यलाई सन्तुलनमा राख्न यस प्रकारको पर्व मनाइएको पाइन्छ । गर्मी महिनामा शरीरमा दाद, खटिरा र लुतो जस्ता रोगले आक्रमण गर्ने भएकाले प्रतिरोधात्मक शक्ति बढाउन दुग्धजन्य पदार्थ खाने गरेको पाइन्छ । यस सङ्क्रान्तिलाई झिझिरकाँडा लगाउने सङ्क्रान्ति पनि भनिन्छ । यसलाई तत्कालीन सेती अञ्चलमा साउने सङ्क्रान्ति र महाकाली अञ्चलमा हरेली सङ्क्रान्ति भनिन्छ । यस पर्वमा तत्कालीन सेती अञ्चलतिर बिहान सरसफाइ गर्ने, साँझ घर घरमा दियो जलाई कुलदेवताको पूजा गर्ने गरिन्छ । यस दिन बालबालिकाले द्यौड्या भात, वनभोज, खलेजाँतो, ग्वाल्याजाँतो पकाएर खान्छन् । यस दिन खिचडी पकाएर खान्छन् । तत्कालीन महाकाली अञ्चलतिर यसलाई लुतो भगाउने सङ्क्रान्ति पनि भनिन्छ । बर्खेबालीमा व्यस्त रहने यस क्षेत्रका मान्छे बर्सातिका कारण घाउ, खटिरा, दुःख बिराममा बच्न तितेपातीले नुहाउने गर्छन् । तत्कालीन महाकाली अञ्चलमा झिझिरकाँडा लगाउने गरिन्छ । भाद्रमा नागपञ्चमीमा नागका चित्र कोरी घरको मूल ढोकामा टाँसेर गाइने गहुँत, गोबर, दुध, दही, अक्षता, दुबो, जौ, कुश, तिल, पञ्चामृतले पूजा गर्छन् । भाद्रमा गणेश चतुर्थी पर्वमा महिला व्रत बसेर गणेशको पूजा गर्छन् । सुदूरपश्चिमका कतिपय क्षेत्रमा यस पर्वका दिन साँझ काँक्रा जस्ता फल चोर्ने चलन पनि रहेको छ । जनै पूर्णिमा/ऋषि तर्पणीमा विभिन्न देवालयमा पूजाआजाका साथै मेलासमेत लाग्ने गर्छ । जनैपूर्णिमामा पुरुषले जनै परिवर्तन गर्ने गर्छन् । ऋषिपञ्चमीमा महिला व्रत बस्ने र सप्तऋषिको पूजा गर्ने गर्छन् । श्रीकृष्ण जन्माष्टमी पर्वमा श्रीकृष्णको उपासना गरिन्छ । यस पर्वमा मानिस व्रत बसेर राति श्रीकृष्णको आरती एवं पूजाआजा गर्छन् । यो पर्व भाद्र कृष्णपक्ष अष्टमीमा मनाइन्छ ।

सुदूरपश्चिममा भाद्र महिनामा गौरा पर्व धुमधामका साथ मनाइन्छ । यो पर्व सुदूरपश्चिमको तत्कालीन महाकाली अञ्चलका सबै, सेती अञ्चलको डोटी एवं बझाङमा मनाउने गरिन्छ । यस पर्वका बेला महिला व्रत बस्ने र आफ्नो घरपरिवारको सुखशान्तिका लागि महादेवसँग वर माग्ने गर्छन् । यस पर्वमा गौरा अर्थात् पार्वतीको रूप मानेर पूजाआजा गरिन्छ । टाढा भएका आफन्तजनको भेटघाट एवं घरपरिवारका लागि गहनाकपडा ल्याउने, मिठा खानेकुरा पकाउने र आपसमा सद्भाव बाँड्ने गर्छन् । यस पर्वका बेला देउडा खेल महिला–पुरुष एवं महिला–महिला, पुरुष–पुरुषका समूह मिलाएर खेल्ने गरिन्छ ।

विजयादशमी पर्वका बेला दुर्गाको पूजा गरिन्छ । नौ दिनसम्म व्रत बस्ने र दशमीका दिनदेखि जमरा टीका लगाइने गरिन्छ । यसलाई राष्ट्रिय पर्व मानिन्छ । यस पर्वमा घरपरिवार, समाजका महत्त्वपूर्ण व्यक्तिबाट टीका लगाउने र आशीर्वाद लिने चलन रहेको छ । दीपावलीमा लक्ष्मीका साथै कुकुर, गाई, गोरु जस्ता पशुको पनि पूजा गरिन्छ । भाइटीकाको दिन दिदीबहिनीले दाजुभाइलाई टीका लगाउने र दाजुभाइले दिदीबहिनीलाई उपहार दिने चलन रहेको छ । यो पर्व दीप प्रज्वलन गरेर मनाइन्छ । देउसी, भैलो खेल्दै नाचगान गर्ने जस्ता सांस्कृतिक क्रियाकलाप गरिन्छ । कात्तिकमा छठ पर्व मनाउने चलन पछिल्ला दिनमा बढेको छ । यो पर्व यहाँ उत्पत्ति भएको पर्व नभए पनि मध्यतराईका मानिसको बसोबास बढेसँगै छठ पर्व मनाउने क्रम पनि बढ्दै गएको छ । पुसे पन्ध्र (भुवा पर्व) वर्षको लामो रात हो । यस दिन गाउँसमाजका व्यक्ति रातमा जाग्राम बस्छन् । यस दिन घर घरबाट विभिन्न पकवान पकाएर सबै बाँडेर खान्छन् । यस दिन बाँतै, टुक्का, कहानी सुनाउने गर्छन् । यस दिन जान्नेसुन्ने मानिसले भगवतीका गाथा, धुमारी, फाग सुनाउने गर्छन् । बझाङ ब्याँसीतिर यस दिनमा निराहार, फलाहार बस्ने गर्छन् भने राती माँडा, लाटेरोटी खान्छन् । माघेसङ्क्रान्तिको दिन मकर सङ्क्रान्ति हो । यस दिन तरुल, चाकु आदि मिठा मिठा पकवान बनाएर खाने चलन छ । यस महिनामा तत्कालीन सेती अञ्चलको पहाडमा दिदीबहिनी बोलाएर मिठा मिठा खानेकुरा दिने, उपहार दिने गरिन्छ । फागुन महिनामा होरी पर्व मनाइन्छ । होरी पर्वमा एकआपसमा

रङ लगाउने, विभिन्न गीत गाएर सामूहिक रूपमा मनाइने गरेको पाइन्छ । चैतालोमा तत्कालीन महाकाली अञ्चलका पहाडी भेग र ती भेगका मानिस बस्ने तराईमा चैत महिनामा दाजुभाइले आफ्ना दिदीबहिनी भेट्न जाने, उनीहरूलाई विभिन्न उपहार दिने र लुगाफाटा पनि प्रदान गरिन्छ । यो पर्व दिदीबहिनी र दाजुभाइको आपसी सद्भाव र स्नेहभाव प्रकट गर्ने सशक्त माध्यम हो ।

यसबाहेक पनि श्रावण शुक्ल पञ्चमीमा नागपूजा, एकादशीमा गोऱ्या एकादशी, पूर्णिमामा रक्षाबन्धन मनाइने गरिन्छ । यसरी नै मेलौली, मालिकामा सौनापन्यु जाँत, भदौ कृष्ण अष्टमीमा कृष्ण जन्माष्टमी, औँसीमा कुशे औँसी, भदौ शुक्ल पञ्चमीमा बिरुडा पञ्चमी र ऋषिपञ्चमी, भदौ शुक्ल तृतीयामा हरितालिका, चतुर्थीमा गणेश चौथी, सप्तमीमा अमुक्ता भरण गौरा, भदौ २३ र २४ मा अगस्तिपूजा, चतुर्दशीमा निङलाशैनी ताका जाँत र अनन्त चतुर्दशी, भदौ २ गते बफाङमा बिसरती, असोज कृष्णपक्ष पितृश्राद्ध पक्ष, असोज शुक्ल पक्ष नौरता, अष्टमीमा बैतडी पाटनमा र कफाडी तल्लो स्वराडमा उदयदेव जाँत, कार्तिक शुक्ल सप्तमीमा तल्लो स्वराडमा शिवनाथ जाँत, एकादशीमा तुलसी पूजा, चतुर्दशी र पूर्णिमामा बैतडी मेलौलीमा जाँत, मङ्सिर शुक्ल पञ्चमीमा विवाह पञ्चमी, माघ शुक्ल पञ्चमीमा श्रीपञ्चमी, फागुन कृष्ण चतुर्दशीमा शिवरात्रि, चैत शुक्लपक्षमा नौरता, चैत शुक्ल प्रतिपदामा नवसंवत्सर आदि धार्मिक क्रियाकलाप एवं पर्व मनाइने गरिएको छ । यहाँको तराई भेगमा बसोबास गर्ने बौद्ध धर्मावलम्बीलगायत अन्यले बुद्धजयन्ती मनाउने गरेको पाइन्छ भने मुस्लिम समुदायले इद, रमजान, मुहर्रम, रविउल आउवाल, शावाल, ज्विलहज्ज जस्ता पर्व मनाउने गरेका छन् । सुदूरपश्चिमको सिख समुदायले पनि आआफ्ना चाडपर्व धुमधामका साथ मनाइएको पाइन्छ ।

सुदूरपश्चिमको तराईमा रहेका कैलाली र कञ्चनपुर जिल्ला थारू समुदायको बसोबास रहेको छ । थारू समुदायमा पनि डगौरा थारूको बसोबास रहेको छ ।

तराईका डगौरा थारू जातिका चाडपर्व

सुदूरपश्चिमको तराईमा रहेका कैलाली र कञ्चनपुर जिल्लामा थारू समुदायको बसोबास रहेको छ । थारू समुदायमा पनि डगौरा थारूको बसोबास रहेको छ । डगौरा थारू समुदायले वर्षभर नै विभिन्न सांस्कृतिक चाडपर्व मनाउने गरेको पाइन्छ । धानमा किरा नलागोस् भनेर यो पूजा सामूहिक देवीथानमा हरेरी पूजा गरिन्छ । यस पर्वमा विभिन्नता भएकाले कसैले धूप, प्रसाद, कसैले फलफूल कसैले अन्य चिजबिज चढाउने गर्छन् । अतवारी पर्वः भाद्र र असोजको पहिलो जन्माष्टमी छाडेर एक आइतबार छाडेर मनाउने गरिन्छ । यो पर्वभन्दा एक दिनअघि शनिबार दर खाने चलन छ । बिहान कुखुरा बास्ने समयसम्म यो कार्य गरिसक्नु पर्छ । यस बेला फुर्मा, बडिमा नाम गरेको भेवाँ रोटी बनाएर खाने गर्छन् । यस पर्वमा आइतबारको दिन व्रत बस्ने र पाँच पाण्डवको पूजा गरिन्छ । गुरही पर्व साउन/भाद्र महिनामा पर्छ । यो नागपञ्चमी जस्तै हो । दिनमा खेतीपातीपछि साँझ घाम डुबेपछि सबै जना राम्रा राम्रा लुगा लगाएर एकै ठाउँमा जम्मा हुन्छन् । गाउँको मुख्य मान्छेले भनेपछि भाङको हाँगा समाएर छेउ घुघुरी लेउ घुघुरी भनेर चिच्याउने र यसले गर्दा रोगव्याधी हट्ने विश्वास लिइएको छ । सबै कार्य सम्पन्न भएपछि सबैले ल्याएको मकै, चना, केराउलगायतका चिजबिज बाँडेर खाने गरेको पाइन्छ ।

सुदूरपश्चिमा डगौरा थारू जातिले अष्टिम्की पर्वमा कृष्णको पूजा गर्छन् । पर्वको अघिल्लो एक दिनअघि दर खाने गर्छन् । यसमा विभिन्न परिकार जुटाइने कार्य गरिन्छ । महिलाले विभिन्न चित्र बनाउने कार्य गर्छन् । यस पर्वमा पुरुषको लामो आयु एवं महिलाको योग्य वर पाउनुपर्ने कामना गरिन्छ । हरदुवा पर्व धान खेतीको अन्त्यपछि मनाइन्छ । खेती सकिएपछि एकआपसमा हिलो छ्यापाछ्याप गर्छन् । यसरी हिलो छ्यापाछ्याप गर्दा नजिकका आफन्त, इष्टमित्र एवं साथीभाइका बिचमा हिलो छ्यापाछ्याप गर्ने गरिन्छ । दसैँ पर्वलाई दस्याँ पनि भन्छन् । चामल वा गहुँको पिठोको टीका लगाइन्छ । अन्य समुदायको जस्तो रातो रङको प्रयोग गरिँदैन । यस पर्वमा फूलपातीमा कुलदेवतालाई ढिक्री, बेलको हाँगा, जमरा चढाउने कार्य गर्छन् । अष्टमीका दिन पशुबलि गर्ने र विजयादशमीका दिन टीका लगाउने गरिन्छ । रातो रङको नभएर पिठोको टीका लगाइन्छ । धान काटेपछि औली पर्व मनाइन्छ । यस दिन महिला बिहानै कसैसँग नबोलेर खेतमा गएर धान ल्याउँछन् र देवतालाई चढाउँछन् । दुलहाकुटा (मुख्य खम्बा) मा धानको मुठा बाँध्छन् र धान सकिएपछि उत्सव मनाउँछन् । यस पर्वमा सबै मिलेर मासु खाने गर्छन् । यसरी खानपिन समारोहमा घरपरिवारका साथै इष्टमित्रलाई समेत बोलाउने गरेको पाइन्छ । थारू जातिमा दीपावलीमा माटाको दियो बाल्ने चलन छ । दियो बाल्ने क्रममा सुप्पा ठटाउँछन् । उनीहरू भैलो खेल्नुका साथै भाइतिहार मनाउँछन् ।

डगौरा थारू जतिको प्रमुख पर्व होरी हो । थारू जातिले यो पर्व तीन दिन मनाउँछन् । यो पर्वको पहिलो दिन बङ्गुर पोल्ने र चिर पोल्ने कार्य गर्छन् । दोस्रो दिन बिहान चिर पोलेको आगो निभाउँछन् । त्यसपछि होली

खेल्ने काम गर्छन् । यो पर्व तीन दिनसम्म मनाउने गरेको पाइन्छ । यसमा होलीसँग सम्बन्धित नाचगान गर्ने गर्छन् । यो थारू समुदायको महत्त्वपूर्ण, सबैभन्दा ठुलो चाड माघी पर्व हो । यस चाडमा मघौटा नाच नाच्छन् । माघ १ लाई नयाँ वर्षका रूपमा मनाउँछन् । यस पर्वमा नयाँको सुरु र पुरानाको अन्त्यसमेत गर्ने गरेको पाइन्छ । यस पर्वमा नयाँ कपडा लिने, नाचगान गर्ने, भोजभतेर गर्ने र एकआपसमा भेटघाट गर्ने गर्छन् ।

तराईका रानाथारू जातिका चाडपर्व

सुदूरपश्चिम प्रदेशको तराईका जिल्ला कैलाली र कञ्चनपुरमा बसोबास गर्ने रानाथारू समुदायले विभिन्न चाडपर्व मनाउने गरेका छन् । यसमध्ये होरी प्रमुख पर्वका रूपमा रहेको छ । यो पर्व फागुन महिनाभरि मनाइन्छ । रानाथारूहरू यसलाई जिन्गी होरी (जिउँदो होरी) र मरी होरी (मरेको होरी) भनेर दुई प्रकारले मनाउने गरेको पाइन्छ । होरी दहन गर्दा गाउँका केटा काठ एवं गोबरका गुइँठा निश्चित ठाउँमा जम्मा गर्छन् । यी गुइँठाका वरिपरिबाट ठुला ठुला काठलाई ठड्याएर राखेका काठभित्र आगो लगाउँछन् । यस क्रममा काठभित्र पटाकाका रूपमा बेलका दाना पोलेर पट्किँदा आनन्दको अनुभूति हुन्छ । होरी खेल्दा महिला र पुरुषसँगै वा एक्लाएक्लै भएर पनि खेल्ने गर्छन् । होरी खेल खेल्नका लागि महिला अनेकौँ घरमा गएर मानिसलाई सहमत गराउँछन् भने पुरुष मादल, भाँगको तयारी गर्छन् । प्रतिपदादेखि अष्टमीसम्म निरन्तर रूपमा खेल खेलिन्छ र नौ/नौ दिन अथवा खकरौलापछि पनि मन लागेको मान्छेले खेलाडीलाई रक्सी मिलाई खुवाएर होरी मनाउने चलन छ ।

> सुदूरपश्चिम प्रदेशको तराईका जिल्ला कैलाली र कञ्चनपुरमा बसोबास गर्ने रानाथारू समुदायले विभिन्न चाडपर्व मनाउने गरेका छन् । यसमध्ये होरी प्रमुख पर्वका रूपमा रहेको छ ।

दीपावली पर्वमा रानाहरू टीका लाउँदैनन् । दीपावलीको दिनमा महिलाहरू लक्ष्मी आऊ, लक्ष्मी आऊ भन्दै बिहान ४ बजे सुप्पो बजाउने गर्छन् । रानाहरूको अति प्रिय भोजन कुखुराको मासु हो । यो पर्वमा कात्तिक महिनाभर रक्सी र मासु खाएर मनाउँछन् । होरीपछिको दोस्रो चाड चराई हो । यिनीहरूले मनाउने गरेका विभिन्न चाडमध्ये एउटा चराई चैत महिनामा हुनाले यसलाई चैते चराई भनिएको हो । यस पर्वमा महिला व्रत बसेर एक किसिमकी देवीको पूजाआराधना गर्छन् । यसरी व्रत बसेर जामुनको हरियो पात भएका ससाना हाँगा हातमा लिएर होलीको गीत गाउँदै प्रधान (गाउँको मूल मान्छे) को घरमा चराई विसर्जन गर्छन् । यसरी विसर्जन गर्दा त्यस वर्ष विवाह भएर गएका चेलीबेटीले आफ्नो ससुरालबाट ल्याएको मिठाईलाई प्रधानले चराई खेलेर आफ्नो घरमा आएकी महिलालाई प्रसाद वितरण गर्छन् । वैशाखमा रानाहरू वैशाखी चराई पर्व मनाउने गर्छन् । अन्य ठाउँबाट विवाह गरेर आएकी नववधुले भिसोलो (पानीको बाफले मात्र पाकेको गुण मिसाएको भात) देवीलाई चढाउँछन् र प्रसादको रूपमा परिवारभरि बाँड्छन् । भि भि पर्व जेठ र असारको बिचमा पर्छ । यस पर्वमा एउटा प्वाल भएको गाग्रोभित्र दियो राखेर यस गाग्रीलाई आआफ्नो टाउकोमा राखेर यस पर्वको गीत गाउँदै घर घर घुमाउँछन् । यो पर्व भदौ, कात्तिकसम्म पनि मनाउने गरेको पाइन्छ । डोला/तिज पर्व श्रावण महिनामा पर्छ । यस पर्वमा महिलाले एक ठाउँमा जम्मा भएर डोला हाल्ने र बाबियोको डोरी बाँधेर एक महिनासम्म साउनको गीत गाएर पिङ खेल्ने काम गर्छन् । श्रीकृष्ण जन्माष्टमीमा कृष्णलीलासम्बन्धी नाचगान गर्छन् । छ दिनसम्म षष्टी पूजा गर्छन् । यस पूजालाई छनी भन्छन् । यस अवधिमा गाउँभरिका मानिसलाई बोलाएर खाना खुवाउँछन् । घडीपूजा पर्वमा बाख्रा काटेर पूजा गर्छन् । यसरी नै आँगनमा ठुलो खाल्डो खनेर त्यसलाई फेरि भातले पुर्ने चलन थियो । रानाथारूमा सुँगुर खाने र नखाने दुई वर्ग रहेका छन् । यो पर्वमा सुँगुर खान छुट छ । भजनी चराई जेठ महिनामा पर्ने गर्छ । यस पर्वका बेला गाउँका सबै मानिस बगैँचामा बस्ने गर्छन् । यस पर्वमा गाउँको चाकरले एक दिनपूर्व चराई भएको जानकारी गराउँदै माछा मार्नका लागि खबर गर्छन् र नजिकको तलाउमा माछा मारेर भोलिपल्ट विभिन्न परिकार बनाएर खानपिन गर्ने र रोगव्याधीको रोकथामका लागि प्रसाद भुइँदेवीलाई चढाएर भर्राले पूजा गर्ने चलन छ । असाडी पर्व आइतबार वा गुरुबारमा गर्ने चलन छ । यस पर्वमा देवीको पूजा गरिन्छ । यस पर्वमा जीवबलि गर्ने चलन भए पनि हाल यस्तो चलन छैन । यस पर्वमा असाडी भूमारी पूजा गर्दा पहिलेका दिनमा नौ देवीको निम्ति नौ बोका काट्ने चलन थियो । यो पूजा गर्दा भूत लाग्दैन भन्ने विश्वास रहेको छ ।

सुदूरपश्चिममा अनेक जातजातिको बसोबास छ । हिमाली मूलका जातजाति, आदिवासी जनजाति, लोपोन्मुख जाति, मुस्लिम एवं सिख धर्म मान्ने धर्मावलम्बीले पनि आआफ्नो परम्परागत चलनका आधारमा चाडपर्व मनाउँछन् । यस क्षेत्रका विभिन्न जातजातिको अवस्थाका बारेमा विस्तृत अध्ययनको आवश्यकता छ । यस लेखमा प्रदेशका सम्पूर्ण धर्म जातजातिका पर्वका बारेमा अध्ययन गर्न सकिएको छैन । यसलाई यो लेखको सीमाका रूपमा बुझ्नु पर्छ । ■

कैलाली, कञ्चनपुरमा थारू साहित्य

सागर कुश्मी

कैलालीमा संस्थागत ढङ्गले थारू साहित्यलाई टेवा दिने क्रमको सुरुवात भएको छ । यो खोज तथा अनुसन्धानमूलक आलेखमा कैलालीबाट थारू पुस्तक तथा थारू पत्रिका प्रकाशनको सूची केलाउँदै थारू साहित्य र पत्रकारितामा कैलालीको इतिहासबारे चर्चा गरिएको छ ।

थारू भाषाका पत्रपत्रिका

कैलालीबाट प्रकाशित हुँदै गरेको थारू भाषाको पहुरा नेपालभरिमै एक मात्र थारू दैनिक पत्रिका हो । यसले शनिबारीय अङ्कमार्फत थारू साहित्यलाई टेवा दिएको छ । २०२८ सालमा थारू भाषाको पहिलो पत्रिका गोचाली प्रकाशन भए पनि कैलालीबाट २०४६ सालमा मात्र थारू पत्रिका प्रकाशित भएको देखिन्छ । कैलाली बहुमुखी क्याम्पस, धनगढीमा गठित थारू विद्यार्थी परिवारले २०४६ सालमा टेम्ह्री (कोपिला) पत्रिका प्रकाशन गरी त्यहाँबाट थारू साहित्यिक पत्रिकाको सुरुवात गरेको थियो । २०४८ सालमै थारू विद्यार्थी परिवार, टीकापुर कैलालीका विद्यार्थीले जोगनी (पुतली) पत्रिका प्रकाशन गरे तर यी दुवै पत्रिकाको अर्को अङ्क निस्किन सकेन । थारू युवा जागृति परिवार कैलालीको गोम्हनियाँ (बामे सर्नु) पत्रिका २०४९ सालमा प्रकाशन गऱ्यो । कैलारी गाउँपालिका–५, गोबरैला कैलालीका अजय करियामंघरियाको सम्पादनमा जम्मा तीन अङ्क प्रकाशित भई स्थगित रहेको गोम्हनियाँ पुनः प्रकाशन हुन सकेन ।

थारू पत्रकारितालाई व्यावसायिक ढङ्गले अघि बढाउने अगुवा हुन् जोखनराम चौधरी । कैलाली, रानामुडाका यी युवा जोखन रत्गैँयाका नामले परिचित थिए। कैलालीमा गोचाली परिवार गठन गरी प्रगतिशील साहित्य पत्रकारितालाई मलजल दिने काममा यिनको भूमिका महत्त्वपूर्ण छ । २०४९ सालमा गोचाली परिवार कैलालीको मुखपत्रका रूपमा 'मुक्तिक डगर' (मुक्तिको बाटो) वार्षिक पत्रिका जोखन रत्गैँयाको सम्पादनमा निस्कियो ।

मुक्तिक डगरको सहप्रकाशन थारू मुक्ति साप्ताहिक ४७ अङ्कसम्म प्रकाशित भएको देखिन्छ । समाचारमूलक पत्रिका भए पनि यसमा प्रगतिशील कथा, कविताले धेरै स्थान पाए । थारू कल्याणकारिणी सभा जिल्ला समिति, कैलालीले २०५३ पुसमा अँखुवा (टुसो) चौमासिक प्रकाशित गऱ्यो । त्यस्तै २०५३ माघमा जगत रत्गैँयाको सम्पादनमा एकता थारू परिवार, पञ्चोदय माध्यमिक विद्यालय, कैलालीले ट्रासन (मादलको ताल), २०५४ माघमा रामदिन चौधरी तथा साथीको सम्पादनमा थारू विद्यार्थी एकता परिवार, धनगढी माध्यमिक विद्यालय, कैलाली दिया (दीयो) पत्रिका तथा २०५७ मा टीकापुर कैलालीका चित्रबहादुर चौधरीको सम्पादनमा सैचिन (नासो) मासिक पत्रिका प्रकाशित गरेको देखिन्छ । बाँधुराम थारूले धनगढी, कैलालीबाट थारू साप्ताहिक (२०५७) तथा अव्यवस्थित बस्ती समाधान समाज, कैलालीले सङ्गम चौधरी र रामलक्ष्मण चौधरीको सम्पादनमा निसराउ साप्ताहिक (२०५७) १३ अङ्क मात्र प्रकाशन गरे । दिलबहादुर चौधरीलगायतको समूहले धनगढीबाट २०५९ चैतदेखि पहुरा साप्ताहिक सुरु गरेपछि यसले पछि लक्की चौधरीको प्रकाशन/सम्पादनमा हमार पहुरा अर्धसाप्ताहिक र पछि दैनिक रूपमा प्रकाशन गर्दै थारू साहित्यलाई पनि टेवा दिएको छ ।

कैलालीकै सुरेन्द्र कठरियाको सम्पादनमा रहिबार वार्षिक (२०६०) राजकुमार कठरियाको सम्पादनमा रोशनी (२०६०) धनगढी कैलालीका श्यामलाल राना/नारदमुनि रानाको सम्पादनमा राम राम (२०६०) पत्रिका प्रकाशित गरेको देखिन्छ । गैरथारूको सम्पादनमा पनि थारू पत्रिका प्रकाशन भएको देखिन्छ; जो स्वागतयोग्य कुरा हो । युवा जागरण समाज बनगाउँ, कैलालीले हेमराज खड्काको सम्पादनमा दिया त्रैमासिक प्रकाशित गरेको छ । २०६० सालमा कैलारी गाउँपालिका–४, केगाउँ कैलालीबाट हनुमान चौधरीको सम्पादनमा झोँपडी साहित्यिक त्रैमासिक पत्रिका दुई अङ्कसम्म प्रकाशन भएको देखिन्छ । जनआन्दोलन २०६२/०६३ को राप र तापले होला, सखिया साहित्य उत्थान समूह, कैलालीले कृपाराम चौधरी अङना त्रैमासिक (२०६२), कैलालीबाटै अश्रा (२०६२) थारू विद्यार्थी समाज कैलालीले वसन्त चौधरीको सम्पादनमा कल्गी सन्देश (२०६३), मोतीराम चौधरी

रत्नको सम्पादनमा सैहचिन त्रैमासिक (२०६४) थारू विद्यार्थी समाज, कैलालीले जगदीश रानाको सम्पादनमा लखबारी (२०६६) प्रकाशित गरेको देखिन्छ । उघरार थारू साहित्य प्रतिष्ठान, कैलालीले संयुक्त प्रकाशनको कुरालाई जोड दिँदै प्रकाशबहादुर चौधरीको समूहले उघरार अर्धवार्षिक (२०६९) प्रकाशन गरेको छ। जिल्ला प्रशासन कार्यालय कैलालीमा विधिवत् रूपमा दर्ता भई धनगढी कैलालीबाट साहित्यकार तथा पत्रकार सागर कुश्मी सङ्गतको एकल प्रकाशन/सम्पादनमा हरचाली साहित्यिक त्रैमासिक पत्रिका २०७२ वैशाखबाट हालसम्म नियमित रूपमा पत्रिका प्रकाशन हुँदै आइरहेको छ। सागर कुश्मीकै प्रकाशन/सम्पादनमा निसराउ साप्ताहिक २०७७ साउनबाट हालसम्म नियमित रूपमा प्रकाशन हुँदै आइरहेको छ। यो पत्रिका पनि जिल्ला प्रशासन कार्यालय कैलालीमा विधिवत् रूपमा दर्ता भएको हो। पछिल्लोकालका जल मौती, राम राम, लखबारी जस्ता पत्रिका पनि स्थपित भइसकेका छन्।

उँकुवारभेंटको प्रकाशन

धनगढीबाट जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी विशुद्ध साहित्यिक मासिक पत्रिका उँकुवारभेंट प्रकाशन थालनी भएको थियो। २०५९ चैतदेखि कैलालीबाट पहुरा साप्ताहिक प्रकाशन भएपछि शनिबार साहित्य विशेषाङ्क प्रकाशन गर्थ्यो । त्यसले साहित्यिक खुराक यथेष्ट मात्रामा समेट्न नसकेपछि यो पत्रिकाको आवश्यकता महसुस भएको थियो । २०६१ भदौमा पहिलो अङ्क प्रकाशित यसको प्रकाशन उँकुवारभेंट व्यवस्थापन समितिको नामबाट भएको थियो। उँकुवारभेंटले धार्मिक, चलचित्र, कहकुटसम्बन्धी स्तम्भदेखि स्रष्टालाई कविता लेख्न सिकाउने, पुछो लड्को अपन बात जोन्हुँ मामासे जस्ता राम्रा स्तम्भको सुरुवात गरेको थियो । यसमा स्रष्टाले सोधेको जवाफ कविता शैलीमा दिइएको छ तर यो २०६२ असोजसम्म जम्मा सात अङ्क प्रकाशन भएर स्थागित भयो। त्यसपछि यसले गति लिन सकेन। यद्यपि उँकुवारभेंटले वर्षमा मात्रै झुल्किने थारू साहित्यिक पत्रिकाको परम्परागत शैलीलाई भने तोड्यो। उँकुवारभेंट २०७० तिर टीकापुरबाट केही समय साप्ताहिक रूपमा समाचारमूलक ढङ्गले प्रकाशित भएकोमा यसको प्रकाशन पुनः स्थगित भएको छ।

साहित्यकार तथा प्रकाशित कृति

जोन्हाँपुर, कैलालीका फूलाराम चौधरीको सङ्घरिया (लोकगीतसङ्ग्रह २०३८) प्रकाशित छ। कैलाली जिल्लाबाट प्रकाशित सायद यो पहिलो कृति हो। टीकापुरका रेशमलाल चौधरीले थारू भाषामा पहिलो मौलिक पुस्तकाकार सङ्ग्रह प्रकाशन गरे। यिनको एकठो बिरहिन कथा नामक् कवितासङ्ग्रह २०५३ सालमा प्रकाशित भएको थियो।

मनिराम चौधरी

साबिक उदासीपुर गाविस–६, हाल कैलारी गाउँपलिका–८, पृथ्वीपुर, कैलालीका मनिराम चौधरी सशक्त युवा हस्ताक्षर हुन् । उनको विधवा (उपन्यास–२०५७), हिमालको मुस्कान (कवितासङ्ग्रह २०५८), रसाइल करम (कथासङ्ग्रह २०५९) चम्फा फुलुवार (खण्डकाव्य–झुम्रा गीत २०६०), दुखियारी बयिया (कथासङ्ग्रह २०६१), बापसे पुत ज्ञानी फाँडाले बफ्फाइ पानी (कवितासङ्ग्रह २०६२) तथा हरबड्डा (निबन्धसङ्ग्रह २०६२) प्रकाशिन छ।

लक्की चौधरी

साबिक उर्मा गाविस–४ हाल धनगढी–१६, रामपुर कैलालीका लक्की चौधरी थारू भाषामा पहुरा साप्ताहिक, अर्धसाप्तहिकदेखि दैनिक सम्पादन, प्रकाशन गरी थारू साहित्यमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनको सहिदान (गजलसङ्ग्रह २०६१), तिहुवार (निबन्धसङ्ग्रह २०६२), अन्तर्भाव (गजलसङ्ग्रह २०६३), मोर पहुरा (लेखसङ्ग्रह २०७०) नेन्धर (कवितासङ्ग्रह २०७१) तथा हँसौनी (चुट्किलासङ्ग्रह २०७२) प्रकाशित छ।

शर्मिला चौधरी 'सृष्टि'

२०४२ साल कात्तिक १२ गते साबिक बसौटी गाविस–३ हाल कैलारी गाउँपालिका–२, बसौटी, कैलालीमा जन्मिएकी शर्मिला चौधरी 'सृष्टि' शान्ति चौधरी (बारा जिल्ला) पछि थारू साहित्यमा उदाएको सशक्त महिला हस्ताक्षर हुन् । ८ कक्षा अध्ययनकै बेला कविता लेखन सुरु गरेकी उनको मनके फूला (कवितासङ्ग्रह २०६२), दुःखके हल्कोरा (उपन्यास २०६४) र फुलझरिया (उपन्यास २०८१) प्रकाशित छ।

सागर कुश्मी 'सङ्गत'

साबिक बसौटी गाविस–७ हाल कैलारी गाउँपालिका–८, डख्खिन टेंर्ही, कैलालीका सागर कुश्मी 'सङ्गत' गजल तथा मुक्तकमा अघि बढेका युवा हुन्। उनको हस्ताक्षर (गजलसङ्ग्रह २०६८), फुटल पोक्री (गजलसङ्ग्रह २०६८), आँशके सागर (मुक्तकसङ्ग्रह २०६९) प्रकाशित छ।

मुकेश टेंर्रा

धनगढी उपमानगरपालिका–६, मटियारी कैलालीका मुकेश टेंर्राको फुला (कवितासङ्ग्रह २०६३) तथा लालमुरै (कथासङ्ग्रह २०६४) प्रकाशित छ।

प्रेमलाल दहित

साबिक जानकीनगर गाविस–६, हाल जानकी–२, खर्गौली कैलालीका प्रेमलाल दहित हाल रेडियोकर्मी छन्। उनको टुटल झोपडी (कवितासङ्ग्रह २०६१) तथा अंढरिया रात (उपन्यास २०६१) प्रकाशित छ।

छपिलाल चौधरी 'शीतल'

टीकापुर नगरपालिका–९, बनगाउँ, कैलाली छपिलाल चौधरी शीतलको छिट्रल अक्षर (गजलसङ्ग्रह २०६२), ओजरीया रातम (हवाई हाइकुसङ्ग्रह २०६३), पहिचान (गजलसङ्ग्रह २०७५) प्रकाशित छ।

हीरालाल सत्गौंवा

साबिक दरख गाविस–७, हाल घोडाघोडी

नगरपालिका–३, सरैया, कैलालीका हीरालाल सत्गौंवाको दुःखके भौरी (कथासङ्ग्रह २०६३), चट्नी (हास्यव्यङ्ग्यसङ्ग्रह २०६४) (थारू भाषाको पहिलो हास्यव्यङ्ग्यसङ्ग्रह), केरनी ओजरियक (कथासङ्ग्रह २०६५) र पैनस्टोपी (मुक्तकसङ्ग्रह २०७१) प्रकाशित छन्।

लाहुराम चौधरी 'जहर'

साबिक खैलाड गाविस–३ हाल भजनी नगरपालिका–९, पहलवान कैलालीका लाहुराम चौधरी 'जहर' को फुलरीया (गजलसङ्ग्रह २०६६) तथा भूलाइल डगर (उपन्यास २०६५) प्रकाशित छ।

अन्य लेखकहरू

अब यहाँ कम्तीमा एकभन्दा बढी कृति प्रकाशन गर्ने लेखकको सूची दिइन्छ। प्रतापपुर–५, हरदहनी, कैलालीका दिलबहादुर चौधरी थारू तथा नेपाली दुवै भाषामा अखबारी लेखनमा खरो विचार लिएर प्रस्तुत हुने गरेका छन्। यिनको सन्देश (धमार गीतसङ्ग्रह २०६३), विद्रोहको झिल्को (लेखसङ्ग्रह २०७५) प्रकाशित छ। धनगढी–१६, कनरी, कैलालीका जितबहादुर चौधरी 'ट्रासन' को यी जीतके हटल कविता (कवितासङ्ग्रह २०६१), कर्फ्युभित्रका मान्छेहरू (कवितासङ्ग्रह २०७५) प्रकाशन भएको छ। शिक्षण पेसामा लागेका यिनले थरुहटको मुद्दाबारे सशक्त कविता रचना गरिरहेका छन्।

टीकापुर नुक्लीपुर, कैलालीका लक्ष्मण किशोर जोगेठ्वा थारूले इज्जतके दाम (कथासङ्ग्रह २०५५) प्रकाशन गरे। पछि थारू चलचित्र निर्देशनमा लागेका यिनलाई स्वास्थ्यले साथ दिएन। दुर्गौली–५, धर्मापुर, कैलाली भोजराज चौधरी तिरिया जलम (उपन्यास २०६३), जिन्गीक उभरखाभर दिन (कथासङ्ग्रह २०७४) पछि थप नयाँ लेखनमा जाँगर देखाएका छैनन्। खास गरी जनआन्दोलन २०६२/६३ पछि नयाँ स्रष्टाले पुस्तक प्रकाशन गरिरहेका छन्। कैलारी–६, बेंडौली, कैलालीका संजिप चौधरी जलमके दुखियारी (उपन्यास २०६५), सीताराम चौधरीको उरन्टा घोरुवा (कथासङ्ग्रह २०७५) टीकापुर–३, भगरैया, कैलालीका टीकाराम चौधरी 'ठुल्दाइ' को आग्रह (मुक्तकसङ्ग्रह २०६३), पथरैया–३, अमौरी, कैलालीका जयप्रकाश दहितको परोसी (नाटक २०६६), गदरिया–८, वनकन्डरी, कैलालीका रामलखन चौधरीको छलमल्की (कवितासङ्ग्रह २०६७), मुनुवा, कैलालीका राजकुमार कठरियाको निराशी जीवन (उपन्यास २०६६), डुमलिया कैलालीका खुसीराम चौधरीको विक्षिप्त मुटु (गजलसङ्ग्रह २०६८), पवेरा–३, बैजपुर, कैलालीका मोतीराम चौधरी 'रत्न' को मनके बोझा (गजलसङ्ग्रह २०७०), गदरिया–९, सामरचौरा, कैलालीका गणेश चौधरीको जित्तल पटोहिया (उपन्यास २०७०), गदरिया–८, वनकंडरी, कैलाली दिव्या प्रयासी (धनपति चौधरी) को मुस्कानके अस्रा प्रकाशित छ। धनगढी कैलालीका रोदनसिहं चौधरीको पहिल कदम (कवितासङ्ग्रह २०७२) प्रकाशित छ।

रानामुरा, कैलालीका जोखन रत्गैंयाले २०५७ सालमा थारू भाषाको पहिलो गजलसङ्ग्रह चोराइल मन प्रकाशित गरे। यो कृति अपर्याप्त छ। उनले भुटुवा महाकाव्य पनि तयार पारेका थिए, जुन फेला पर्न सकेको छैन। उनकै छोरी इन्दु थारूको निलम्बित निबन्ध (निबन्धसङ्ग्रह २०७५) पनि प्रकाशित भएको देखिन्छ। पथरैया–३, अमौरी, कैलालीका तुलाराम चौधरी सनमको तुहिन उपहार (हाइकुसङ्ग्रह २०६१) प्रकाशित छ। उनी कविता, गजल, मुक्तक लेखनमा नियमित लागिपरेका छन्। मुम्बईको बसाइमा यिनले नियमित झैँ फेसबुकमा मुक्तक, गजल सेयर गर्ने गरेका थिए। मुम्बईमा जंग्रार साहित्यिक बखेरीको अध्यक्ष रहेका तुलाराम सोही समूहमार्फत २०७१ सालमा जेउनास थारू संयुक्त गजलसङ्ग्रह प्रकाशन गरेका छन्। यो पङ्क्तिकारको अध्ययन अनुसार प्रवासबाट थारू पुस्तक प्रकाशन भएको सम्भवतः यो नै पहिलो हो। यिनको संयुक्त मुक्तकसङ्ग्रह प्रकाशोन्मुख छ।

त्यस्तै पथरैया–३, अमौरी, कैलालीकै अर्का स्रष्टा दीप लाइफ कियरले तुहार लग फूला (तान्कासङ्ग्रह २०६३) प्रकाशन गरेका छन्। पहुरा थारू दैनिकमा आबद्ध धनगढी–१, धनगढी कैलालीका रामचरण चौधरी 'एकल यात्री' को मोर टुटल झोपरी (गजलसङ्ग्रह २०७०) प्रकाशित छ। बलिया–९, तिल्काका सुन्दर चौधरीको हमार पहुरा (मुक्तकसङ्ग्रह २०७०), रतनपुर–८, भइयाँफाँटा, कैलालीका चन्द्रप्रसाद चौधरीको गजल माला (गजलसङ्ग्रह २०७०) प्रकाशित छ। अहिले उनी साहित्य लेखनमा बिल्कुलै निष्क्रिय छन्। साबिक खैलाड गाविस हाल भजनी–१२, गन्जहुवा, कैलालीको रबिना चौधरी 'रब्बु' को ओंरी (गजलसङ्ग्रह २०७१) मा प्रकाशित छ। जुन सङ्ग्रहलाई थारू महिला गजलकारद्वारा लिखित पहिलो कृति मानिएको छ। त्यसै गरी फुलबारी–१, फूलबारी, कैलालीका थारू अगुवा तथा नेता लक्ष्मण थारूको सेक्स, युद्ध र जेल कारागार डायरी (निबन्धसङ्ग्रह २०७२) प्रकाशित छ। उनले थरुहट आन्दोलनका बेला टीकापुरमा भएको घटनामा गिरफ्तार भएपछि कैलाली कारागार बसाइका क्रममा उक्त पुस्तक लेखेका हुन्। कुनै कृति नभए पनि बेला बेलामा कलम चलाउने धनगढीकी पवित्रा चौधरीको निबन्ध लेखन राम्रो छ। माथि चर्चा गरिएका कम्तीमा एक पुस्तक प्रकाशन गरिसकेपछि स्रष्टा तथा कैलाली तथा कञ्चनपुरका नयाँ थारू स्रष्टालाई समेत समेटेर धेरै थारू साहित्यिक गोष्ठी जिउगर साहित्य समाज र हिरगर साहित्यिक बगाल, हरचाली त्रैमासिकलगायतका साहित्यक समूहले गर्नुपर्ने देखिन्छ। कैलालीमा संस्थागत रूपमै थारू साहित्यकार लागिपरेका छन्।

कञ्चनपुर

थारू साहित्यमा कञ्चनपुरको इतिहासलाई केलाउँदै थारू स्रष्टाको प्रकाशित पुस्तक र पत्रपत्रिका प्रकाशनका बारेमा चर्चा गरिएको छ।

हिमाली चौधरी

विसं २०३२ साल साबिक झलारी गाविस–४ हाल शुक्लाफाँटा नगरपालिका–७, झन्डाबोझी कञ्चनपुरमा जन्मेका हिमाली चौधरी थारू लोकसाहित्यको भकारी हुन् । उनको कृष्णक् अस्टिम्किक् गीत (२०६१) प्रकाशित भएको छ । यो पोस्टा कञ्चनपुरको थारू भाषाको पहिलो पुस्तक हो । हिमाली चौधरीसँग थारू लोककथा, (बट् कुही), लोकगीत, गुरुवा मन्त्र, र जडीबुटी ज्ञान अहिलेसम्म मुखैमा कण्ठ छ

कल्पना चौधरी

विसं २०४३ साल भदौ २७ गते साबिक पिपलारी गाविस–५ हाल शुक्लाफाँटा नगरपालिका–३, जोन्हाँपुर, कञ्चनपुरकी कल्पना चौधरीको उजरल घर डुवार (कथासङ्ग्रह २०६२) प्रकाशित छ । कञ्चनपुरको थारू महिला लेखकको यो पहिलो पुस्तक हो ।

अशोक चौधरी

साबिक मोतीपुर गाविस–५ हाल पुनर्वास नगरपालिका–२, मोतीबस्ती, कञ्चनपुरका अशोक चौधरी गजलमा जमेका युवा हुन् । उनको मनके आवाज (गजलसङ्ग्रह २०७०) प्रकाशित भएको छ ।

जोगराज चौधरी

साबिक कृष्णपुर गाविस–७ हाल कृष्णपुर–६, सिंहपुर, कञ्चनपुरका जोगराज चौधरीको पनि अस्टिम्किक् गीत (२०७३) प्रकाशित भएको पाइन्छ । यसको भाग २ आउन बाँकी छ ।

साफी चौधरी

साबिक कृष्णपुर गाविस–७ हाल कृष्णपुर नगरपालिका–६, सिंहपुर, कञ्चनपुरकी साफी चौधरीको सिर्जल मुक्तकसङ्ग्रह (२०७४) प्रकाशित छ । यो पुस्तक थारू महिलाद्वारा लेखिएको थारू भाषाको पहिलो मुक्तकसङ्ग्रह हो । उनको मनके बह संयुक्त मुक्तकसङ्ग्रह (२०७५), गोरपासु निबन्धसङ्ग्रह (२०७८) पनि प्रकाशित छ ।

सङ्गम चौधरी

साबिक मोतीपुर गाविस–५ हाल पुनर्वास नगरपालिका–२, अमरहिया, कञ्चनपुरका सङ्गम चौधरीको अस्रा गजलसङ्ग्रह (२०७५) र लावा घर कथासङ्ग्रह (२०७५) पनि प्रकाशित भएको देखिन्छ । उनी कथामा बढी कलम चलाउँछन् । उनले फुलरिया साहित्यिक पत्रिका २०८१ पनि प्रकाशन गरेका छन् ।

वीरबहादुर राजवंशी

साबिक कृष्णपुर गाविस–७ हाल कृष्णपुर नगरपालिका–६, बन्जरिया, कञ्चनपुरका वीरबहादुर राजवंशीको 'जोंजा लेखसङ्ग्रह' २०७८ प्रकाशित भएको छ । यो कृति नेपाली भाषामा छ । समाजमा वर्गीय, जातीय, भाषिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, उत्पीडन, शोषण हुन्छ तब उत्पीडित वर्ग एकताका साथ उन्मुक्तिका लागि प्रत्यक्ष रूपमा विद्रोह गर्न थाल्दछ ।

इन्द्रबहादुर चौधरी

साबिक देखतभुली गाविस–६ हाल शुक्लाफाँटा नगरपालिका–१२, देखतभुली, टिल्कीपट्टी, कञ्चनपुरका युवा इन्द्रबहादुर चौधरी पनि कलम लगातार चलाउँदै आएका छन् । उनको लोककथा, बालकथा, तमाम पत्रपत्रिकामा लेखरचना प्रकाशित छन् । उनको रानाथारू समुदायमा प्रचलित लोककथा तथा मिथक, टिपटिप रानाथारू लोककथा, ढोला फर्कियो त ? नयाँ बनपाले, कपासको घोडा, सुगाको आँसु प्रकाशित छ ।

सुमिरन पत्रिका

कञ्चनपुर जिल्लाबाट प्रकाशित सुमिरन वार्षिक पत्रिका (२०७४) कञ्चनपुर जिल्लाको थारू भाषाको पहिलो पत्रिका हो । यसमा भाषा, साहित्य, संस्कृति, खोज तथा अनुसन्धानमूलक लेखरचनाले विशेष ठाउँ पाएको छ । यो पत्रिकाको प्रकाशक/सम्पादक युवा साहित्यकार तथा पत्रकार सागर कुश्मी 'सङ्गत' हुन् ।

फुटकर लेखक

त्यसै गरी कञ्चनपुर जिल्लामा फुटकर रूपमा लेखरचना सिर्जना गर्ने लेखक पनि छन् । यहाँ केही फुटकर लेखक र संयुक्त रूपमा प्रकाशन गरेका स्रष्टा र पुस्तकका बारेमा पनि चर्चा गरिएको छ । साबिक श्रीपुर गाविस–५ हाल बेलौरी नगरपालिका–७, पौलाहा, कञ्चनपुरकी सानु चौधरीको १० वटा गजल जेउनास (गजलसङ्ग्रह २०७२) मा प्रकाशित भएको पाइन्छ । साबिक रैकवार बिचवा गाविस–१ हाल कृष्णपुर नगरपालिका–८, मजगैं कञ्चनपुरका सुमित रतगैंयाका पनि १० वटा गजल मैंयक् पहुरा (गजलसङ्ग्रह २०७३) मा प्रकाशित भएको छ ।

यसै गरी बेलौरी नगरपालिका–५, भकुन्डा, कञ्चनपुरका सन्तोष चौधरीको २० वटा मुक्तक हल्कोरा (मुक्तकसङ्ग्रह २०७३) मा प्रकाशित भएको पाइन्छ भने बेलौरी नगरपालिका–५, महुलिया कञ्चनपुरकी सरस्वती चौधरीको पनि २० वटा मुक्तक बहल याद (मुक्तकसङ्ग्रह २०७३) मा प्रकाशित छ ।

साबिक पिपलारी गाविस–५ हाल शुक्लाफाँटा नगरपालिका–३, जोन्हाँपुर कञ्चनपुरकी पूजा चौधरी प्रकृति ओ गीता चौधरी दृष्टिको फुटकर रूपमे लेखरचना पाइन्छ ।

कञ्चनपुर जिल्लाकै बेलौरी नगरपालिका–१०, सडकघाटकी रविता चौधरी, ८ बिचपुरीकी शान्ती चौधरी, १० भुराका मोहनलाल चौधरी, सुरेश चौधरी, १० शिवनगरका मोहनप्रसाद चौधरी, सुगम चौधरी, शुक्लाफाँटा नगरपालिका–३, लोहरपुरका प्रेम उल्टहुवा, ७ झन्डाबोझीकी सीमा चौधरी, आशिका चौधरी, कृष्णपुर नगरपालिका ८ का रामु कुस्मी, सुनिल कुस्मी, धनबहादुर कुस्मी, ममता चौधरी पनि गजल, मुक्तक, निबन्ध विधामा कलम चलाएको पाइन्छ । ■

भीमदत्त पन्त र दलित कलुवाको योगदान

गणेशबहादुर नेपाली

२००७ सालको जनक्रान्तिका बेला फागुन ७ गतेअगाडि नै नेपाली कांग्रेसको मुक्तिसेनाका डडेलधुरा कमान्डर रूपसिंह सिजापतिको नेतृत्वमा राणाशासनको जिल्लाको प्रशासनिक सत्ता कब्जा भइसकेको थियो ।कारीगाउँका भीमदत्त पन्तले माघ १० गते स्थानीय मोहनसिंह खडायतको घरमा पेस्तोल देखाई लुटेको भनेर उजुरी परेपछि डडेलधुराको गभर्नर भइसकेका रूपसिंह सिजापति नेतृत्वका मुक्तिसेनाले पक्रेर ल्याई माघ २० गते डडेलधुरा खलङ्गाको कोतको मौलामा भीमदत्त पन्तलाई बाँधी उपस्थित विशाल जनसमुदायका बिचमा सजाय दिने कार्य सुरु गऱ्यो ।

पेस्तोल देखाई लुट्ने जघन्य अपराध गर्ने अपराधीलाई के सजाय दिने भनेर जनसमुदायलाई सोध्दा भिडबाट कुनै एक जनाले यस्तो अपराधीलाई तोपले उडाई मृत्युदण्ड दिनु पर्छ भनेपछि मुक्तिसेनाका कमान्डर रूपसिंह सिजापतिले तोपले उडाई मृत्युदण्ड दिने आदेश दिएपछि डडेलधुरा खलङ्गा निवासी पल्टनमा बिगुल बजाउने नाइके पदमा कार्यरत थिए । जसको नाम कलुवा नाइके थियो । उनले 'व्यक्तिलाई मृत्युदण्ड दिँदा मैले बिगुल बजाउनु पर्छ र अहिले पनि बिगुल बजाउने अधिकार मेरो रहेको छ' भनेर अडान लिए र बिगुल बजाउन अस्वीकार गरे । त्यो सहासलाई इतिहासकारले कहीँकतै उल्लेख गर्नुपर्ने आवश्यकता नै देखेनन् वा उनी दलित समुदायका भएका हुनाले उपेक्षा गरेका हुन् भन्ने पनि देखिन्छ ।

त्यस घटनाका प्रत्यक्षदर्शी अमरगढी नगरपालिका वडा नं ८ टाटरगाउँ निवासी करुणाकर जोशी फालिस्टर फोरेस्टरेका अनुसार ती बिगुल बजाउने अधिकार भएका दमाई जातिका व्यक्ति कलुवा नाइकेले 'मैले बिगुल बजाउँदा मलाई ब्रह्महत्या लाग्ने भएकाले म बिगुल बजाउन सक्दिनँ' भनी अडान लिएपछि भिडबाट बोल्ने क्रम सुरु भयो । भीमदत्त पन्त बाहुन भएकाले उनलाई मृत्युदण्ड दिँदा ब्रह्महत्या लाग्ने कानुनमा हालसम्म प्रावधान रहेको भनेर डडेलधुरा रोल्ली गाउँका बृजलाल जोशीले भनेका भन्ने इतिहासकार डा. देवीप्रसाद ओझाले उनको पुस्तक 'सुदूर पश्चिममा जनचेतनाको विकास र २००७ सालको जनक्रान्तिको इतिहास' मा उल्लेख गरेका छन् ।

तर, इतिहासकार ओझाले कलुवा नाइकेले लिएको अडानलाई अत्तो थापेको भनेर कलुवा नाइकेको साहस र सुझबुझपूर्ण चेतनाको अवमूल्यन गरेका मात्र छैनन् कालुवा नाइकेको नाम नै उल्लेख गरेका छैनन् । जनक्रान्तिताका तत्कालीन सरकारको पल्टनमा नाइके पदमा कार्यरत कलुवा नाइके पछि त्यसै पदबाट सेवा निवृत्त भएका थिए । त्यसताका उनै कलुवा नाइके बिगुल बजाउने पदमा बहाल भएका कारण नै उनका अहिलेको पुस्तासम्मलाई पनि नाइकेका सन्तान भनेर भन्ने गरिन्छ ।

सायद भीमदत्त पन्तलाई तोपले उडाउने आदेशका विरुद्ध कलुवा नाइकेले अडान नलिएको भए भीमदत्तले त्यो क्रान्तिको नेतृत्व गर्ने अवसर पाउँदैनथे होला, स्वर्ण अक्षरले उनको इतिहास लेखिँदैनथ्यो होला । नेपालको इतिहासमा दलितका साहसिक र बुद्धिमत्तापूर्ण कार्यको उल्लेख भएकै छैन । त्यसो त शासकको ताबेदारी गर्ने र जातीय मानसिकताबाट मुक्त हुन नसकेका इतिहासकारले इतिहास लेखनमा जात, धर्म, क्षेत्र, भेग र भूगोलको पक्षधरतालाई त्याग्न सकेको देखिँदैन । इतिहासले वर्तमानलाई मार्गदर्शन गर्दछ, यदि इतिहासको सत्य र तथ्यपरक लेखन हुन सकेको खण्डमा मात्रै। अबको अवस्था २००७ सालपूर्वको होइन, अध्ययन गर्ने र लेखकको समुदाय एकल जातीय समुदाय मात्र होइन, लेखकले हेक्का राख्नु पर्छ । उच्च शिक्षामा समेत सीमान्तकृत समुदायको पहुँच उत्साहजनक रूपमा बढिरहेको छ। लोकतन्त्र र गणतान्त्रिक व्यवस्थामा तथ्यपरक र सत्यताको पक्षमा प्रश्न गर्ने र बहस गर्ने

स्वतन्त्रता छ भन्ने बुझ्ने जमात उपेक्षित समुदायमा अपेक्षा अनुरूप नै बढिरहेको छ। विगतमा उपेक्षापूर्वक र अवहेलाना गरी लेखिएका वा रचना गरिएका स्थापितसमेत भइसकेका मान्यता र इतिहासको पनि विरोध हुन्छ, भैरहेको छ। विगतमा विशिष्ट योगदान, बलिदान, सङ्घर्ष र त्याग भएका व्यक्ति जातीय उच्चताबोधको सिकार भएका छन्। तिनीहरूका बारेमा सुनेको वा पारिवारिक स्रोतका आधारमा उपेक्षापूर्वक लेखिएका इतिहासबारे आजको अध्ययनशील पुस्ताले प्रश्न गर्छ र इतिहासलाई पुनर्लेखन गर्न विवश बनाउँछ। विगतको पुस्ताले हामीले जे लेखे पनि हुन्छ, शिक्षामा पहुँच मात्र होइन, हाम्रो कब्जा रहिरहने छ भन्ने अहङ्कारी र अदूरदर्शी मानसिकताका कारण अन्यायपूर्ण इतिहास लेखिएको छ। वर्तमानमा अध्ययनको दायराभित्र परेका अन्यायी इतिहासको आलोचना र विरोध भएको छ। इतिहास लेखनको प्रकृति र क्षेत्रबाट इतिहासकारले बहिष्कार गरेका कलुवा नाइके जस्ता ऐतिहासिक व्यक्तित्वको योगदान पनि पुनर्लेखन हुन आवश्यक छ।

कलुवा नाइके शिक्षाप्रेमी थिए। दलित अधिकारका सबालमा उनले शोषक सामन्तीले दलित समुदायका कब्जा गरेका जग्गाजमिन कानुनी लडाइँ लडेर फिर्ता गर्न सफल भएका थिए। डडेलधुरा जिल्लाको पहिलो हाइस्कुल महेन्द्र माध्यमिक विद्यालय स्थापना गर्दै गर्दा विद्यालय खोलेर मात्र हुँदैन, पढाउने शिक्षक पनि चाहिन्छ, यहाँका शिक्षकले दलितका बालबालिकालाई पढाउँदैनन् भनेर राजा महेन्द्रसँग २०१४ सालमा भनेका र त्यतिबेला डडेलधुरा कारीगाउँका चूडामणि पन्तले दलितलाई म पढाउँछु भनेर भनेका थिए। धनगढीमा भेट हुँदा चूडामणि पन्तले नै यो कुरा पङ्क्तिकारसँग भन्नुभएको थियो। उहाँले कलुवा नाइकेलाई सम्मानपूर्वक स्मरण गर्नुभएको थियो। डडेलधुरामा जनताका छोरा पढ्न विद्यालय जाँदा राणाशासनका बेला दलितका छोरालाई पढाउन विद्यालय निषेध थिए। पढाउने शिक्षक दलित बच्चालाई पढाउँदैनथे। त्यतिबेला जातीय छुवाछुत चरमोत्कर्षमा थियो। देश मनुस्मृति मोडेलको १०१० को मुलुकी ऐनद्वारा चलिरहेको थियो। दलित समुदायका लागि विद्यालय पढ्नु कल्पनाभन्दा बाहिर थियो। दलित समुदायले आफ्ना बालबालिकालाई विद्यालय पढाउन चाहनु दुस्साहस र अपराध गर्नु थियो। त्यस्तोबेला पनि उनले दलित समुदायका बच्चा पढाउन डोटी जिल्ला कोटान्जरका जोगी दमाई, जो छिमेकी देश भारतमा गई पढेका थिए उनलाई डडेलधुरा खलङ्गामा लगेर आफ्ना समुदायका बच्चा पढाउन कलुवा नाइकेले सुरु गर्नु कम्ती साहसको विषय थिएन। त्यतिबेला डडेलधुरा खलङ्गाका परियार समुदायमा एकता, आपसी सहयोग र जुझारु भावना थियो भन्ने स्पष्ट थियो। त्यस्तै अमरगढी किल्लाको उत्तर पूर्व भगवान् भैरवको देवालय निर्माण गरेका थिए– कलुवा नाइकेका परिवारले। हाल पनि उनका परिवारले बडादसैँ अष्टमीमा त्यही देवालयमा भैरवको पूजा गर्ने गर्छन्। त्यो देवालयलाई वर्तमानमा पनि नाइकेको देउताथान भन्ने गरिन्छ। राणाशासनमा समेत आफ्ना सन्तानलाई पढानु पर्छ, शिक्षित बनाउनु पर्छ भन्ने चेतनाले झकझक्याएको देखिन्छ– त्यहाँको दलित समुदायमा। शिक्षाको उज्यालो हरेक घरमा पुऱ्याउन चाहने र सहास भएको समुदायका व्यक्तिमा विद्रोही भावना विस्फोट हुनु अन्यायका विरुद्ध आगो ओकेल्न सक्नु अपेक्षित नै हो। स्वयम् कलुवा नाइके आफू पनि लेख्न, पढ्न जान्ने त्योबेलाका शिक्षित नै थिए भन्दा अतिशयोक्ति हुँदैन। त्यस्तै उनका पिताजी लक्ष्मण दमाई पनि अन्तरजातीय विवाह गरेका कारण २००७ सालपूर्व नै डोटी कारागारबाट फरार हुन सफल भएका थिए। त्यसैले सामाजिक अन्याय, अत्याचार, जातीय विभेद र छुवाछुतका विरुद्ध विद्रोह गर्न सक्ने पारिवारिक विरासत नै थियो कलुवा नाइकेको। सरकारी जागिरे सामान्य हैसियतको भए पनि समानता र स्वतन्त्रताको चेत कलुवा नाइकेमा उच्चस्तरको थियो।

> डडेलधुरामा जनताका छोरा पढ्न विद्यालय जाँदा राणाशासनका बेला दलितका छोरालाई पढाउन विद्यालय निषेध थिए। पढाउने शिक्षक दलित बच्चालाई पढाउँदैनथे।

यस्तो पारिवारिक परिवेश र स्वयम्‌को बौद्धिक चेतले भीमदत्त पन्तलाई मृत्युदण्ड दिन दिएको आदेशका विरुद्ध कलुवा नाइकेले सुझबुझपूर्वक विरोध गर्न सकेका हुन्। उनको सुझबुझ र साहसिक विरोधले कलङ्कको टीका लाग्नबाट भीमदत्त पन्त जोगिएका हुन्। त्यसपछि गरिब, किसान र दलितका मुक्तिदाताका रूपमा सशक्त क्रान्ति गरेका भीमदत्त पन्तलाई सामन्ती शोषकको पक्षपोषण गर्ने सरकारले हत्या गऱ्यो। जाली फटाहा, ब्याजखोर, शोषक सामन्तका मुटु हल्लाएर, जातीय छुवाछुत र विभेदविरुद्ध अभियान नै चलाएर हत्यापश्चात् पनि नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक क्रान्तिका प्रेरक बनेका सहिद नेताका रूपमा अमर भएका छन्, सहिद भीमदत्त पन्त। क्रान्तिनायक सहिद भीमदत्त पन्तको इतिहास स्वर्ण अक्षरले लेखिनु पर्छ तर कलुवा नाइके जस्ता साहसी, बौद्धिक, निडर, अहिंसावादी, शिक्षा, भूमि अधिकार, समानता र स्वतन्त्रताका अभियन्तालाई उपेक्षा गरिनु पनि कुनै हालतमा उचित हुन सक्दैन। अब इतिहासका अध्येता, अनुसन्धानकर्ता, अन्वेषकले लेख्ने इतिहास समावेशी भावना र निष्पक्ष भई लिखिनु पर्छ। ■

प्रजातान्त्रिक योद्धा एन.डी. 'प्रकाश'

आर.डी. 'प्रभास' चटौत

प्रकाशको जन्म

एन.डी. 'प्रकाश' को पुर्ख्यौली थलो डुँगरी डडेलधुरा भए पनि बुवा स्व. देवीदत्त चटौत राणाकालीन शासनमा विराटनगर अमिनीको खरिदार जस्तो सम्मानित पदमा हुनुहुन्थ्यो। विसं १९८७ साल मङ्सिर ७ गते शनिबार मूल प्रभावी नक्षत्रमा बुवा स्व. देवीदत्त र आमा तुलसीदेवीका सुपुत्र एन.डी.को जन्म विराट्–राजाको नगरी विराटनगरमा एन.डी. 'प्रकाश' (नारायणीदत्त चटौत) भयो। अभुक्त मूल नक्षत्रमा जन्मेको बालकलाई बुवाले आठ वर्षसम्म नहेर्ने ज्योतिषशास्त्रको मत अनुसार आमा, बुवा र शिशुले सँगै बसेर रम्न पाएनन् । आमासहित शिशुलाई सैकडौं कोश टाढा पुर्ख्यौली थलो, डुँगरी डडेलधुरा पठाइयो, ज्येष्ठ पिता ज्योतिर्विद् विश्वेश्वरको अभिभावकत्वमा। कर्मभूमि त्यहीं बन्यो प्रकाशको। आठ वर्षसम्मको पितासँगको वियोगजन्य पीडा जब संयोगमा जुट्यो, त्यो घडी घरगाउँ सबैतिर उल्लासले छायो।

प्रकाशको विवाह

तत्कालीन रूढीगत प्रचलनले छोप्यो प्रकाशलाई पनि। चौध वर्ष पुग्दा नपुग्दै जिजोडाका प्रतिष्ठित व्यक्ति लक्ष्मीदत्त भट्टकी १० वर्षीया छोरी गुनकेश्वरीसँग २००१ सालमा प्रकाश विवाह बन्धनमा बाँधिए। उनी चाहँदैन थे बिहे गर्न र विरोध पनि गर्न सक्दैनथे तर परिआएको कुरामा उनी सकारात्मक र सुधारात्मक सोच राख्दथे। बालिकावधू गुनकेश्वरीलाई पढाउन गाउँको एक मात्र छात्र पढ्ने पाठशालामा भर्ना गरिदिए। सम्भ्रान्त परिवारकी महिलाले घुम्टोबाहिर घुम्नु इज्जतबाहिरको कुरा मानिन्थ्यो। दाँतमुनि जिब्रो टोकी घर घर नकारात्मक चर्चा हुन थाल्यो त्यो घरको इज्जत गयो। प्रकाश हारेनन्। साक्षरताको अर्थ मन, वचन, कर्मले जन जनमा बुझाउन थाले। केही दिनपछि त वरपरका छोरी पनि पाटी हातमा ली पाठशाला जान थाले, लोकले धन्य एन.डी. 'प्रकाश' भन्न थाले। बाल्यावस्थामै समाजलाई युगबोध गराउन सक्ने प्रकाशको कस्तो प्रतिभा र आत्मबल थियो होला ! सहशिक्षाको घनत्व सायदै त्यतिबेला काठमाडौँमै पनि थियो होला कि। केही दिनको फरकमा मात्रै परिवारका स्तम्भ बुवा देवीदत्तको किड्नीमा पत्थरीको व्यथाले २००४ सालको कामदा एकादशीको दिन स्वर्गवास भयो। खबर पठाइयो, प्रकाशको टाउकोमा आकाश नै खसेको अनुभूति भयो होला। किरिया गर्न घरमा आइपुगे प्रकाश। १५/१६ वर्षकै वयमा पनि प्रकाशमा प्रौढता र परिपक्वता आएको देखिन्छ।

शिक्षा

भारत अल्मोडा काण्डा हाइस्कुलका ८, ९ र १० का छात्र रहे उनी। भारतीय स्वतन्त्रता सङ्ग्राम जल्दोबल्दो रूपमा थियो, अङ्ग्रेज शासनको विरुद्धमा। महात्मा गान्धीको बहिष्कार आन्दोलन चलिराखेको थियो। आफ्नो देशको जहानियाँ शासनको दुरावस्था पनि थाहा थियो प्रकाशलाई। तदनुरूप उनको कलिलो मनमस्तिष्कमा विद्रोही भावना आत्मसात् हुँदै गयो।

जीवनमा कतिबेला के आइपर्छ त्यो रहस्यकै गर्भमा रहन्छ। इन्ट्रेन्स (हाइस्कुल) को फाइनल जाँचको तयारीमा हुनुहुन्थ्यो काण्डामा। यता घरमा विसं २००४ साल जेठ २५ गते उनकी प्राणबल्लभा गुनकेश्वरी आउँमासीको व्यथाबाट दिवङ्गत हुन पुगिन्। सम्झाउँदै बुझाउँदै बुवा देवीदत्तले पत्रद्वारा जानकारी पठाए। प्रकाशको कलिलो मन कति आहत भयो होला। 'हे प्यारी ! सुकुमारी हे ! जगत्की अद्वैत हे सुन्दरी !' का संवेदनाका भाव मर्मस्पर्शी छन्, अद्भुत प्रतिभाका धनी प्रकाशका। देशको प्रजातान्त्रिक सङ्घर्षमा रत भएकाले परिवार र हितैषीबाट निकै दबाब हुँदा पनि उनले अर्को विवाह गर्ने चाहना राखेनन्।

परिवार शिक्षित थियो, ज्येष्ठपिताको संरक्षकत्वमा शिशुले प्रारम्भिक शिक्षा घरमै पायो। पछि 'बारबाटा' डोटीको अङ्ग्रेजी स्कुलमा प्रारम्भिक शिक्षापश्चात् भारत, काण्डाबाट युपी बोर्ड इलाहाबादको वार्षिक जाँच दिए। हाइस्कुलमा द्वितीय श्रेणीमा पास भए। पढाइलाई अग्रगति दिन, भारत नैनीतालको गभर्नमेन्ट कलेजमा प्रवेश पाएको तर आफ्नो देशको प्रजातान्त्रिक आन्दोलन सम्झेर त्यहाँ छोडी तुरुन्तै काठमाडौँ

आइपुगे । त्रिचन्द्र कलेजमा आइए प्रथम वर्ष उत्तीर्ण गरे तर उनी नेपालको प्रजातान्त्रिक आन्दोलनमा होमिइसकेका थिए । औपचारिक पढाइतर्फ फर्केनन् । तथा स्वाध्याय छाडेनन् । स्वाध्यायका रूपमा नेपाली, डोट्याली, संस्कृत, हिन्दी, अङ्ग्रेजी, उर्दुको गहन अध्ययन गरे । व्यवहारमा राजनीति र समाजशास्त्रलाई प्राथमिकता दिए । ठुलाठुला विद्वान् विदुषी बहुमुखी प्रतिभाका धनी प्रकाशको ज्ञान र कार्यक्षमताको प्रशंसा गरेर थाक्दैनन् । प्रकाशलाई साहित्य, सङ्गीत, कलाको त्रिवेणीको संज्ञा दिँदा पनि हुन्छ । उनका सङ्गीत गुरु उनका पितामह नाता पर्ने मास्टर जयानन्द चटौत थिए । निकटतम बालसखा कृष्णदत्त पन्त, वसिर डुँगरी भएको कुरा उनका परस्परमा लेखिएका चिठीपत्रबाट बुझिन्छ ।

जहानिया राणाशासनविरुद्धको क्रान्तिबाट राणाशासनको अन्त्य गरी २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र दिवसको विजय उत्सव मनाएरै प्रकाश प्रजातन्त्रलाई बलियो बनाउने ध्येयले सामाजिक सुधार आन्दोलनमा लागे । उनको जीवन दर्शन थियो–

"चाहन्न दीर्घतम जीवन होस् भनेर,
चाहन्न भीम चिरायु बनूँ भनेर ।
सानो बनूँ दुई दिनै बरु बाँच्न पाऊँ,
संसारमा सकलका शुभ काम आऊँ" ॥

(रचनाप्रकाश)

साहित्य

एन.डी. 'प्रकाश' को जीवनको अर्को महत्त्वपूर्ण पाटो हो साहित्य । उनको साहित्यिक योगदान राजनीतिक योगदानभन्दा कम छैन । उनी मात्र २७ वर्ष बाँचे तर सय वर्ष बाँच्नेले गर्न नसक्ने कार्य गरेर गए । आफ्नो सक्रिय जीवनमा उनले डायरी लेख्नमा कुनै दिन छुटाएनन्, यो विरलै उदाहरण हो । उनका 'अक्षर' सदा अनुपम र एकनास रहेका छन् । राजनीतिक, साहित्यिक र सामाजिक क्षेत्रका निम्ति ती डायरी अमूल्य सम्पदा हुन् भन्दा पनि हुन्छ । 'एन.डी. प्रकाश र उहाँका डायरी' नामक ग्रन्थ डा. भुवनेश्वरीदत्तको संयोजनमा ७ मङ्सिर २०८१ मा प्रकाशित भएको छ । यो डायरीको उत्कृष्टता पठनीय र मननीय छ । प्रकाशको साहित्य लेखनको क्षेत्र पनि विस्तृत छ तर असामयिक निधन, त्यो पनि वायुयान दुर्घटनामा परी भएको र उनीमुनिका हामी भाइहरू परदेशतिरै अध्ययनमा रहेकाले ती सिर्जना कहाँ, कति, के अवस्थाका थिए, पत्तो भएन । निकै प्रयासपछि उनका कविताका केही कपी फेला परे । तिनकै आधारमा (क) एन.डी. प्रकाश चटौतका कालजयी कविताहरू र (ख) रचना–प्रकाश दुई वटा कृति प्रकाशित भएका छन् । (क) मा नेपाली, डोट्याली, हिन्दी, पद्य, गद्य कविता र प्रहसन, मुक्तक आदि ६४ सङ्ख्यामा तथा (ख) मा ७९ वटा नेपाली, डोट्याली, हिन्दी अङ्ग्रेजी भाषामा सृजित गीत, गद्य, पद्य कविता, मुक्तक छन् । साथै सन् १९४८ देखि काण्डा, अल्मोडा भारतमा अध्ययनका क्रममा भारतीय साहित्यकार सुमित्रानन्दन पन्तबाट पनि आकर्षित भएको देखिन्छ ।

जीवनका तमाम घटना परिघटनाले गर्दा बालक प्रकाशको कोमल मन आन्दोलित हुन्छ, छ वर्षसम्म बुवासँग अलग्गिनुको पीडा डोट्याली भाषामा यसरी पोख्छन् –

'वरिपरि कुसुमको बारी, जिरासरि छन् पात ।
आफू बस्ने रङ्ग महलमा हामरी खबर न बात' ॥

(व्यक्ति एक अभिव्यक्ति अनेक पृष्ठ ७)

छ वर्षका शिशुको चित्तमा यस्तो भाव उदाउनु, परम्परावादी सोचको विरुद्धको आवाज हो, बालकको सोचको चमत्कार पनि हो, प्रकाशको पहिलो कविता भन्न सकिन्छ यसलाई । छ वर्षको प्रकाशको सोचको यस्तो चमत्कार देखर बुवाको मन कति प्रफुल्लित भयो होला, प्रकाश वाङ्मय विधाका कुशल शिल्पी र तपस्वी बन्न पुगे पछि । उनीद्वारा रचित कैयन् कथा, भाषिक, राजनीतिक, सामाजिक क्षेत्रका सिर्जना हात परेनन् । दुःखसाथ भन्नु पर्छ, सम्बन्धित क्षेत्रको ठुलो क्षति हो यो । उनको कविताको शब्द शब्दमा प्रकाशको जीवन प्रतिविम्बित भइरहेको पाइन्छ । नारी, बालबालिका, गरिब, किसान, हरिजनको अवस्थाप्रति अति संवेदनशील प्रकाशका सिर्जना तिनै प्रेरक उदघोषणाद्वारा मुखरित छन् :

'कुनै मर्छन् खाई खाई, मर्दछन् धेरै न पाई, डाक अन्धो ईशलाई, यो विषमता हेर्नलाई ।"

उनी सन्त झैं थिए, उनको जीवको भोलि उनका अक्षरमा अभिव्यक्त भइरहेको हुन्थ्यो, उनी वास्तवमै आफ्नै रचना झैं अजेय र श्रद्धेय छन् र जीवनलाई झनै उत्सर्गी पारेका छन्, उनी लेख्छन् :

"म निभ्नेछु बिजुली झैँ तेलको बत्ती झैँ होइन,
म चक्र झैँ घुम्ने छु, तर त्यसरी रोकिने छैन
गतिहीन हुनु त परै जाओस् मन्दगति भएर रहने छैन
डुब्ने म छु सूर्य झैँ "

वायुयान दुर्घटनामा तिरोहित हुने पूर्वाभासको सङ्केत थियो कि त्यो ? साथै १० भदौ २०१४ मा लेखिएको उनको जीवनको अन्तिम कविताद्वारा आफू अस्त हुनुअगावै परिवार र परिवारजनलाई धैर्य राख्ने सन्देश दिएको सूत्र थियो वा अद्भुत र विरलै घटित हुने भविष्यवाणीको उद्गार थियो वा संवेदनको पराकाष्ठामा पग्लँदै गएको मुटुको ध्वनि थियो त्यो ।

मेरो यादमा

'लाएर बाडुली, बिन्ति ! स्वर्गमा न तड्पाउनु,
म मरे, यादमा मेरो न रुनु न घबडाउनु,
फूल मुस्कानको यौटा समाधिमा चढाउनु

देखेर लास त्यो मेरो झस्किनु न त तर्सिनु

बिन्ति है स्वर्गमा मेरो शान्ति न खलबल्याउनु । (एन.डी. प्रकाशका कालजयी कविताहरू)

कसको हृदय नपग्लेला यी मर्मस्पर्शी शब्दले ! कसरी लेखे होलान् प्रकाशले यी पङ्क्तिहरू !

पथभ्रष्ट नेताप्रति

"वीर थिइस् तँ, महावीर तँ जन जनका आँखामा बस्थिस्, तर गर्न पुगिस् गुरु गद्दारी डग्न गइस् तँ खसिस्, धसिस् तल, पैसामा नै बिक्न गइस् तँ ।"(कालजयी कविता पृष्ठ ४५) 'रचना' प्रकाशमा रहेका डोट्याली भाषाका 'किसान दाइ खि, जुगा, सालिआना, गरिब मुल्यैरह्ड नेपाली भाषाका 'होरेटियस, देशानुराग, टोपी (कुकुर) पढ्नैपर्ने कवितामध्येकै हुन् । 'टोपी' नाम गरेको प्यारो कुकुर थियो प्रकाशको । एकाएक हरायो, त्यसै विषादमा लेखे कविता 'टोपी' मानवीय संवेदनाका मर्मस्पर्शी उदाहरण हुन् तिनी । उनका साहित्य कृतिमा पटक पटक लेखिएका विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईका पत्र समाविष्ट छन् । कृतिपरक डाइमन्डशमशेर राणा, युवराज नयाँघरे, अच्युतरमण रेग्मी आदिका मन्तव्य रहेका छन् । २०१४ साल चैत ११ गते भारतीय डकोटा विमान दुर्घटनाको हुरिमा एन.डी. 'प्रकाश' रूप जाज्वल्य दीप निभ्यो । प्रकाशमा विलक्षण बौद्धिकता थियो । समवेदनामा जननेता विश्वेश्वरप्रसाद कोइरालाले अमा तुलसीदेवी चटौतलाई चिठी लेखिपठाए ।

राजनीतिक र सामाजिक क्षेत्रका मेधावान् अग्रणी

प्रकाशले काठमाडौँ प्रवेश गरेको थोरै समयमा सुवर्णशमशेर, बिपी कोइराला, मातृकाप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, तुलसी गिरी, सूर्यप्रसाद उपाध्याय आदि माथिल्लो समूहको नेतृत्वमा स्थान बनाइसकेका थिए प्रकाशले । त्यसै सन्दर्भमा डा. तुलसी गिरी लेख्छन् –

"एन.डी. 'प्रकाश' को ओजपूर्ण विक्तित्वको झलझली सम्झना आउँछ । वास्तवमा वय र वपुको दृष्टिले एन.डी. प्रकाश कलिला कुमार जस्तै थिए तर उहाँमा बुद्धि र विवेकको प्रचुरता अत्यधिक भएको हुँदा पार्टी र बौद्धिक क्षेत्रमा मूर्धन्य व्यक्तित्व भइसकेका थिए । नेपाली कांग्रेसका सभापति सुवर्णशमशेर र बिपी कोइरालाकहाँ प्रायशः हामी गहन विषयमा व्यापक छलफल हुन्थ्यो । नेपाली कांग्रेसका बैठक तथा अधिवेशनहरूमा निर्णय लिँदा तथा प्रस्तावहरू पारित गर्दा गराउँदा भाषा र विचारको संयोजन प्रायशः बिपी कोइरालाले एन.डी. प्रकाशबाटै गराउने गरेको मलाई सम्झना छ ।"(व्यक्ति एक अभिव्यक्ति अनेक, पृष्ठ ड) । विश्वेश्वरप्रसाद कोइरालाको अध्यक्षतामा गठित नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिमा एन.डी. 'प्रकाश' सबैमा कम उमेरको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । यो उहाँको विशिष्ट प्रतिभाको परिचायक थियो । परासीको प्रजातान्त्रिक आन्दोलन सफल पार्न पाल्हीशाखादेखि पश्चिमाञ्चलसम्म राजनीतिक, सामाजिक सुधारको आन्दोलनको नेतृत्व प्रकाशलाई दिइयो । तल्लो स्वराड केशरपुर हाइस्कुल स्थापनामा जिम्मावाल उद्धबबहादुर चन्दसँगको सहयोगीमा प्रकाशको प्रबल भूमिका रहेको छ ।

एसियाकी प्रथम महिला मन्त्री द्वारिकादेवी चन्दलाई नेपाली कांग्रेसमा प्रवेश गराई राजनीतितिर अभिमुख गराउनमा पनि एन.डी. 'प्रकाश' को अहम् भूमिका रहेको छ । प्रकाशको वायुयान दुर्घटनामा दिवङ्गत भएपछि उनकै निर्वाचन क्षेत्रबाट द्वारिका दिदी चुनाव लड्नुभयो र अत्यधिक मतले विजयी हुनुभयो । एन.डी. 'प्रकाश' को कन्स्टिच्युएन्सीमा एउटा शिला राखे पनि त्यसैमा मतदान गर्छौं भन्ने सेन्टिमेन्ट थियो मतदातामा । 'प्रकाश' साह्रै लोकप्रिय र बहुमुखी प्रतिभाका धनी थिए ।

प्रकाश प्रजातान्त्रिक आन्दोलनका साथै छिटो संविधान बन्नु पर्छ र आमनिर्वाचन हुनु पर्छ भन्नेमा अडिग पक्षधर हुनुहुन्थ्यो । २०१४ सालको सुरुमै राजा महेन्द्रको सुदूरपश्चिमाञ्चलको सवारी कार्यक्रममा डडेलधुरा पुगेको बिहानी 'बागखोड' (बागबाजार) मा प्रकाशलाई देखेर 'काहिले आयौ, एन.डी. 'प्रकाश' ! आश्चर्य मान्दै सोधेका थिए राजा महेन्द्रले । किनकि राजाले काठमाडौँ छोड्दा त्यहाँ प्रकाशले भेटेका रहेछन्, आफू त राजा धनगढीसम्म हेलिकोप्टरमा । प्रकाश कसरी यति छिटो ? राजा र प्रकाशको निकट संवाद सुन्दा प्रकाशप्रति सर्वसाधारण जानताको ज्यादै आस बढेर आयो । राजा बसेको मञ्चबाटै प्रकाशले निर्धक्क भएर राष्ट्र र जनताका माग राखे । पहिलो पटक डोट्याली भाषामा लेखिएको अभिनन्दन पढेर सुनाए । मञ्चको कार्यक्रम सञ्चालनको अभिभारा पनि प्रकाशकै थियो ।

छिटो संविधान सभाको निर्वाचनको माग पनि स्वागत मन्तव्यमा स्पष्ट रूपमा मञ्चबाटै राखे प्रकाशले । प्रकाशको अभिमतप्रति सकारात्मक रूपमा टाउको हल्लाएका थिए राजाले । पछि प्रकाशसँगको कुराकानीमा पनि सोहीबमोजिम प्रस्टिएका थिए राजा त्यतिबेला । समग्र रूपमा प्रकाशको राष्ट्रिय स्तरमा उपल्लो नेतृत्वको उत्कर्षमा छवि स्थापित भइसकेको अवस्था थियो । राष्ट्र र समाजले प्रकाशको नेतृत्वको आसलाग्दो भरोशा गरेका थिए तर दैवदुर्विपाक, जनता र देशको त्यो आशा अघि बढ्ने अवसर पर्खाइमै रह्यो । तथापि प्रकाशले गरेको त्याग र तपस्याको मूल्य र महत्त्व सदैव स्मरणीय रहिरहने छ । अस्तु ■

बझाङी योद्धा जोरासिंह ऐडी

रतन भण्डारी

देशभर २०१७ अघिसम्म सीमित अधिकारसहित विभिन्न राजारजौटाले राज्य सञ्चालन गर्दै आएका थिए । त्यतिबेला देशमा केन्द्र सरकार र राजारजौटा रहेका राज्यमा स्थानीय रजौटाको गरी दुई वटा सरकार थिए। राज्यहरूमा स्थानीय रजौटाका आफ्नै राज्य अदालत थिए । ती राज्य अदालतमा आउने मुद्दाको छिनोफानो र न्याय निरूपण स्थानीय रजौटाले नै गर्थे । पछि प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वको पहिलो जननिर्वाचित सरकारले २०१७ मा देशभरका राज्य अदालत खारेज गरी इलाका अदालत गठन गर्ने निर्णय गरेको थियो । त्यसका लागि राज्य अदालत उन्मूलन विधेयक संसद्बाट पारित भई २०१७ जेठ २ देखि लागु भएको थियो । ऐन कार्यान्वयनसँगै देशभरिका राज्य अदालत खारेज भई केन्द्र सरकारमातहतका इलाका अदालत गठन भए। सरकारको सो निर्णय सबै राजा रजौटाले सहर्ष स्वीकारे तर बझाङ राज्यले भने स्वीकारेन । बझाङमा इलाका अदालत स्थापनाका लागि नेपाल सरकारले २०१७ जेठमा बझाङ पठाएका न्यायाधीश उत्तमकुमार पोखरेललाई बझाङी राजा रामजङ्गबहादुर सिंहका छोरा युवराज ओमजङ्गबहादुर सिंहले असहयोग गरे । बझाङ राज्य अदालतका लिखत, कागजात तथा मिसिल न्यायाधीश पोखरेललाई नबुझाई बझाङ राज्य अदालतलाई नै निरन्तरता दिए । स्थानीय झुटेडा गाउँको ज्यान मुद्दा ओमजङ्ग आफैँले हेरे । ओमजङ्ग र उनका भारदारले उल्टो न्यायाधीश पोखरेलविरुद्ध नाराबाजी गरे। पोखरेलसँग रहेका कागजात जफत गरे।

ओमजङ्ग र उनका समर्थकबाट कागजात लुटिनुको साथै इलाका अदालत स्थापनामा न्यायाधीश पोखरेल डोटी गैँडा पुगी बडाहाकिम बद्रीप्रसाद थपलियालाई भेटे। ओमजङ्गबहादुर सिंहले बझाङ इलाका अदालत गठनमा अवरोध सिर्जना गर्दा कामकारबाही अघि बढाउन नसकेको बताए । न्यायाधीश पोखरेलले बडाहाकिम थपलियालाई बझाङमा इलाका अदालत स्थापनामा प्रशासनको सहयोगको याचना गरे । त्यसपछि बडाहाकिम थपलिया सुरक्षाकर्मीसहित बझाङको चैनपुर पुगे । चैनपुरपारि पानकोटमा मुकाम खडा गरे। त्यहाँ ओमजङ्गलाई वार्ताका लागि बोलाए । ओमजङ्गले बडाहाकिम थपलियासमक्ष ११ बुँदे माग अघि सार्दै वार्ताका लागि आउने बताए। बडाहाकिमसँग वार्ताका लागि पानकोट पुल तर्ने लाग्दा ओमजङ्ग सुरक्षाकर्मीको घेरामा परे । त्यस क्रममा ओमजङ्ग समर्थक र सुरक्षाकर्मीबिच घम्साघम्सी मच्चियो । घम्साघम्सीका बिच सुरक्षाकर्मीको हातबाट फुत्कन सफल ओमजङ्ग त्यहाँबाट भागे । त्यसपछि सुरक्षाकर्मीले बल प्रयोग गर्‍यो। सुरक्षाकर्मीको गोली लागी दिलबहादुर सिंहसहित चार जना घाइते भए । चैनपुरमा लुटपाट मच्चियो।

घटनापछि ओमजङ्ग र उनका समर्थकका नाममा वारेन्ट जारी गर्दै बडाहाकिम थपलिया डोटी फर्के। बझाङबाट भागेका ओमजङ्ग भारतको टनकपुर पुगे। टनकपुरबाट उनले आफ्नो सुरक्षाका लागि कोइराला सरकारसमक्ष काठमाडौँमा तार (आकाशवाणी) पठाए । बझाङमा यी सबै घटना विकसित हुँदा बझाङी राजा रामजङ्गबहादुर सिंह भने भारतमा थिए । रामजङ्गको नैनिताल नजिक भीमतालमा अचल सम्पत्ति थियो । भारतकै काशीपुरमा उनको दोस्री रानीको माइती थियो। पछि टनकपुर पुगेका ओमजङ्ग बुवा रामजङ्गको सम्पर्कमा आए । त्यहाँबाट बुवाछोरा दुवैले लखनउमा पत्रकार सम्मेलन आयोजना गरी 'आफ्ना पुर्खा सन् १२३६ देखि बझाङमा शासन गर्दै आएको र वर्तमान शासकका वंशजले आफ्नो राज्य खोसेको' बताए । लखनउबाट रामजङ्ग २०१७ मङ्सिरमा पटना हुँदै काठमाडौँ आए। काठमाडौँमा बझाङ घटनाबारे पत्रकार सम्मेलन आयोजना गर्न खोज्दा कोइराला सरकारले राजा रामजङ्गलाई महाराजगन्जस्थित बझाङी राजाको निजी निवास 'बझाङ हाउस' मा नजरबन्दमा राख्यो । २०१७ पुस १ गते राजा महेन्द्रले बिपी कोइराला नेतृत्वको जननिर्वाचित सरकार बर्खास्त गरी सत्ता लिए । प्रधानमन्त्री कोइरालासहित गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायतका नेता सबै जेल परे तर अर्थमन्त्री सुवर्णशमशेर भने पुस १ गतेको अघिल्लो दिन कोलकाता उडिसकेका थिए।

राजा महेन्द्रले सत्ता लिएको चार महिनाभित्रै अर्थात्

२०१७ चैत २८ गते राज्य रजौटा ऐन, २०१७ लागु गरी देशैभरिका राजारजौटा प्रथाको अन्त्य गरे। उक्त ऐन लागु भएसँगै नेपालमा रहेका बझाङ, थलारा, बाजुरा, सल्यान, जाजरकोट, दर्ना, अछाममलगायतका सबै राज्य खारेज भए। त्यहाँका रजौटाको सबै अधिकार कटौती भए। ऐनमा बझाङी, सल्यानी राजा, जाजरकोटे राजा र मुस्ताङी राजाहरूलाई भने उनीहरू तथा उनीहरूका दरसन्तानलाई राजा पद र भत्ता पाउने व्यवस्था गरियो। दर्ना, बाजुरा, थलारा, दुल्लु, गलकोट, गुल्मी, गह्रौँकोट, भिर्कोट, मालनेटा, प्युठान, पर्वतका राजा रजौटालाई उनीहरूको जीवनभर राजा पद र भत्ताको व्यवस्था गरियो तर बिपी कोइराला नेतृत्वको सरकारले राज्य अदालत खारेज गर्दा असन्तुष्ट बझाङका राजा रामजङ्ग र ओमजङ्ग राजा महेन्द्रले राज्य रजौटा नै खारेज गर्दा झनै असन्तुष्ट बने। २०१५ को आमनिर्वाचनअघि बझाङी राजा रामजङ्ग राजा महेन्द्रका नजिकका मित्र थिए। रामजङ्ग र योगी नरहरिनाथ दुवै कर्मवीर महामण्डलमा आबद्ध थिए। रामजङ्ग असनको तिलङ्गा हाउसबाट निस्किने कर्मवीर महामण्डलको मुखपत्र कर्मवीर साप्ताहिकको सम्पादक थिए। त्यतिबेला रामजङ्ग नेपाली कांग्रेसविरोधी थिए। २०१५ सालको निर्वाचनमा कर्मवीरलाई राजनीतिक दलको मान्यता नदिँदा पछि योगी नरहरिनाथ र रामजङ्गबहादुर सिंहले आमनिर्वाचन खारेजीका लागि सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। पछि उक्त मुद्दा खारेज भयो।

२०१७ सालको राजनीतिक घटनापछि भने परिस्थिति फेरियो। कांग्रेस सरकार विघटन हुनु एक दिनअघि भारत गएका सुवर्णशमशेरलाई नेपाली कांग्रेसले २०१७ माघ १२–१४ मा भारतको पटनामा कार्यकर्ता भेला बोलाई कार्यवाहक अध्यक्ष चयन गरयो। संसद्को पुनर्स्थापना, राजबन्दीहरूको रिहाइसहित मागसहित नेपाली कांग्रेसले सुवर्णशमशेरकै नेतृत्वमा पञ्चायतविरुद्ध भारतबाटै सशस्त्र सङ्घर्षको घोषणा गऱ्यो। शत्रुको शत्रु मित्र भने झैँ त्यसपछि राजा रामजङ्ग र उनका छोरा ओमजङ्ग पञ्चायतविरुद्ध सशस्त्र सङ्घर्षको उद्घोष गरेका सुवर्णशमशेरको सम्पर्कमा आए। निवर्तमान सांसद दुर्गादत्त जोशीको सिफारिसमा दुवै बाउछोराले कोलकाता पुगेर नेपाली कांग्रेसको सदस्यता लिए। परिस्थिति यस्तो बन्यो, रामजङ्गका हिजोका मित्र राजा महेन्द्र उनका शत्रु र हिजोका उनका शत्रु बिपी कोइराला रामजङ्गका मित्र बने।

त्यसपछि राजा रामजङ्ग र ओमजङ्गको नेतृत्वमा बझाङ कब्जाको योजना बन्यो। रामजङ्गले बझाङ कब्जाका लागि हतियार र लडाकुको माग गरे। बझाङ कब्जाका लागि सुवर्णशमशेरले ८० जना लडाकु र हतियारको व्यवस्था गरे। बझाङ कब्जाको गुरिल्ला दस्तालाई सघाउन भरतशमशेर र सरोज कोइराला पिथौरागढ पुगे। गुरिल्ला दस्ताको राजनीतिक कमान्डर ओमजङ्ग र सैन्य कमान्डर दैलेखका रत्नबहादुर विश्वकर्मालाई चयन गरियो। राजनीतिक डिपुटी कमान्डर बझाङका वृषबहादुर सिंह तोकिए। बझाङ कब्जाका लागि अघि बढ्नुअघि गुरिल्ला दस्तालाई भारतको पिथौरागढ नजिकको अस्कोटस्थित पाल रजबारको धर्मशालामा तालिम दिइयो। अस्कोटे पाल रामजङ्गका इष्टमित्र पर्थे। त्यस कार्यको संयोजन मकरध्वज स्वारको निर्देशनमा राजा रामजङ्गले गरे। पिथौरागढ, लोहाघाट र झुलाघाट कार्यक्षेत्र तोकिएका दुर्गादत्त जोशी र द्वारिकादेवी ठकुरानीले पनि सघाए। योजना अनुसार ओमजङ्ग नेतृत्वको सशस्त्र विद्रोही दस्ता २०१९ भदौ १७ गते पिथौरागढ हुँदै महाकाली नदी तरेर दार्चुला–गोकुलेश्वर भएर बझाङ प्रवेश गऱ्यो।

बझाङ प्रवेश गरेको ओमजङ्गको सशस्त्र विद्रोह दमनमा तत्कालीन सरकारले शाही सेना परिचालन गऱ्यो। चैनपुरनजिक पुगेको ओमजङ्गको सशस्त्र दस्तालाई शाही सेनाले लखेट्दै दार्चुला पुऱ्यायो। दार्चुला हुँदै महाकाली तरेर भारत पस्ने योजनामा रहेका ओमजङ्ग दार्चुलाको मार्मा रस्कोटको सल्ला भन्ने ठाउँमा शाही सेनाको कारबाहीमा मारिए।

गुरिल्ला दस्तामा दैलेखका रत्नबहादुर विश्वकर्मा, मानबहादुर नेपाली, दार्चुलाका रामचन्द्र हमाल, कालीकोटका जोरासिंह ऐडी (रोकाया), बझाङका विर्खबहादुर सिंह भने मार्मा भिडन्तपछि भाग्न सफल भए। बैतडीका बहादुर सिंह खत्री महाकाली तर्दा बगेर मरे। बैतडीका बलदेव भट्ट (बले रिचपले), बझाङका केशरबहादुर सिंह, कालु सिंहहरू पछि मारिए। बझाङ कब्जामा संलग्न १७ जना सैन्य कारबाहीमा मारिए भने १६ जनाले कठोर जेल सजाय भोगे। अन्ततः ओमजङ्गबहादुर सिंहको शाही सेनाले चालेको सैन्य कारबाहीमा मृत्यु भएसँगै बझाङ विद्रोहको विधिवत् अन्त्य भएको थियो।

ऐडीबारे बुझ्न ०७५ असार अन्तिम साता कर्णालीका पत्रकारद्वय राजबहादुर कुँवर र जन्मदेव जैसीलाई सम्पर्क गरैं। जितेगडाबाट कालीकोटको सदरमुकाम मान्म हुँदै जुम्ला जाने सडक छाडेर हामी कर्णालीमा रहेको झोलुङ्गे पुल तरेर पारि लाग्यौँ। जितेगडादेखि पारि कालीकोट, बाजुरा हुँदै हुम्ला पुग्ने निर्माणाधीन सडकखण्डको बिचमा पर्ने नानिकोटको तलसम्म पुग्न जिप चल्ने रहेछन्। ती जिप हिउँदमा कर्णालीमा फेरिमा तारिएका रहेछन्। त्यसैले नानिकोट जान जितेगडाबाट कर्णाली तरेर पारि लाग्नुपर्ने रहेछ। जितेगडा पारि नरहरिनाथ गाउँपालिका सुरु हुने रहेछ। इतिहासकार योगी नरहरिनाथको जन्मथलो स्पर्श गर्न पाउँदा खुसीको अनुभूति भयो। योगीजीलाई नमन गरियो।

पुल तरेपछि १०/१५ मिनेट पैदल हिँड्दै हामी लालीघाट बजार पुग्यौँ। कर्णाली–तिला दोभानको सुन्दर

तस्बिर लियौँ। लालीघाटबाट नानिकोट तल भुराबगर र जारकोटसम्म जिप चल्दा रहेछन्। हामी लालीघाट पुग्दा पानी परिरहेको थियो। लालीघाटमा नानिकोट, रास्कोट, जारकोट जाने थुप्रै यात्री जिपको प्रतीक्षामा थिए। सबै जना टिकटका लागि काउन्टरमा नाम टिपाउँदै थिए। जिपभन्दा यात्रुको सङ्ख्या बढी थियो। पहिल्यै नाम टिपाएका थुप्रै थिए र पनि राजबहादुरजीले टिकट मिलाए। नभन्दै ६ बजेतिर लालीघाटबाट जारकोटका लागि जिप हिँड्यो। हामी दुई जना जारकोट नपुग्दै वरै भुराबगरसम्मका लागि टिकट लियौँ। टिकटबारे विवाद हुँदा काउन्टरवालाले एक जना वृद्धको गालामा थप्पड हानेको थियो तर ती वृद्धाको पक्षमा कोही बोलेनन्। यात्रा अवधिभर म उनलाई सम्भिरहेँ। टिकेट लिइसकेपछि सानो जिपमा हामी अघि बढ्यौ। जिपमा १६ जना यात्रु कोचाकोच गर्दै जोखिमपूर्ण यात्रा गऱ्यौँ। कर्णालीको खोँचैखोच हिलाम्मे कच्ची बाटो निकै अप्ठेरो थियो। त्यसमा फेरि भर्खरको ड्राइभर भाइको छिनछिनमा फोन आउने। उसको एक हात मोबाइलमा र अर्को हात इस्टेरिङमा। सबैले उसलाई गाडी मात्रै चलाऊ फोन पछि गर भनेपछि उसले फोन उठाउन छाड्यो।

जिपभित्र मदिराप्रेमीको सङ्ख्या पनि फेरि उस्तै थियो। मदिराले मत्त एक जना गाउँपालिकाका लेखापाल नियन्त्रणबाहिर थिए। ती सान्नीगाडमा झरेपछि यात्रा थोरै सहज बन्यो। अघिल्लो सिटमा भुराबगरमाथि पर्ने जारकोटका होटेल व्यवसायी बमजीको जोडी थियो। उनीहरूको सानो छोरा सँगै थियो। बमको जोडी तातोपानी स्नान गरेर फर्केको थियो। तीर्थबाट फर्केका ती बमजीसमेत रेगिल भन्ने ठाउँमा जिपबाट झरे र मिनरल वाटरको बोतलमा फ्रुटीसँगै रक्सी मिसाएर ल्याए। अनि यात्रा अवधिभर घुट्क्याउँदै अघि बढे।

जिपमा बाजुराको जुकोट निवासी गोरखामा कार्यरत नेपाली शिक्षक पनि थिए। उनी काठमाडौँबाट हामी चढेकै बसमा थिए तर बिचमा केही बोलचाल भएन। उनीसँग कालीकोट पुगेपछि जिपमै कुराकानी भयो। उनले बाजुरा पुग्न धनगढी, डोटी, अछामको बाटोभन्दा सुर्खेत, कालीकोटबाट पुग्न छोटो पर्ने बताए। सुर्खेतदेखि लालीघाटसम्म मसँगैको जिपमा रहेका मदिरा सज्जनले निकै भद्रता देखाए। उनले थप चिनजान गरे। कहाँ जान लागेको भनी सोधे। मैले जोरासिंह ऐडीलाई भेट्न नानिकोट जान लागेको बताएपछि उनले ऐडीबारे नसुनेको बताए। त्यसपछि उनले कसैलाई फोन गर्दै जोरासिंहबारे सोधे। जोरासिंह अहिले धामी बनेका छन्, गाउँमै रैछन् भने। ती शिक्षक भाल्तडी भन्ने ठाउँमा झरे। मलाई जोरासिंह धामी होइनन् कसरी धामी भए भन्ने लाग्यो। राजबहादुरजीले पछि धामी भएका होलान् भने।

हामी चढेकै जिपमा रहेका एक जना स्थानीय पनि त्यही होटेलमा बसे। चिनजानका क्रममा थाहा भयो, उनी नेपाली कांग्रेसका जिल्ला नेता कर्णवीर टमटा (सुनार) रहेछन्। उनले हामीलाई कहाँ जान लागेको भनी सोधे। टमटाले पनि जोरासिंह अहिले धामी बनेको बताए। टमटाले जोरासिंहलाई भेट्न खोज्नुको कारण सोधे। जोरासिंह २०१९ सालको बझाङ कब्जामा कांग्रेसका तर्फबाट सहभागी योद्धा भएकाले उनीसँग कुराकानी गर्नु छ भनेपछि टमटाले भेटघाटमा आफूले सघाउने बताए। टमटा दोस्रो संविधान सभा निर्वाचनमा नेपाली कांग्रेसबाट समानुपातिकको उम्मेदवार रहेछन्।

भुराबगरबाट हिँड्दा नानीकोट पुग्न कति लाग्ला भनेर लछिमा शाहीलाई सोधेको थिएँ। नानीकोटभन्दा तल मयकोट निवासी शाहीले त्यस्तै एक/डेढ घण्टा भनेकी थिइन्। हामीलाई साथ दिन तयार कर्णवीर टमटा पनि मयकोटकै थिए तर नानिकोट त के मयकोट तलको जुम्लीबाडा पुग्नै हामीलाई डेढ घण्टा लाग्यो। जुम्लीबाडामा ८६ वर्षीय बागवीर बोगटी (बोहरा) भेटिए। त्यहाँ उनको सानो पसल थियो। पसलमा उनकी प्लस टु पढ्ने नातिनी थिइन्। पसलपछाडि पानीको धारा थियो। धारा देखेपछि राजबहादुरजी सानो स्याम्पु किनेर टाउको नुहाउन थाले। यता बुढा बागवीरले मेरो परिचय मागे। मैले आफ्नो परिचय दिएँ। नानिकोट आउनुको कारण सोधे। मैले जोरासिंह ऐडीलाई भेट्न भनेर जवाफ दिएँ। अनि राजबहादुरजीबारे सोधे। मैले वहाँ मेरो जुम्लाको साथी हो भनेँ। जुम्ला भन्नेबित्तिकै बुढाले अनुहार बिगारे र फटाहा भन्न थाले। लगत्तै राजबहादुरजी आइपुगे। त्यसपछि उनले आफूलाई समाले र हाँस्न थाले।

जुम्लीबाडापछि मयकोटको ठाँटीबजारमा पुगेर चियाबिस्कुट खायौँ। मयकोटबाट फेरि उकालो चढ्यौँ। कर्णवीरजीको सल्लाह अनुसार दिउँसोको खाना नानिकोटमा खाने सल्लाह भयो। कर्णवीरजीले स्थानीयलाई खाना पकाइराख्नु भन्दै फोन गरे। हामी ऐडीको घर पुग्दा उनी तल्लो घरको आँगनमा थिए। कर्णवीरजीले भेट्न आउनुभएको छ भनेपछि उनी हतारिँदै आए।

जोरासिंह आएपछि हामीले उनीसँग चिनजान गऱ्यौँ। आफूहरू आउनुको कारण बतायौँ। त्यसपछि ऐडी बिपी बाबु आए झैँ भयो भन्दै प्रसन्न देखिए। ८४ हिउँद काटेका ऐडीका निधारका रेखा खुसीले तन्किए। अनि ऐडी भित्र गए। ओछ्याउने ल्याएर आँगनीमा बस्न भने। २०१९ सालको बझाङ काण्डबारे कुराकानीसहित भिडियो रेकर्ड गर्नुपर्ला भनेपछि ऐडी फेरि भित्र पसे। दौरा, सुरुवाल र कोट लगाएर आए। अनि हामीले उनीसँग लामो कुराकानी गऱ्यौँ। बझाङ कब्जाका लागि भारतदेखि बझाङ हुँदै पुनः भारत प्रवेशसम्मका घटनाबारे विस्तृतमा

सोध्यौँ । नेपाली कांग्रेसका प्रतिबद्ध कार्यकर्ता ऐडीले प्रजातन्त्रका लागि परिवार त्यागेको बताए। सोही क्रममा उनका दुई जना श्रीमतीले उनलाई छाडेका रहेछन् । पछिल्लो पटक अछामबाट ठकुरीको छोरी बिहे गरेका रहेछन् । नयाँ श्रीमतीबाट चार छोरा रहेछन्, तीमध्ये दुई जना मात्रै जीवित । नाति वैदेशिक रोजगारमा मलेसिया रहेछन् । छोराहरू नानिकोटबाहिर बसेका रहेछन् । जीवनको उत्तरार्धमा यी वृद्ध भने एक्लै जन्मघर रुँघेर बसेका । जीविका चलेको छ ? सरकारबाट सहयोग पाउनुभएको छ कि भनी सोध्दा वृद्धभत्ता पाउने गरेको बताए। २०४८ सालपछि गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले रानीतिकपीडितका नाममा डेढ लाख दिएको र सो पैसाले घर मर्मत गरेको बताए। राजनीतिकपीडितको सही मूल्याङ्कन नभएकोमा गुनासो गरे। बझाङ काण्डमा संलग्न रत्नबहादुर विश्वकर्मा राष्ट्रिय सभा सदस्य बनाए पनि आफूले कुनै अवसर नपाएको बताए र पनि ऐडीले बिपीप्रति उच्च श्रद्धाभाव प्रकट गरे।

८४ हिउँद काटेका ऐडी निकै ठुलो जिउडालका थिए। हक्की स्वभावका ऐडी साँच्चिकै लडाकु लाग्थे। उनको संस्मरणमा पुराना कुरा सबै ताजा थिए। कुराकानीका क्रममा उनले श्रद्धापूर्वक पटक पटक बिपीको नाम लिए। थुप्रै कुरा हामीसँग साझा गरे। मैले त्यस दौरान ऐडीसँग गरेको कुराकानीसहितको विवरण भने मेरो पुस्तकमा आउने भएकाले सार्वजनिक गरेको छैन। मेरो पुस्तक अझै प्रकाशोन्मुख नै छ। फर्किँदा मैले ऐडीलाई भादगाउँले टोपी, कफीको बट्टा र पुस्तक उपहार दिएँ। हामी छुट्टिँदा आज बिपीबाबुसँग भेट भयो भन्दै आँगनको डिलबाट हेरिरहे। केहीबेरमै हामी ओझेल पर्‍यौँ। ■

छोटो कथा

केटोका हबा

आडी भट्ट

हबा मनमौजी मान्छे थिए । रसिला अनि हँसिला थिए। ८० पार गरे पनि हबालाई जिस्किन आनन्द लाग्थ्यो। केटाकेटीसँग हबा खुसीले खेल्थे। आनन्दले झुल्थे। केही नयाँ कुरा सिकाउँथे। झरेको पात भेटे केटोको खल्तीमा काम लाग्छ भनेर कोचिदिन्थे । चोरी र बुढी औँलाको चिम्टी बनाएर केटाकेटीको नाक थुन्थे। टेक्ने लट्ठीको तिखो भागले घ्वाच्च छेडेर पाकेको मेवा टिप्थे । एक दिन हबाले एक भरियाको भारी हलुका भयो भनेर तीन धार्नीको ढुङ्गा सुटुक्क डोकोमाथि राखिदिएछन्। बिचरा भरिया दाइले दिनभरि बोकेर ढुङ्गा घर लगेछन्। आफ्नो श्रीमान्को भारीमा ढुङ्गा देखेपछि भरिया दाइकी श्रीमती रिसले झन् मुर्मुराइन्।

एक दिन केटोका बा घर नभएका बेला हबा उसको घरमा आए । केटाकेटी त्यत्तिकै फुरुङ्ङ । 'हबा आए, तातोपानी बनाऊ' केटाकी आमाले भनिन् । पानी तातो बनाउन आगो चाहियो । केटाले आफ्नो बुवाले सलाई कोरेको कम, ढुङ्गा ठोसेर झिल्कोले आगो बालेको बढी देखेको थियो । सलाई सकिएको र बुवा घर नभएको बेला केटोले अर्काको घर गएर आगोको बिउ मागेर ल्याउनुपर्थ्यो। आगो ल्याउँदा कहिलेकाहीँ बाटैमा निभ्यो भने फर्केर फेरि लिन जानुपर्थ्यो।

"आगो बाल्न के गर्ने आमा ?" केटोले सोध्यो।

"भट्टशेरा गएर मागेर ल्याऊ," आमाले अपेक्षित उत्तर दिनुभयो । केटोले जानेकै कुरा भए पनि आमाको आदेश पाउन सोधेको थियो । "केमा ल्याउने आगो ?" केटोले अज्ञानता देखायो। हबा बिचैमा बोले, "कमिजमा ल्या, कमिजमा ।" "हबा, कमिज डढ्छ नि," केटोले भन्यो। "डढ्दैन, मैले मन्त्र गरिदिन्छु, जा," हबाले आरामले भने। केटो पत्यायो र आगोको झिल्का लिन भट्टशेरातिर दौड्यो । 'ओइ, कमिजले किन आगो समातेको ? तिम्रो कमिज बल्छ' भन्दा केटोले सुनेको नसुन्यै गयो । "केटो बौलायो," काकीले भनिन्।

"हैन काकी, हबाले मन्त्र गरेका छन्, केही हुन्न । कमिज बल्दैन रे," केटोले हबाको ठोकुवामा बल लगायो। केटो कमिजमा आगो भएको दाउरा पोको पारेर घरतिर दौड्यो । घर पुग्दा आधीजसो कमिज भस्म भइसकेको थियो। हबाले भने, "ओइ केटा मन्त्रले काम गरेन जस्तो छ," हबा मुस्कुराउन थाले। सबैजना मुखामुख गर्न थाले।

हबा अर्काको नोक्सानीमा पनि कसरी हाँस्न सके केटोले जान्न सकेन। हबाले थपे, 'मैले मन्त्र कसैले नसुन्ने गरी भन्नुपर्ने, तिमीहरूले सुनेछौ । बिग्रियो । बिनासित्ती केटोको नयाँ कमिज पालियो। हजुरबा हाँस्न थाले। केटो रुन थाल्यो। घटना सकियो पीडा बल्झियो। ■

बुढी पोल्ने लोकपर्व

चन्द्रकला पन्त

असोज १ गते अर्थात् सङ्क्रान्तिको दिन वर्षा ऋतुको समाप्ति र शरद् ऋतुको आगमनको अवसरमा सुदूरपश्चिमका गाउँघरतिर हर्षोल्लासका साथ मनाइने लोकपर्व हो बुढी पोल्ने पर्व । यी लोकपर्व त्यौहार मात्र हुँदैनन् । यी लोकपर्व प्रकृतिसित नाता पनि कायम गर्दछन् ।

सुदूरपश्चिम आफैँमा पनि संस्कृतिको अमूल्य धरोहर हो । यहाँ मनाइने विभिन्न चाडपर्व, परम्परा प्रकृतिलाई समर्पित हुन्छन् । असोज १ गतेलाई कन्या सङ्क्रान्ति पनि भनिन्छ । कारण यसै दिनदेखि सूर्यदेव सिंह राशिको यात्रा सम्पन्न गरी कन्या राशिमा प्रवेश गर्छन् । पहाडी भेगमा असोज महिनामा कामको चटारो हुन्छ । वर्षभरि गाईवस्तुका लागि घाँसपातको जोहो गर्नुपर्ने हुँदा यो महिना धान कटाइ, चुटाइका साथै गाज्जो (खर) कटाइको धुमारी हुन्छ । परिवारका सदस्य व्यस्त रहने हुँदा बुढी पोल्ने दायित्व पनि बालबालिकाको रहेको हुन्छ । बालिबालिकाले चौबाटोमा पातपतिङ्गरका हाँगाको थुप्रो लगाउने गर्छन् । पाँच प्रकारको घाँस कुश, काँस, उम्रिसो, पुत्लेठी, खरयोस्ताको चुल्ठो वा कुचो जस्तो बनाएर आफ्नो गोठलाई सफा गरिन्छ । त्यस दिन गाईभैँसीको गोठलाई विशेष गरी नरम घाँस बिछ्याई गोठघरका दैलामाथि विशेष प्रकारको घाँस (झिजिरकाँणी) वर्षभरि राखिन्छ । यो वनस्पति राखेमा घर र गोठमा केटाकेटी र गाईवस्तुलाई कुनै रोग व्याधिको डरत्रास हुँदैन भन्ने मान्यता छ ।

यो लोकपर्वको सम्बन्धमा भिन्न भिन्न किंवदन्ती छन् । भनिन्छ, द्वापर युगमा मामा कंशले आफ्ना भान्जाबाट मृत्यु हुने भविष्यवाणी सुनेपछि कृष्णको हत्या गर्ने एउटा षड्यन्त्र अनुसार राक्षसी पुतना बुढीलाई विषको लेप लगाई स्तनपान गराउन पठाएको र मौका छोपी पुतनाले दुध चुसाउँदा बालकले दुध चुस्दा चुस्दा बुढी पुतनाको रगतसमेत चुसी अन्त्यमा मृत्युसमेत हुनु पुग्यो । त्यसै दिनको खुसियाली र विजयोत्सवका रूपमा यो पर्व मनाइन्छ ।

बालबालिकासित सम्बन्धित यो पर्वमा बिहानैदेखि आआफ्नो लट्ठीमा फूल, पात बेरेर झमक्क साँझ परेपछि घर घरबाट राँको तयार गरिएको चौबाटोको थुप्रो भएको स्थानमा भेला भई आगो बाल्ने काम गरिन्छ । यस दिन काँक्राको विशेष महत्त्व हुन्छ । सबैले आआफ्नो बारीको काँक्रो अग्निदेवतालाई चढाउने गर्छन् । आगोको झिल्को दन्किएपछि सबैले हर्ष र उल्लासका साथ खुसी हुँदै एक प्रकारको विजय गीत गाउँदै बलेको आगो निभाउने र अन्त्यमा सबैले काँक्रोको बियाँको तिलक लगाई निभेको आगोको राँको आफ्नो गोठघरमा धुवाँ लगाइन्छ ।

विशेषतः यो पर्व अबको जाडोभरि गाईवस्तु र केटाकेटीको सुस्वास्थ्य र कल्याणको कामना गरिन्छ । सबैलाई तातो खरानीको टीका लगाई सुस्वास्थ्यको मागल कामना गरिन्छ । काँक्राको प्रसाद ग्रहण गरिन्छ । त्यस दिन पानी परेमा गाईवस्तुको जित भयो भन्दै यसरी भैलो पनि गाउने गरिन्छ ।

थु बुढी थु भैलो
गाईको जित भैलो
बुढीकी हार भैलो
बुढी गै धारै धार
गाई गई गोठैगोठ

कतै कतै कसैप्रति आक्रोश पोख्न यो पर्वमा अतिवादी शैलीको विरोध गर्न ठालुको विरोध गर्न गीति माध्यमबाट फलना ठालु तेरो भाग भन्दै लुतो लैजाउ भन्छन् । घर घरमा मिठा मिठा खानेकुरा पकाएर खान्छन् र देउडा खेल्छन् । समग्रमा भन्ने हो भने असत्यमाथि सत्यको विजय सदा हुन्छ । मानवजातिले आफ्नो मात्र होइन, समग्र प्रकृति वनस्पति र पशुपन्छीको सुस्वास्थ्यको कामना गर्दै असल कर्मलाई प्रोत्साहन गर्नु पर्छ र हाम्रा संस्कृतिभित्रका विकृत पक्ष हटाउँदै संस्कृतिको जर्गेना गर्न उत्तम हुन्छ । ■

कर्णालीका केही लोक प्रचलन

हरिलाल महतारा

कर्णाली लोक प्रचलनको उर्वर भूमि हो । खस संस्कृतिको उद्गम थलो सिँजा भएदेखि यस राज्यको परम्परा संस्कृति पूर्वपश्चिम फैलिएर गयो । पश्चिममा टिस्टा, कुमाउ, गडवाल, काकडा र पूर्वमा सतलज, गङ्गा नदीसम्म विस्तार भएको खस प्रचलन नेपाली भाषाको विकास क्रमको जीर्ण अवस्था छ ।

कर्णालीको लोकपरम्परा हाल खोजीको विषय बनेको छ । खस भाषा त लगभग लोपोन्मुख नै बनेको अवस्था छ । केही प्रचलन भने अझै पनि जीवन्त छन् । वास्तवमा कुनै पनि ठाउँको प्रचलनले त्यस क्षेत्रको पहिचान अपनत्व र ऐतिहासिक एवं सांस्कृतिक महत्त्व झल्काउने गर्छन् । जसले मानव जगत्लाई ज्ञान शिक्षा र प्रेरणा प्रदान गर्ने गर्छन्; जुन प्रचलन अरूका लागि पर्यटन, अर्थ, अध्ययन, अवलोकन, स्रोत, सन्दर्भ सामग्रीको विषय बन्न सक्छ । यस्ता खोज समाज विकासका क्रममा आएका आधारस्तम्भ हुन् ।

उतिबेला मानिस युरोप एसिया हुँदै सिँजा राज्यमा बस्दादेखि नै निर्माण गरेर आएका सामाजिक चालचलन न लोकप्रचलन थिए । मानिसले तिनीहरूलाई बचाउँदै र जोगाउँदै आए । पुस्तान्तरण हुँदै आए र आज पनि लोकप्रचलन कर्णालीका विभिन्न ठाउँमा छरिएर रहेका छन् । म यहाँ सुर्खेत, दैलेख, हुम्ला, जुम्ला, मुगु, जाजरकोट, रुकुम, सल्यान, डोल्पा र उता सुदूरपश्चिम अछाम बाजुरालगायतको सेरोफेरो लोकप्रचलनका लागि एकदमै घनिष्ट सम्बन्ध जोडिएको सन्दर्भ उल्लेख गर्न चाहन्छु । साथै लोकप्रचनलका हिसाबले केही समानता, केही जटिलता, भौगोलिक विविधता, भाषिक असमानता, जातीय फरकपन प्रचलनमा देखापर्नु स्वाभाविक हुन्छ तर यो आफ्नै विशेषता आफ्नै जीवन पद्धति भएर बाँचेको हुन्छ । अब म यिनै लोक प्रचलन बुँदागत रूपमा छोटोमा चर्चा परिचर्चा गर्न चाहन्छु । मेरो अध्ययन र स्थानीय सोधखोजपछि मैले टिपोट गरेका लोक प्रचलन यहाँ उल्लेख गरिएको छ ।

पासु वितरण प्रचलन

यो रमाइलो मासु वितरण प्रचलन हो । विवाह, छैटपैटमा पकाएको मासु भतेर सकिसकेपछि गाउँका जानमान ठालु भलादमी, मुङलेरी, घरबारे, खेलाउडु आदिलाई तह र दर्जा अनुसार खसीका विभिन्न भागका टुक्रा सम्मानपूर्वक दिने चलन छ । जसलाई पासु वितरण प्रचलन भनिन्छ ।

पिठ प्रदेश जाने चलन

आम्दानीको स्रोत केही नभएपछि गाउँका मानिस घरबाट एक/एक जना ठुलो डफ्फा बनाएर टाढाको सहर वा छिमेकी देशमा कमाइ गर्न जाने प्रचलन यो प्रचलन हो । राम्रो कमाइ हुनेहरू तीन महिना, छ महिनामा घर फर्किन्थे । घरलाई चाहिने सरसामान लुगाफाटो नुन, चामल, तेल, चिनी आदि किनेर ल्याउँथे । आम्दानी नहुनेहरू बर्खिने चलन थियो । बर्खिदा एक वर्ष/दुई वर्ष/तीन वर्षपछि घर आउने चलन थियो । कोही कोही नराम्रो लतमा फसेपछि काला पाहाडे हुने गर्थे । १०/१५ वर्षसम्म उतै बस्ने र जीवनको अन्तिम समयमा घर फर्किएर आउँथे ।

हाट जाने प्रचलन

हाटबजार गएर घरको खानाखर्च, सरसमान, व्यापारका सामान आदि किनेर ल्याउने खाने अनि बेच्ने प्रथा हाट जाने प्रथा हो । हाट जाँदा बिच बिचमा थकाइ मार्न बस्ने अनि खाने बिसौनीलाई छाडे हाल्ने भनिन्छ । त्यो छाडे हाल्ने समयमा कुनै नयाँ व्यक्ति गएको छ भन्ने उसलाई नचाउने र गाउन लगाउने यदि नजानेमा अरू काम गर्नुपर्ने चलन छ; जसलाई पुन्थे नचाउने भनेर भनिन्छ । छाडेमा घरबाट लिएका फापरका ढ्यास्सु चामलका ढाक्ने, रोटी, बाबर र जौका सातु, भट्ट र गहुँका खाजा आदि बाँडेर खाने चलन थियो । हाट जाँदा बाले छोरालाई सचेत गराउँदै भन्छन्, “हाट जानु बास बस्नु डेरा खोज्नु पक्का, पक्का डेरा खोजेपछि केही लाग्दैन धक्का ।” यो कथन हाट जाने

प्रथाको विशेष स्मरणीय पक्ष हो । चैतको १२ गते बिउ राख्ने भएकाले त्यहाँसम्म घर नफर्कने हटारुलाई मरेको आशङ्का गरिन्थ्यो ।

साग्डी प्रथा

किसानको दुई घरले आफू र अर्को घरको एक/एक गोरु मिलाएर साझा खेती गर्ने चलन साग्डी प्रथा हो । हलगोरु नहुने घर मिली गरिने यो कृषि खेतीबाट दुवै घरलाई फाइदा हुने हुन्छ । हलो, फाली, जुवा, हलौडो, ह्यागा, मही आदि एउटै भए पनि पुग्ने हुँदा खर्चका हिसाबले यो चलन मितव्ययी छ । साग्डीमा दुवै घरले एक/एक गोरु पालेका हुन्छन् ।

देउता ढुहुने/पुकार्ने प्रथा

जसलाई अन्याय परेको छ न्यायका लागि देउताको शरणमा जाने न्याय माग्ने जो चलन छ त्यसलाई देउता ढुहुने वा पुकार्ने प्रथा भनिन्छ । बालीनाली खाइदिएको, चोरी गरेको, ठगी गरेको, अर्गेलो गरेको विषयलाई लिएर देउताको थानमा गएर चामल चढाउने, ध्वजा लगाउने, मुढा बाल्ने, प्रार्थन गर्ने चलन यसमा हुन्छ । आफूले चाहेको कामना पूरा हुने विश्वास गरिन्छ ।

खेल्न जाने प्रथा

युवा र युवती गोठमा लुकेर देउडा खेलेर सवालजवाफ गर्ने, रातैभरि रमाइलो गर्ने, चुरोट खाने, अर्नी खाने, मनपरेमा त्यहीँबाटै केटाकेटी भाग्ने र विवाह गर्ने चलन यो प्रथा हो । यहाँ खेल्न जाने भनेको गीत गाउन जाने हो । विशेष गरी दुई समूहबिच देउडा चल्छ । जारी लिने डरड दिनेसम्मका गीत पनि गाइन्छ । भनिन्छ, “देउताले दिएका दाना खान सकौँला के ? माइती बुझाइ पोइली बुझाई लान सकौँला के ?” केटी पक्षले सोध्छिन् भने केटाले भन्छन्, “देउताले दिएका दाना खान सकिएला छौ, माइती बुझाई, पोइली बुझाई लान सकियला छौ ।” यस्ता गीत यस चलनसँग जोडिएर आउने गर्छन् । विवाहित केटी यसो हुँदै गर्दा पोइल गएमा लाने केटाले विवाह खर्च स्वरूप लागेको रकम दिने चलन छ । जसलाई जारी तिर्ने चलन भनिन्छ ।

भारा चोख्याउने प्रचलन

देउताका घाट, घण्ट, माला, छाजी, मूर्ति, शङ्ख, त्रिशूल, शिला आदिलाई डाङ्ग्रीको मृत्युपश्चात् तीर्थ लगेर शुद्ध जलले पखाली पुनः उही स्थानमा राख्ने चलन भारा चोख्याउने प्रचलन हो । मृत्युलाई जुठो ठानिएका कारण भारा चोख्याउने प्रचलन रहिआएको छ । साथै नयाँ डाङ्ग्री पनि यही चोख्याउनी सँगसँगै छनोट गर्ने गरिन्छ । देउताको थानबाट टाढा दुई/तीन दिनको बाटो हिँडेर मुगुको छायानाथ पुगेर या त दैलेखको तीर्थस्थलमा पुगेर चोख्याउने प्रचलन त्यो स्थानमा रहेको छ । चोख्याउन जाने टोली चोखो न्युतो गर्ने, कसैको हातको नखाने, नाङ्गा खुट्टा हिँडनुपर्ने, एकछाके खानुपर्ने यी बाटाका नियम हुन्छन् । फर्किंदा पन्चैबाजाले स्वागत गर्ने र पर्सिने चलन छ । घर पुग्दा पन्चैबाजाको तालमा धामीले देउता निकालेर पतुर्ने चलन छ । यसैबेला डाङ्ग्री पनि निस्कने चलन छ । सोही दिन डाङ्ग्रीको घरमा जलपान कार्यक्रम गरिन्छ ।

माइती मान्ने चलन

विवाह गरिसकेपछि माइत जान बाटो खोल्ने दिनका रूपमा यस प्रचलनलाई यज्ञ लाने गरिएको छ । यो दिन माइतमा केटीको गोडासमेत धुने चलन छ । केटीका आफ्नै बा, दाजुभाइ र काका आदिले गोडा धुने र गोडाको जल लिएर सकेजति दानदक्षिणा दिने र छोरीलाई बिदाइ गर्ने प्रचलन छ । उतिबेला पैसा नहुँदा भाँडावर्तन दाइजोस्वरूप दिने चलन थियो भने हातगोडा धुँदा तामाको ताउलीबाहेक अरू नगदै दानदक्षिणा दिने चलन छ । उतिबेला घोडा, भेडा, गाग्री, लिउ, कामला, सुन आदि दान दिने चलन थियो । हाल भने सकेसम्म नगदै दान दिने प्रचलन बढेर गएको देखिन्छ ।

धमेलो न्युतने प्रथा

शङ्का निदान, मनोकामना पूरा गर्न, हेराउनकोराउन, भविष्यवाणी गर्न, निको दिनका लागि धमेलो न्युतने प्रचलन छ । धमेलोमा धामी पतुर्ने प्रचलन छ । अलग सुलग हुने चोखोन्युतो गर्ने गरिन्छ । धमेलोमा धामीले उपबास बस्ने चलन छ । धामीलाई देउता चढेपछि धामी परमेश्वरी कहलिन्छन् । हेराउनेहरू पाली कहलिन्छन् । त्यस क्रममा व्यक्तिले आफ्ना ग्रहदशा भूतप्रेत, लागोभागो, निको दिन, मनोकामना हेराउने गरिन्छ । यतिसम्म कि वर माग्ने चलन पनि छ । वर माग्दा छोरा वा छोरी पाउने कुरा धामीले बताइदिन्छन् । भूतप्रेत भगाइदिने काम, छुत अछुत, बोक्सी किनारा लाउने काम गरिन्छ ।

गाई कैलु बनाउने प्रथा

गाई दुहुनु हुँदासम्म देउतालाई चढाउने चलन गाईलाई कैलु बनाउने प्रथा हो । कैलु गाईको दुध शुद्ध मानेर थानमा चढाइन्छ । यसको थानमा खिर पकाइन्छ । घरमा यो दुध विवाहित छोरी पाखा सर्दा दुध खान नदिने चलन छ । अन्य पाहुनालाई पनि दुध, मोही, दही खान नदिने चलन छ । यदि खान दिएमा देउता रिसाउने र गाईले दुध दिन छाड्ने विश्वास गरिएको छ ।

नाम राख्ने प्रचलन

समय, जात, धन, बल वा शक्तिसँग जोडेर व्यक्तिको नाम राख्ने चलन यो प्रचलन हो । फरक जात विशेष गरेर अन्तरजातसँग नाम राख्नाले आयु बढ्ने, बल शक्तिसँग जोड्दा बलवान् र शक्तिशाली कहलिने, धनसँग जोड्दा धनी बन्ने विश्वास यसमा गरिएको छ । जस्तै, जातसँग जोडेका नाम सर्केनी, ढोलेनी, भोटेनी,

डुमी आदि । जस्तै, समयसँग जोडेका नाम साउनी, माघे, कात्तिके, असारी, चैतु आदि । त्यस्तै बलसँग जोडिएका नाम बलबहादुर, शक्तिबहादुर, मन्त्री आदि । धनसँग जोडिएका नाम धनबहादुर, धनी आदि। पौराणिक पात्रका नाम जस्तै, राम, हरि, कृष्ण, शङ्कर, राधा, पार्वती, सीता आदि नाम राख्ने प्रचलन पनि रहिआएको छ ।

घरपैँचो गर्ने प्रचलन

घर निर्माण सम्पन भइसकेपछि घरपैँचो गर्ने प्रचलन छ। घरपैँचो घरको विवाह पनि हो। यसबेला केही टोली स्याउलीदार लिन जाने चलन छ। वनमा भएको गुनीपुछो, सिम्पडी पात, पिपल आदिका पात बाबियोको डोरीमा उनेर बनाएको लामो माला घरको चारैतिर पुग्ने गरी घरमा झुन्ड्याइन्छ। विशेष पूजापाठ, जग्गे हाली कलश पूजा गरी होम यज्ञ गरिन्छ । गृहलक्ष्मी भित्र्याइन्छ । मागल गाइन्छ। वेद पाठ गरिन्छ। घरलाई शुद्ध पारिन्छ। घरपैँचोमा भोज दिने चलन पनि छ । त्यो दिन खसी काट्ने गरिन्छ। गीत गाउने, नाचेर रमाइलो गर्ने गरिन्छ। देउडा खेल खेलिन्छ।

खलो प्रथा

जात विभाजनपछि जगाजमिनबाट वञ्चित भएका जातिले खला खेत झारेर अनाज लाने चलन खलो प्रथा हो। विशेष गरी धानको खला खेत झारेर लैजाने चलन यसमा हुन्छ । चित्त बुझाउन घरमूलीले केही धान थपिदिएर पठाउने गरिन्छ । अछुत भनिँदै आएका जाति तिरुवा र सार्कीले खलो लिने प्रचलन छ। यसको बदलामा आरनमा माथिल्लो जाति भनिनेका आँसी, बन्चरो, कोदाली, फाली, कराही दिने चलन छ। यसमा प्रत्येकका आफ्नै तिरुवा, ढोली र सार्की हुने गर्छन् । चाडपर्व र देउता पूजामा तिरुवा, ढोली र सार्कीलाई विशेष खान र खलो दिने चलन हुन्छ।

हर्षबढाइँ प्रथा

दसैँमा ढोली दर्जीले शाही ठकुरी क्षेत्री जातिलाई हर्षबढाइँ गर्ने चलन छ। पन्चैबाजाका विविध नगराद्वारा यी जातिको स्वागत सत्कार गर्ने चलन हर्षबढाइँ हो । देउताका थानमा रातभरि बसेर दसैं नगरा लगाउने र भोलिपल्ट घर घर नगरा लगाउँदै दानदक्षिणा सङ्कलन गर्ने काम दिनभरि गरिन्छ र बेलुका अन्तिम नगरा लगाई बिदा हुने परम्परा छ । विशेष कुरा त के छ भने यसै रात ढोलीहरूसँगै बसेर निगालोको चोयाबाट पिङको डोरी बाट्ने सेलरोटी पकाउने फर्सी पकाउने खाने र रमाइलो गर्ने चलन छ। अर्को कुरा के छ भने ढोलीका पुर्खालाई तत्कालीन राजाले सन्तान भुटिने गरी मार्ने आदेश आएपछि महतारा जाति (मेहेलसरा कालीकोट) ले सुत्केरीको कोठामा लुकाइछिपाइ बचाइदिएकाले महतारा जातिलाई हर्षबढाइँ गर्ने प्रचलन परम्परादेखि चल्दै आएको चलन छ।

पचौलो बाँड्ने प्रचलन

पञ्चायतकालमा पञ्च भेलामा दण्डित गरिएको रकम बाँड्ने चलनलाई पचौलो बाँड्ने प्रचलन भनिन्छ। पछि जुनसुकै दण्डसजायबाट प्राप्त रकम बाँड्ने चलन चल्यो । प्रमुख पञ्चको रोहवरमा ठुलादेखि सानासम्म रकम बाँड्ने प्रचलन रहेको थियो । पतिपत्नी झगडा, चोरी, जारी, बिगो, दण्डजरिबाना भेटी दानदक्षिणा आदि रकम पञ्चको रोहवरमा चुरोटबिडी वितरणदेखि रकम पैसा बाँड्ने चलन पचौलो वितरण प्रचलन हो। उपस्थित पञ्च भलाद्मी सहयोगी आदिले सो पैसा बाँडेर खाने गर्थे। पञ्चको इच्छा अनुसार १०/५ रुपियाँ सबैलाई दिएर बाँकी रहेको पैसा पञ्चहरूले आफूखुसी खाने प्रचलन रहेको थियो।

रसिया पसी खाने प्रचलन

भातभान्साको अति महत्त्व गरी चोखो न्युतो गर्ने र खाना खाने परिपाटी रसिया पसी खाने प्रचलन हो । तागाधारी र मतुवाली छुट्याउने र मतुवालालाई भान्सा छुन नादिने प्रचलन हुन्छ । मतुवालीमा जनै नहालेका केटाकेटी पाखा सरेका र ल्याइते महिला आदिलाई भान्सानजिक जान नादिने नीति हुन्छ । भातभान्सा गर्दा एउटा अलग्गै भान्से ब्राह्मण धामी वा घरबारे ठुला भतेरमा हुन्छ भने घरमा धामी, जैसी, पुजारी, डाङ्ग्री आदि स्वयम्ले खाना पकाउने आफू खाने र अरूलाई खुवाउने विधि गरिएको हुन्छ। रोटी र तरकारी भने जुठो नहुने हुँदा त्यो सबैतिर चल्ने प्रचलन छ। दालभात भने रसिया पसी चोखो न्युतो गरी खाने चलन छ । विशेष के छ भने सिमीका सिङ्गै दाना जुठो वा अशुद्ध नमान्ने प्रचलन छ भने दाल चाहिँ अशुद्ध मान्ने चलन छ। मान्छे मरेको भातभान्सा औसर, विवाह भोजमा साथीभाइ समूह पाटेभात खाने गरी विभिन्न तरिकाले रसिया पसी खाने चलन छ।

पाथी भर्ने प्रथा

गाउँलाई सुरक्षा प्रदान गर्नेदेखि लिएर बाली, फलफूल, कुलो हेर्ने वा ल्याउने व्यक्ति पालैपालो बर्सेनि राख्ने र फेर्ने प्रचलन छ; जसलाई हेरालो वा नराला भनिन्छ । नरालो लागेबापत गाउँकोटका सबै घरबाट पाथी भर्ने चलन छ। विशेष गरी धान भर्ने प्रचलन यसमा जोडिएको हुन्छ । पारिश्रमिक भन्नुहोस् वा तलबस्वरूप धान पाथी भर्ने चलन छ। यसमा कुला पाथी, पाली पाथी र हेरालो पाथी गरी तीन तरिकाले पाथी भर्ने चलन छ। धान, जौ खेतीका लागि कुला पाथी, थानमा काटिएका बोकाका लागि भर्ने पाथी पाली पाथी हो भने फलफूल बाली हेरेबापत भर्ने पाथी हेरालो पाथी हो । पाथी भर्दा नाली आडो र दुनसम्म दिने प्रचलन रहेको हुन्छ ।

नालीमा दुई पाथी, आडोमा चार पाथी र दुनमा सोह्र पाथी हुन्छ । निको दिन पारी अनाज बाइड्डो गरेर पाथी भर्ने चलन हुन्छ ।

जय र छयकार बोलाउने प्रचलन

देवता पुजाई प्रछो र हर्षबढाइँमा दान दक्षिणा उपहार पाठा, पग्राला चढाएबापत जयकार बोलाइन्छ । जयकारमा तीनपुस्ते नामसहित जयकार बोलाइन्छ । धामीले 'जय वोल पाली औ जय' भनेर जयकार बोलाउँछ । नराम्रो चिताउने, चोरी, ठगी, अर्गेली गर्ने, अनैतिक कार्य गरेबापत गर्नेका विरुद्ध छयकार बोलाइन्छ । देवताले निजको कुभलो गर्ने कुरा कामना गरिन्छ । उपकार गर्नेको भलो चिताइन्छ । देवता निजको सदा साथ रहने कामना गरिन्छ ।

पुल्ती राख्ने प्रचलन

रोपाइँका बखत ठुलो खेतको बिचमा पुल्ती राख्ने चलन छ । चारैतिर बाक्लो धानको घेरा वृत्ताकार रूपमा राख्ने र बिचमा ध्वजासहितको लाठी राख्ने गरिन्छ । बिचभाग पातलो क्रस आकारमा धान रोप्ने गरिन्छ । जुन आकारलाई पुल्ती भनिन्छ । यो पूरै खेतको शोभा पनि हो । पुल्ती समय घर्किंदै जाँदा बडो आकर्षक देखिन्छ । पुल्ती राख्दै गर्दा पन्चैबाजा बजाइन्छ र असारे गीत गाइन्छ । हिलो खेलिन्छ, छ्यापिन्छ र साह्रै रमाइलो गरिन्छ । साथै ढोलीहरूलाई फुर्को दिइन्छ । फुर्को उनीहरूले बाजा बजाएबापत दिने पारिश्रमिक हो ।

लठो राख्ने प्रचलन

यसलाई जुडी राख्ने प्रचलन पनि भनिन्छ । टुप्पीलाई बढाउँदै जाने धेरै समयसम्म नकाट्ने, आकार मोटो, लामो गराउँदै जाने र टाउकामै लपेट्दै जाने रस्सी वा डोरी, दामलो आकारमा राख्ने प्रचलन लठो राख्ने प्रचलन हो । महिला पुरुष धामी भएपछि लठो राख्ने प्रचलन छ । लठोले बिरामीको बिराम झार्ने, भूतप्रेत भगाउने आदि काम गर्ने गर्छ । लठोलाई शिवको जटासँग तुलना गर्ने शक्तिका रूपमा लिइन्छ । महिला धामी भएमा पनि अझ मोटो र झुम्म परेको लठा पलन्ने चलन छ । उक्त लठा बढ्दै गएर टोपीले समेत छोप्न अप्ठ्यारो भएमा फेटा वा पगरीले बाँध्ने प्रचलन छ । धामीले सो लठा जीवनकालभरि राख्ने नकाट्ने नियम छ ।

मूल धामीको ठुलो र अरू सहायकको सानो लठा वा जुडी राख्ने चलन छ । लठोलाई तामा, सुन र चाँदीले बाँधेर बचाइराख्ने गरिन्छ । महिलाले पनि विताम्भरको सलले उक्त लठोलाई छोपेर बाँधेर राख्ने गर्छन् । व्यक्तिको मृत्युपछि तीर्थ गएर लठोलाई सेलाउने चलन छ । हाल धेरैजसोले मसिनो टुपी पाल्ने प्रचलन पनि बढेर गएको छ । टुपी राख्दा बुद्धिको विकास हुन्छ भन्ने कथन रहेको छ । ■

तिलागुफा, कालीकोट
हाल : वीरेन्द्रनगर सुर्खेत

कविता

कस्तो सरकार

गोमा जोशी

जिउँदाहरू ढालेर
मुर्दाहरू बाँच्न
खोज्दै छन् ।

योद्धाहरू ढालेर
काँतरहरू नाचेका
छन् ।

कोपिलाहरू चुँडेर
झ्याङ्कटाहरू बाँच्न
खोज्दै छन् ।

मुहानहरू सुकाएर
जल्लादहरू पोखरी
खोज्दै छन् ।

अपराधहरू लुकाएर
अपराधीहरू खुला
हिँड्दै छन् ।

सज्जनहरू थुनेर
दुर्जनहरू शासन
गर्दै छन् ।

सिन्दूर, काख,
आशा, भरोसा
सबै खोसेर
बाँच्न खोज्दै छ
कस्तो सरकार । ■

कर्णाली र सुदूरपश्चिम दोस्रो घर

त्रिभुवनचन्द्र वाग्ले

कर्णाली र सुदूरपश्चिम मेरो दोस्रो घर हुन् । घर हुन कागजी लालपुर्जा हुन पर्दैन रहेछ, घर भन्नु भावना पनि रहेछ । घरका लागि माटो मात्र किन, मन भए पुग्दो रहेछ । मुटुमा लेखिए पुग्दो रहेछ श्रद्धाको लालपुर्जा । कर्णाली र सुदूरपश्चिम मेरा दोस्रा घर हुनका केही संस्मरण मन र मुटुमा छन् । बझाङ, डोटी, अछाम, जुम्ला, पृथ्वीको कुन गोलार्धमा होलान् जस्तो लाग्थ्यो, जब पिताजी कवि बालचन्द्र वाग्ले रोमाञ्चक हुँदै सुनाउनुहुन्थ्यो बझाङ, डोटी, अछाम, जुम्लाका कथा बान्की । अहिलेका यी जिल्ला कुनै बेलाका राज्य, पिताजीका पादले स्पर्श गरेका माटो हुन् जो मेरा लागि संस्मरण थिए । सम्पर्क र अन्तर्क्रियाले सामीप्य बनाउने रहेछ कुनै पनि विषय वा वस्तुसँग । मैले नदेखेको भए पनि बझाङ, डोटी, अछाम, जुम्ला प्रशस्त सुनेको थिएँ । मेरो दामलीले यी नाम नसुन्दै कक्षा १/२ मा नै मैले यी नाम सुनेको थिएँ । यी स्थान एउटा काल्पनिक विम्बमा उनिएका थिए । यसो हुनुमा पिताजी बालचन्द्र वाग्लेको बझाङ, डोटी, अछाम, जुम्लासँगको अन्तर्क्रिया र सम्पर्कले हो । यी क्षेत्रमा म पिताजीसँगै हिँडें । बझाङ उक्लिँदा, डोटीको झिङ्राना झर्दा, प्रत्येक सासमा पिताजीसँगको संवादमा थिएँ, संस्मरणमा थिएँ । तिनै केही संस्मरणले बझाङ, डोटी, अछाम, जुम्ला मेरा दोस्रो घर बनेका थिए/छन् ।

बझाङका झारल, घोरल

पिताजी भन्नुहुन्थ्यो, "राजा साहेब देवीजङ्ग (१८८४–१९४१ सन्, बझाङका ५७ औं राजा), सिकारका सौखिन हुनुहुन्थ्यो । देवीजङ्गका छोरा रामजङ्ग (५८ औं राजा) पनि पिताका सिकार खेल्ने साथी । उहाँसँगै पिताका केही वर्ष सिकारमा बिते । झारल, घोरल, चित्तल निसाना लगाउनुभयो रे पिताजीले । सिकार जाँदा केही सैनिक र पिताजी नछुट्ने । जसले कम गोली खर्चेर सिकार गर्छ, उसको ठुलो हर्कबढाइँ गरिने । पिताजीले यस्ता केही सम्मान पाउनुभएछ । बन्दुक काँधमा बोकेर हिँड्नुको सान, त्यसमाथि, हर्कबढाइँ, राजाहरूसँगको सिधै उठबस पिताजीका रोचक कथा थिए । सिपाहीहरूले सिकार (मारेको जनावर) बोकेर घरमा पुऱ्याएर भान्से बाहुनले कदरमाफिक पकाएर पहिला राजा र परिवारमा मासु अर्पण गरेपछि, पिताजीको पालो, तर खाना भने आफैँले पकाउनुहुन्थ्यो रे ।

शोक रत्नावली

पिताजी बझाङमा रहदा नै 'राजा साहेब' देवीजङ्गको निधनपछि उहाँको श्रद्धाञ्जलीमा हस्तलिखित ५१३ श्लोकको शोकरत्नावली खण्डकाव्य तयार गरी उहाँकी रानी अर्थात् खड्ग शमशेरकी छोरी दिव्यश्वरीलाई पढेर सुनाउँदा रानी र जेठा छोरा रामजङ्ग बेहोस हुनुभएछ । होसमा आएपछि रानीले राम्रो काव्य तयार गरेको भनी पिताजीलाई उहाँकै निजी खान्कीबाट मासिक १३ रुपियाँ थप गरिदिनुभएछ । यसरी पिताजीको तलब मिरसुब्बाको भन्दा धेरै भएपछि पिताजीमाथि मिरसुब्बालगायत अन्य कर्मचारीको बक्रदृष्टि पनि परेछ । शोकरत्नावलीको सङ्ग्रह पिताजीसँग पछिसम्म थियो । केही अहिले हामीसँग छ । एकप्रति शोकरत्नावली किताब जस्तै राजा जयपृथ्वीबहादुर सिंहको पारिवारिक पहलमा बनाएर बझाङमा पढाउन भारतबाट ल्याइएका शिक्षक रामदत्त अवस्थीलाई दिनुभएको रहेछ । पिताजीले म मरे पनि नरत्वप्रकाश र शाकरत्नावली प्रकाशन गरिदिनू है भन्नुभएको थियो । अहिलेसम्म पूरा गर्न सकिएको छैन ।

डोटीमा एकल महिलाको क्रन्दन

डोटीको कुनै गाउँमा, एउटा धारो थियो नुहाउने लुगा धोइपखाली गर्ने । पिताजी भन्नुहुन्थ्यो, "त्यो दिन अलि भिडभाड थियो ।" आफू बाहिरिया भएकाले पिताजी पालो मिच्ने आँट गर्नुभएनछ । पालो कुर्ने क्रममा पिताजी अलिपर रुखमुनि चौरमा पल्टनुभएछ, झकाउँदै गर्दा एक जना नारीले पिताजीको पाइताला समात्दै भन्नु भएछ, "यति सल्सल् परेका पाउको जल कुन भाग्यमानीले खाने होला ?" पिताजी झस्कँदै उठ्नुभएछ, "आमा, मेरा पाउको जल खानेहरूलाई घरै छाडेर आएको हुँ ।" पिताजी भन्नुहुन्थ्यो, "परस्त्रीलाई आमा मान्न सक्नु पर्छ । यसले आपूलाई अनुशासित बनाउँछ ।"

"त्यसपछि उनीसँग कहिल्यै भेट भएन," पिताजी सम्झनुहुन्थ्यो । उनी भर्खरै १६/१८ वर्षकी, विवाहोत्तर एकल । पाउ समात्नुको मनोविज्ञान र जोबान धान्नुपर्ने सामाजिक बन्धनलाई पिताजीले बडो कारुणिक स्वरमा सुनाउनुहुन्थ्यो, "डोटीलगायत ती क्षेत्रमा रहेको सामाजिक विभेद, महिला उत्पीडन, आर्थिक अभाव, अधिकांश लोग्ने

मानिस कामका लागि विदेश, उमेरदार महिला गाउँमा, जसमाथि गाउँमा जमेका नामी फटाहाका बक्र व्यवहार ।"

चतुर नेपाले र सैनिकको सान

पिताजी बझाङ, डोटी, अछाम, जुम्लातिर तहबिलदार भई मालपोत उठ्तीमा हिँड्दा दामपैसा बोक्ने सहयोगी, आफू र एक जना सैनिक हुने रहेछन् । सैनिकलाई उतातिर नेपाले भनिने रहेछ । ती नेपाले यति चतुर कि, केही सङ्कट पऱ्यो भने टाकटुक मिलाइहाल्ने । उनैले एक पटक पिताजीलाई गुराउ बनाएछन् । बास नपाउने अवस्थामा पनि उनले चिठीपत्र ल्याउन हलकारा हुँ, राजाको सिन्दुर पहिरिएको मानिस हुँ, झरफुक जानेको छु, अनेक भनेर बास मिलाइछाड्ने रहेछन् । उनको मुख्य काम उठाएको पैसाको सुरक्षा गर्नु थियो । एक जना खुकुरीको भरमा हिँडेका उनीजस्तालाई लोकले बडो सम्मान गर्ने र अदपमा बस्ने । नेपाले सैनिक हुनुको रवाफ र इज्जत पनि पनि थियो त्यो । नेपाले आएका छन् भनेपछि गाउँघरमा एक प्रकारको अदप हुने रहेछ । यति नभए, उठाइएको पोत कसरी गोश्वारामा दाखिला गर्नु ? अहिले जस्तो भए दुई/चार जना मिलेर नेपालेको छाला पनि काढ्थे होला ।

अनि पिताजीलाई गुराउ बनाएछन्

डोटीबाट अछाम जाने क्रममा बाटोमा बास पाइएनछ । पिताजीसहित तीन जनाको समूह, एउटा घरमा बासका लागि अनुरोध गर्नुभएछ । बिरामी छोरी र आमा मात्र घरमा, लोग्ने देश गएका । 'जनना मात्र भएको घरमा बास मिल्दैन' घर साहुनीले भनिछन् । रात छिप्पिँदै थियो, त्यहाँ बास नपाए अर्को गाउँ पुग्न कम्तीमा तीन घण्टा हिँड्नुपर्ने । आमैले सोधिछन्, 'झारफुक गर्न जानेका छौं ?' पिताजीले 'छैनौं' के भन्न लाग्नुभएको रहेछ, नेपालेले पिताजीलाई चिमट्दै उत्तर दिएछन्, "तहबिल्दार बाजेले जान्नुभएको छ ।" पिताजी चुपचाप । "झारफुक गर्ने भए गोठमा बसे हुन्छ, छोरीलाई झारफुक गरिदिनू, ऊ थलिएको छ महिना भयो," बुढीले भनिछन् । पिताजीलाई फसाद पऱ्यो । झारफुक गर्नुपर्ने भयो । यसका केही तरिका र बान्की त देख्नुभएकै थियो । खाना खाइवरी सुत्नेबेलामा चोखो भई, बिरामीलाई पनि यसो मन्तरेको पानी छर्केर चोखो बनाएर झारफुक गर्न थाल्नुभएछ । नेपाले हेरेका छन्, आमै हातमा बत्ती, चामल, कपास चमर के के लिएर बसेकी छन् । पिताजीलाई मन्त्र थाहा छैन । गायत्रीमन्त्र जप्नुभएछ । अनि मनमनै क्यामिन (आफैँ बसोबास तनहुँ) की देवी कालिकालाई सम्झनुभएछ 'हे कालिका माता शक्ति देऊ, आज साह्रै असस्य परेर ढाँट्नुपऱ्यो, तिम्रो नाममा ढाँटेको छु, शक्ति देऊ' भन्दै कुचोले बिरामीलाई हम्कने, चामल फाल्ने, पानी छर्कने चमर र आफ्नो टाउको हल्लाउने गर्नुभएछ । भोलिपल्ट आमाछोरी उठ्नुअघि नै बाटो लाग्नुभएछ । विभिन्न गाउँमा पुगेर पोत सङ्कलन गरी फर्कंदा उनै नेपालेले भनेछन्, "बुढीको घरको बाटो जानु हुँदैन । छोरी गइसकी होला । मरेकी रहिछ भने बुढीले हामीलाई मार्छिन् ...।" अनि उहाँहरू मूलबाटो छाडेर घारी, पाखो हुँदै अघि बढ्दै गर्दा भेडाच्याङ्ग्रा चराउन गएकी उनै बुढीसँग जम्काभेट भएछ । पिताजी हड्बड्मा । "किन यो जङ्गलतिर आएका, बाटो छोडेर," बुढीले सोधिछन् । उनै नेपालेले जवाफ दिएछन्, "बाटो भुलिएछ, झुक्किएछ ।" यति भएपछि लाजागाला गुराउले बिरामीलाई सोध्नै पऱ्यो, पिताले 'छोरीलाई कस्तो छ' भनेर सोध्नुभएछ । आमैले भनिछन्, "ऊ अहिले त राँके तरुनी भएकी छ । चार माना खान्छे ।" पिताले ठुलो सास फेर्नुभएछ । नेपालेले पिताजीलाई देखाउँदै 'उहाँ त धेरै जान्ने पो त' भनेर प्रशंसा गरेछन् । त्यसपछि बजैले आज यतै बस्न र हुलको सबैभन्दा छिप्पिएको थुम्मा (भेडो) छानेर काट्न नेपालेलाई भनिछन् । चर्दै गरेका एउटा थुम्बा लिएर तीन जना आमैको घरतिर लाग्नुभएछ ।

जुम्लाको राडी

पोत उठाउने क्रममा जुम्लामा एक जनाले पैसा छैन, भनेर ठुलो बिलाप गरेछन् । आङमा राडी मात्र छ । घर भन्नु एउटा झुप्रो छ । पैसा छैन भन्छ, सुन्छ । पिताजीले भन्दा नेपालेले कडिकडाउ गर्थे रे पोत उठ्तीमा । पिताजीले भैगो अर्कोपाला तिर्नू भनेर हिँड्न लाग्नुभएछ तर उनले एउटा राडी दिएछन् । कसले बोक्नु, कसले ल्याउनु नेपाल । फसाद, ऊ राडी नदिई नछाड्ने । आपत् परेपछि पैसा तथा खाद्यान्न बोक्ने सहयोगीलाई दुई/चार पैसा थपेर दिन्छु यो राडी पनि बोक् भन्नुभएछ । पैसा उतै मालमा दाखिला गरी नेपाल फर्कंदा त्यो राडी काठमाडौँ ल्याउनुभएछ । पछि नरङ्गा (तनहुँ) को हाम्रो घरमा पनि त्यो राडीले ज्वाइँ भानिज तथा उपरियाको सम्मान गरियो ।

भोपुरको भोक

अहिलेको बझाङ बजारभन्दा माथिको भोपुर दरबार रहेको स्थानमा राजा जयपृथ्वीबहादुर सिंहको दरबार थियो । त्यहाँ नै पछि राजा देवीजङ्गले भोपुर दरबार बनाउन लगाएका थिए, भारतबाट इन्जिनियर र केही कामदार ल्याएर । यसअघि त्यहाँ पुरानो दरबार थियो । पिताजीका अनुसार बझाङी राजाहरू हिउँदमा भोपुर दरबार र पछि अहिले बजारको दरबारबाट शासन गर्दथे । यिनै संस्मरण मस्तिष्कमा राखेर बझाङ पुग्दा म बझाङको सामीप्यताले मुग्ध थिएँ । बझाङ बजारको एक कुनामा रहेका देवीजङ्गको पछिल्लो घरनजिकैको चौतारोमा साहित्यिक कार्यक्रम थियो । म भने देवीजङ्गको दरबार र पिताजीको बझाङ बसाइबारे विभिन्न तथ्य खोज्दै थिएँ । भोपुर दरबार जाने रहर थियो, जुन दरबार बन्दै गर्दा पिताजी बझाङबाट तनहुँ फर्कनुभएको रहेछ तर यात्राको समय पाबन्दी र दरबारमा आगो लगाइएका जस्ता कारण त्यहाँ पुग्न सकिएन । जलाएर पलाउन चाहेकाको कोपभाजनमा परेर २०६० तिर भोपुर दरबार खण्डहर भएको घटना काठमाडौँमै सुनेको थिएँ । भोपुर पुग्ने तीव्र भोक थियो, पूरा भएन । ■

मानसखण्डमा रामलीला संस्कृतिका जनक मास्टर बुलाकीराम

हेमबाबु लेखक

सन् १००० मा भारतको उत्तरप्रदेश अन्तर्गत फरुखावाद जनपदमा जन्मेका ठाकुर सुखवासी चन्द्र नै जीवनको दुई दशकको उमेरमा नै आफ्नो कला, गला र सुमधुर गायकीले उस्ताद बुलाकीरामका नामले प्रसिद्ध भए। बाल्यकालमै मातापिताको वात्सल्य गुमाएका सुखवासी आफ्ना काकासित देहरादुन गएर उनकै 'पान पसल'मा रातदिन पेलिएर कठिन मेहनतले काम गर्न थाले। काम गर्दागर्दै पनि कुनै दिन मात्र बिराएर दिनहुँजसो उनले पिटाई नखाएको पनि दिन हुँदैनथ्यो। यो क्रम झन्डै चार वर्ष जति चल्यो। सुखवासीको मेहनत र रातदिनको पिटाइ देखेर असह्य भएका नजिकैको मिठाई पसलेलाई दया पलाउँछ। मिठाई पसलेले सुखवासीका काकासित उसलाई माग्छ र आफूसँगै राख्दछ। १२ वर्षको उमेरमा एक जना सन्न्यासी साधु भिक्षा माग्ने क्रममा त्यो मिठाई पसलेकहाँ आउँछन् र सुखवासीलाई आफूसँगै लिएर जान्छन्। केही समय आफूसँगै राखेर सङ्गीत सिकाएपछि ती सन्न्यासीले सुखवासीलाई त्यतिबेलाका प्रसिद्ध सङ्गीतज्ञ पण्डित ओमकारनाथ ठाकुरसँग पठाइदिन्छन्। पण्डितजीको सान्निध्यमा सुखवासीले सङ्गीतमा 'महारथ' हासिल गरे। आफूलाई सङ्गीतको गहिरो ज्ञान प्रदान गर्नुहुने गुरुकै सेवामा समर्पित हुन चाहने सुखवासीको समर्पण र विलक्षण प्रतिभाबाट अत्यन्त प्रभावित भएका उनका गुरु पण्डित ओमकारनाथ ठाकुरले उनलाई ठाकुर उपाधिबाट सम्मानित गरे। त्यसपछि उनको नाम ठाकुर सुखवासी रहन गयो। गुरुबाट 'जहाँ गए पनि सफल हुने' आशिक पाएका ठाकुर सुखवासीले शास्त्रीय सङ्गीतका साथसाथै भजन, गीत, गजलमा पनि विलक्षण प्रतिभा देखाउन सफल रहे। तात्कालिक समयमा प्रचलनमा नआएका कतिपय राग र स्वरलिपि उनले आफैँ सिर्जना गरे। गायनसँगै सितार तथा तबलावादनमा पनि निपुण हुँदै गए। नयाँ नयाँ राग र तालको प्रयोग उनको विशेष सोख बन्न थाल्यो। भारतको कुमाउँ र नेपालको दार्चुला, बैतडीतिर प्रचलित 'रामलीला' का तमाम गीत र रागहरूमा असाध्यै सुन्दरतम स्वरूप उनले प्रदान गरेका छन्। यी क्षेत्रमा अद्यापि प्रचलित रामलीला र होली गीत गायनमा सुखवासीको नाम अद्वितीय एवं अभूतपूर्व रूपमा प्रसिद्ध रहिआएको छ। यहाँ प्रचलित जुन रामलीला छ त्यसको स्वरूप निर्माणसमेतको श्रेय उनलाई नै जान्छ। सुखवासी चन्द्रको सबैभन्दा ठुलो र महत्त्वपूर्ण देन के रहेको छ भने उनले पैदल हिँडेरै मानसखण्ड (सुदूरपश्चिम र कुमाउ) का विभिन्न स्थानमा शास्त्रीय सङ्गीतको प्रचारप्रसार एवं ज्ञान मात्रै दिएनन्, बरु यी ठाउँमा रामलीलालाई आमनागरिकको अभिन्न अङ्गका रूपमा विकसितसमेत गरे। त्यतिबेलाको अशिक्षित, बेरोजगारी तथा असुविधायुक्त एवं साङ्गीतिक संसाधनविहीन समाजमा मानिसलाई शास्त्रीय सङ्गीतप्रति अभिरुचि पैदा गराउन अत्यन्तै सफल रहे उनी।

आफ्ना गुरु पण्डित ओमकारनाथ ठाकुरबाट अनुमति लिई केही समय देहरादुनमै सङ्गीतको प्रचारप्रसार गरी त्यसपश्चात् बद्रीनाथधाम पुगेर केही वर्ष एकान्तवासमा ध्यानमग्न रहे। त्यसपछि बागेश्वर आएर उनले केवल सङ्गीत र सिर्जनकर्मलाई मात्रै प्राथमिकता दिइरहे। सन् १०२२ देखि निरन्तर यस क्षेत्रमा उनले शास्त्रीय सङ्गीत तथा रामलीला संस्कृतिको विशाल आधार तयार पार्नमा आफ्नो समय र क्षमता खर्च गरिरहे। केही समय बागेश्वरको बसाइपछि उनी 'थल' पुगे। सडक नहुँदा गाडी सुविधा नभएकाले पैदलै हिँड्नुपर्ने त्यस समयमा गन्तव्यसम्म पुग्ने क्रममा अनेकौँ ठाउँमा बास बस्नुपर्ने अवस्था थियो। त्यसै क्रममा डिडिहाटका परसीलाल बर्माको घरमा पनि सुखवासी केही समय बसे। त्यहाँ रहँदा साँच्चिकैको हार्मोनियम नहुँदा उनले एउटा काठको तख्ता (फल्याक) मा 'सा' देखि तारसप्तकको 'सां' सम्म लेखेर मानिसलाई हार्मोनियम सिकाएका थिए। त्यसपछि देहरादुनबाट तीन

वटा हार्मोनियम मगाएर अरूलाई सङ्गीत सिकाएका थिए । त्यस समयमा ढोलक, सारङ्गी, मिजुरा, चिम्टा, दमुँ, पिपिरबाँजो मात्रै कुमाउ र सुदूरपश्चिमतर सङ्गीत बजाउने उपकरणका रूपमा प्रचलित र उपलब्ध हुने गरेका कारण हार्मोनियमको आगमनले मानिसमा कुतूहलता सिर्जना गरेको थियो । रामलीला, होली गायनको शास्त्रीय परम्पराको सुरुवात मात्रै नभएर यस क्षेत्रमा हार्मोनियम ल्याउने पहिलो श्रेय पनि सुखवासी चन्द्रलाई जान्छ । उनले आफैँले दर्जनौँ 'तानपुरा' र 'सितार' पनि बनाएका थिए । डिडिहाट, थल हुँदै पछि मुवानी, बुङ्गाछिना, बिसाबजेड, पिथौरागढ, मजिरकाँणा, जुलघाट भएर बैतडी, दार्चुला क्षेत्रमा प्रवेश गरेका सुखवासी जहाँ जहाँ पुग्थे, त्यहाँ त्यहाँ शास्त्रीय सङ्गीतको 'अखाडा' जमाएर बस्दथे । उनी फकिर स्वभावका थिए । कुमाउ र दार्चुला बैतडीका विभिन्न स्थानमा उनले विशेषतः रामलीला संस्कृति र शास्त्रीय सङ्गीतका कक्षा आरम्भ गरेर रामलीला संस्कृतिलाई यहाँको अभिन्न सांस्कृतिक एवं धार्मिक अङ्गका रूपमा स्थापित गराउनमा उनको ठुलो देन रहेको छ, अझै भन्नु पर्दा यस क्षेत्रमा प्रसिद्ध रामलीला परम्पराका जनक नै ठाकुर सुखवासी चन्द्र हुन् । 'फक्कड' मिजासका भएकाले उनी कानमा कुण्डल र नाकमा बुलाकी लगाउने गर्दथे, बुलाकी लगाउने भएकाले उनका भक्त तथा शुभचिन्तकले उनलाई 'बुलाकीराम' भन्न थाले र पछि आएर उनी मास्टर बुलाकीरामका नामबाट प्रसिद्ध भए । दार्चुला बैतडीमा उनले अनेकौँ प्रतिभाशाली शिष्य बनाउनमा सफलता पाए । बैतडी सदरमुकामका गणेशलाल शाह, मदनमोहन खत्री, रामचन्द्र ओझा, नगतडीका गणेशदत्त पन्त, नन्दराज पन्त, कालुराम पन्त, रामीराम धानुक, गोकुलेश्वरका भैरव हमाल, उत्तमसिंह साउद, तारातरी साउद, बैतडी पाटनका शिवदत्त पन्तलगायतका शिष्यलाई शास्त्रीय सङ्गीत र रामलीला संस्कृतिको गहिरो शिक्षा दिएका थिए । उनले सङ्गीत सिकाएका शिष्यमध्ये रामचन्द्र ओझाले उनको विशेष सेवा गरेका थिए । बुलाकीराम मदिरापानका विशेष सोखिन थिए । सङ्गीत सिकाउने क्रममा उनी आफ्ना शिष्यकै घरमा बस्ने गर्दथे । सिकाउने सिलसिलामा रामचन्द्र ओझाले आफ्नो घर बैतडी सदरमुकामको बमराडामा उस्ताद सुखवासीले मदिरा सेवन गरी बान्ता गरेको समेत सफा गर्ने गर्दथे ।

दार्चुला (बैतडीको सीमावर्ती बजार) गोकुलेश्वरमा बुलाकीरामका शिष्यमा पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसँगै जया नाथ, रामसिंह साउद, बलदेव साउद, नन्दराम साउद, पदमराज विष्ट, तेजबहादुर चन्द, रामचन्द्र हमालगायत थिए । विसं १०७० मा बैतडीको नगतडी गाउँमा सुरुवात गरेर त्यसपछि सदरमुकाम गडी, गोठलापानी, पिपलकोट, गोकुलेश्वरलगायतका स्थानमा सङ्गीत कक्षा र रामलीला मञ्चन प्रारम्भ गरेका बुलाकीरामले अनेकौँ प्रतिभावान् शिष्य उत्पादन गरे ।

त्यसै गरी जुलाघाटका पुरनलाल सेठ, शाहीलेकका चामु सुनार, कपिन्ना (पिपलकोट) का गजाधर भट्ट र तल्लादेहीका देविया उस्ताद पनि उनका प्रतिभावान् शिष्य थिए । यसबाट त्यतिबेलाका शिष्यको आफ्ना गुरुप्रतिको श्रद्धाभाव प्रस्ट हुन्छ । उनका शिष्य सबै विलक्षण प्रतिभाका निस्कन्थे तर बैतडी सदरमुकामका गणेशलाल शाहले अन्य शिष्यभन्दा अधिक क्षमता आफूमा विकसित गरेका थिए । सुखवासी जस्तै शास्त्रीय सङ्गीतका राग र रामलीला मञ्चनका सन्दर्भमा शाहको प्रतिभा र योगदान विशिष्ट रहेको पाइन्छ ।

ठाकुर सुखवासीले सङ्गीत शिक्षा प्रदान गरेका हजारौँ शिष्यले क्रमशः शास्त्रीय सङ्गीत र रामलीलालाई विशिष्ट परम्पराका रूपमा अद्यापि कायमै राखेर उनको योगदानलाई जीवन्तता प्रदान गर्दै आएका छन् । कुमाउ र सुदूरपश्चिममा प्रचलित रामलीलाले बुलाकीरामकृत मौलिक एवं विशिष्ट संस्कृतिका रूपमा आफ्नो प्रसिद्धि स्थापित गरेको छ ।

उनले आफ्नो नाममा लेखेको एक रचना यस्तो भेटिन्छ :-

श्री परमात्मा अब तेरे बिना, क्या है ठिकाना ।
ठाटों की ये दुनियां में जो है, रंग जमाना ।
कुमार्ग से बचा कर, सुमार्ग में लाकर ।
रखियो ये लाज मोरी, अब क्या तुम्हें बताना ।
सुख में तुम्हें बिसारत, दुख में तुम्हें निहारत ।

शास्त्रीय सङ्गीत सँगसँगै उनलाई लेखनमा विशेष रुचि थियो । उनले विभिन्न रागमा 'सुखवासी' का नामले अनेकौँ रचना लेखेका छन् । सयौँ भजन र गजल सङ्गृहीत गरे । लेखन सँगसँगै उनमा पुस्तकप्रेम पनि असाध्यै थियो । प्राथमिक आलाप तान, पुनाबाट प्रकाशित फिरोज राग सङ्ग्रह, नारायण लक्ष्मण गुणेद्वार लिखित 'सङ्गीत प्रवीण दर्शिका', 'सङ्गीत लता', वसन्तराव राजोपाध्यायद्वारा लिखित 'सङ्गीत शास्त्र', विश्वम्भरनाथ भट्टद्वारा लिखित 'सङ्गीत अर्चना', विष्णुदिगम्बरद्वारा रचित 'रामचरितमानस' (सङ्गीत), जी.एस.पटनाकरको 'मधुर चीजें', ज.दे. पलकीको अप्रकाशित कृति 'राग' (भाग ३ सम्म), शङ्कर गणेश व्यासको 'सङ्गीत व्याकर्ती' (विभिन्न भाग), पण्डित ओमकारनाथ ठाकुरद्वारा लिखित 'सङ्गीताञ्जली' (भाग ३ सम्म) सङ्गीत कादम्बिनी, राजा नवाब अलीद्वारा लिखित 'मारि फुन्नगमात' (भाग २ सम्म) सहित अनेकौँ ग्रन्थ उनीसँग सङ्गृहीत थिए । मास्टर बुलाकीराम सिङ्गो मानसखण्ड (सुदूरपश्चिम र कुमाउ) क्षेत्रमा अत्यन्तै सम्मानित एवं आदरणीय सङ्गीत मर्मज्ञ तथा ज्ञाताका रूपमा वन्दनीय रहिरहनेछन् । उहाँप्रति शतशत नमन । ■

दशरथचन्द नगरपालिका-५, बैतडी

कमैया प्रथा र केही थारू परम्परा

हेमन्ती जोशी

सुदूरपश्चिमको बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा प्राचीनकालदेखि नै थारू समुदायको गहिरो बसोबास रहिआएको छ । आफ्नै पहिचान, संस्कृति र परम्पराले ओतप्रोत यो समुदायले जन्म, मृत्यु, विवाहलगायतका संस्कारमा विशिष्ट सामाजिक मूल्य र धार्मिक विश्वासलाई निरन्तर जोगाउँदै आएको छ । म स्वयम् थारू समुदायकैबिचमा हुर्केबढेकी भएकीले तिनका चालचलन, रीतिरिवाज र जीवनशैलीका सूक्ष्म पक्षसँग म गहिरो रूपमा परिचित छु । यस लेखमा थारू परम्पराको विशाल र बहुआयामी संसारलाई समेट्न सम्भव नभएकाले, मैले यहाँका केही मुख्य पक्ष विशेषतः थारू समुदायको सामाजिक जीवन र कमैया प्रथा जस्ता ऐतिहासिक विषयलाई सङ्क्षेपमा प्रस्तुत गरेकी छु । यस लेखको मूल उद्देश्य सम्पूर्ण विस्तार होइन तर यो समुदायको जीवन (दर्शन र सङ्घर्ष) को भावनात्मक र यथार्थ चित्र उजागर गर्नु हो ।

त्यसबेला आफ्नो खेतीपाती हुनेलाई किसान र अरूको खेत जोतखन गर्नेलाई कमैया भनिन्थ्यो । कमैयालाई बदलामा वर्षको एक पटक तोके अनुसारको धान दिनुपर्ने र कमैयाले वर्षभरि काम गर्नुपर्ने चलन थियो । पाँच/छ वर्षको उमेरदेखि (आजभन्दा करिब छ दशकअघि) नै मैले किसान र कमैयाको परिभाषा बुझिसकेकी थिएँ । उमेरसँगै बुझ्दै पनि गएँ । यति मात्र होइन, लोग्नेले खेत जोतेबापत श्रीमतीलाई दुई छाक खाना मात्र दिएर वर्षको एक जोर कपडा दिएर ओर्गानी (काम गर्ने) का रूपमा राखिन्थ्यो । ओर्गानीले भाँडा माज्ने, कपडा धुने, घरआँगन सफा गर्ने, मल फाल्ने जस्ता यावत् काम गर्नुपर्थ्यो । उमेर हेरीकन कमैयामा छोराछोरीलाई गयार (गाई चराउने), छेग्रहुवा (बाख्रा चराउने), अद्धावान (गोरुगाडाको आधा साइजको अद्धा चलाउने, अद्धास् बस्ने सुविधा भएको अनि मालिकका लागि यातायातको साधनका रूपमा प्रयोग गरिने) को काम लगाइन्थ्यो, गाई चराउने, बाख्रा चराउनेलाई उमेर र कामका आधारमा धान दिने चलन थियो । किसान धेरै जसो पहाडी हुन्थे भने थारू किसान पनि हुन्थे । कमैयाप्रति गरिने व्यवहार सबैबाट उस्तै हुन्थ्यो । असाध्यै सोझो जात हो थारूको । अझै भन्नुपर्दा इमानदार हुन् थारू । यिनीहरूको सोझोपनको फाइदा उठाएर ठुलाठुला थारू जमिनदार पनि कमैया बन्न पुगेका कैयौँ उदाहरण आज पनि देख्न सकिन्छ । माछा मासु, जाँडदारुका सोखिन थारूलाई खुवाइपियाई, फकाइफुल्याई आफ्नो अभीष्ट पूरा गर्ने पहाडी अझै पनि छन् । यसरी बर्सौंसम्म कमैया बस्दै आएका थारूले कमैया मुक्तिपछि कमैया प्रथाबाट मुक्ति त पाए, त्यसपछि पनि उनीहरूको झनै बिजोकको अवस्था भयो ।

थारूले सदियौँदेखि उल्लासपूर्ण रूपमा मनाउँदै आएको माघी पर्व यहाँ छुटाउन उपयुक्त नहोला । माघी पर्व थारू समुदायको महत्त्वपूर्ण पर्वका रूपमा चिनिन्छ । माघीमा मिठो खाने, राम्रो लाउने, नाचगान गर्ने धनी गरिब सबैले धुमधामसँग यो पर्वलाई मनाउँछन् । माघी पर्वलाई थारूले नयाँ वर्षका रूपमा पनि लिन्छन् । यतिखेर धेरै महत्त्वपूर्ण काम पनि सम्पन्न गरिन्छन् । जस्तै भलमन्सा, चिराकी, गुरुवा चुन्ने आदि । यी सबैका कार्यक्षेत्र निम्नानुसार छन्ः–

भलमन्सा : गाउँका सबैले रुचाएको, असल, इमानदार, निष्पक्ष व्यवहार भएको मान्छे । उसले गाउँमा भएका सानातिना मुद्दा मामिला मिलाउने, कुनै विषयमा आवश्यक छलफल गर्नुपर्दा गाउँका भद्रभलाद्मी र सम्बन्धित मान्छेले भलमन्साकै घरमा भेला हुनुपर्थ्यो । भलमन्साले गरेको निर्णय सर्वमान्य हुने गर्थ्यो । गाउँलेहरूबाटै एक ठाउँमा भेला भएर भलमन्साको चयन गरिन्थ्यो ।

चिराकी : चिराकी भन्नाले सूचना आदानप्रदान गर्ने मान्छे भन्ने बुझिन्छ । कुलो बनाउँदा, बाटोघाटोमा श्रमदान गर्नु पर्दा, आँखा शिविर, स्वास्थ्य शिविर गाउँमा आउँदा, गाउँमा कसैको मृत्यु हुँदा यस्ता अन्य धेरै कुराको जानकारी दिने काम चिराकीले गर्नुपर्थ्यो । गाउँभरिकाले सुन्ने गरी ठुलो स्वरले कराउँदै भन्नुपर्ने कुराहरू भन्दै हिँड्थ्यो । यो काम गरेबापत धान काट्ने सिजनमा गाउँका प्रत्येक किसानले आफ्नो चिराकीलाई खलिहानमै तोकिएको परिमाणको धान प्रदान गर्थे । यस परम्परागत प्रथामा दिइने धानलाई थारू भाषामा ‘त्याही’ भनिन्छ ।

गुरुवा : गुरुवा भन्नाले अक्षता हेर्ने, बिरामीलाई झारफुक गर्ने, जटिल बिरामी छ भने गुरुवाकै घरमा राखेर पूजाआजा गर्ने र त्यहीँ बस्ने व्यवस्था पनि गरिन्थ्यो। यसरी बिरामीलाई घरमा राखेर गरिने उपचारलाई थारू भाषामा पारन राख्ने भनिन्थ्यो। गुरुवालाई पनि चिराकीलाई जस्तै किसानबाट सिजनमा खलिहानबाटै तोकेको धान दिने चलन थियो। यस्ता सबै व्यवहार माघमै गरिने भएकाले कमैया अर्को वर्ष काम गर्ने कि नगर्ने भन्ने निर्णय पनि माघीमै हुने गर्थ्यो जसलाई थारू भाषामा खुजनी बुझनी गर्ने भनिन्छ। खुजनी भन्नाले नयाँ किसान खोज्ने र बुझनी भन्नाले पुरानो किसानको घरमा बस्दा आफूले लिएको ऋण अर्को नयाँ किसानबाट लिएर बुझाउने भन्ने बुझिन्छ। ओढ्ने ओछ्याउने कपडाको गुन्टो बानेर काँधमा लट्ठी राखेर टाढा टाढा गाउँमा र अर्को जिल्लामा समेत यिनीहरू नयाँ किसान खोज्न हिँड्थे। यो हिँडाइलाई रोजगार खोज्ने भनिन्थ्यो। पुरानो किसानले ऋणसम्बन्धी लेखेको कागज कमैयाको हातमा थमाइदिन्थ्यो र सोही कागज कमैयाले नयाँ किसानलाई देखाउँथ्यो। तिर्न सक्ने जति ऋण भए नयाँ किसानले ऋण तिर्न स्वीकार गर्थ्यो। थारू भाषामा यो ऋणलाई शौंखी भनिन्थ्यो। नयाँ किसानले पुरानो किसानलाई शौंखी बुझाइसकेपछि कमैयाको सामान थारू भाषामा जसलाई सत्तर भनिन्छ, सत्तर उठाउने काम नयाँ किसानले नै गर्नुपर्थ्यो। किसानहरूका बँधुवा जस्तै हुन्थे कमैया।

परिवर्तित समयसँगै अब जीवनका धेरै रूप परिवर्तन भइसकेका छन्। परम्पराको सुगन्धले भरिएको थारू समुदायको जीवनशैली पनि यो परिवर्तनको रेखा पार गरिसकेको छ। कहिल्यै नटुट्ने जस्ता लाग्ने चलन (परम्परा जन्म, मृत्य, विवाह र संस्कार) का ती रीति आज पहिलेका जस्ता रहेनन्। शिक्षाको प्रकाशले अन्धकार पखाल्दै सबै जातजाति र समुदायमा चेतना फैलिएको छ, समाज शिक्षित र जागृत बन्दै गएको छ। २०२३/२४ सालतिर मैले देखेको, महसुस गरेको र आत्मसात् गरेको थारू समाज अहिलेको भन्दा फरक संसार थियो (सरल, मौलिक र संस्कृतिको गहिरो सुगन्धले भरिएको। यही सम्झनाको धरातलमा उभिएर मैले त्यो समयको थारू समाजबारे आफ्ना अनुभूति र बोध यस लेखमार्फत शब्दमा कोर्न खोजेकी छु।

जन्म : थारू जातमा बच्चा जन्मेपछि जुन दिन बच्चाको नाभी छुट्यो त्यस दिन सुत्केरी चोख्याउने चलन थियो। न्वारन, पास्नी जस्ता कर्म गरिँदैनथे। बच्चाको आवश्यकता हेरी खुवाउनुपर्ने समयमा अनाज खुवाइदिन्थे।

मृत्यु : थारू चलन अनुसार त्यतिखेर मृतकको लासलाई गाड्ने चलन थियो। डोरीले बुनेको खाटलाई उल्टो फर्काएर राख्ने र मृतकलाई त्यसैमा राखेर बिहानसम्म परिवार, आफन्त सबै मिलेर बोकेर लग्थे। लासलाई गाडिसकेपछि मृतकले प्रयोग गरेका लुगा कपडा, औषधी, मृतकलाई दिइने केही सरसामान त्यही खाटलाई उल्टो पारेर त्यसैमा राखिन्थ्यो। मृत्यु भएको पाँच/छ दिनमा भात दिने भन्ने चलन अनुसार आफ्ना आफन्त छरछिमेकीलाई घरमा बोलाएर भात, खुवाउने चलन थियो। त्यसपछि जुठो सकिन्थ्यो।

विवाह : थारू भाषामा अहिले पनि विवाह कर्मलाई भोज भन्ने चलन छ। त्यतिखेर थारू जातिमा धेरै जसो भागी विवाह र सट्टा विवाह गर्ने चलन थियो। केटाकेटी एकआपसमा मन पराएको अवस्थामा भागेर जान्थे। त्यसपछि केटाको घरमा केटीलाई बुहारीका रूपमा भित्र्याउने चलन थियो। यसरी भित्र्याउने कामलाई दुलही पर्छिने भनिन्थ्यो। सोही दिन आफन्त छरछिमेकीलाई डाकेर भोजभतेर पनि गरिन्थ्यो। अर्को सट्टा विवाह गर्ने चलन पनि थियो। सट्टा विवाह भन्नाले एउटा परिवारको छोरा र छोरीको अर्को परिवारका छोरा र छोरीसँग एकै दिन एकैसाथ विवाह गर्ने भन्ने बुझिन्छ। उसै दिन छोरी पठाइन्थ्यो भने बुहारी पनि उसै दिन भित्र्याइन्थ्यो।

यसरी थारू परम्परा अनुसार विवाह तथा चाडपर्वमा विशेष किसिमका परिकार बनाउने खाने, नाच गान गर्ने, रमाइलो गर्ने गरिन्थ्यो भने केही चलन आज पनि यथावत् चल्दै आइरहेका छन्।

थारू परम्परा अनुसार मनाइने अरू पनि चलन र चाडपर्व छन् जस्तै :

भुतुवा पुज्ना : माटोले बनाएका घोडाका मूर्तिहरूलाई देवताथानमा राखिन्छ। दसैँका बेला गाईको काँचो दूध चढाएर विशेष किसिमले पूजा गरिन्छ।

हरेरी पूजा : बर्खाको बेलामा धान खेतीमा रोग किरा नलागोस् भनेर हरेरी पूजा गरिन्छ।

होली (धुरेरी) : थारू समुदाय होरी (होली) पर्व धुमधामले मनाउने गर्छन्। घर घर गएर होलीमा नाचगानसहित विशेष पकवान बनाएर रमाइलो गर्दै मनाउँछन्। रानाथारूले होली पर्व १५ दिनसम्म मनाउने गर्छन्।

पितर असरैना : दसैँको नवरात्रीका बेला नवमीको दिन नदीमा गएर पूजाआजा गर्दै विशेष विधिका साथ पितृ सेलाउने काम गर्दछन्।

अस्टिमकी पूजा (श्रीकृष्ण जन्माष्टमी) : श्रीकृष्ण जन्माष्टमीमा थारू महिला/पुरुष पानी नखाईकन व्रत बस्छन्। राति मौसम अनुसारका फलफूल चढाएर पूजाआजा गर्छन्। भोलिपल्ट बिहान नदीमा गएर नुहाउँछन्, पूजा गर्छन् त्यसपछि मात्रै पानी खान्छन्।

यसरी थारू परम्परा अनुसार विवाह तथा चाडपर्वमा विशेष किसिमका परिकार बनाउने खाने, नाचगान गर्ने, रमाइलो गर्ने गरिन्थ्यो भने केही चलन आज पनि यथावत् चल्दै आइरहेका छन्। ■

हिउँ लोकसाहित्य

कर्णबहादुर रोकाया

नयाँ नयाँ ह्युँ पड्याको, खोज्दै सेतो कागत
ठाउँ जान्न नाउँ पनि जान्न, स्हवैलाई स्वागत

हिउँ सीमित भूगोलको असीमित विशिष्टता बोकेको प्राकृतिक सम्पदा हो । हिउँ हुम्ली संस्कृति, समाज र साहित्यको अभिन्न अङ्ग बनेको छ । यो समयरेखाको रूढ र वर्गीय अङ्ग पनि हो । यसैले हिउँ कर्णालीको भाषा, साहित्य, संस्कृति र समाजको विशाल भण्डार लोकसाहित्यको एक नयाँ विधा र आयाम पनि हो । ह्युँ अर्थात् हिउँ लोकसाहित्यको एक सशक्त हाँगो पनि हो । हिउँ हुम्ली समाजको भाव, राप, छाप, बाफ र दापमा प्रस्फुटन भएको छ । लोकसुसेलीका माध्यमबाट हिउँका कल्कलाउँदा, झल्मलाउँदा र टल्पलाउँदा लोकलहरी प्रत्येक गाउँ, मौजा र ध्वाङहरूमा आञ्चलिक कम्पन भएर छताछुल्ल भएको छ ।

हिउँ र हुम्ला एक अर्कामा अन्तरसम्बन्धित छन् । हिउँ हुम्ली समाजको कथा, व्यथा र अमूर्त चित्रकारिताको क्यानभास हो । ग्यानाक चेग्री हो । रीतिथिति रटुक हो । सामाजिक विधि विधानको बटुक हो र सांस्कृतिक धरातलको पटुक हो । मौसमी पात्रो हो । आम्ची र वैजीको कटुक हो । हुम्ली जनजीवनको संस्कार हो । लोकसाहित्यको प्रमुख विधा पनि हो ।

हिउँ सेतो रक्तकोषिकाको आन्तरिक शक्तिको सशक्त माध्यम बनेको छ । यसैले रङको ठिक प्रयोगबाट मान्छे र मानवका क्रियाकलाप प्रसन्न, कलात्मक, शुभ, शान्त र सुललित बन्न, बनाउन सकिन्छ भन्ने कुराको सप्रमाण रङ चिकित्सा पद्धति हो । जहाँ सेतो रङको प्रतिनिधित्व हिउँले गरेको छ । हुम्लाको सांस्कृतिक क्रियाकलापमा सेतो रङको प्रभाव र महत्त्व धेरै छ । जहाँ सेतो कपडा, घिउ, दुध, दही, उवा, जौ, चामल, सातु, धुलो, खरानी, खिर, चाँदी, ध्वजा, भिकुर, नौनी, हिमकमल, डोइली र सिम्पारी फूलको प्रयोग विविध अर्थ, शब्द, भाव, व्युत्पत्ति र अभ्यासमा भएको पाइन्छ । त्यसैले उच्च हिमशृङ्खलाले घेरिएको हुम्ला आठ महिनासम्म सेताम्य भएर सयौँ प्रकारका जडीबुटीमा पनि हिउँको प्रभाव पारेको छ । यहाँ हिउँका लोकांशले मनोरम र अनुपम झझल्को प्रस्तुत गरेका छन् । हुम्ला र हिउँ समपूरक र परिपूरक भएकाले यो सजीव र निर्जीव तत्त्वको 'दुईसुम खेन्वा' पनि हो ।

हिउँ लोकसाहित्यको अध्ययन
पुर्सोडाँफ्या इजार खन्दो, माउडाँफ्या जीलाउँदो
क्विडीजन धुम्न्या माया, ह्युँजन बिलाउँदो

हिउँ हिमाली देश नेपालको एक विशेषण हो । उपमा हो, शिरपोश हो र मुथेडो हो । यसै कारण वैदिक ग्रन्थका ऋचामा हिमवत्खण्डको नामकरण हुनु नेपालीको गौरव हो । यसैले त हिउँ प्राकृतिक चित्रकारिताको ज्ञानाक चेग्री हो । यो हिमसेना हो । तब त सवा लाख हिमशृङ्खलाको आँतमा खसान र जडान सभ्यताको विकास भयो । तापनि कालान्तरमा भौगोलिक कठिनाइ, मानसिक कुण्ठा, नैराश्यता र शारीरिक अस्वस्थताको पर्यायका रूपमा हिउँको परिभाषा र अर्थ लगाउने काम भएको छ । यही कुण्ठा र निराशाभित्र हिउँको नामाकरण गर्न खोज्दा 'हिउँ लोकसाहित्य' फेला पार्छौं ।

हिउँ एक 'दुईसुम खेन्वा' हो । चतुर्मुखी ब्रह्माको अवतार ॐ बोन, बौद्ध, हिन्दु र जैन धर्मको धार्मिक आस्थाको अलौकिक संसार हो । हिमालयको अन्तरगर्भबाट उत्पत्ति भएर बगेका चार विशालकाय जलाशयको अजस्र प्रवाह भएका छन् ।

हिउँ प्राचीन साहित्य ऋग्वेददेखि आगतको विज्ञानसम्म यसको महत्त्वका अनेकौं रूप रङ्ग, विधिविधान र औषधी महौषधीमा समाहित भएको छ । मौसम सूचक महिना साउनको १५ मा चिसो पसेर हिउँदको आभास दिने पनि हिउँ नै हो । माघको १५ मा सरोवरको ठाँणो फुटेर वर्षाको सङ्केत गर्ने पनि हिउँ नै हो ।

हिउँ र हुम्ला यी दुवै शब्दको सुरुवात 'ह' अक्षरबाट हुन्छ । चार वर्ण, छत्तीस जातको फूलबारीमा फूलेको

एकतामा अनेकता र अनेकतामा एकताबद्ध भएको विविधतायुक्त नाउँ ह्युँ हो । यी दुवै शब्दको मातृत्व सम्बन्ध होल्मो लडुरिङसँग छ भने पितृत्व सम्बन्धमा खस जाति, स्याङसुङ सभ्यता एवं जाड, ब्याँसी र खसियाको संस्कारसँग जीजिविषाका लागि मानवीय संसाधनको ऐतिहासिक सम्बन्ध रहेको छ, जहाँ छत्तीस कर प्रणाली, बत्तीस रहर प्रणालीमा निहित भएको छ हिउँ ।

सेतोको उपमा हिउँ
ह्युँको होरो कर्मको डोरो
ह्युँ घर, सम्पत्तिको तर ।

सेतो रक्तकोषिकाको प्रतीकमा आन्तरिक शक्ति बनेको छ । सेतो रङले शान्ति र सादा जीवन बिताउन मानवलाई प्रेरणा दिन्छ । योगशास्त्र अनुसार षट्चक्रका षट्रङमा सेतो रङ आज्ञाको आधिकारिक रङ हो । रङको ठिक प्रयोगबाट मान्छे र मानवका क्रियाकलाप प्रसन्न, कलात्मक, शुभ र शान्त बन्न सक्दछन् । रङ र रङको पूरकबाट सेतो रङ बन्छ ।

कालो चुँवरका गर्भभित्त, सेतो टिम्को ह्युँ
आई औसर पड्याको मौसर, रामरङको ज्यू

रातो रङको स्थायित्वमा सेतो रङबाट विन्दुरूप पुरुष रङ हो । पिताम्बरधारी विष्णुको अर्को रूप श्वेताम्बर, सांस्कृतिक पर्यावरणको उद्घोष श्वेतपुर कमलासनमा बस्ने सरस्वतीको मनपर्ने रङ सेतो रङ यो नीर क्षीरको विवेक यही रङबाट प्रकट हुन्छ ।

हुम्लाको धार्मिक क्रियाकलापमा सेतो रङको प्रभाव र महत्त्व धेरै छ । जहाँ सेतो कपडा घिउ, दुध, दही, उवा, जौ, चामल, सातु, धुलो, खरानी, खिर, चाँदी र ह्युँको प्रयोग भएको पाइन्छ । यसैले पनि सेतो रङ र हिउँ प्रतीक र शाश्वत उपमा भएर जीवनको शक्ति मानिएको छ ।

हिउँ सामाजिक एकताको सन्देशवाहक हो । गाउँ, ठाउँ, खोला र हिमाल जस्ता स्थान समेटेर पूर्व, पश्चिम, उत्तर, दक्षिणको भौगोलिक परिचय दिने काम गर्छ । नदीनाला, जडीबुटी वस्त्र आभूषण, पशुपन्छी, किटपतङ्ग, चाडपर्व, देवीदेवता आदिका नामबाट हिउँ लोकसुसेलीको निर्माण भएको छ । प्रत्येक वस्तुको नाम विशिष्ट अर्थमा प्रयोग भएको पाइन्छ ।

अर्सा, लाप्सी, लगड, चिउला, च्याँका, खिरजस्ता विशिष्ट परिकार प्रयोग गरिन्छ । जाड, ब्याँसी, खसिया जातजाति रहेका छन् । स्याङसुङ, दुल्लु, सिँजा जस्ता सभ्यता विकसित भएका छन् । बोन, बुद्ध, जैन र हिन्दु जस्ता धर्मका अंश प्रचलनमा छन् । यो सबैको सन्देश हिउँ लोकसुसेली हो ।

हिउँ पर्दा पशुपन्छी पनि तातो ठाउँतिर बसाइँ सर्छन् । यसले हिमाली देश नेपालको चिनारी दिएको छ । भूगोलको विशेषण बोकेको छ । हिउँले एकताको भावना जागृत गराएको छ ।

हिउँ हुम्लाको धार्मिक आस्थाको एक विम्ब हो । यहाँको धार्मिक स्थितिलाई खोज्दा अलौकिक र अद्भुत संस्कार पाइन्छ । मौलिक नवभवानी जाल्पा, जुवाँला, नासिका, सुवाँला, भत्तिका, कालिका, कुँवाला, मालिका र वासुका हुन् । यहाँका रलिङ गुम्बा, रिन्छेलिन गुम्बा र काङ्नी गुम्बामा विराजमान महाकाल छन् । मालिका, खार्पुनाथ, कालोसिल्तो, गुरा, हिल्छा, भ्वानी, मदानो, महादेव, घण्टपाल, बाँडपाल, हंसपाल, रामपाल, सर्की जस्ता विभिन्न देवीदेवताका माँडु छन् ।

हिउँ एक दुईसुम खेन्वा अर्थात् त्रिकालजयी द्रष्टा र स्रष्टा हो । हुणहरूको क्रीडाभूमि हो । होम्लो लुङरिङको हिमेगुफामा समाधिस्थल सेन्राव मिवोचे पनि हिउँकै पार्सी हुन् । शैव सम्प्रदायका निराकार शिव पनि हिउँकै मानसपुत्र हुन् । नारायणको जलाशय पनि हिउँकै प्रवाहमय तरलता हो । ब्रह्माको कमलान पनि हिउँकै विस्तारित रूप हो । यी सबैको समष्टिगत शब्द सम्पादन नै काङ्ग–रि–न्पो–च्छेको त्रिकोणमात्मक आयाम मान्न सकिन्छ । जहाँ यी मन्त्रहरू ॐ मणि पद्मे हुँ, ॐ मत्रिमुदे सालेदु हुँ र ॐ चन्द्र सूर्य मरुत्को मन्त्रोचारण भएर गुञ्जिरहेका छन् ।

ह्युँको शान्ति, कर्मको कान्ति
ह्युँको रास, मान्ठको आस
ह्युँको म्होरा, जिउँदाको सोरा ।

पुरातनदेखि नूतनसम्म जीवित भएको अन्तर्निहित अक्सिजनको दुई भाग हाइड्रोजन र एक भाग अक्सिजन हुनु नै प्राकृतिक जलसम्पदाको पूर्ण अस्तित्व कायम गर्नु हो । प्राचीन ऋग्वेदकालदेखि अर्वाचीन विज्ञानसम्म यसको महत्त्वका अनेकौँ रूप, विधि, विधान र औषधीमा समाहित भएको छ । वैदिक ऋषिहरूको विश्वासले पूजाद्वारा देवताहरू वशिभूत भई इच्छित फल प्रदान गर्न बाध्य भएर मन्त्रोच्चारण गर्दा अग्निको ज्वालाबाट हविष्य ग्रहण गरी वायुमण्डलको सूक्ष्म आर्द्रतामा लिन हुँदा देवताहरू मानवीय इच्छा पूरा गर्न बाध्य हुन्छन् । यसैले पनि हिउँलाई मानवीकरणको सजीव धड्कन मान्न सकिन्छ । तब त हिउँ मानवीय भावनामा विचरण भएर सास दिन्छ । बास दिन्छ । आस दिन्छ र कपास दिन्छ ।

यथार्थबोध तथा गम्भीर अभिव्यक्तिको माध्यम हिउँ
माथिउँदो ह्युँ पडी आइग अल्किअल्कि चुथा
देख्नु मै पैरनु होइजा ओ सूर्ज फूलका घुता ।
माया प्रीतिको रन्को हिउँ
चल्ल्यासाइको चिल्बिल भयो, ह्युँभित्रका बन
क्यान रुन्छइ एक्ला बाज, घुर्र घुर्र गरी कन ।

हिउँ मनोरञ्जनको साधन र साध्य प्रेमको सुरुवात हुन्छ । जहाँ सेतो चाँदीको टल्काइसँगै नौरङे डाँफे निर्मल झरनाको झङ्कारमा सङ्गीत छर्छ । गीत गाउँछ ।

मित लगाउँछ । प्रीति जोड्छ । यसैले हृदयको कापबाट स्पन्दित स्पन्दनका हुल्का पिरतीका भाका भएर रन्केका छन् । यो खुसी र हाँसोको बटुक हो । यौवनको रटुक हो । जहाँबाट सच्चा, यथार्थ र सुनौलो भविष्यको सिर्जना गरी मानव हुनुको सार्थकता पनि झल्काउँछ । निरन्तरता र नियमितताको भाव छचल्कन्छ । अनि यौवनको रसपान गर्न पाइन्छ । यो स्वार्थरहित हुनु पर्छ ।

हुम्ली समाजमा बाल, युवा र वृद्धको मानसपटलमा हिउँसम्बन्धी लोकसुस्केराको बृहत् भण्डारले भरिएको छ । त्यसैले त गाउँको जीवनमा पलाएको बाज, चल्यासाई, मैना आदि जस्ता प्रीतिका भावार्थ अनेक शब्दमा छरिएका छन् । त्यही सागरमा शुद्ध, पवित्र, निश्चल मायाको प्रवाह भएरै मानसिक क्रान्ति र शारीरिक शान्तिमा रमाएको छ ।

हिउँ सेतो भएर पनि के काम छ र यो हुम्लाको व्यथा हो तर कालो कपडा, कालो सिलाजित र कालो रङ्गलाई राजाले प्रयोग गर्छ जस्तै जङगबहादुर कालो थियो । ऊ देशको शासक बन्यो । तिमी त हिउँ जस्तो सेती र सुन्दर भएर पनि महिनावारी पर सक्छौ भन्ने व्यङ्ग्य प्रेमीले प्रेमिकालाई गरेको छ । हिउँ मानसिक व्यथा र शारीरिक पीडा मात्रै नभएर सेतो भन्नु पनि एक उपहास हो । खिल्ली उडाउने वस्तु हो । चिसो र असफल वस्तु पनि हो ।

ह्युँले राम्रो हिमाल अफ्र रा राम्रै राम्रो हुम्ला
शिक्षा, स्वास्थ्य केही नगर, बजेट हाल कुम्ला ।

हिउँका उच्च हिमशृङ्लाले घेरिएको हुम्ला छ महिनासम्म सेताम्य हुन्छ, यहाँ तीन सय प्रकारका जडीबुटी पाइन्छन् । यसैले प्राकृतिक चिकित्सापद्धति र जातीय वनस्पतिशास्त्रलाई समेत हिउँ लोकसाहित्यको महत्त्वपूर्ण भूमिका खेलेको छ । यो नयाँ आम्दानीको स्रोत बन्दै गएको छ । त्यसैले हिउँ र हुम्ला समपूरक भएकाले स्रष्टा, द्रष्टा र संरक्षणकर्ता पनि हो । हिउँ उराठ र उजाड बाँझो भूमिमा सेतो काम्लो फिँजाएर जैविक विविधताले भरिपूर्ण पारिदिन्छ । त्यही शक्तिपृथकीरणको संयोग र वियोगको आहारविहारलाई समुचित रूपमा उपयोग गरेर एक निधि बन्छ । एक सम्पदा बन्छ । एक मौलिकता बन्छ ।

हिउँ हाइड्रोथेरापी, एपीथेरापी, ग्रेनथेरापी, फायरथेरापी, एरोमाथेरापी, ग्यास्ट्रोनोमीथेरापी, मडथेरापी, क्राइङथेरापी, लाफिङथेरापी, मिटथेरापी, एग्रोथेरापी, वाकथेरापी जस्ता प्राकृतिक उपचारपद्धति पनि हुम्लालाई सुशोभित बनाएको छ । हिउँले प्राकृतिक तथा मानवीय अशुद्धता र विकारलाई शुद्ध पार्दै वेदको सार बोकेर मनुष्यको स्वकीय कर्मद्वारा प्राकृतिक शक्तिउपर विजय प्राप्त गरेको छ । सेतो चाँदीको टल्काइसँग शान्तिको भाका बोकेर नौरङ्गी डाँफे निर्मल झरनाको झङ्कार सङ्गीत छर्छ, गीत गाउँछ र मित लगाउँछ । यसैले त हिउँसँग हुम्लाको अन्तरआत्मीय सम्बन्ध रहेको छ ।

हिउँ र पशुपन्छी तथा बनस्पतिको प्रयोगले प्राकृतिक सम्बन्धको एकतालाई कसेको छ । प्रकृतिका अनेकौँ सुवासित फलफूल, पतकर, झ्याउ, च्याउ, लेउ र स्याउको पौष्टिकताले पशुपालनलाई उत्कृष्ट बनाएको छ । समय, ऋतु र मौसमी पात्रोको फेरबदलमा सबै पशुपन्छीको गाँस र बासको तालिका कोरेको छ । वनस्पतिको हरियालीमा शुष्कता र शीतलता भरेको छ ।

हिमालीमा अनेकौँ जडीबुटी र जीवजन्तुको एकाकार सम्बन्ध छ । प्रबन्धकीय सरल जीवन छ । हिउँको सेतो रिबन छ र यो मायाप्रीतिको साङ्गीतिक औषधी हो । सुसम्बन्ध विस्तारको पार्सी हो । यसैले प्रेमको लहरो छ । लोकभाकाको जुवारी छ । तरलताको भाव र राप छ । चौँरी, भौरी मौरी र गौरी ईको घाँटो टङ् टङ् टङ् बज्छ ।

हिउँ स्थाननाम

हिउँ लोकसुसेलीमा प्रयोग भएका स्थाननामले कुनै पनि गाउँ, ठाँउ, दग्डा, मौजा आदिको भौगोलिक, सामाजिक, सांस्कृतिक तथा जैविक यर्थाथताको परिचय दिन्छ । त्यसैमा आगत र विगतको रेखा कोरिएको हुन्छ । यो एक विम्ब, प्रतीक, उपमा र चिनारी दिएको छ । जस्तैः हुम्ला, कविलास, रलिङ, ग्याग्रु, मालिका, हिमचुली, मारुल्याकोट, डोटी, साँफे डडेलधुरा, दुर्पा, मारुघोर, नया, चाला पुया, भोट, सरोवर, कर्नाली, खार्पु, सिमकोट जस्ता स्थाननामले हुम्लाका सांस्कृतिक अवयवभित्रका प्राकृतिक गुणलाई सामान्यीकरण गरेर भौगोलिक कठिनाइ मान्छेको कर्म, मर्म र धर्ममा सहायक बन्न पुगेको सिलोक कथा, मित, रीत, प्रित र गीतका शब्दलाई मान्न सकिन्छ ।

हुम्ला र ह्युँ ऐतिहासिक समयको निरन्तर कालखण्ड हो स्थाननाम नेपालको संस्कृति, सामाजिक र पौराणिक कथन र गन्थन नेपाली समाजको मौलिक सम्पदा हो । स्थाननामलाई भाषिक पुरातत्त्वका माध्यमबाट इतिहासको खोजी गर्न सकिन्छ ।

चिसोको महिमा तथा संस्कृतिको गरिमा हिउँ

हिउँ भएको हिउँदमा 'कि दुई, कि फुई, कि रुई' को महिमा अति आवश्यक मानिन्छ । यहाँका चाडपर्व भुवो, भैलो, चैतलो, स्हगुम्बो, फेर, श्रीपञ्चमी र विसु सङ्क्रान्ति आदिको पूजित संस्कारमा सेतो र ह्युँको रङ भरिएको छ । बिउ छरिएको छ । प्यु नाचेको छ । पारिवारिक आवश्यकता, बाक्लो कपडाको उपादेयता, आगोको महत्त्व शारीरिक सरसफाइबारे लोककथाले व्यावहारिक ज्ञान दिएको छ ।

हिउँ पानी बगेर सागर बन्छ । कुण्ड बन्छ । छहरा बन्छ । वाष्पीकरण भएर ताप बन्छ, कुहिरो हुन्छ । वर्षा लाग्छ, हर्ष बढ्छ, अर्सा खाइन्छ । चिसिएर ठाँणो बन्छ । प्राकृतिक प्रतिरूपको प्रतिविम्ब हुन्छ । सजीव प्राणीको उत्प्रेरक पानी बन्छ । यसलाई पनि विभिन्न पशुपन्छीको पाइला अनुसार नामकरण गरी प्रकृतिको सगोलता, आबद्धताको प्रतिरूप मानिन्छ । यसैले हुम्ली जनजीवनमा ह्युँका प्रकारलाई विभक्त गरिदिएको छ । हुम्ला कुन बारमा कति धेरै हिउँ पर्छ, सोको लोक किंवदन्ती पनि प्रसिद्ध छ ।

चराले जमिनमा टेक्दाको पदचिह्नसम्म, कुखुरा जमिनमा टेक्दाको पदचिह्नसम्म, कुकुर जमिनमा टेक्दाको पदचिह्नहसम्म, मान्ठ जमिनमा टेक्दाको पदचिह्नसम्म, मानिसको घुडाँभन्दा अलि तलसम्म, लगभग चार फिटसम्म विभिन्न नापोमा स्थानीयस्तरमा नापेर नै सुविकाल र अनिकालको बारेमा पनि नापो गरिन्छ ।

मौसमी पात्रोको अलिखित हस्ताक्षर हिउँ

हुम्लामा हिउँ परेपछि कुन महिनामा त्यसको के कस्तो अवस्था हुन्छ । त्यसैलाई लोकसाहित्यको सरल र सरस भाका रचिएको छ । हुम्ली जनजीवनमा हिउँ एक मौसमी पात्रो हो । प्राकृतिक रैबार हो । ह्युँको मौसमी पात्रोलाई मनन गरेर जेठाँसी छरी खानु, कात्तिके गोडी खानु भन्ने बालीनालीको सूत्र तय भएको छ । यसैले विकट जीवनलाई सुगम बनाउन लाक्पा, चाक्पा, च्यालाग, दोचा, सुम्बा, काम्लो, ल्यु, फेरुवा आदि लुगाहरू लगाएर ह्युँको ठाँडोलाई जौ, गहुँ, उवा, नाफलको फाँडो खाएर श्रमको महिमा गाइन्छ ।

> हिमाली लेकबेँसी, देउराली, पाखा, उकाली, ओरालीको भाका बनेको छ हिउँ लोकसुसेली । यसैले पनि हिउँ लोकसाहित्य हुम्ली लोकसाहित्यको एक पृथक्, मौलिक तथा उत्कृष्ट विधा पनि हो ।

बालीनाली पाक्दा पनि हिउँको प्रभाव पर्दछ । जेठाँसी औलबाट पाक्छ । जस्तैः जेठासीमा जौ, गहुँ, उवा र नाफल जस्ता अन्न पर्छन् । कात्तिके लेखबाट पाक्छ । जस्तैः धान, मकै, फापर, चिनु, कोदो आदि अन्नबाली लेखबाट पहिला पाक्छन् । यहाँ प्रकृतिको बाह्रमासे हिउँ गीतले काव्यको दस्तावेज कोरिएको छ । यहाँको समाजमा बार अनुसार हिउँ र पानीको लेखाजोखा गर्ने चलन छ । जात, जाति, धर्म र संस्कार अनुसार सूर्य, चन्द्रमा र ताराको अवस्थिति हेरेर ज्योतिषको लेखाजोखा गर्ने प्रचलन छ ।

हिउँ नै हुम्लाको इतिहास विगतको दर्पण भए झैँ सांस्कृतिक, सामाजिक र सामरिक महत्त्वको वीर्य हो । यसैले भाषा र लोकसाहित्यको जिउ हो । खस साम्राज्यको विशाल सपादलक्ष राज्यको महिमाको क्रम, घटना र परिवेश शताब्दी शताब्दीयौँ हुम्लाका लागि हिउँ सम्पूर्णताको आंशिक धरातल हो । यो आञ्चलिकताको कर्को अर्थात् अक्षर हो । हिमाली बर्खो हो । मानवताको लबज हो । वसुदैव कुटुम्बकम् हो । सत्यम्, शिवम्, सुन्दरम् हो । चौरासी सिद्धमध्येको मष्टापा हो । सांस्कृतिक पर्यावरणको जैविक निधि र विधिको माला हो ।

जीवनशैलीको प्रतिविम्ब हिउँ

हुम्ला हिउँको खुला घरभित्र बसोबास गरेर 'कि दुई कि रुई कि फुई' को उक्तिलाई सार्थक बनाएको छ । हिमालको चिसो धरातलमा लगभग आठ महिना बस्नु पर्दा थुक्पा, लाक्पा, च्यालाक, बक्ख्, लाम, सुम्बा, दोचा, लोफर, कम्लो, राडीपाखी, लिउ, फेरुवा, चुटुक, चुक्दन र मल्दुर जस्ता बाक्ला र न्याना लुगा लगाउनु पर्छ । नत्र पानीको ठोस रूप ठाँडो बनेर एउटा निर्जीव प्रस्तर बन्छ । सदियौँदेखि कठोर जीवनको निःश्वासलाई यथार्थमा बदलेको छ ।

हिउँसँग श्वेत रक्तकोषिका नौ नाडी ७२ कोटीको सञ्चालक भएर पानीको तिनै रूपलाई आफूमा समाहित गरेको छ । यसैले पनि हिउँ हुम्लाको जनजीवनलाई जलीय बनाएको छ । यसले प्रकृति र संस्कृतिको संयोजन गरेको छ ।

हिउँको विविध आयाममा तरङ्गित भएको नेपाली भाषा, संस्कृति, सामाजिक संस्कारको उद्‌गमस्थल हो कर्णाली । यसैको प्रवेशद्वार मानसकैलास क्षेत्रको आदिमभूमि हुम्लामा लोकभाकाका रूपमा अँगाल्दै आएका कर्मगीत, ऋतुगीत, पर्वगीत, संस्कारगीत, स्तुतिगीत, प्रकार्यगीत र प्रणयगीतका आयाम एकातिर दर्पणको कुरूप रूप र स्वरूपको सुन्दर प्रतिविम्ब देखिन्छ भन्ने अर्कोतिर सुन्दरताभित्र पनि कुरूपताको बास छ, पीडाको रास छ र जर्जर उत्पीडनको त्रास छ ।

हिमाली लेकबेँसी, देउराली, पाखा, उकाली, ओरालीको भाका बनेको छ हिउँ लोकसुसेली । यसैले पनि हिउँ लोकसाहित्य हुम्ली लोकसाहित्यको एक पृथक्, मौलिक तथा उत्कृष्ट विधा पनि हो । यसको खोजी गर्नु आजको आवश्यकता र सङ्घीयताको मर्म र कर्म पनि मान्न सकिन्छ । यहाँ हिउँ लोकसाहित्यका बारेमा सानो अक्षरको खेती गर्ने प्रयास गर्दै बिसौनीमा आएर बिट मारेको छु । यसमा भएका राम्रा नराम्रा कुरालाई अझ सुधार्नका लागि यहाँहरूको खबरदारी आवश्यक रहेको छ । ■

डोट्याली संस्कृतिमा गौराको विशिष्टता

जगदीश ओझा

मानव सभ्यताको विकासक्रम सँगसँगै मानवीय जीवनका विविध पक्ष समानान्तरित रूपमा विकसित भइरहेका हुन्छन् । सकारात्मक रूपले विकसित एवं स्थापित हुँदै गएका ती पक्षलाई समाजले आत्मसात् गर्दै समयानुकूल परिष्कृत गर्दै अघि बढ्छ भने त्यो नै व्यापक अर्थमा संस्कृतिका रूपमा बुझ्नु पर्छ । समाजका उत्तम कृतिका विविध पक्षलाई संस्कृतिभित्र समेटिने गर्छ । सांस्कृतिक प्रवर्तनद्वारा त्यसमा निरन्तर परिवर्तन भइराखेको हुन्छ । प्रायःजसो संस्कृतिमा सांस्कृतिक पर्वले वर्तमानमा केही सीमित पक्षलाई मात्रै समेटिने र बुझ्ने गरेको समेत पाइन्छ । भाषा, साहित्य, कला, र संस्कृतिले समाज, परिवार एवं व्यक्तिकै पहिचान गराउँदछ । विकासको सूचना दिन्छ, सभ्यताको सङ्केत दिन्छ । अझ लोकसाहित्य र लोकसंस्कृति त स्वस्फूर्त रूपमा सामाजिकता र व्यक्तिको अन्तरमनमा भिजेको हुन्छ । आधुनिकताको आडम्बरी खोल र लेप लागेकोमा बाहेक लोकसाहित्य र संस्कृति लोकजीवनमा तिनकै मात्र भाषामा कृत्रिमताभन्दा टाढा रही प्रकृतिसँगको अन्योन्याश्रित सम्बन्ध गाँस्दै लोकसाहित्य सिर्जना भई बाँचेको हुन्छ । लोकमानसमा यो प्रायःजसो श्रुतिकथ्य परम्परामा बाँचेको हुन्छ । लोकसाहित्य र यसको संस्कृतिसित प्रगाढ सम्बन्ध रहेको हुन्छ । ग्रामीण जीवन मातृभाषी बाहुल्यता, परम्परा निर्देशित जीवनभित्र नै लोकसाहित्य र संस्कृतिको जीवन्तता पाइने हुन्छ । तापनि सभ्यताको विकाससँगै यिनको स्वरूप भेदमा फरकपन आउँदै गएको पाइन्छ ।

सांस्कृतिक एवं सामाजिक महत्त्वको पर्व गौरा

गौरा डोटेली र कुमाउनी क्षेत्रको विशिष्ट पर्व मात्रै होइन, सांस्कृतिक पहिचान पनि हो । यो पर्व यहाँको सबै जातजाति, सबै उमेर र क्षेत्रका बासिन्दाका लागि उत्तिकै महत्त्व राख्दछ । यो पर्व यहाँको मौलिक पर्व हो र समानता, सौम्यता, प्रवृत्ति, प्रेम, हर्ष उल्लास, आध्यात्मिक सन्तुष्टि जस्ता विविध पक्षको सङ्गम हो । कुनै पनि चाडपर्व मेलमिलाप, मनोरञ्जन, धार्मिक सांस्कृतिक आवश्यकता पूर्ति, सहकार्य, भेटघाट, शुभकामना जस्ता उद्देश्य बोकेको हुन्छ । गौरा पर्व यस्ता पक्ष र उद्देश्यबाट भरिभराउ छ । यसले उत्कृष्ट सांस्कृतिक महोत्सवको आभास दिन्छ । अतः यो पर्व सुदूरपश्चिम संस्कृतिसँग अविच्छिन रूपमा गाँसिएको छ । महिला प्रधान चाड भए पनि समाजका सबैलाई उत्तिकै सहभागी बनाउँदछ । यस पर्वले वर्षा ऋतुको हिलो र पानीमा रमाउन उत्साहित गर्छ । खेतीपातीको कामबाट फुर्सद पाएका किसानलाई नौलो लुगा लाउने, आफन्तसँग भेटघाट गरी खुसियाली मनाउने, निको नौलो (मिठो खाने, धार्मिक कृत्य, शिवशक्ति उपासना पूरा गरी प्रसाद लिने, महिलाबाट शुभकामना र आशीर्वाद प्राप्त गर्ने पवित्र र परिचायक सूत्रका रूपमा (सौभाग्यको प्रतीक) रातो रङको दुवधागो लगाउने विधवाले परम्परागत प्रचलन अनुसार सेतो दुवधागो लगाउँछन् अवसर प्रदान गर्छ । अठेवाली गोराका फाग, ठाडो खेल, देउडा जस्ता लोकसाहित्यका (पद्य विधा) गायन एवं नृत्यबाट मनोरञ्जन मात्र नलिई, शिवशक्ति स्तुतिगान गर्ने, शुभकामना व्यक्त गर्ने र एक आपसका विचार साट्ने, ऐतिहासिक पौराणिक गाथा सुन्ने कामबाट लोकजीवनलाई उल्लासमय पार्दै आएको गौरा पर्वले समाजलाई अलङ्कृत पारेको छ ।

प्रकृतिसँगको सहसम्बन्ध प्रकृतिसँग रमाउँदै गौरामा प्रयुक्त गरिने विरुडाको प्रासन स्वास्थ्यका दृष्टिले अति उपयुक्त छ । भिजाएका दाल पौष्टिकताले भरपूर हुन्छन् भने उपवास बस्नु पनि स्वास्थ्यका लागि लाभदायक नै हुन्छ । विरुडाका पञ्चनाज मात्र होइन, धान खेतको तुच्छ घाँस, बल र साउँ, पवित्र मानिने तिल अनि मौसमी

फललाई समेत समान महत्त्व दिँदै बोट बिरुवाप्रतिको समान दृष्टिकोण यस पर्वले औँल्याउँछ। स्थिति अनुसार यस पर्वमा निराहार र फलाहार दुवै किसिमको व्रत बस्ने गरिन्छ। उल्लासमय वातावरणमा रही मनोरञ्जन गर्नु पनि स्वास्थ्यका लागि त्यतिकै महत्त्वपूर्ण छ। 'दुत्याको टीको, दसैँको ज्वरा, पञ्चमीको विरुडो' भन्ने प्रसिद्ध लोकोक्तिले तिहारको टीका, दसैँको जमरा र पञ्चमीको विरुडाको एकै महत्त्व भएको कुरा प्रस्ट्याउँछ। गोरालाई नारी शृङ्गारिताको प्रतीकका रूपमा समेत स्थापित गरिएको छ। भन्ने कुरा सिँगारिएका महिलालाई भन्ने दिक्कत हो कि हो, 'बलि गौरा बहने रैछैं', 'पारे गोरा आई' जस्ता भनाइले स्पष्ट पार्छ। सबै महिलाले गोराको दुवधागो लगाउँछन्, अठेवाली पाड्दछन् तर देउडा–ठाडो खेलमा कसैको पनि सहभागिता नकारिँदैन। सबै उमेर समूहले उल्लासमय रूपमा विविध लय, भाका र तालका देउडा एवं गाथागानमा रमाउने अवसर यसले प्रदान गर्छ। जसबाट भाषा, साहित्य र संस्कृतिको पुस्तान्तरणसमेत भइरहेको हुन्छ। गाउँको प्रचलन अनुसार लख्या खेललगायत विविध नाचगानबाट समेत मनोरञ्जन लिइन्छ। गौरा पर्व शाकाहारी महत्त्वको पर्व हो। गौराको अवसरमा बलि विधानको कुरा उठ्दैन।

यसले अहिंसालाई सम्मान गर्नुपर्ने प्रेरणा दिन्छ भने दसैं, दीपावली जस्ता बाह्य तडकभडक एवं फजुल खर्च व्यवहारले समेत यस पर्वलाई छुन सकेको छैन। सौम्य, शान्त वातावरणमा देउडाको मन्त्रमुग्धता, सामूहिक उत्सव, ऐतिहासिक गाथाहरूको गायन परम्पराबाट विशुद्ध रूपले भाषा, संस्कृति एवं लोकसाहित्यको संरक्षण तथा स्वस्थ प्रेमगाथा वर्णनले पर्वको सांस्कृतिक–सामाजिक महत्त्वलाई अझै बढाएको छ। स्वस्थ प्रेम, श्रम गर्ने निर्देश र शोषणको विरोध गर्ने सन्देश दिन्छन्। अठेवालिका गीतले हल्लोरी वाला हल्लोरीको गौरा खेलाउने नृत्यका लागि ८० वर्षीय वृद्धा पनि आतुर हुनछन् भने महेश्वर खेलाउनु जवान लालायित, ढोलकको 'भम्पम्पा' ध्वनिले ठाडो खेलका चाल्ली धुमारी जस्ता असजिला पाद रहाते इसारालाई समेत कति सहज तुल्याइदिन्छ। लोकनृत्यमा देउडाको पादचालन र ढप (लय) अनुसारका पादचालनमा युवा युवती सबै रमाएका हुन्छन् भने गायनकलाको विकासमा समेत यसको महत्त्व छ। सबैभन्दा महत्त्वपूर्ण त देउडिया गिदाराको आँसु कवित्व हुन्छ। यस पर्वमा गाइने गाथाले इतिहासका घटना स्मरण गराउँछन्, धर्मयुद्धको झझल्को प्रस्तुत गर्छन् अनि शिवशक्ति पीठको उत्पत्ति र महिमाका गाथा गाउँछन्। जुम्ली राज्यका अठौती मल्लको तराई, पूर्णागिरि, नन्दादेवी, अल्मोडा, कुमाउ, सोर हुँदै डोटेली भेगमा तहल्का मचाएको वृत्तान्त कम महत्त्वको छैन। ढिक कि पञ्चनी ऐतिहासिक वृत्तान्त न हो, पौराणिककालका गाथासँगै भगालिङ्ग गानसमेत कम्ती प्रचालित छैन। नागिमल्लकी रानीले समेत सन्तान पाउन गौरामहेश्वरको पूजा गरेको प्रसङ्ग लोककथामा प्रचलित छ। यस प्रकार, हरेक सांस्कृतिक विशिष्टतालाई समेट्दै गौरा पर्वले सुदूरपश्चिमको संस्कृति निर्माणमा कोसेढुङ्गा स्थापना गरेको मात्रै होइन, त्यसलाई रखवारी गर्नसमेत सकेको छ। तापनि वर्तमानमा आधुनिकताको प्रभावबाट मौलिकता माथि पर्न सक्ने नकारात्मक प्रभावबारे सामूहिक सचेतनाको अपरिहार्यता रहेको छ।

लोकसाहित्यको सन्दर्भमा गौरा पर्व

गौरा पर्वले लोकजीवनको ढुकढुकी प्रसारित गर्छ। लोकसाहित्यले जनजिब्रोमा बाचेको जनसाहित्यमा सांस्कृतिक मात्र होइन, लोकसाहित्यिक दृष्टिले समेत गौरा पर्वको विशिष्टता स्थापित हुन पुगेको छ। पुराना साहित्यिक गाथा मात्रै होइन, आँसुकविका सिर्जनाका नौला नौला रूप देख्न सकिन्छ। यस पर्वको अवसरमा खेलिने देउडामा गौरा पर्व लोकसाहित्य प्रदर्शनको रङ्गमञ्चका रूपमा स्थापित भएको छ। यस पर्वले निम्न लोकसाहित्यिक, काव्यात्मक र कथानक उपविधा समेटेको पाइन्छ।

> गौरा पर्वले लोकजीवनको ढुकढुकी प्रसारित गर्छ। लोकसाहित्यले जनजिब्रोमा बाँचेको जनसाहित्यमा सांस्कृतिक मात्र होइन, लोकसाहित्यिक दृष्टिले समेत गौरा पर्वको विशिष्टता स्थापित हुन पुगेको छ।

१) **गौराका फाग** – विरुडा भिजाउने, विरुडा धुने गोरा भित्र्याउने, गौरा सेलाउने (पद्य)

२) **अठेवाली**– आठ अध्याय र दण्डक (पद्य)

(३) **ठाडोखेल** – घुमारी चाल्ली ढुस्को विभिन्न ढप (लय) मा (पद्य)

(४) **डेउडा** – विभिन्न ढप (लय) मा (पद्य)

५) **गोन्या कथा** – लोककथाका रूपमा प्रचलित पूजाका व्रतकथा (पद्य) र पौराणिक कथा

६) आशीर्वादका आँखर विरुडा टाउको पुज्दाको आशिकीका शब्द (पद्य)

गौरासम्बद्ध उक्त फाग, अठेवाली, देउडा आदि कव्यात्मक लोककथन विशुद्ध डोट्याली भाषाका रचना हुन्। श्रुति एवं कथ्य परम्परामा बाँच्ने लोकसाहित्यका अपवाद यी लोकरचना हुन सक्दैनन्। स्थानीय प्रभाव अनुरूप व्यावहारिक लोकभाषा र लयको प्रभाव यिनमा परेको हुन सक्छ, तापनि कथानक एवं सार कुरा एउटै पाइन्छ। उत्तम साहित्यिक गुण एवं

मानकको कसौटीमा जोख्दा गौराको सन्दर्भका गीत खरो रूपमा प्रस्टिन्छन्। प्रस्तुत आलेखमा गौरा सम्बन्ध लोकसाहित्यको सङ्क्षिप्त विवेचना गर्ने प्रयास गरिएको छ। फाग या सगुन माङ्गलिक कार्य सम्पन्न गर्दा मङ्गलाचरण, क्रियाकलाप एवं स्थितिको विवेचनाका रूपमा गाइने गीत हुन्। फागमा मुख्य वाचक र सहायक गरी सामूहिक रूपमा अनुकरण वाचन तथा सस्वरवाचन गर्ने माङ्गलिक मन्त्र नै हुन्छ, जसलाई नारी वेदको संज्ञा दिन सकिन्छ। सामान्यतः सबै जस्ता फागको सुरुवात यसरी भएको पाइन्छ :

सगुना दिउँ रे निका बोल
सगुना दे सरस्वती लगन दे विरस्पति
इन सगुनका मन चित्त काज

मङ्गलाचरणमै स्थानीय देव, पितृ, इष्टमित्र भाइबन्धुलाई निम्त्याउने गरिन्छ। गौराको प्रथम फाग

विरुडा खोजी भिजाउँदा,
हमरी घरी मयासर गुसाइ त पञ्च बिरुडी नाइथिन
जान जान महेश्वर गुसाई त पञ्च बिरुडी खोजिी ल्यान।

यस्तै गीत गाउँदै पार्वतीले महेश्वरलाई विरुडा खोजी ल्याउने र लोली गमराले कलौ लगाएको कथा छ, बिरुडा धुँदा (षष्ठी)

पाण कि दिदी मज्यलाकि भौव्वा हिट हो विरुडी धुन जानौ

यस्तै सगुन गाउँदै

पाँच पाण्डु केदार चल्या छोटी बैना लागिन पछेट

यो फाग गाइन्छ।

अनि गोरा स्वर्गबाट पृथ्वीमा आएको कुरालाई यसरी गाइन्छ।

काँ है त चाली आइन लोली गमरा काँ रे भैछ उजालो
सर्कलोक है चलिआइन चलि आइन गमरा मन्तालोक भैछ उजालो

त्यस्तै सप्तमीमा गौरा देवीलाई निम्त्याउँदै –
आस बस लोली गौरा तम लोली दुधकुण्ड बस
दुधकुण्ड शिव लिङ्ग देवा तनरा ऐतिर कस्या वसु
गौरा देवीलाई दुधकुण्डमा बसाइन्छ।

अष्टमीका दिन देवतालाई नमस्कार गर्दै ज्वार्दै अठेवालीका गीत गाइन्छन्–

नविजी धम धमकार
धम धमकार भया अवतार
बेतकोट उपजिया वैजनाथ देवा

आठ खण्डमा विभक्त भएकै हुँदा र अष्टमीका दिन गाइने गीत भएर होला अठेवाली भनिएको। हात अँठ्याएर समाई गाइने या अठोयो (रचेको गीत भएको अठेवाली भनियो) सुललित पदावलीमा खण्डकाव्यात्माक शैलीका गीति कथानक अठेवालीमा रहेको छ। अष्ट आवलीबाट अठेवाली शब्द व्युत्पन्न भएको छ।

दसैं मैना भया रानी गात पीडा भैछ
अमरिका रुख गुणि कन्या जरमिन
(अठेवालीमा मैनावतीकी छोरीका रूपमा गौरीको जन्म हुँदा)
कुम्भ रासी देवगुण मयासर जोग
लोली गौरा नाउँ राख्यो मयासर जोग

अनि गौरा ठुली हुँदै जानु, बडु भाटका रूपमा शिवजीसँग प्रेम विवाह भएको कुरा वर्णन गरिएको छ।

वारीबटा लोली गोरा बिणइ बजाउँछे
पारिबटा मयासर बुल्बुली छेकन्छ
बासुलि बजौन्या को है तइ बेटा
लोली गोरा मयासर बियो रचि हाल्यो
साल्लीका कोकडा त सिन्दुर बनायो
गाईका गोबर का त लौन जाइ पकया

गोरा मयासरको प्रेम विवाहपछि, बडुभाटले गौराका बुवाकहाँ गौरी माग्न जान्छ।

बडुभाटरूपी महेश्वर
एक मेरि वाली कन्या तप बसि रेछ
तमरी तो वालि कन्या मेरा दिइहाल

र गौराको विवाह हुन्छ। बडुभाट विवाह गरी घर फर्कन्छ। गौरा महेश्वरको बालों (बालक) जन्मन्छ।

अनि बालो खेलाइन्छ यसरी अठेवालीको कथावस्तु सकिन्छ त्यसभित्र थुप्रै उपकथा र घटना वर्णन उच्च साहित्यिक शैलीमा गरिएको पाइन्छ। अठेवालीसँगै आठ वटा छेउटा (दण्डक) को पनि गान गरिन्छ–

हल्लोरी वला कल्लोरी २
यो मेरो वालो लिसिनी लोट्यो
ज्यू हो लिसनि लोट्यो
यस्तै लोरी गीत गाउँदै बालो खेलाइन्छ।
आठै अठ्यावाली पाड्यावरे क्यौ बर देला
निरधन धन दिउलो, अपुता पुतः
आठै अठ्यावाली पाड्या चेलीको दुधकुण्ड बास
आठै अठेवाली सुण्या चेलीको बैकुण्ड बास

भुल विसर माफ दिया लोली गमरा भन्दै अठ्यावलीको महत्त्व (फल) बारेमा गाउँदै भुल विसरका लागि माफी मानिन्छ। तत्पश्चात् बालो खेलाउने र नाच्ने काम गरिन्छ।

नाच हो खेल हो लोली गमरा धै तेरो कसो नाच –

यस प्रकार अठेवाली एक गीति–कथाका रूपमा रहेको छ र जसलाई संयोगान्त मान्नु पर्छ। लोकछन्दका रूपमा अठेवाली छन्दकै रूपमा यसलाई परिभाषित गर्ने काम भएमा गौराप्रतिको श्रद्धा हुने छ।

छन्द, रस, अलङ्कार, शब्द चयन एवं संयोजन, अर्थबोधका दृष्टिले अठेवाली लोकसाहित्यमा उच्च स्थान ओगट्न पुगेको छ । गौरा पर्वमा ठाडो खेल र देउडाको आफ्नै अन्तरसम्बन्ध छ। ठाडो खेल लोकगाथा गान हो, जो खुट्टा तथा हातको चाल, ढोलकको तालमा, ढुस्को, धुमारी लय (ढप) रहेको हुन्छ। विभिन्न देवीदेवता सम्बद्ध गाथाहरूको गान ठाडो खेलमा गाइन्छः कृष्णलीला, रामलीला, भूमिराजको फाग, भागेश्वरको गाथा, पाञ्चायन देव उत्पत्ति, अठौती मल्ल, खपड्या दानौंकी कथा, ढिकगढकि पञ्चनी, दीपया जसया रानीको फाग जस्ता गाथा–गान ठाडो खेलमा गाइन्छ । डोटेली गीत गानको पर्याय जस्तो देउडा गौरा पर्वको मुख्य आकर्षण हो । आबाल–वृद्ध सबै देउडाप्रति लालायित हुन्छन् । डेउडा यहाँको सामूहिक लोकदोहरी हो; देउडा खेल्ने गिदारा र दर्शकश्रोता सबै उत्तिकै हर्षित हुन्छन् ।

देउडामा जीवन र जगत्का अनेक पक्ष उजागर हुन्छन् । गीतको माध्यमले गिदारा आँसुकवि हुन्छन्, तर ती गीत मौखिक परम्परामा नै बाँच्छन् ।

जङ्गल फुल्याका फूल जङ्गलै रनान
जै फूललाई बास औंछे मौरा मः खनान

यो गीत साहित्यिक ओजले भरिपूर्ण छ । देउडाको यो उद्गार जीवन र जगत्का विविध पक्ष समेट्दै, विभिन्न लय हुनु, सस्वर एकल तथा सामूहिक वाचन गरिनु, आँसु कवित्वका सँगसँगै मनका भाव विस्तार गर्न सक्नु, अलङ्कृत, छन्दबद्ध अनि रसयुक्त भाषिक कौशलका साथै अर्थान्तर र अर्थ गम्भीरताको संयोजनको यथार्थताका कारण देउडा उत्कृष्ट कविता नै हो ।

सबै उमेरका मानिसले देउडा खेल्न सक्छन् र चाहे अनुसारका लोकलय (ढप) पनि विकास भएको पाइन्छ । 'वाक्य–रसात्मक काव्यम्' भनिन्छ । अठेवाली कम्ती रसयुक्त छैन । बडुभाट र गमराको प्रेम प्रसङ्ग कम शृङ्गारिक छैन ।

लौडीका वाहन चड़ि तरि मयासर अया
मयासर लोली गोरा एकै ढुङी बस्या

उपमा, अनुप्रास अलङ्कारको छेलोखेलो छ । काव्यमा हुने अभिधा, लक्षणा र व्यञ्जनामूलक अर्थहरू यथास्थान प्राप्त छन्। प्रकृतिचित्रणसँगै डोटेली जनजीवनको झलक दिने पदावलीसमेतको संयोजनले पौराणिक कथानकलाई मौलिक रूप दिन खोजिएको आभास हुन्छ। रूपनारायण, हरि जोइसी, बहुभाट आरोपित पात्र हुन् । गौरा पर्वको साहित्यिक सन्दर्भ केलाउँदा यस प्रसङ्गका नागी मल्लकी कहानी, भाटकी ब्वारीका सन्दर्भ, कि गोऱ्या कथा, कुकुडी–माकुड़ी कथा जस्ता लोक तथा पौराणिक कथा प्रचलित छन् भने अमुक्ताभरण सप्तमी र दुर्वाष्टमी व्रतकथालाई संस्कृतबाट अनुवादित नेपाली वा डोटेली भाषामा भन्ने गरिन्छ । गौराको अन्त्यमा उपमा र प्रतीकले भरिपूर्ण आशीर्वादका यस्ता आँखरलाई पनि साहित्यभित्रै समेटिनु पर्छ ।

भलो होउ कल्याण होउ
रक्षा गऱ्यो भगवान
वाग जति बलियो, स्थाल जति मोटो
स्याप जति लामु...
दुबाइ जनि चोडिएइ,
ऐरइ जनि झालताल भयै ...

यस प्रकार यस सङ्क्षिप्त चर्चामा सम्पूर्ण साहित्यिक विवेचना गर्न सम्भव नभए पनि सङ्केत गर्न खोजिएको छ । गौरा पर्व लोकसांस्कृतिक पर्व मात्रै नभई लोकसाहित्यिक पर्वका रूपमा समेत स्थापित भएको छ । यस पर्वमा गाइने लोकसाहित्यले मनोरञ्जन, ज्ञान, दिशानिर्देश मात्र गर्दैन कि मानिसलाई साहित्यको गहिराइमा चुर्लुम्म डुबाउनसमेत सक्षम छ ।

झल पडि अन्यारो हुन्या बादल फट्या घाम
मन उजालो पड्या थ्यू रे कति होलो दाम
र अन्त्यमा
चीन खेत चीनु बोया चिनु झाँकुरी
जनलाई वाला मेरा हिया काकुरी
(भूमिराजको फाग)

यस्तै भाकुरिएर (फैलिएर) हिय (हृदय) काँकुरी लाउने गौरा पर्व डोटेली समाजको दर्पण हो, लोकजीवनको चरम सङ्गम र उत्कर्षका साथ चाड मनाउनुको सार्थकता यसले बोकेको छ ।

परिवटा बैरन्छ, छुरी छटकौछ
फरि फटकाउछ बुल्बुली छेकन्छ
सेति कटारी छ
सोइ मेरा मनको पियारो महेश्वर (अठेवाली)

लोलीको प्यारो जति, महेश्वर त्यतिकै प्यारो छ । यो पर्व यहाँको लोकसंस्कृति र साहित्यसँग अटुट र अन्योन्याश्रित सम्बन्ध गाँस्दै झाँगिएको गौरा पर्व बुझ्ने हुन्छ । यहाँको संस्कृति, भाषा, साहित्य र कलाबारे बुझ्न, सांस्कृतिक सद्भावना, क्षेत्रीय एकता, परम्परा संरक्षणका लागि यस पर्वले संरक्षण गर्छ । अहिले देउडाले मात्रै सुदूरपश्चिम चिनाएको छ । देशभरिमा गौरा पर्वको व्यापकता बुझ्न र बुझाउन सके यो क्षेत्रीय होइन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्व बन्न सक्दछ ।

ताँ भात खान्छै त याँ बौली चुठ
ताँ चोली लौन्छौ त याँ तुना वाद
ताँ पाग बादन्छै त याँ मेसा ढाल (ढिकगढको ठाडो खेल)

यस पर्वको महत्त्व बुझी यसको संरक्षण संवर्धनका लागि यस्तै गर्न सके मात्र डोटेली मौलिक पहिचान कायम रहन सक्दछ । ■

सुदूरपश्चिमको कला, साहित्य र संस्कृति उन्नयनमा शिल्पी समुदाय

कर्ण दयाल 'सोराडी'

लोककलासंस्कृति र साहित्यमा शिल्पी समुदायको योगदानलाई झल्काउन खोजिएको छ । जुन वर्ग समुदायको सिप, कला र पसिनामा लोककला र संस्कृतिलाई सजाइएको छ, झाँगिएको छ त्यो वर्ग समुदायले उचित मर्यादा र सम्मान पाउनु पर्छ भन्ने आशय लेखको रहेको छ । ११ औँ शताब्दीको डोटी राज्यमा शासन गरेको पाल वंशदेखि लिएर पृथ्वीनारायण शाहको एकीकरणसम्म र त्यसपश्चात्का शासकको समेत इतिहास लेखन जसरी गरिएको छ त्यसै गरी कलासंस्कृतिका निर्माता संरक्षक शिल्पी समुदायको इतिहास पनि सोधीखोजी हुनु पर्छ भन्ने सन्देश लेखले सम्प्रेषण गर्न खोजेको छ । पुरानो कलासंस्कृतिसित शिल्पी समुदायको सम्बन्ध नङ र मासु जस्तै कसरी एकआपसमा अन्तरसम्बन्धित छ भन्ने तथ्यलाई लेखले उजागर गर्न खोजेको छ । आलेखले कला, साहित्य, भाषा, संस्कृतिको संवर्धन, प्रवर्धन तथा संरक्षणका लागि आमसुदूरपश्चिमवासीलाई प्रेरित गर्न खोजेको छ ।

हालको सुदूरपश्चिम प्रदेशलाई सांस्कृतिक रूपमा डोटी प्रदेशका नामले चिनिएको तथ्य इतिहासमा छ । यो प्रदेशमा भाषा, साहित्य, कलासंस्कृतिको भण्डार नै रहेको पाइन्छ । यहाँ सांस्कृतिक धरोहरका आधार स्तम्भका रूपमा मठमन्दिर छन् भने पुरातात्त्विक हिसाबले किल्ला कोट देवल, पाटीपौवा रहेका छन् । हरेक जाति समुदायको कलासंस्कृति ठाउँ, परिवेश अनुसार फरक फरक रहेको पाइन्छ । सबै जाति समुदाय आआफ्नो कलासंस्कृतिलाई आफ्नै मौलिकतामा मनाउने र रमाउने गर्दछन् । सुदूरपश्चिम प्रदेशमा रहेका कलासंस्कृतिमा पनि आफ्नै मौलिकता छ । निकै चर्चित रहेका लोककलाको खजनाका रूपमा शिल्पी समुदायलाई लिन सकिन्छ । सुदूरपश्चिमका सबै जिल्लामा बसोबास गर्दै आएका शिल्पी समुदायसँग जोडिएका कलासंस्कृति र यी कलासंस्कृतिलाई निर्माण गर्न, संरक्षण गर्न उनले खेलेको भूमिका र पुऱ्याउनुभएको योगदान सँगसँगै कलासंस्कृतिबारे यस आलेखमा चर्चा गरिन्छ ।

कला क्षेत्रसँग शिल्पी समुदाय

यस प्रदेशको कलासम्बन्धी इतिहास खोज्दा मध्यकालीन डोटीमा राजाका दरबार, मन्दिर र देवल, पाटीपौवा, पानी पँधेराको निर्माण र पाषाणमा कुँदिएका देवीदेवताका मूर्तिलाई बुझाउँछ । यी कला निर्माणमा शिल्पी समुदायले गरेको योगदानको दस्तावेजीकरण नलेखिएको भए तापनि उनको योगदान जोड्न जरुरी छ । कत्युरी राजवंशका राजा अजयपालदेवले ११ औँ शताब्दीमा बनाएको हालको डडेलधुरा जिल्लामा रहेको अजयमेरुकोट निर्माणका कालीगढ उत्तरी भारतबाट आएका जाड जातिका शिल्पकार थिए भन्ने अभिलेख पढ्न पाइन्छ । विसं. १४४२ मा रैका राजवंशका नागी मल्लले अजयमेरुलाई कब्जा गरेपछि थप निर्माण गर्दा कालीगढको काम शिल्पकार सानी वडले गरेको भन्ने भनाइ रहिआएको छ । सुदूरपश्चिमका विभिन्न जिल्लामा रहेका पुराना दरबार तथा वर्तमान अवस्थामा संस्कृतिको धरोहरका रूपमा रहेका मन्दिर निर्माणमा आफ्नो अद्भुत सिप कला प्रदर्शन गरेर सौन्दर्यता प्रदान गर्ने शिल्पी समुदायका मानिस नै रहेका छन् । बैतडीको चर्चित मेलौली भगवतीको मन्दिर बैतडी मेलौली–२ का नामी मिस्त्री कालु विक (कल्युरे) ले बनाएका थिए । त्यसै गरी अरू जिल्लाका मन्दिर निर्माणमा पनि शिल्पी समुदायका मानिसको सिप पसिना पोखिएको छ । (सुदूरपश्चिम बैतडीको तल्लो सोराडस्थित मेलौली भगवतीको मन्दिर निर्माण गर्ने मुख्य मिस्त्री कालुराम विक (कल्युरे), जो शिल्पी समुदायका मानिस हुन् । सो मन्दिर निर्माणको कार्य सम्पन्न भएपछि २०४३ सालमा तत्कालीन राजा वीरेन्द्रले दृश्यावलोकन भ्रमण गरेका थिए । सोही क्रममा मिस्त्री कालुराम विकलाई राजा वीरेन्द्रले नरायणहिटी दरबारमा बोलाई दर्शन भेटसमेत दिएका थिए ।)

मन्दिरको सिँगारपटारमा शिल्पी समुदाय

कलात्मक ढङ्गबाट मन्दिरको सौन्दर्यता बढाउन, सुसज्जित पार्न शिल्पी समुदायले आफूलाई समर्पित गरेको हुन्छ। देवीदेवताका विभिन्न प्रकारका काठ, तामा, पित्तल र सुनचाँदीका मूर्ति निर्माण गरेको पाइन्छ। सुनचाँदीका गरगहना बनाउने, गजुर, नेजा ध्वाजा, त्रिशूल, भानु भोक्कर जस्ता सामग्रीको पनि निर्माण गरिन्छ।

लोकबाजा र शिल्पी समुदाय

देशैभरिका लोकबाजा शिल्पी समुदायसित बढी सम्बन्धित छन्। सुदूरपश्चिम प्रदेशभित्र पनि विभिन्न जातजातिका मानिस बस्ने भएकाले यहाँ सबै किसिमका लोकबाजा प्रयोग गरिन्छ। ती लोकबाजाबारे यहाँ छोटकरीमा चर्चा गरिन्छ। यी लोकबाजासित शिल्पी समुदायको अन्तरसम्बन्धका बारेमा पनि उल्लेख गरिन्छ।

ढोलक : मोटो काठको ढुङ्ग्रोमा दुवैतिर छाला मोडेर बनाइएको बाजालाई ढोलक भनिन्छ। यो मादलकै आकारको तर ठुलो हुन्छ। यसलाई बनाउने, मर्मत गर्ने काम अधिकांश शिल्पी समुदायका मानिसले गर्दछन्। यो बाजा गौरा, तिज, विवाह, व्रतबन्ध, होली र देउसीभैलोमा बजाउने गरिन्छ।

मादल : यो लोकबाजा पनि काठको ढुङ्ग्रोमा दुवैतिर छालाले मोडेको हुन्छ। दायाँ र बायाँतिर पातलो र मोटो स्वर निस्किने किसिमको हुन्छ। यसको दायाँ र बायाँ दुवैतिर खरी लगाएको कालो भागलाई मैदान भनिन्छ। यसका ताना कस्ने घेरालाई मथरा भनिन्छ भने घेर्ने तानालाई जुइने भनिन्छ। यो बाजा बनाउन र मर्मत गर्ने सिप शिल्पी समुदायसित रहेको हुन्छ।

बाँसुरी तथा मुरली : बाँसुरी र मुरली उस्तै उस्तै हुन्छन्। बजाउने तरिका पनि थोरै फरक हुन्छ। बाँसुरी ओठमा च्यापेर बजाइन्छ भने मुरली फुकेर बजाइन्छ। यो बाँस, निगालो र फलामको हुन्छ। यसलाई अधिकांश शिल्पी समुदायले बनाउने गर्छन्।

सारङ्गी : यो बाजामा चार वटा तार काठ कोरेर जोडेको हुन्छ। तल्लो भागमा रेटेर कर्णप्रिय धुन निकालिन्छ। यो बाजा शिल्पी समुदायका गन्धर्व जातिले बनाउँछन् र कर्णप्रिय धुनसँगै गीत गाउने गर्छन्।

पन्चैबाजा : विवाह, व्रतबन्ध, मेला पर्व, जात्रामा बजाइने पाँच वटा बाजाको सङ्गमलाई पन्चैबाजा भनिन्छ। नरसिंहा, सहनाई, झ्याली (झ्याम्टा), दमाहा र ट्याम्पो यी पाँच बाजालाई शिल्पी समुदायले निर्माण गर्ने र मर्मत गर्ने काम गर्छन्। उक्त बाजा बजाउने सिप धेरै जसो शिल्पी समुदायमा रहेको हुन्छ। सुदूरपश्चिम क्षेत्रमा बजाइने पन्चैबाजा अन्तर्गत थप चर्चा गर्न आवश्यक देखिन्छ।

पन्चैबाजामध्येको मुख्य बाजा दमाहा हो। दमाहासँगै सबै बाजाको ताल मिलाइन्छ। दमाहाका प्रकार पनि दर्जनभन्दा बढी रहेका छन्। दर्जनभन्दा अधिक किसिमका लयमा बाजा बजाइन्छन्। एउटा ठुलो दमाहा हुन्छ त्यसलाई 'दाइने' दमाहा भनिन्छ। अरू साना दमाहा हुन्छन्। दर्जनौँ साना दमाहासित एउटा ठुलो 'दाइने' दमाहा बजाइन्छ।

एकतारे : यो बाजा काठको भाँडो आकार कोरेर बनाइन्छ। त्यस काठको भाँडोमा एउटा तार जडान गरेर एकतारे बाजा विशेष प्रकारले बनाएको हुन्छ। यो नङ र औँलाको चालले बजाइन्छ। विशेष गरेर यो बाजा जोगीमाता या सन्तले एकान्त साधनामा बजाएर भजन गर्ने गर्छन्। यो बाजा पनि शिल्पी समुदायले बनाउँछन्।

बिनायो : मलिङ्गो जातको बाँसबाट बनाइने यो बाजा किराँत समुदायले बजाउने गर्दछन्। यो रातो निगालोको पातलो डन्डीबाट पनि बन्दछ। यो लोकप्रिय बाजा औँलाले च्यापेर मुखले फुकेर बजाइन्छ।

मुर्चुङ्गा (विणै) : यो बाजा फलामको सानो टुक्राबाट लाम्चो आकार निकाली बिचमा पातलो तार लगाएर बनाएको हुन्छ। कर्णप्रिय स्वर निकाल्न सकिने यो बाजलाई लोकगीत र फागहरूमा गाइने गरिन्छ। यो बाजा शिल्पी समुदायले बनाउँछन्।

डम्फु : यो बाजा खैँजडी जस्तै आकारको हुन्छ। यो बाजा एक हातले समातेर अर्को हातका औंलाले अन्य बाजाको तालमा बजाइन्छ। यो टिनको चाल्लो जस्तो आकारमा एकतर्फ छालाले मोडेर बनाएको हुन्छ। तमाङ जातिको परम्परागत यो बाजा शिल्पी जातिले बनाउने र मर्मत गर्ने गर्छन्।

ढ्याङ्ग्रो : यो बाजा विशेष गरेर गुरु पूर्णिमामा बजाइन्छ। गोलो काठमा दुवैतिरबाट छालाले मोडेर यो बाजा बनाइन्छ। यो बाजा जागर लगाउँदा मठमन्दिरमा धामी झाँक्रीले समेत बजाउने गरेका हुन्छन्। यो बाजा शिल्पी समुदायले निर्माण तथा मर्मत गर्दछन्।

टुङ्ना : यो लोकबाजा सारङ्गी जस्तै गुराँसको काठबाट बनाइन्छ। यस बाजाको धुन कर्णप्रिय हुन्छ। देवताका गीत, भजनमा बजाएर धुनसँगसँगै स्वर निकालेर सङ्गीतको आनन्द लिएको भेटिन्छ। यो मौलिक बाजा शिल्पी समुदायका गन्धर्वलगायत अन्य हिमाली भेगतिर पनि बजाएको देखिन्छ।

हुड्को : हुड्को सुदूरपश्चिम प्रदेशको एउटा प्राचीन लोकबाजा हो। विवाह, व्रतबन्ध, मेला, जात्रामा विशेष प्रकारको पोसाक लगाएर हुड्के नृत्य गरिन्छ। काठको डमरु जस्तो आकारमा पातलो छालाले मोडेको यो बाजासँगै वसन्तश्रवण, चैतलो, ऐतिहासिक वीर वीराङ्गनाहरूको वीरगाथा गाउने गरिन्छ। शिल्पी जातिभित्रैका मान्छेहरूले बजाउने गर्दछन्।

बिगुल : यो बाजा तामा र पितलबाट बनेको हुन्छ। यसको आकार घुमाउरो हुन्छ। यो बाजा पनि मेला, जात्रा, विवाह,

व्रतबन्ध, जागर लगाउन राष्ट्रिय गीतमा समेत बजाइन्छ। यो बाजा निर्माण तथा मर्मत र बजाउने काम अधिकांश शिल्पी समुदायले गर्दछन्।

हार्मोनियम : यो अति प्रचलित सुर बाजा हो। हार्मोनियम विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रममा बजाउने गरिन्छ। हार्मोनियमलाई बनावटको हिसाबले पाँच प्रकारमा विभाजन गरिएको छ। (१) हातले बजाउने हार्मोनियम (२) खुट्टाले बजाउने हार्मोनियम (३) सफारी हार्मोनियम (४) कवलर हार्मोनियम (५) स्केल चेन्ज हार्मोनियम। विशेष गरी हातले बजाइने हार्मोनियम नै प्रयोग भएको देखिन्छ। यो बाजा बजाउने, निर्माण गर्ने, मर्मत गर्ने काम शिल्पी समुदायले नै गर्दछन्।

नृत्य कलामा शिल्पी समुदाय

छलिया नाच : छलिया नाच शिल्पी समुदायभित्रको दमाई जातिले नाच्ने सबैभन्दा उत्कृष्ट नाच हो। छलिया नाच विवाह, व्रतबन्ध, मेला, जात्रामा नाच्ने गरिन्छ। छलिया नाचको अर्थ युद्धसित जोडिन्छ। पहिले पहिलेका पहलमान आपसमा लडाइ हुँदा छलेर लड्ने गर्दथे। ढाल तरबार भिरेर, झकुलो (एक प्रकारको बख्खु) लगाइन्छ। हातमा ढाल र तरबार, शिरमा पगरी गुथेर छलेर लड्ने इतिहास छ। त्यसैबेलादेखि त्यही लड्ने कलालाई छलिया नाचका रूपमा चलिआएको छ। लडाइँको झल्को दिने गरी दमाहाको तालमा छलिया नाच नाच्ने गरिन्छ। दुई वा दुईभन्दा बढीको जोडी बनाएर नाचिन्छ। गीतका टुक्का जस्तै स्थानीय डोटेली भाषामा ठोक (टुक्का) गाउँछन्। गाउँदै गर्दा झ्याम्म दमाहा बजाउँछन् र नाच्न सुरु गर्छन्। नाचिसकेपछि पुनः त्यही क्रम सुरु हुन्छ। फेरि ठोक (टुक्का) यसरी गाइन्छ।

ए ! इजरिया भावरिया कानमा बौंसिया।
बाँचि रया अमर होइऱ्या तितिका हौंसिया॥
जैजैकार छ ब्याउलीका बुवाको दान गरी छोरीलाई पठायो.... ।
कुकुणीका कान कुकुणीका कान सोज्या भरी धान।
खोणिउना, नइ उसो जमाना रयो नइ उसो इमान॥
जे जैकार छ ब्याउलीका बुवाको दान गरी छोरीलाई पठायो.... ....।

यो ठोक स्थानीय डोटेली भाषामा बोलिएको हो यसको नेपाली अर्थ हो, बाँझो खडफगालो खन्ने कानमा कोदाली बोकेको मान्छे बाँचिरहनु, अमर रहनु यतिका सोखिन मान्छे। गीतमा बेहुलीको बुवालाई जयजयकार छ, छोरीलाई दान गरेर पराइ घर सुम्प्यो भनेर बेहुलीका बुवाको प्रशंसा गीतका माध्यमबाट गरिएको छ।

त्यसै गरी अर्को अन्तरामा भनिएको कुखुरीका कान कुखुरीका कान डालो भरेर धान, हे मान्छे न त पुरानो युग रह्यो न त त्यो इमान भावमा टुक्का (ठोक) भनिएको छ। गीतमा बेहुलीको बुवाको प्रशंसा गरिएको छ।

आँकडो : आँकडो पनि छलिया नाचको एउटा महत्त्वपूर्ण भाग हो। यो निकै रोमाञ्चक हुन्छ। योद्धाहरूले युद्ध लडे जस्तै गरेर उफ्रेर नाच्छन्। एउटाले अर्कोलाई तरबार प्रहार गर्छ। अर्कोले ढालले तरबारलाई छेक्छ। लुके जस्तो गर्छन्। कहिले आकाशमा उफ्रेर तरबार र ढाल सँगसँगै चलाउँछन्। त्यसैको तालमा योद्धालाई उत्साह र साहास भर्ने खालको बाजा बज्छ। आँकडो खास गरेर विवाहमा खेलिन्छ। आँकडो अथवा छलिया नाच भए पनि यसलाई छलिया खेल्ने अथवा आँकडो खेल्ने भन्ने गरिन्छ।

गायन कलामा शिल्पी समुदाय

भडा (भडाहा) हुड्केली : कुनै कालखण्डमा वीरवीरङ्गना योद्धा तथा पायकले आफ्नो अस्तित्वलाई स्थापित गर्न, आफ्नो शासन विस्तार गर्न आफ्नो अद्भुत बल, युद्धकौशलता, क्षमता प्रदर्शन गरी युद्ध लडेका थिए। आफ्ना दुस्मनलाई पराक्रमबाट परास्त गरी कालजयी भएका योद्धाको जीवनीलाई कथावस्तु बनाएर कलात्मक शैलीमा कुनै देवकार्य (चाडपर्व) वा न्वारन, व्रतबन्ध र विवाहमा भट्याएर गाउने कला हो भडा। अहिलेसम्म निम्न योद्धाको भडा गाइने गरेको छ।

१. कार्की सक्राम २. भिया कठाइत ३. रनि रौत ४. सोभा रौत ५. नर्सा ध्वनि ६. लाली साउद ७. छेपलिया फ्याउरो ८. रत्वा धपौटी ९. झँगती पठान १०. त्रिमल चन

चैतलो : चैतलो चैतको महिनामा शिल्पी समुदायका दमाई जातिबाट गाइन्छ। चैतलो गाउँदा हुड्को बजाइन्छ। चैत महिनाभरि सबैको घरमा गएर यो गीत सुनाइन्छ।

यो चैतलो हो। शिल्पी समुदायका दमाई जातिका मान्छेले यो चैतलो हुड्को बजाएर यो कथावस्तुलाई गाएर प्रस्तुत गर्छन्। कलासँग विज्ञान मिसाएर कालजयी र अमर बनाउने कलाकर्मी शिल्पी समुदायको सिप पसिनाको उचित मूल्याङ्कन र सम्मान गर्न राज्य चुक्नु हुँदैन। पुराना निर्माण गरिएका अभौतिक संस्कृति भत्किँदै जाने अवस्थामा छन्। लोप हुने सँघारमा छन्। तिनीहरूको संरक्षण अपरिहार्य छ। युग अनुसार परिमार्जन र रूपान्तरण गर्दै कलासंस्कृतिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै जानु पर्छ। कलासंस्कृतिका धरोहर मानिएका शिल्पी समुदायलाई मानवीय व्यवहार तथा आत्मसम्मानको प्रत्याभूति दिलाउन सक्नु पर्छ। कलासंस्कृतिको ठुलो हिस्सा शिल्पी समुदायमा निर्भर छ। यसको दायरा पनि फराकिलो गरिनु पर्छ। बैतडी बस्कोटमा जन्मेका भडाया स्व. झुसे दमाईलाई जसरी भारत सरकारले सम्मान गरेर भारतीय ज्ञानकोषमा अमर बनाएका छन् त्यो स्तरबाट सुदूरपश्चिम तथा सङ्घीय सरकारले पनि कलाकर्मीका बारेमा सोच्नु पर्छ। सुन्दर कलासंस्कृति हाम्रो साझा सम्पत्ति हो। ■

संस्कृति, सभ्यता र थारू विरासत

लक्की चौधरी

संस्कृति कुनै समाजको गहिराइसम्म व्याप्त गुणको समग्र रूपको नाम हो । जुन ती समाजको सोच्ने, विचार गर्ने, खाने लाउने, बोल्ने, नृत्य गायन, साहित्य कला आदिमा परिलक्षित हुन्छ (स्वतन्त्र विश्वकोष, नेपाली विकिपिडिया) ।

संस्कृति अर्थात् उत्तम या सुध्रेको स्थिति हो । संस्कारजन्य संस्कृतिकै कारण मनुष्य अन्य प्राणीभन्दा उन्नत र चेतनशील साबित भएको छ। कुनै देश, समाजको संस्कृतिले सो देश वा समाजको सबै मानसिक निधिलाई सूचित गर्छ। संस्कृति रातारात बन्ने चिज होइन, न त कुनै व्यक्तिको एकल प्रयास र योगदानले यो निर्मित हुन्छ । संस्कृतिलाई पैसाले खरिद गर्न सकिँदैन । यो बजारमा बिक्री हुने चिज होइन । संस्कृति बन्न त कैयौँ शताब्दी पार गर्नु पर्छ । मानवको सामूहिक प्रयास र योगदानले संस्कृतिको विकास हुन्छ ।

मानिसले विभिन्न समयमा विभिन्न स्थानमा जीवन व्यतीत गर्ने क्रममा विशेष प्रकारका सामाजिक वातावरण, प्रथाजन्य संस्कार, धर्म, दर्शन लिपि, भाषा एवं कलाको विकास गरेर विशिष्ट संस्कृतिको विकास गरेको छ। त्यही संस्कृति अनुसार मानिसको जीवन भोगाइ चल्ने गर्छ । संस्कृति प्रकृतिप्रदत्त पनि हुँदैन, यो त मानवनिर्मित हुन्छ । संस्कृति सामाजिक विरासत पनि हो। यसैको माध्यमबाट सामाजिक व्यवहारको विशिष्टता एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै जान्छ ।

संस्कृति समृद्ध भएमा त्यो प्रकृतिजन्य हुन जान्छ । यदि विकृत भएमा त्यो समाजका लागि विकृति साबित हुन्छ । संस्कृतिको अर्थ समाजलाई सही पथमा उन्मुख गराउनु हो, सुसंस्कारजन्य परम्पराको विकास गर्नु हो। संस्कृतिलाई अङ्ग्रेजीमा 'कल्चर' भनिन्छ। ल्याटिन भाषाको 'कल्ट' या 'कल्टस्' बाट यो आएको हो । यसको अर्थ विकसित, परिस्कृत गर्नु। कुनै चिजवस्तुलाई संस्कारित, अर्थपूर्ण बनाउनु हो।

मानिसको सबै उपलब्धि उसको संस्कृतिसँग जोडिएको हुन्छ । कला, सङ्गीत, साहित्य, वास्तुविज्ञान, शिल्पकला, दर्शन, धर्म आदि सबै संस्कृतिका प्रकट पक्ष हुन् । तथापि संस्कृतिमा रीतिरिवाज, परम्परा, पर्व, जिउने तरिका, मानव जीवनका विविध पक्षमा मानिसको आफ्नो दृष्टिकोण पनि कायम रहन्छ। समाज वैज्ञानिकमा एउटा सामान्य सहमति के छ भने मानिसले प्राप्त गर्ने सबै आन्तरिक र बाह्य व्यवहार संस्कृतिमा समाहित हुन्छ । मूलतः संस्कृति हाम्रो जिउने र सोच्ने विशिष्ट तौरतरिका हो । हाम्रो साहित्य, धार्मिक कार्य, मनोरञ्जन सबै ठाउँमा संस्कृति जोडिएको हुन्छ ।

संस्कृति परिवर्तनशील र हस्तान्तरणीय हुन्छ। एक पिँढीबाट अर्को पिँढीमा, एक समाजबाट अर्को समाजमा र एक देशबाट अर्को देशमा यसको प्रभाव पर्दै जान्छ। अर्को र छोटो शब्दमा भन्दा संस्कृति समाजको पहिचान हो । विशिष्ट संस्कृतिबाटै सो समाजको पहिचान झल्किन्छ । जस्तैः थारू, धिमाल, मगर, गुरुङ, मैथिल, भोजपुरी, पहाडवासी, मधेसी, मुसलमान आदि । संस्कृति जीवनको विशिष्ट विधि हो। हामीले खाने भोजन, लगाउने कपडा, बोल्ने भाषा, भगवान्प्रतिको विश्वास र आगाध माया सबै संस्कृतिसँगै जोडिएका हुन्छन् । सरल भाषामा भन्दा संस्कृति त्यो विधिको प्रतीक हो, जसका आधारमा हामी सोच्छौँ, काम गर्छौं।

संस्कृतिका दुई पक्ष हुन्छन् –

(१) भौतिक संस्कृति

(२) अभौतिक संस्कृति

भौतिक संस्कृति मानवको सभ्यता (सिभिलाइजेसन) सँग जोडिएको हुन्छ । हाम्रा वेशभूषा, भोजन, घरेलु सरसामान, धनसम्पत्ति, मानिसको प्रगति आदि ।

तर, अभौतिक संस्कृतिको सम्बन्ध मानिसको विचार, आदर्श, दर्शन, भावना र विश्वाससँग हुन्छ । जुन चिज बजारमा खरिदबिक्री हुँदैन। न कसैले चोर्न नै सक्छ।

संस्कृतिको विशेषता

(क) संस्कृति अरूबाट सिकिने चिज हो । बच्चाले आफ्नो अभिभावकबाट धेरै कुरा सिक्छन् । समाजबाट सिक्छन्। मानव संस्कृति शारीरिक र

सामाजिक वातावरणबाट प्रभावित हुन्छ ।

(ख) संस्कृतिलाई हस्तान्तरण गर्न सकिन्छ । संस्कृतिसँगै ज्ञान जोडिएको हुन्छ । जुन एकबाट अर्कोमा क्रमशः हस्तान्तरण हुँदै जान्छ । यो चक्र समय अनुसार चलिरहन्छ ।

(ग) संस्कृति परिवर्तनशील हुन्छ । समयानुकूल यसको परिमार्जन गर्न सकिन्छ । नयाँ विचार, नयाँ ज्ञान अनुसार यसको परिवर्तन सम्भव हुन्छ ।

(घ) संस्कृति एक अर्कामा आश्रित हुन्छ । संस्कृतिले पूर्ण रूप लिन अर्कोमा आश्रित हुनैपर्ने हुन्छ ।

(ङ) संस्कृति जहिले वैचारिक हुन्छ । ज्ञान, विचार, दृष्टिकोणलाई समाजले स्वीकृति प्रदान गर्नुपर्ने हुन्छ ।

संस्कृतिको महत्त्व

संस्कृतिबिना मानिसको जीवन अपूरो हुन्छ । यसले हामीलाई जीवनको अर्थ, जीवन जिउने तरिका सिकाउँछ । संस्कृतिको निर्माता मानव स्वयम् हो । यसले नै मानिसलाई सही मानव बनाउँछ । सत्य, शिव र सुन्दर यी तीन शाश्वत चिज हुन्, जो संस्कृतिसँग जोडिएका छन् । संस्कृतिले नै हामीलाई सत्य सिकाउँछ । हामीलाई सौन्दर्य प्रदान गर्छ । हामीलाई नैतिकवान् र सुसंस्कृत बनाउँछ । मानव मानवबिच निकटता ल्याउने काम पनि संस्कृतिले नै गर्छ । संस्कृति नहुँदो हो त मानव समाज गतिहीन र पथहीन हुने थियो ।

संस्कृति र सभ्यता

संस्कृति र सभ्यतामा मौलिक भिन्नता छ । संस्कृतिको सम्बन्ध व्यक्ति या समाजसँग निहित संस्कारमा हुन्छ भने सभ्यताको सम्बन्ध मानवको भौतिक संरचना तथा समाजको बाह्य स्वरूपसँग हुन्छ । सभ्यता सभ्य व्यक्ति अथवा समाजलाई जनाउँछ ।

सुरुमा मानिस जङ्गली जीवन जिउने गर्थ्यौं । बिस्तारै प्राकृतिक विपत्‌बाट बच्न गुफा, काठ, ढुङ्गाको शरण लियो । अहिले फलाम, सिमेन्टबाट बनेको गगनचुम्बी महलमा मानिस बस्न सक्षम भएको छ । प्राचीनकालमा मानिसका लागि यातायातको सुविधा थिएन । पैदल नै यात्रा गर्न बाध्य थियो । बिस्तारै उँट, हात्ती, घोडा, गाडा, रथको विकास भयो । अहिले सवारीका विकसित साधनको विकास भएको छ । यातायातका लागि रेलगाडी, बस, हवाईजहाज जस्ता आधुनिक साधनको प्रयोग हुन थालेको छ ।

सुरुमा मानिस जङ्गली युगमा हुँदा जङ्गली कन्दमूल, फुलफूल खाएर जिउँथ्यो । बिस्तारै पशुपालन र कृषिको काम गर्न सिक्यो । सुरुमा सबै कृषिको काम मानिसले आफ्नै शारीरिक शक्तिबाट गर्थे । अहिले आधुनिक प्रविधिको विकास भएको छ । हावा, पानी, वाष्पलाई आफ्नो नियन्त्रणमा गरेर बिजुली बत्ती, अणु, ग्यास, विभिन्न मेसिन बनाएर भौतिक जीवनमा अहिले मानिसले कायापलट गरेको छ । मानिसका यी सबै प्रगति सभ्यता हो । सभ्यताको अर्थ हो जिउने एक विशिष्ट तरिका । मानिसले आफ्नो जीवन सहज बनाउन प्रकृतिलाई पनि झुकाउने शक्ति आर्जन गरेको छ ।

यसको ठिकविपरीत संस्कृति मानिसको आन्तरिक अनुभूतिसँग जोडिएको हुन्छ । जसमा मनुष्यका हृदयका पवित्रता निहित हुन्छ । एउटा व्यक्ति जो एकदम गरिब छ, फाटेको, च्यातेको वस्त्र लगाएको छ तर ऊ सबैभन्दा सुसंस्कृत सभ्य व्यक्त पनि हुन सक्छ । एक व्यक्ति जो एकदम धनी छ, ऐस आरामका लागि ऊसँग ठुला बङ्गला महल छ, तर ऊ सुसंस्कृत नहुन पनि सक्छ ।

संस्कृति र विरासत

सांस्कृतिक विकास एक ऐतिहासिक प्रक्रिया हो । हाम्रा अग्रजले पुर्खाबाट संस्कृतिका विषय सिकेका हुन् । आजका युवाले आफ्ना अभिभावक र अग्रजबाट संस्कृतिको ज्ञान हासिल गर्छन् । आउने पिँढीलाई पनि सांस्कृतिक विरासत हस्तान्तरण गर्छन् । हाम्रा पुर्खाले सही संस्कारलाई अँगाल्दै आएका छन् । गलत चिजलाई त्याग्दै आएका छन् । अर्थात् समयानुकूल संस्कृति परिमार्जन हुने गर्छ । एक पिँढीबाट अर्को पिँढीमा यो नियमित प्रक्रिया अनुसार हस्तान्तरण हुँदै जान्छ । यसैबाट नयाँ पुस्ताले ज्ञान र संस्कार प्राप्त गर्छ । यसको संरक्षणमा जुट्छ । यसैमा नयाँ पिँढी गर्व गर्छ ।

थारू संस्कृति

नेपाली सांस्कृतिक विरासत कैयौँ शताब्दीको अन्तरालमा विकसित भएको हो । थारू समुदाय तराईको मूल आदिवासी भएकाले थारू संस्कृतिको विरासत पनि त्यतिकै बलियो छ । थारू समुदाय सांस्कृतिक रूपले धनी समुदाय हो । यो समुदायको आफ्नै शाश्वत संस्कार, संस्कृति छ । प्राचीनकालदेखि थारू समुदायले आफ्नो संस्कार, संस्कृतिको संरक्षण र व्यवहारतः परिपालना गर्दै आएका छन् । सन्तान दरसन्तान संस्कृतिको हस्तान्तरण गर्दै आएका छन् ।

थारू समाज संयुक्त परिवारमा बस्न रुचाउँछ । सामूहिकतामै रमाउँछ । निर्णय गर्ने तौरतरिका पनि सामूहिक रूपले गर्छ । समाजमा घुलमिल भएर बस्न रुचाउने यो समुदायले संस्कृतिको परिपालना पनि सोही अनुरूप गर्दै आएको छ । थारू समुदाय धार्मिक, सांस्कृतिक तथा सामाजिक रूपले भिन्न छ । अन्य समुदायको जस्तो थारू समुदायले हरेक दिन पूजापाठमा विश्वास गर्दैन (दहित, २०६२ पृष्ठ २७६) । आफ्नो प्रथा परम्परा, पर्व, चाडमा मात्रै घरदेवतालाई पूजा गर्ने गर्छ । गाउँभरिका देवता सामूहिक रूपमा देउथानमा बस्ने हुनाले गाउँभरिकाले सामूहिक

रूपमै पूजापाठ गर्ने गर्छन् । पूजाका लागि घरमुली आफैं या घरगुरुवा, गाउँगुरुवा राख्ने गर्छ । जो 'भर्रा' को नामले चिनिन्छ ।

थारू संस्कृतिको विशेषता

(क) थारू संस्कृति सो समुदायको नैतिक कानुन सरह हुन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको तराई भूभागमा बसोबास गर्ने थारू समुदायको संस्कृतिमा गहिरो अभ्यास देखिन्छ ।

(ख) परापूर्वकालदेखि चल्दै आएको थारू संस्कृतिलाई आजका युवापिँढीले पनि अङ्गीकार गर्दै आएका छन् । थारू समुदाय जति प्राचीन छ, त्यति नै प्राचिनतम थारूको संस्कृति रहेको छ ।

(ग) पश्चिममा दङ्गौरा थारू, राना थारू, कठरिया थारू, मध्यभागमा चितौनिया, नवलपुरिया थारू समुदाय र पूर्वमा कोचिला, सप्तरिया, मोरङीया थारू बसोबास गरे पनि सांस्कृतिक रूपमा खासै भिन्नता छैन । उच्चारण र नाममा केही भिन्नता भए पनि मनाउने प्रचलन समान देखिन्छ ।

(घ) थारू समुदाय सांस्कृतिक रूपले धनी छ । त्यही संस्कृतिले सो समुदायको फरक पहिचान कायम गरेको छ ।

(ङ) समाज परिवर्तनशील भए पनि थारू समुदायको संस्कृतिमा खासै विचलन आएको देखिँदैन । सांस्कृतिक पक्षलाई कायम राख्न सक्नु नै सो समुदायको सफलता हो ।

हस्तान्तरण चुनौती

थारू समुदायको आफ्नै भाषा, साहित्य, संस्कृति, रहनसहन र संस्कारजन्य प्रथा परम्परा छ । त्यही संस्कार र संस्कृतिले नै सो समुदायको फरक पहिचान रहँदै आएको छ । थारू समुदाय नेपालको प्राचीन समुदायमध्ये एक हो । सो समुदायको इतिहास जति प्राचीन छ, संस्कृति पनि त्यति नै प्राचीन र परिस्कृत छ । थारू समुदायका परम्परागत ज्ञान, आदर्श विशिष्टता कायम रहेको संस्कृतिलाई जोगाइ राख्ने, संरक्षण गर्ने चुनौती भने युवापुस्तामा आइलागेको छ । विश्व अहिले तीव्र रूपले सूचना प्रविधिको विकास गरिरहेको छ । त्यसले विश्व संस्कृतिलाई नै एकअर्कासँग नजिक गरिदिएको छ । एक देशको संस्कृति अर्को देशमा नक्कल गर्नु, अनुशरण गर्नु सामान्य जस्तै भइसकेको छ । यो प्रवृत्तिप्रति थारू युवापुस्ता पनि लहसिएको देखिन्छ । पश्चिमा संस्कृतिको बढ्दो फैलावटले आदिवासीका परम्परागत ज्ञान र सांस्कृतिक शैलीमा बिस्तारै विचलन आउन थालेको छ ।

थारू समुदायको संस्कार, प्रथाजनित परम्परा र सांस्कृतिक ज्ञान बिस्तारै पुरानो व्यक्तिमा सीमित हुन थालेको छ । अहिलेसम्म थारू संस्कृतिको विरासत त्यही पाका उमेर समूहका व्यक्तिले धानेको प्रतीत हुन्छ । गीतबाँस होस् या सांस्कृतिक अन्य ज्ञान र सिप पुराना पाका व्यक्तिमा नै सीमित हुन थालेको छ । थारू संस्कृतिको संरक्षणमा पुरुषको भन्दा महिलाको योगदान अझ बढी देखिन्छ । यद्यपि यो समुदायको सांस्कृतिक ज्ञान र संस्कारलाई युवापुस्तामा हस्तान्तरणको चुनौती थपिँदै गएको छ । युवापुस्ता अध्ययनको सिलसिलामा, काम र रोजगारीको सिलसिलामा गाउँ, जिल्लाबाहिर, देशबाहिर जाने क्रम बढ्दै गएपछि थारू संस्कार, संस्कृति र परम्परागत ज्ञान गाउँघरमा बसोबास गर्ने उमेर पुगेका पाका समूहमा सीमित हुन थालेको छ । थारू अभिभावकलाई सांस्कृतिक ज्ञानलाई आफ्ना सन्तान र युवामा हस्तान्तरण गर्न सकस भइरहेको छ ।

युवापुस्तालाई थारू सांस्कृतिक ज्ञान र त्यसको महत्त्वबारेमा सचेत गराउन यो समुदाय अभियानकै रूपमा लाग्नुपर्ने देखिन्छ । जबसम्म हाम्रा गीतबाँस, चालचलन र संस्कार संस्कृति कायम रहन्छ, तबसम्म हाम्रा पहिचान कायम रहन्छ (चौधरी, २०६२ पृष्ठ ७) । थारू संस्कृति खतराको अवस्थाबाट गुज्रिरहेको छ । संस्कृति र संस्कारजन्य परम्परालाई युवापुस्तामा हस्तान्तरण गर्न नसक्ने हो भने यो समुदायको पहिचानमा समेत सङ्कट आउने निश्चित छ । सोबारे जनचेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता थारू समुदायका अगुवाले औँल्याइरहेका छन् । संस्कृतिको संरक्षण हरेकले आफ्नो घरबाटै सुरु गर्नुपर्ने हुन्छ । एक उमेर समूहका सदस्यबाहेक अर्का उमेर समूहका सदस्य रोजगारीका लागि धमाधम बिदेसिन थालेपछि सांस्कृतिक महत्त्वबारे यो समुदायका अगुवाले युवापुस्तालाई सचेत गराउन सकिरहेका छैनन् ।

युवापुस्ताले संस्कृतिबारे चासो नलिने हो भने थारू समुदायको संस्कृति ढिलोचाँडो मासिने निश्चितप्रायः देखिन्छ । संस्कृति जोगाउने र पहिचान कायम राख्ने विषयमा थारू समुदायका शिक्षित वर्गले समेत कम चासो दिएको देखिन्छ । अहिलेको युग प्रतिस्पर्धाको युग हो । त्यही प्रतिस्पर्धामा आफूलाई अब्बल साबित गर्न थारू समुदायका शिक्षित वर्ग जन्मिँदै बालबच्चालाई अङ्ग्रेजी सिकाउने, अङ्ग्रेजी माध्यमका विद्यालयमा पठनपाठन गराउने गरेका छन् । अरूसँगको प्रतिस्पर्धा गर्ने नाममा आफ्नो मातृभाषा शिक्षालाई चटक्कै बिर्सेका छन् । थारू समुदायले आफ्ना सन्तानलाई मातृभाषा नसिकाउने, आफ्नो संस्कार तथा प्रथाजन्य परम्पराको ज्ञान नदिने हो भने संस्कृतिबारेमा 'जेनेरेसन ग्याप' हुने सम्भावना प्रबल छ । यसबारेमा शिक्षित तथा सचेत युवा वर्गले समयमै ध्यान दिन सक्नु पर्छ ।

अरूसँगको प्रतिस्पर्धा गर्ने बहानामा आफ्नै संस्कृति र परम्परा बिर्सनु भनेको आफ्नो पहिचान गुमाउनु हो । पहिचान गुमाउनु भनेको आफूलाई भुल्नु हो । संस्कृतिको

संरक्षण गर्ने र थारू संस्कृतिको हस्तान्तरणको प्रयास हरेकले आफ्नै घरबाट, आफैँबाट सुरुवात गर्नु पर्छ । एक पटक गुमेको संस्कार संस्कृतिलाई पुनः प्राप्त गर्न सम्भव हुँदैन । पढेलेखेका युवाले यसबारे ध्यान दिने हो भने थारू संस्कृतिको संरक्षण र संवर्धन सम्भव छ । अन्यथा अरूको लहलहैमा लागेर आफ्नै पहिचान खोज्ने दिन नआउला भन्न सकिँदैन ।

निष्कर्ष

थारू समुदायमा संस्कार संस्कृतिको नाममा केही विकृत रूप पनि छन् । जसलाई समयमा परिमार्जन गर्न नसक्दा सो समुदायको संस्कृतिमा दाग लाग्ने गरेको छ । थारू समुदायलाई सरकारले र सरकारी लिखतले मतवाली समुदाय अन्तर्गत राखेको छ । जुन समुदायको देवताले पनि पेय पदार्थ स्वीकार गर्छन् भन्ने विश्वास गरिन्छ । घरमै बनाउने रक्सीले देवता पुज्ने र पाहुना अतिथिको स्वागत सत्कार पनि पेय पदार्थले गर्ने प्रचलन यो समुदायमा छ । त्यसले थारू संस्कृतिलाई केही मात्रामा प्रभावित गरिरहेको छ । पूजापाठका नाममा, अतिथि सत्कारका नाममा, चाडपर्वमा रामरमाइलो गर्ने बहानामा अत्यधिक मादक पदार्थको सेवनले एकातिर थारू संस्कृतिमा विचलन ल्याउने गरेको छ ।

उहिले थारू समुदायका प्रतिनिधिलाई थारू संस्कृतिले नै गिजोलेको थियो । गीतबाँस, मनोरञ्जन र रामरमाइलोमा लागेर कैयौँ थारूहरू पढ्नबाट वञ्चित भए । पढाइ लेखाइमा उनीहरूको ध्यान खासै पुगेको देखिएन । एकोहोरो संस्कृतिमा मात्र लाग्दा पढाइ लेखाइमा अब्बल साबित हुन सकेनन् । जसका कारण उनीहरूको आर्थिक हैसियत कमजोर बन्दै गयो भन्ने केही थारू अगुवाहरूको बुझाइ देखिन्छ । यो समुदायमा रहेको सांस्कृतिक पक्षलाई बिकाउका रूपमा, व्यवसायीकरण गर्न नसक्दा त्यसबाट आम्दानी आर्जन हुन सकेन । आम्दानीको स्रोत बनाउन नसक्दा संस्कृति र जीवनशैलीमा धरमरको अवस्था आइलाग्यो । थारू लोकसाहित्य तथा संस्कृतिको भविष्य दुवै चुनौतीपूर्ण बन्दै गएको छ । चुनौतीलाई पार गर्दै संस्कृतिको संरक्षण गर्नु आजको युवाको दायित्व हो (कोपिला, २०७६ पृष्ठ १२) । आजको युवाले थारू संस्कृतिलाई व्यावसायीकरण गर्न सक्ने हो भने एकातिर थारू संस्कृतिको संरक्षण हुन्छ, अर्कोतिर जीवन निर्वाहको उपयुक्त माध्यम पनि बन्न सक्छ । थारू युवापुस्ताले यसप्रति सचेत हुनु पर्छ ।

संस्कृति सबै समुदायको मौलिक पहिचान हो । नेपाल विविध भाषा, समुदाय र जातिले भरिएको देश हो । सबै समुदायको संस्कृतिको जगेर्ना गर्ने राज्यको कर्तव्य पनि हो तर त्यसमा राज्यको ध्यान गएको देखिँदैन । उहिले थारू जातिको पौराणिक प्रचलन अनुसार हस्तलिखित लोकगीत तथा संस्कृतिका पाण्डुलिपि सङ्कलन गरिएका हुन्थे । सङ्कलनकर्ताको मृत्युसँगै सो सङ्कलित कृति (पाण्डुलिपि) जलाइए, गाडिए वा फ्याँकिए (थारू, २०६९) । पुरिनु, फ्याँकिनु थारू प्रचलन जस्तै बनाइयो, अद्यापि बनाइँदै छ ।

संस्कृतिको संरक्षण तथा मातृभाषा शिक्षामा राज्यले निकै न्युन बजेट खर्चने गरेको छ । जसले गर्दा आदिवासी समुदायका विशिष्ट मौलिक संस्कृतिको संरक्षण हुन सकिरहेको छैन । आदिवासीका विशिष्ट संस्कृतिको संरक्षणमा राज्य र सो समुदायका युवापुस्ता संयुक्त रूपमा लाग्न जरुरी छ । राज्यको मात्र भर परेर पनि सो समुदायको संस्कृतिको जगेर्ना सम्भव हुँदैन । नेपाली सांस्कृतिक विरासत हजारौँ वर्ष लागेर बनेको हो । आदिवासीको सांस्कृतिक विरासत अझ अनुपम छ । नेपाल विविध जाति, समुदाय र वर्गले निर्मित छ । सबै जातिको आफ्नो जातीय भाषा, संस्कृति, कला र सांस्कृतिक पहिचान छ । यी पहिचान रातारात बनेका होइनन् । सयौँ, हजारौँ वर्ष लगाएर बनेका हुन् । पुस्ता दरपुस्तामा हस्तान्तरित हुँदै आएका हुन् । नेपाली संस्कृति केही भारतीय संस्कृतिसँग मिल्ने छन् । केही तिब्बती संस्कृतिसँग मिल्दाजुल्दा छन् । कारण, नेपालमा आएका पुस्ता कोही भारतबाट आए, कोही तिब्बती मूलबाट आएका हुन् । मानिससँगै भाषा र संस्कृति सँगै भित्रिएका हुन् । मानिस स्वभावतः प्रगतिशील प्राणी हो । त्यही भएर संस्कृति पनि समय अनुसार परिमार्जन हुँदै आएका छन् । मानव स्वभाव, चालचलन र वस्तुस्थिति अनुसार संस्कृतिले आफ्नो रूप परिवर्तन गर्न पुग्छ ।

सभ्यताले मानिसको भौतिक चिज र त्यसको प्रगतिलाई बुझाउँछ । जबकि संस्कृतिले मानिसको मानसिक चिज र प्रगतिलाई जनाउँछ । मानिस भौतिक चिजको प्राप्तिबाट मात्र सन्तुष्ट हुन सक्दैन । भोक मेटाउनु मात्र मानव जीवन होइन । मानिसले ज्ञान, सिप, बुद्धि विवेक सबै चिजको भोको छ । सोही अनुरूपको संस्कार, संस्कृतिको विकास गरेको छ । भोक त जीव जनावर सबैले मेट्छन् तर उनीहरूसँग आफ्नो संस्कृति छैन । कारण, जीव जनावरण मानव जस्तो विवेकशील छैन । तिनको पहुँच छैन । एउटा निश्चित घेरामा सीमित छन् तर मानव एउटा घेराभित्र बस्न सक्दैन । भोकसँगै मानवले सङ्गीत, साहित्य, सौन्दर्य, चित्रकला, वास्तु, गीत, मनोरञ्जन सबै चिजको विकास गरेको छ । संस्कृति जीवन पद्धति हो । यसकै आधारमा हामी सोच्छौँ, काम गर्छौं र चल्छौँ । सङ्गीत, कला, साहित्य, वास्तुविज्ञान, शिल्पकला, धर्म, ज्ञान विज्ञान, दर्शन यी सबै संस्कृतिका प्रकट पक्ष हुन् । संस्कृतिमा रीतिरिवाज, परम्परा, जीवन जिउने तरिका, व्यक्तिको आफ्नो दृष्टिकोण यी सबै जोडिएका हुन्छन् । त्यसैले संस्कृति मानव जीवनको उपज हो भन्न सकिन्छ । ■

उत्तराखण्डको गोरखा किल्ला

महेशचन्द्र बराल `ओम श्री'

जसरी बादल गर्जन्छ आकाशमा घनन
त्यसरी गर्जिए नेपाली नालापानी घनन

यदि कसैले ऊ मृत्युबाट डराउँदैन भन्यो भने ऊ झूट बोल्दै छ वा गोरखा हो । यो भनाइ अङ्ग्रेज सैन्य अधिकारीको थियो । गोरखा कहिल्यै झुकेनन्, न त कहिल्यै रोकिए । निरन्तर गोरखाको विजय यात्रा चलिरह्यो । सायद गोरखाले संसार जित्न चाहेका थिए । त्यसैले त पूर्वमा टिस्टा नदीदेखि पश्चिममा हिमाचलको किल्ला काँगडासम्म गोरखाले आफ्नो झन्डा फहराएका थिए । कुमाउ र गढवालमा गोरखाका धेरै कथा छन् र उनीहरूको शासन प्रणालीको डर अझै पनि मानिसको मनमस्तिष्कमा गढेको छ ।

गोरखा शासनको भय, त्रास र आपत्कालको नाम थियो गोरखा शासन । बोल्ने त टाढाको कुरा, गोरखाको अगाडि शिर उठाउने पनि साहस कसैको थिएन । यस्तो किंवदन्ती जनमानसमा अझै प्रचलित छ । त्यस बेलाका उत्तराखण्डका लेखकले यसलाई गोरख्यौल भनेका छन् । भनिन्छ, गोरखा सैनिकले शत्रुको टाउको काटेपछि भन्थे, "नलाग्ने खुकरीले हिर्काइदिउँला ।"

उत्तराखण्डमा गोरखाका तीन किल्ला थिए, देहरादुन, अल्मोडा र पिथौरागढ । तिनीहरूमध्ये अल्मोडा किल्लाको शासनसत्ता केन्द्रको रूपमा चिनिन्थ्यो । त्यहीँबाट कुमाउ र गढवालमा गोरखा सैन्य प्रशासन चल्थ्यो । त्यहीँ गोरखाको अदालत र न्यायप्रणाली पनि सञ्चालन हुन्थ्यो । त्यहाँ प्रशासनिक अधिकारीहरू सुब्बा, न्यायाधीश विचारी र सैन्य प्रमुख सेनापति बस्दथे ।

पिथौरागढको जीवित गोरखा किल्ला अब कुरा गरौँ उत्तराखण्डको एक मात्र जीवित गोरखा किल्लाको । यसका लागि तपाईंलाई सीमावर्ती पिथौराशाहीको नगर सोर आउनुपर्ने हुन्छ । सुन्दर, शान्त उपत्यका जुन चारैतिरबाट सहर चारैतिर पर्वत शृङ्खलाले घेरिएको छ र पहाडमा थुप्रै सानाठुला लोकदेवताका मन्दिर छन् । हरेक ठाउँमा पानीका धाराहरू (नौला) छन् । बजारको बिचमा शक्तिपीठ शिवको प्राचीन मन्दिर छ, जहाँ विशाल बजरङ्गबलीको मूर्ति छ र त्यहीँबाट बग्ने निर्मल धारा छ, जसलाई शिव धारा भनिन्छ ।

त्यसबेलाको पुरानो बजार पनि यही धाराबाट सुरु हुन्थ्यो, जसलाई आज पनि 'पुरानो बजार' भनिन्छ । आज पनि त्यहाँ पुराना ढुङ्गाका छानावाला घरहरू देख्न पाइन्छ । प्रमुख धारा पदीया धारा, जोगिया धारा, रई धारा, महादेव धारा, लिंठुडा धारा, स्टेसन धारा, चिमस्या नौला, कोतको नौला, यी सबै पानीले भरिपूर्ण थिए, जसले सोर नगर (पिथौरागढ) लाई जीवन्त बनाएका थिए ।

गोरखा किल्लाको निर्माण र संरचना सोरको माथिल्लो भागमा रहेको टापुमा गोरखा किल्ला अवस्थित छ । यो निकै मजबुत किल्ला हो र सहरको बिचमा छ । जबकि देहरादूनको नालापानी र अल्मोडाको किल्ला समयसँगै ढले, पिथौरागढको गोरखा किल्ला अझै गर्वकासाथ उभिएको छ । यो किल्ला सन् १७९० पछि बनाइएको हो । यसको लम्बाइ ८८.५ मिटर र चौडाइ ४० मिटर छ । चारैतिर नौ फिट अग्लो पर्खाल र पाँच फिट बाक्लो मोटाइ छ । यो किल्ला ६.५ नाली क्षेत्रफलमा फैलिएको छ । मानिन्छ कि किल्ला बनाउँदा मासको दालको लेप प्रयोग गरिन्थ्यो जसले ढुङ्गा बलियोसँग टाँसिन्थ्यो ।

किल्लामा विभिन्न मचान छन् र १५२ वटा मोहडे (छिद्र) छन्, जहाँबाट बन्दुक चलाइन्थ्यो वा ढुङ्गा फ्यालिन्थ्यो । त्यसबेलामा यो किल्ला पहाडको टापुमा भएकाले शत्रुले सजिलै आक्रमण गर्न सक्दैनथे । पानीको सुविधा पनि थियो । किल्लाभित्रै इनार थियो । जसबाट खाना पकाउने पानी निकालिन्थ्यो । कालान्तरमा पछि यो इनार पुरिएको छ ।

गोरखा सैनिकको परेड गर्ने ठाउँ र नौला गोरखा किल्लाबाट दुई सय मिटर टाढा, जहाँ आज देवसिंह मैदान छ, गोरखा सैनिक बिहानबेलुका परेड गर्थे । त्यहीँ तल एक नौला थियो, जुन कपडा धुन, घोडालाई पानी खुवाउन प्रयोग हुन्थ्यो । त्यसैले त्यो स्थानलाई कोतको नौला भनिन्छ । 'कोत' शब्दको अर्थ हुन्छ– गोरखा सैनिक अड्डा ।

अन्य निगरानी किल्ला

इतिहासकार डा. दीप चौधरीका अनुसार, जहाँ आज GGIC स्कुल छ, त्यहाँ पनि गोरखाहरूको निगरानी किल्ला थियो, जहाँबाट सम्पूर्ण पिथौरागढ नियालिन्थ्यो। त्यो किल्ला २५ वर्गफुटको थियो र पिथौरागढको सबैभन्दा अग्लो डाँडामा थियो। आधा जमिनमुनि र आधा जमिनमाथि रहेको, दुई तल्ला गहिरो र माथि खुला किल्ला थियो। मुख्य किल्लालाई बाउलकी गढ भनिन्थ्यो र GGIC किल्लालाई हुलकी गढ।

१८१५ मा गोरखाहरू फर्केपछि यो किल्ला खण्डहरमा परिणत भयो र पछि त्यहाँ स्कुल खोलियो।

अङ्ग्रेज शासन र किल्लाको पुनर्निर्माण

अङ्ग्रेजहरू आएपछि गोरखा किल्लालाई Loudon Fort नाम दिइयो। सन् १८८१ मा अङ्ग्रेजहरूले यहाँ तहसिल सञ्चालन गरे। सन् १९२० मा पुनर्निर्माण गरियो। भारत स्वतन्त्र भएपछि पनि यहाँ प्रशासनिक कार्यहरू भइरहे। उत्तराखण्ड बनेपछि पर्यटन विभाग र कुमाउ मण्डल विकास निगमले यसलाई पर्यटनस्थलका रूपमा विकास गर्‍यो। आज यहाँ भाव राग ताल नाट्य एकेडमीको सङ्ग्रहालय पनि छ। अहिले किल्लाको नाम सोरगढ राखिएको छ तर जनमानसमा अझै पनि यसलाई गोरखा किल्ला नै भनिन्छ।

पिथौरागढको सामाजिक चिन्तक, वरिष्ठ साहित्यकार डा. पिताम्बर अवस्थीका अनुसार, डोटी र गोरखा शासनकालमा धेरै नेपाली यहाँ आएर बसोबास गरे। यहाँका जातीय र सांस्कृतिक सम्बन्ध आज पनि नेपालसँग मिल्दोजुल्दो छन्। धर्म, भाषा, रोटीबेटीको सम्बन्ध घनीभूत छ। दुई देशबिच राजनीतिक असमझदारी भए पनि पिथौरागढमा नेपाली र भारतीय जनताको सम्बन्धमा कुनै असर परेको देखिन्न।

आज पनि किल्लानजिकै थापा, राना, सार्की जातिका बस्ती छन्। वरपरका गाउँमा सयौँ गोरखा परिवार बसोबास गर्छन्।

गोरखाहरूको कुमाउ प्रवेश

सन् १७८९ मा गोरखा पश्चिम नेपाल हुँदै डोटी पार गरेर कुमाउ गढवाल प्रवेश गरे।

गोरखा महाराज पृथ्वीनारायण शाहले नेपालका २४/२५ साना राज्यलाई एकीकृत गरेर एकात्मक शासन स्थापना गरे। यसै एकीकरण अभियानलाई अघि बढाउँदै, गोरखा महाकाली नदी पार गरेर पिथौरागढ पुगे। त्यो बेलामा झुलाघाट सीमानजिक पुल थिएन– काठको पुलमार्फत महाकाली नदी पार गरिएको थियो।

कुमाउमा त्यसबेला चन्द राजाको शासन थियो। आपसी कलह र षड्यन्त्रले गर्दा उनीहरू कमजोर बनिसकेका थिए। यसैको फाइदा उठाउँदै, चन्द राजाको वजीर हर्षवर्धन जोशी (जसलाई कुमाउको चाणक्य मानिन्थ्यो) ले आफ्नै स्वार्थका लागि गोरखालाई कुमाउमा आक्रमण गर्न निमन्त्रणा दियो। फेरि अङ्ग्रेजले पनि कुमाउमा आक्रमण गर्न हर्षवर्धन जोशीले प्रोत्साहित गरेका कारण उसलाई कुमाउको विभीषण भन्ने गरिन्छ। ■

कविता

कलङ्कितबाट ज्ञान

उत्तमराज अधिकारी

तिमी जतिसुकै परपीडक कलङ्कित भए पनि,
तिमीले जतिसुकै असामाजिक काम गरे पनि,
मैले तिम्रा हरेक क्रियाकलापहरू पढ्नैपर्छ,
तिमीबाट समयसापेक्ष ज्ञान लिनैपर्छ।

मलाई तिम्रो गाली सुन्न र आवेश हेर्न मन पर्छ,
तिम्रो गालीले कल्पनै नगरेका नयाँ ज्ञानहरू दिन्छ,
मेरो अन्तर्मन, मस्तिष्कका ढोकाहरू खोलिदिन्छ,
बुझाइमा स्पष्टता ल्याउँछ र सिर्जनशील बनाउँछ।

तिमी र तिम्रा अनुयायीका हरेक व्यवहारहरू,
मैले जान्नैपर्ने मेरा सिकाइका आधा हिस्सा हुन्,
मैले तिमी र तिम्रा आफन्तका बारेमा पढ्नैपर्छ,
मैले मेरो अधुरो ज्ञानलाई पूर्णता दिनैपर्छ।

तिमीले समाजलाई दुःख, पीडा दियौ र दिँदै छौ,
त्यो त्यति दर्दनाक कुरा होइन, दर्दनाक त्यो हो
समाजले तिमीलाई ज्ञान, बुद्धि, विवेक दिन सकेन,
र सकेन संस्कारयुक्त सुयोग्य मानव बनाउन। ■

देउडा, मागल र पैठ सम्पदा

मीमबहादुर परियार

विश्व इतिहासमा कला सम्पदाको महत्त्व, यसले बुनेको सामाजिक अन्तरसम्बन्ध र विशेषतामाथि सारा संसारलाई जगजाहेर रहेको छ । कुनै पनि भूगोल, समाज, समुदायको चिनारी दिने काम कला सम्पदाले गर्दछ । नेपालको हकमा यहाँभित्रका विभिन्न राष्ट्रको आआफ्नै पहिचान छ । उदाहरणका लागि हाक्पारे, पालम भन्नेबित्तिकै किराँतको चित्र मानसपटलमा आउने गर्छ । इन्द्रजात्रा, ढिम्हे, लाखेनाच भन्नेबित्तिकै नेवारी सम्यताको विम्बका रूपमा चित्रण हुन्छ। त्यस्तै खस सभ्यता शब्दले कर्णाली र सुदूरपश्चिम भेगका कला सम्पदाको पर्यायका रूपमा चित्रण दिने गर्छ । देउडा, मागल र पैठ जस्ता लोकसम्पदाले समग्र खस सभ्याताको चिनारीलाई वहन गरेको देखिन्छ । यस आलेखको मुख्य उद्देश्य यिनै खस सभ्याताका अजर सम्पदाको नासो आमपाठकमा पुऱ्याउनु हो ।

सुदूरपश्चिम र कर्णाली क्षेत्रका उत्साह उत्सवलाई विशेष रूप दिने माध्यम यहाँको कला सम्पदा हो । यस भेगको जनजीवनलाई मूर्त बनाउने, संस्कार संस्कृतिलाई उजागर गर्ने सेतु देउडा, मागल र पैठ नै हुन् । देउडा अर्थात् खस सभ्यताको गायन र नाचको अलौकिक मेल भएको कला सम्पदा हो । खस सभ्यतालाई यसको उद्गम स्थल मानिन्छ भने भूगोल अनुसार सुदूरपश्चिम तथा कर्णालीका विभिन्न भाषिकामा देउडा गाउने प्रचलन रहेको छ । देउडाको शाब्दिक अर्थ ठाउँ अनुसार फरक फरक रहेको छ। केही जानकारले यसलाई धर्मसँग जोडेर देवीदेवतालाई आह्वान गर्नका लागि गाइने गीत भनेका छन् । केहीले देउडालाई सामूहिक मनोरञ्जनात्मक कला भनेका छन् । खैर, जसले जे भने पनि देउडा कर्णाली तथा खस सभ्यताको लोकजीवन हो । यो जनमनसँग जोडिएको कला सम्पदा हो ।

सुदूरपश्चिम तथा कर्णालीका जिल्लामा विवाह, उत्सव, जात्रा (पैठ) मा देउडा खेल्ने, गाउने र नाच्ने गरिन्छ । देउडा माहोल अनुसार फरक फरक तरिकाबाट प्रस्तुत हुने गर्छ । जस्तै, वनपाखामा मेलापात जाँदा एकान्तमा वेदना पोख्न गाइने देउडा गीतलाई ठाडीभाका

भनिन्छ । ठाडीभाका एक्लै वा संयुक्तमा लामो लय हालेर गीतमार्फत आफ्ना पीडा वेदना व्यक्त गरिने गीत हो। विशेष गरी जब घरपरिवार वा निजी जिन्दगीमा कुनै प्रकारका समस्या उत्पन्न हुन्छन् । अरू कसैलाई उक्त पीडा दुःख पोख्न पनि असहज लाग्छ । तब प्रकृतिको माझ मनको बहावलाई हल्का बनाउन, आफ्नो पीडा पोख्न ठाडीभाका गाउने चलन रहेको छ। ठाडीभाकाको सिर्जनाका सवालमा यो समुदायको मौलिक रचना हो। यसमा जीवनगाथा जोडिएको हुन्छ।

कठै दैनै बड्डा मेरा हाट बाइगयाँ, भाउ मेरो कतार
मु दुःखीका कुडा सुन्ने कोही नाइँ, को लैजाला रैवार
(प्रस्तुत ठाडीभाका खस नेपाली भाषामा रहेको छ)

उत्सव उत्साहमा गाएर नाचिने देउडालाई देउडा खेल भनिन्छ। विवाह, छैठी, न्वारन, मेला पर्वलगायतका खुसियाली अवसरमा रमाइलोका निम्ति खेलिने साङ्गीतिक खेल हो देउडा खेल । देउडा खेल खेल्ने खेलाडीलाई खेलाउँडा भनिन्छ। यो गीतिखेल सामूहिक खेल हो । यो खेल खेल्नका लागि ठुलै समूहको आवश्यक पर्छ। देउडा खेलका लागि सुरुमा समूहलाई गोलो घेरा बनाउनु पर्छ । गोलो घेरामा बसेका देउडा खेलका खेलाडीले एकले अर्काको हात समातेको हुनु पर्छ । हेर्दा गोलो घेरा एउटै देखिए पनि यसभित्र दुई समूह हुन्छन्। दुई समूहले देउडा गीतबाट सवाल जवाफ गर्छन्। एउटा समूह (खेलाउँडा) ले चर्को स्वरमा देउडा गीत गाउँछ, उसको त्यही देउडालाई देउडा खेलको समूहले, दाहिने देब्रे खुट्टा अगाडि पछाडि सार्दै, गाउने गर्छन्। उक्त गीतको जवाफमा अर्को समूहबाट खेलको एक खेलाउँडाले देउडा गाउँछन् । यसरी खेलका सबै खेलाडी, देउडा गीतको माध्यमबाट सवालजवाफ गाउँदै खुट्टा अगाडि पछाडि गरी खेल घण्टौँसम्म खेल्ने प्रचन रहेको छ।

कर्नाली सेती महाकाली मिलेका छन् सप्पागरी (सवाल)

ठाउँठाउँमा छरी बस्या पनि मन हाम्मो एकै भई

साइपाल छ टलक्क टल्केको, हामी सबैको मनमा बसेको (जवाफ)

रारा राम्री हाम्मी, सबैभन्दा ठुली, भएकी छन् नेपालीको मानसान

(प्रस्तुत देउडा, देउडा खेलका अवसरमा सवालजवाफका लागि गाइने गरिन्छ)

महाभारत रामायणका गाथा गीतमार्फत गाइने देउडलाई हुड्क्यौली अथावा हुड्के नाच भनिन्छ । हुड्क्यौली हुड्को, नाच (डमरुकै आकार जस्तो हातले बजाउने बाजा) र गीतको मिश्रण हो। यसमा गीतमार्फत धार्मिक गाथा एवं लोकका कथा माहोल हेरेर गाउने र नाच्ने चलन रहेको छ। हुड्क्यौलीको अर्को सुन्दर पक्ष भनेको यसमा मौलिक पोसाक दौरा लगाएर मात्रै घुमी घुमी नाच्ने, गाउने हातले हुड्को बजाउनुपर्ने हुन्छ । हुड्क्यौलीमा मानिसको गोलो घेराभित्र दुई समूह बनाएर गीतबाट दोहोरीकै शैलीमा एक हातले हुड्को बाजाउँदै, नाच्दै गीत गाउँदै सवालजवाफ गर्ने परिपाटी यसमा रहेको हुन्छ।

राम गयाँ बनबास, सीताको भयो हरण, साहेबौ
सत्यको सधैँ जित हुन्छ, ढाँटको हार
(हुड्कयौलीमा गाइने गीत)

देउडाभन्दा फरक शैलीको गायकी भएको गीत हो मागल । खस सभ्यताको बहुमूल्य कलासम्पदा मागल विशेष गरी सुदूरपश्चिम, कर्णाली तथा भारतको उत्तराखण्डमा आजको मितिमा पनि गाइने चलन रहेको छ । मागल गीतलाई शुभकार्यको प्रतीक पनि मानिन्छ । मागलको आवाज सुनिनु नै खुसी उत्सव भएको बुझिन्छ । मागल विवाह, व्रतबन्ध, छोरा जन्मेमा, चोपाउनु (परिवारमा कुनै उत्सव मनाउनु परेमा रोपाइँताका खेतमा गरिने नाचगान) लगायतका हर्ष उत्सव तथा धार्मिक शुभकार्यमा सांस्कृतिक कथा झल्किने गरी गाउने अभ्यासमा छ। मागल मुख्यतया पाका महिलाले समूहमा लामो लय हालेर गाउने गीत हो। मागल गाउने महिलालाई 'मग्लेरु' भनिन्छ।

मागल गाउनुअगाडि मुग्लेरुलाई एकतिर फेरुवा (हातले बुनेको गलैँचा जस्तै) ओछ्याएर बस्न आग्रह गरिन्छ । मग्लेरु पनि मौलिक वेशभूषामा सजिएका हुन्छन् । शिरमा घुम्टो, गलामा हरियो पोतेका मालासँगै लाट्तालाका माला लगाएका हुन्छन्। काला चोली, १२ हाते फरिया र कम्मरमा सेतो पाउडो (पटुकी) पहिरेका हुन्छन् । मागल गाउनुअगाडि काँसको थालमा फूल, चामल, दियो र भेटी राखेर मागल गाउन आग्रह गरिन्छ। त्यसपश्चात् उत्सवको प्रकृति हेरेर मग्लेरुले गालामा हात राखेर लामो लयमा मागल गाउने गर्छन्। विवाह, व्रतबन्ध, न्वारान, चोपाउनीमा गाउने मागल फरक फरक हुन्छन्।

नेपाली साहित्य कोश (२०५५) अनुसार 'नेपालका सुदूरपश्चिमाञ्चलका पाखा पखेरा र उपत्यकाहरूमा लोकदेवता मस्टोको लोकमान्यता र प्रभुत्व सर्वेपरि रहेको पाइन्छ। मस्टोको कुनै मूर्ति हुँदैन तर थलो चाहिँ हुन्छ। मस्टोलाई मैथो र गोसाइँ भनेर सम्बोधन गर्दै मागल गीत गाउने चलन छ।'

लोकसङ्गीतका ज्ञाता ज्ञानेश्वर निरौलाका अनुसार, 'मागल पश्चिम नेपाल खास गरी डोटी, कर्णालीतिर गाइने संस्कार गीत हो। मागल मङ्गल तत्सम शब्दको तद्भव रूप हो। यसलाई स्थान अनुसार डोटी, कर्णाली भेगमा मागल र प्युठानपूर्व महाल भनेको पाइन्छ । संस्कार

गीतका सन्दर्भमा यो मङ्गल गीत हो । यो गीत पुत्र वा बालो जन्मँदा, न्वारान गर्दा, व्रतबन्ध गर्दा, तीर्थयात्रा गर्दा, गृहनिर्माण गर्दा वा कुनै पनि शुभकार्य वा विशेष अवसरमा यो गीत गाइन्छ । यो गीत पश्चिम नेपालमा मात्र नभएर अहिले त पूर्वी नेपालमा पनि प्रचलनमा आइसकेको छ । यो गीत जन्म दिने भाग्यमानी महिलाले ब्रह्माजीसँग छोराको भविष्यका बारेमा सोधनी गरेको प्राचीन ढाँचामा गाइन्छ । विभिन्न माङ्गलिक अवसरमा गाइने यो नारी गीत हो । यस गीत वाद्य र नृत्यबिना नै फूलको झुप्पो वा चमर डोलाएर शुभकार्यमा गाइन्छ ।

सङ्गीतको प्राकृतिक भाषाको अनेक अर्थभित्र, उत्सव हर्षले भरिपूर्ण मागलको बेग्लै पहिचान र महत्त्व छ । मागल लिङ्ग उमेर र अनुभवसँग सम्बन्धित छ । मागल गाउन अनुभवसँगै अनुशासन र बर्सौंको साधनमा पनि अपरिहार्य हुन्छ । अर्को रोचक पक्ष के हो भने मागल उत्सवको प्रकृति हेरेर गाउने गरिन्छ । प्रत्येक शुभ कार्यका आआफ्नै लय भएका मागल हुन्छन् । विवाहका लागि गाइने मागल छुट्टै हुन्छ ।

विवाहमा गाइने मागल छोटो अंश यस प्रकारको हुन्छ

चल चल जजमानौँ रेखी पूजा चल
चल चल जजमानौँ रेखी पूजा चल
जौंवकी चरुवा हाल
चामलकी पिठो हाल
कलसी शृङ्गार
चल चल जजमानौँ दैचामलौँदो दुबो हाल
चलचल जजमानौँ मुग्लेरुका मागल गाव
चल चल जजमानौँ जग्गी हाल कलश पूज
दैचामल पूज गौत पूज जजमानौँ ।

छोराका छैठी रातमा गाइने मागल यस प्रकारको हुन्छ

बालीवैशं छोरो भयो
गरिह उज्यालो भयो
उदिमेली गौचरन बालक जन्मेको घर
दुबोले भरियो
उदिमेली गौचरन उहीँ माथि हरियो
बालक जन्मेका घर अर्साफिनीले भरियो
हरि चौड दुबी चौड उहीँ माथि हरियो
बालक जन्मेका घरका बोब दुबाले भरिया
उदिमेली गौचरन उहीँ माथि हरियो
बालकका बबाको शिर दुबाले भरियो ।

(प्रस्तुत माथिका मागलका हरफ खस नेपाली भाषाका हुन्)

मागल गीतका प्रत्येक शब्द ऊर्जाले भरिएको हुन्छ । उत्सवको प्रकृति हेरेर शुभकामना र आशीर्वाद मागलभित्र पाइन्छ । मागल मङ्गलको अर्को रूप भएको खस सभ्यताका जानकारको साझा मत रहेको छ ।

देउडा र मागलभन्दा पैठ धार्मिक तथा सांस्कृतिक सम्पदा हो । मस्टो परम्परा अनुसार पैठ अर्थात् जात्रा स्थानीय देवहरूको उत्सव हो । मस्टो संस्कृतिभित्रका देव, इष्टदेवका पूजाअर्चना गर्नु नै पैठ हो । कर्णाली भेगका (कर्णाली, सुदूरपश्चिम) केही चर्चित पैठहरू जस्तै मस्टा देवको पैठ, झ्या देवको पैठ, लाकुराको पैठ, ह्याकर लौडीसिमेको पैठ, माहदेवको पैठ, लामा विष्णुको पैठ, बाटपालाको पैठ, खापर देवको पैठ, मोफ्लाको पैठ इत्यादि हुन् । पैठ खास गरी एकादशी, पूर्णिमाका दिनमा मनाइने परम्परा रहेको छ । देवहरू जति शक्तिशाली हुन्छन् पैठको आकार र मानिसको चहलपहल त्यही अनुसारको हुने गर्छ । प्रायःजसो ठुला देवका पैठ पाटनमा आयोजना गरिन्छ । बाजुरामा मनाइने खापर देवको पैठ विशाल पाटनमा आयोजना हुन्छ । त्यस्तै साना तथा स्थानीय पैठ भने गाउँ गाउँमा लाग्ने गर्छन् । ठुलाठुला पैठको दिन पाटनहरूमा विशाल मानव सागर देखिन्छ । मानिस नयाँ लुगा लगाउने, साथीसङ्गी समूह समूह जुटाएर पैठ हेर्न जाने चलन छ । सबै उमेर समूहका मानिस घण्टौँ हिँडेर पैठका मेला भर्न जाने गर्छन् । धामी नाच पैठको प्रमुख आकर्षणको केन्द्र हो । धामीहरू दमाहाको धुन अनुसार पैठमा कम्मर हल्लाउँदै (पतुर्ने) नाच्ने गर्दछन् । धामी पतुरिसकेपछि पैठारु (पैठ हेर्न गएका मान्छे) देउडा खेल खेल्ने गर्छन् । देउडा खेलले पैठको माहोलमा झन् रौनक थप्ने गरेको हुन्छ । देउडा समूह समूह बाँधेर खेलिन्छ । महिलाको छट्टै देउडा खेल हुन्छ भने पुरुषको छुट्टै ।

प्रायः सबै पैठका आआफ्ना विशेषता छन् तर समानता भने उत्सव, उत्साह र धार्मिक पाटो नै हो । देवहरूको प्रकृति अनुसार पैठमा पूजाआजा हुन्छ । पशुबलिको भोग खाने देवको पैठमा देवको नाममा बोका, भाले राँगालगायतका पशुबलि चढाइन्छ । त्यस्तै पशुबलि नचढ्ने देवलाई पूजाअर्चनाका निम्ति दुध तथा फलफूल चढाउने चलन रहेको छ । देवहरूका दूत धामीमा देवता ल्याउन दमाहाको राग, धुन अवश्य बज्नु पर्छ । त्यसपश्चात् धामीमा देवता चढ्छ र पैठको सुरुवात भएको मानिन्छ ।

दमाहको राग अनुसार धामी नाच्नु (पतुर्ने) नै पैठको मुख्य विशेषता हो । पैठका निम्ति धामीहरू सेता दौरा, शिरमा फेटा, गलामा रुद्राक्ष तथा सुनबुकी फूलका माला लगाउने चलन रहेको छ । दमाहाको राग, धुन अनुसार धामीहरू आआफ्नो बाजामा पतुर्ने गर्छन् । पैठमा धामीलाई नचाउन (पतुराउन), धामीमा देवता प्रवेश गराउन, दमाहाको धुनले मात्र गर्न सक्ने जनविश्वास रहेको छ । दमाहाको राग, धुनबिना धामीलाई

देवता आउँदैन अथवा देवता चढेको ठानिँदैन । प्रत्येक देवताका धामीको आआफ्नै धुन हुन्छन् । अन्य धुनमा उक्त देवताका धामीलाई देवता आउँदैन । मस्टो आउने धामीको धुन 'झ्यान' दमाहाबाट आवाज निकाल्नु पर्छ । उक्त दमाहाको धुनमा मात्र मस्टादेवको धामी (काँप्ने) पतुर्छन् । त्यस्तै लामा विष्णुको धामीलाई देवता निकाल्न 'झानी टिउ' झानी टिउ दमाहाको धुनको आवश्यक पर्दछ । अन्य देवताका धामीलाई शरीरमा देउता चढ्न निश्चित आफ्नै धुन चाहिन्छ ।

पैठको चर्चा गरिरहँदा पैठको मुटु, देवहरूको प्रिय बाजा दमाहालाई भुल्नु हुँदैन । दमाहा र दमाईबीना पैठ हुँदैन । जबसम्म दमाईंले दमाहा बजाउँदैनन् तबसम्म धामीलाई देवता चढ्दैन । पैठमा पैठारुले धामीहरूलाई वरिपरि घरेका हुन्छन्, बिचमा धामीको समूह उभिएका हुन्छन् । किनारमा दमाईहरू दमाहाका साथ बसेका हुन्छन् । धामी दमाहको रागको पर्खाइमा बसेका हुन्छन् । जोडतोड समूहगत दमाहको धुनसँगै धामीमा देवता चढ्न सुरु हुन्छ । धामीको शरीरमा देवता रहुन्जेल धामीहरू काँप्ने, खाम भाषा बोल्ने, पैठारुलाई टीका लगाउने र समूहमा नाच्ने गर्दछन् । धामीहरूको समूहभित्र पनि मूल धामी, धामी तथा डाङ्ग्री हुन्छन् । प्रत्येक देवताको एक जना मात्र मूल धामी हुने परम्परा छ । सहायक धामी दुई जनाभन्दा धेरै हुन्छन् । डाङ्ग्रीको काम भनेको देवतालाई चढाएका मूर्ति तथा अन्य सामग्रीको सुरक्षा गर्ने चलन छ ।

लामो समयदेखि पैठमा दमाहा बजाउँदै आएका दमाहावादक अज कार्कीढोली बताउँछन्, "धामीहरूलाई देवता निकाल्न ठुलो मेहनत गर्नु पर्छ । सामान्य दमाहाको रागमा धामीलाई देउता आउँदैन । कहिलेकाहीँ लगातार एक/दुई घण्टा दमाहा बजाउँदा पनि देवता आउँदैन । जति जति दमाहाको धुन चर्को हुँदै गयो त्यति मात्रामा धामी हल्लिन थाल्छन्, खुसी हुन्छन् र देवता चढेको मानिन्छ ।"

जुम्ला विराट निवासी लौडिसिम देवका धामी प्रताप दमाईका अनुसार देवता शरीरमा चढ्न दमाहाको राग अनिवार्य चाहिन्छ । उहाँ भन्नुहुन्छ, "दमाहाको रागले देवता बोलाउने काम गर्दछ । मलाई देवता आउन, लौडीसिमे देवको शक्ति मेरो शरीरमा पस्न, दमाहाको रागको आवश्यकता पर्दछ । अन्य देवताका दमाहाको धुनले मलाई देवता आउँदैन । पैठमा दमाहा भएन भने त्यो पैठ नै हुँदैन । दमाहा र दमाई पैठका मुटु हुन् ।" कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालयका उपसचिव जहवरलाल हमालका अनुसार आर्य खस वर्गका मानव जातका पुर्खाले ठाउँ परम्परागत संस्कार जातभात, परम्परा तथा भूगोल, भाषा अनुसार आफ्नो कुलदेवतालाई अदृश्य शक्तिबाट सुरक्षित रहन संरक्षकका रूपमा मान्य क्रममा गरिने वार्षिक रूपमा गरिने विशेष पर्व पैठ हो भन्ने बुझाइ छ; जसलाई सम्बन्धित नयाँ पुस्ताले विश्वासपूर्वक अवलम्बन गर्दै आएको देखिन्छ । हामीकहाँ हुने पैठ यही कर्मको परिणाम हो । यसमा कुल, इष्ट र पितृ गरेर तीन थरी हुने गरेकाले सबैले समान रूपमा मान्य गरेको पाइन्छ । आजभोलि पैठलाई 'जात्रा' भन्दै विविध गतिविधि समावेश गर्दै भेटघाट तथा जमघट तथा रमाइलो अवसरका रूपमा उपयोग गरेको देख्न सकिन्छ ।

बाजुरा घर भएका जेनजी युवा गोरख शाहीका अनुसार पैठ सामाजिक तथा धार्मिक पर्व हो । यसले घरपरिवार, गाउँघरलाई एक ढिक्का बनाएको छ । पैठले मानिसमा छुट्टै उत्साह र उमङ्ग ल्याउँछ । भारत श्रम गर्न गएका युवा पनि पैठका लागि घर आउने चलन छ । पैठको महिमा र महत्त्वलाई भलै राज्यबाट प्रवर्धनात्मक कदम चालेको छैन तर स्थानीयको पैठप्रतिको मोहले नै पैठको अस्तित्व बचाएको छ ।

पछिल्लो समय पैठहरूमा आधुनिकतासँगै केही विकृति पनि भित्रिएको छ । मदिराको सेवन गरेका पैठारुको (पैठ हेर्ने) जमात दिनानुदिन बढ्दै गएको छ । जस कारण पैठाबिच एकआपसमा झगडा हुने, दुर्घटनामा पर्ने जस्ता गतिविधि बढेको पाइन्छ । यस्ता गतिविधिले एकातिर सांस्कृतिक र धार्मिक पक्षले भरिपूर्ण पैठको माहोल बिगार्ने काम गरेको छ भने अर्कातिर झैझगडा र दुर्घटनाका कारण मानिस पहिला जस्तै निर्वाध रूपमा पैठमा जान सकिरहेका छैनन् ।

अन्तत्वगत्वा सुदूरपश्चिम तथा खस सभ्यताका कला, सांस्कृतिक विविधता र मौलिकताको कोणबाट खुला विश्वविद्यालय नै हो । यहाँका प्रत्येक कला सम्पदा अन्यत्रभन्दा पृथक् रहेका छन् । नेपाली समाजभित्रको पृथक् कला सम्पदा अँगालेका देउडा, मागल, पैठलाई राज्यले उचित तरिकाबाट संवर्धन र प्रवर्धन गर्नु पर्छ । त्यसको साथसाथै कला सम्पदाभित्र रहेका कुसंस्कारको अन्त्य गर्नु पर्छ । अन्यथा नेपाली मौलिकता बोकेको सांस्कृतिक र साङ्गीतिक धरोहर सीमित भूगोल र समुदायमा मात्र रहने छन् । यसभित्रका केही कुसंस्कार जस्तै जातीय विभेद, झै झगडा, मदिरा सेवन, अनावश्यक तडकभडकलाई नियन्त्रण गर्न नसके यिनै कला सम्पदाको महिमा र गरिमामा दाग लाग्ने छ । तसर्थ नेपाली समाजका गौरव तथा सांस्कृतिक धरोहरको महिमा जोगाउन तिनै तहका सरकारले खस सभ्यताका कलासम्पदाको विश्वभर प्रचारप्रसार गरी यसको मौलिकतामाथि अनुसन्धान तथा अध्ययनको व्यवस्था मिलाउनु पर्छ । ता कि यसको मौलिकता, विशेषता भावी पुस्ताका निम्ति पनि जीवित रहोस् । ■

वेदकालीदेखि तिल्यालीसम्मको यात्रा

नन्दकृष्ण जोशी

बझाङ जिल्लामा अवस्थित तलकोट गाउँपालिका–४ अन्तर्गत पडल्ती गाउँको शिरानी भागमा रहेको तिल्याली लेकाली भेग हो। यो ठाउँ पुग्न कठिन छ तर अत्यन्तै सुन्दर छ। पर्यटकलाई पनि लोभ्याउने ठाउँ हो यो। वरिपरि जङ्गलले घेरिएको यो भूमिमा जौ, आलुलगायत अन्नबाली उब्जनी गराएको पितामाता र दाजुले मलाई सम्झनामा छ। बिचमा पाँच वटा पाखो जमिनका गरा छन्। त्यसैमा वर्षामा भैँसीपालन गर्ने चलन पछिसम्म कायम थियो। बिचमा खस्रुको रुख छ। साइँलो दाजु जयकृष्णले तिल्यालीमा बसी झन्डै २० वर्षसम्म गोठालो भएर काम गर्नुभयो। छ वटा भैँसीपालन गरी परिवारलाई भरपूर मात्रामा दूध, दही, छाई (मोही) खुवाउनुभएको बिर्सन सकिन्नँ। मेरा ठुला दाजु स्व. शुकदेव उपाध्यायले १४ वटा स्याउका बोट लगाएको पनि म सम्झिरहेछु। राम्ररी फलेका स्याउका स्वाद जुम्ली स्याउको भन्दा कम छैन। साउन र भदौको आधा महिनासम्म गाउँका दाजुभाइले पनि तिल्यालीमा भैँसीखर्कमा मिलेर गोठालोसम्बन्धी काम गरेको क्षण स्मरणीय छ।

जसमा स्वर्गवासी दाजुहरू चन्द्रदेव, मनराज, धनभक्त, कैलाश (कैल्या), जयकृष्ण, गोपीलाल कृष्ण खतेडो आदि थिए। चौर र जमिनभरि भैँसी देखिन्थे। सबै जना दाजु रमाइलो गर्दै आपसमा दुध, दही, छाई बाँडेर खाने, वनदेवताको पूजा गर्ने, कलिलो घाँस काट्ने, कहिलेकाहीँ सिकार पनि खेल्ने, रामरमिता गर्ने प्रचलन थियो। स्याडी गाउँका गहिन्ध्या, सालिमान्या आदि पनि त्यो ठाउँमा मिलेर गोठालोको काम गरेको मैले भुलेको छैन। काठमाडौँबाट कलेजको छुट्टीमा घर गएर दाइसँगै तिल्याली एक/दुई पटक पुगेको छु तर बाल्यकालमा आमासँग, दाजुसँग जौ, गहुँ लगाउन त धेरै पटक पुगेको छु। बाटो अक्सर उकालो छ। वेदकालीबाट यो ठाउँ पुग्न तीन घण्टा जति लाग्छ। रविन्सन क्रुसो बस्ने रमणीय भूमि जस्तो लाग्छ मलाई त तिल्याली।

भौगालिक बनोट

यसो त नेपालका प्रत्येक वनजङ्गल, डाँडापाखा पखेरा, छाँगा छहरा, गाण र नदीहरू मनमोहक छन् । जता जाउँ त्यतै बसौं बसौं लाग्ने वनजङ्गलमै लुकौं र हराउँ जस्तो लाग्ने प्रशस्त ठाउँ छन् मुलुकमा । सुदूरपश्चिम पनि प्रकृतिको अनौठो भूमि हो । काली कर्णालीका गरी १९ वटा जिल्लाका प्राकृतिक सम्पदाले हामीलाई लोभ्याउँछ । विदेशी पाहुनालाई अझ लोभ्याउँछ । बझाङमा यी र यस्तै किसिमका मनमोहक दृश्य जताततै देख्न पाइन्छ । तलकोट गाउँपालिका–४ अन्तर्गत तिल्याली पनि सुन्दरताले भरिएको भूमि हो । यो ठाउँको पूर्वतिर घनघोर कालो जङ्गल छ । वर्षभरि नै यो जङ्गलमा भालु, बँदेल, रतुवा, घोरल आदि जङ्गली जनावरको वासस्थान छ । प्राचीनकालमा बाघको वासस्थान रहेको यो ठाउँ वर्तमानमा बाघ भने मानिसले भेटाएका छैनन् । उत्तरतिर तरालो र मथारो गरी बसे जस्तो चट्टानीय भूभाग र घाँसे मेला (भिर) छन् । दक्षिणतिर पनि डरलाग्दा भिर र घाँसे मेला छन्; जहाँ भैंसी चर्ने गर्छन् । तिल्याली पुग्नुअघि 'टाढला' को खोलो छ । शुद्ध पानी बगिरहन्छ । त्यसको शिरानीमा बासुधारा बाह्रैकाल बगिरहन्छन् । गाईको तस्बिर जस्तो चट्टान छ । गाईको थुनबाट धारा बगेको देखिन्छ । खोलाबाट नाक छुने उकालो ४० मिनेट हिँडेपछि तिल्यालीको रमणीय भूमिमा पाइला टेकिन्छ । तिल्यालीबाट लगभग एक घण्टा हिँडेपछि कुवा पुगिन्छ । तिल्यालीपछिको अर्को सुन्दर उपवन हो कुवा । तिल्यालीबाट तलकोटको अन्तिम गाउँ लोकण्ड पुगिन्छ । जसलाई आलुको भण्डार पनि भनिन्छ ।

गोठाला र गाजो (सुकेको घाँस) काट्ने मानिसले हिँड्दै गर्दा निर्मित बाटो नै तिल्याली पुग्ने बाटो हो । भैंसी हिँड्ने बाटो अझ उकालो चढी, ओराली झरी हिँड्नु पर्छ । पारि इर्जदेखि सातुखान्या खोला, साँगीछणा र त्यहाँबाट टाढ्लाको खोलासम्मको बाटो कुनैबेला डरलाग्दो थियो । वर्तमानमा भने गाउँपालिकाको सहयोगले बाटो सहज भएको छ । तिल्याली पुगेपछि बाटाका ती कठिनाई सबै भुलिन्छन् ।

शक्तिपीठको वासस्थान

तिल्याली देवभूमि हो । देवीदेवताको क्रीडास्थल रहेछ भन्ने कुरा त्यहाँस्थित दैवीय स्वरूपबाट अवगत हुन्छ । एक पटक जेठ महिनाको जुनेली रातमा खला (जौ, गहुँ चुट्ने ठाउँ) मा आमा र बाबा जौ चुटिरहनुभएको थियो । त्यहीबेला अलि परबाट मागल गाएको स्पष्ट सुनिएछ । निकैबेरसम्म आमाबाबाले सुनेपछि ब्यान्देली (बिहानीपख) आफैँ हराएर गयो रे आवाज । यसै गरी सपनामा एक जना सेतो लुगा लगाएको मानिस त्यहीँ आँगनीमा देखा परेछ, तिमी मेरो पूजा गर, दुध चढाऊ भनेछ रे जेठो दाजुलाई । उहाँले त्यही गर्नुभएछ । उहाँले सप्ताहको पूजा गर्ने सङ्कल्प लिनुभएछ । त्यही सङ्कल्पले ०३२ सालमा वेदकाली गाउँमा पहिलो पटक सप्ताह महायज्ञ लगाउनुभएको पङ्क्तिकारलाई याद छ । सो सङ्कल्प पनि सप्ताह महायज्ञ जन्मघर वेदकाली गाउँमा लगाएको ताजा सम्झना छ । जङ्गली जनवारले लगाएको बाली नष्ट गर्थे । तिल्यालीमा पनि श्री सत्यनारायणको पूजा गरेपछि बालीनाली राम्रो हुँदै आयो । वर्तमानमा पनि पर सरेको महिला, खराब आचरण गर्ने मानिसलाई वनदेवीले असर गरिहाल्छन् भन्ने भनाइ रहेको छ । उदाहरणका लागि बाह्रैकाल जमिनबाट निस्कने चिसो पानी कुनै मानिसको अकर्मण्यताका कारण सुकेर गयो भन्छन् स्थानीय धर्मपरायण मानिस ।

आलु र मकै खेतीका लागि प्रख्यात मानिएको तिल्याली सिकारीका लागि पनि सुविधाजनक ठाउँ थियो कुनैबेला । आँगनअगाडि मृगहरू देखा पर्छन् भन्नुहुन्थ्यो तलकोटी रजवार स्व. जङ्गबहादुर सिंह ।

साइँलो दाइसँग तिल्याली जाँदा

गाईभैंसीपालन र खेतीपाती कार्यका लागि वेदकाली गाउँ र वरपरसम्म नाम कमाएका व्यक्ति हुन् मेरा दाजु जयकृष्ण जोशी । यसो त २०३२/३४ सालताका उहाँसँग म भैंसीखर्क धेरै पटक गएको छु । स्याडा, वगिउर, साँगीछणा हुँदै तिल्याली पुगेर प्रशस्त मात्रामा दही, दुध खुवाउनुभएको थियो । अझ लेट्या (खिर जस्तो परिकार) त निकै पटक खुवाउनुभयो दाइले । काठमाडौँमा उच्च शिक्षा अध्ययन गर्न आएपछि पनि बाल्टीनभरि घिउ पठाई माया गरेको कसरी भुल्न सक्छु र ?

धेरै सालको अन्तरालपछि २०६३ साल चैतमा दाजुसँग तिल्यालीका लागि वेदकाली घरबाट हिँडे । बुधाको डाँडो, स्याडा हुँदै टालाको ढल्किने डाँडासम्म पुग्दा असिनपसिन भएँ, शरीर पूरै भिज्यो पसिनाले । भित्री लुगा घाममा एकछिन सुकाएँ । टालाको डाँडोबाट आफूले बाल्यकालमा गोरु चराएको, अल्लीखात, वन्साडी आदि ठाउँका साथै स्याडा, मेलविसानाका रहरलाग्दा डाँडा, रुपातोला, सेरुपैल, किनाडा, सटिवा, धमेना सुनिकोटलगायतका सेतीनदी वरिपरिका सुन्दर बस्ती र सोती नदी बगिरहेको देखेँ । १८ औँ शताब्दीमा पृथ्वीनारायण शाहले चन्द्रागिरिबाट काठमाडौँ खाल्डो देखे जस्तै गरी । माथि उल्लेखित गाउँबस्तीको सडक निर्माण, अस्पताल स्थापनालगायतका विकाससम्बन्धी जिम्मेवारी यो दराका दाजुभाइले मलाई दिन सक्छन् भन्ने भावना पलायो तर २०६४ सालको चुनावमा समानुपातिकमा मात्र नाम झुन्ड्याए पङ्क्तिकार आबद्ध राजनीतिक दलले । यति कुरा मनमा गम्दै हामी टालाको डाँडोबाट अगाडि बढ्यौं ।

बायाँतिर दोस्रो तिल्याााली मानिने लहल्न्याटो हामी देखेर मुस्कुराइरहेको थियो । अलि परको थाप्लाबाट झरेको पानीको खोला तर्दै हामी पुरानो खर्क भएको ठाउँ बगिउर पुग्यौं, जहाँबाट तिल्याली आँखीभ्याल झैं देखिन्थ्यो । अलि परको तिल्यालाको पानी पियौं । जङ्गलको बिचमा काउलाको फेदीबाट निस्कने यो पानीका बारे धेरै कथन जेडिएका छन् गाउँघरमा । जङ्गलैजङ्गलको बाटो भएर हामी दाजुभाइ पारि इर्ज पुग्यौं । त्यहाँ खर्ताडको रुख एकछिन हेर्‍यौं । २०३७ साल असारमा त्यही रुखमा उक्लेर दाइले पाला (हाँगाबिगा) काट्नुभएको, म भने फेदमा रमणीय जङ्गलको दृश्यावलोकन गरिरहेको थिएँ । त्यसबेलाको याद आयो । बुवाआमा जीवित हुनुहुन्थ्यो । माइलो दाइ देवीचन्द्र दुर्गाभवानी निमाविको प्रधानाध्यापक हुनुहुन्थ्यो । नेपाल्या (काठमाडौं) भाउजू पनि शिक्षिका हुँदा र ठुला दाइले कपडाको व्यापार गरिरहँदा आयआर्जन राम्रो थियो । घर उज्यालो थियो । अब त्यो अवस्था कल्पनामा मात्र सीमित रह्यो ।

त्यहाँबाट अगाडि बढ्यौं । मेला (भिर) को बाटो छ । ठाउँ धेरै सुन्दर छ । वारिपारि हरिया डाँडा देखिन्छन् । भिड्याइती फूललगायत रङ्गीविरङ्गी फूल फूलेर वसन्त ऋतुको स्वागत गरिरहेछन् । बाटो डरलाग्दो छ, खस्यो भने लास पनि पत्ता नलाग्ने । कस्तो गज्जबको ठाउँ पत्ता लगाएका रहेछन् हाम्रा पितापुर्खाले । एक छिन त्यो ठाउँमा बसेर साँगीछणाको खोलाबाट बग्दै आएको अग्लो छणो हेर्‍यौं । लुकेको त्यो छणोको सुन्दरता धेरैलाई थाहा छैन । तल पुगेपछि पडाल्ती गाउँको छेउमा बग्ने भैत्यागाणका नामले परिचित छ सो छणो । भैत्यागाणको बाटो ऐतिहासिक छ; जहाँबाट धलौन, काँडा र धुली पुगिन्छ । बर्खामा तिल्याली जाने बाटो निकै चिप्लो हुन्छ । सालिमु र बाबियोको मुठा समातेर त्यहाँको भिरको बाटो पार गर्नु पर्छ । भैंसी खर्क सार्दा भने माथि डाँडाको लामो बाटो भएर जानु पर्छ ।

> माइलो दाइ देवीचन्द्र दुर्गाभवानी निमाविको प्रधानाध्यापक हुनुहुन्थ्यो । नेपाल्या (काठमाडौं) भाउजू पनि शिक्षिका हुँदा र ठुला दाइले कपडाको व्यापार गरिरहँदा आयआर्जन राम्रो थियो । घर उज्यालो थियो ।

साँगीछणा वर्षमा जुका लाग्ने ठाउँ हो, भैंसीखर्क छन् त्यँहा पनि । चैत, वैशाख, जेठमा शीतल हुन्छ तर खोलाको किनारामा भएकाले विच्च्याइ (हल्ला गर्ने) लाउँछ खोलाले भन्नुहुन्छ अनुभवी मेरा दाजु । हिंड्न र काम गर्नमा सिपालु साइँलो दाइ अगाडि छिटो छिटो हिँडेर मलाई पर्खनुहुन्छ । तिल्याली पुगेपछि दुवै भाइले जेठा दाजु शुकदेवको दर्शन गर्‍यौं । छप्पर हालेर गाईवस्तुको ग्वालोसमेत लाग्नुभएको थियो दाजु । त्यो ठाउँबाट चारैतिर नियालें । औलमा पर्ने सुनिकोट विद्यालयका जस्तापाता टल्किरहेका देखिन्थ्ये । सुनिकोट त्यसबेलाका सुन्याली राजाको दरबार भएको ठाउँ हो । खाडलमा जम्मा गरेर राखेका आलु निकालेर दाजु तिल्यालीबाट गरुङ्गो भारी बोकेर फर्कंदा पछि पछि लागेर म पनि फर्कें । बाल्यकालमा यी रनवन घुमेका दिनको याद गर्दै दाइसँग वेदकाली घर फर्कें । भोक र थकाइले लखतरान परें ।

अन्त्यमा, तलकोट गाउँपालिका अन्तर्गतका कैयौं रमणीय भूभाग पर्यटकका रोजाइका स्थल हुन सक्छन् । ठाउँ ठाउँमा लालीगुराँस फुलेका दृश्यले मन लोभिन्छ । विविध चराको बोली आफैँमा अर्थपूर्ण लाग्न सक्छ । यहाँका रमणीय डाँडा र जङ्गलले जोकोहीलाई मोहित तुल्याउन सक्छ । कतै कतै त रतुवा, घोरल जस्ता मृग र कालिज जस्ता पन्छी आफ्नै अगाडि बाटो काटिरहेका देखिन्छन् । गोठालाको जीवनशैली र घसारीको परिश्रम पर्यटकका लागि नयाँ बन्न सक्छ । खोँचमा बगिरहेकी सेती नदी आदिले खोजमूलक विषय बताउन सक्छ । तिल्याली जस्तै थाप्ला, भितर वन, मेला, बिसौनाको डाँडो, राउणीमस्टाको जङ्गल दातोला र बडी गाउँको माथिल्लो लेकाली भाग, मालिकाको चुली, घोडीलेक आदि पृथ्वीको गर्भभित्र रहेका यस क्षेत्रका अनमोल मणि हुन् । तलकोट गाउँपलिकाको गर्भभित्र केही लुकेका बस्ती छन् । दाँतोला गाउँको शिरानीमा रहेको लोभलाग्दो जङ्गल र पानीको अग्लो झरना देखेपछि त्यो ठाउँमा कुन बेला पुगौं जस्तो लाग्छ ।

तिल्यालीबाट जङ्गलको बाटो भएर भर्जिन बस्ती लोकण्ड पुगिन्छ । यो गाउँका केही बुझ्नलायक विशेषता छन् । यस्तै किदन्त अर्को लुकेको गाउँ हो, उच्च डाँडाकाँडाको फेदीमा रहेको यो गाउँ पुग्न वेदकालीबाट दुई घण्टा लाग्छ । आलु र भाङ खेतीका लागि प्रसिद्ध मानिन्छ । यसै गरी रुमौली बिकुल्ली, रसल्ली, गोठीचौर पनि एकान्तमा रहेका बस्ती हुन् । सुनिकोट, सेरागाउँ, कुँवरगाउँ, धमेना गाउँबाट यी बस्ती धेरै टाढा छन् । जसको सम्बन्ध केवल पेट कसरी पाल्ने भन्ने चिन्तामा छ । तलकोटमा केही घनाबस्ती पनि छन्; जसलाई स्थानीय भाषामा गर्खा भनिन्छ । गर्खाली इमानदार हुन्छन्, वचनका पक्का हुन्छन् । बझाङ जिल्लाभरि पर्यटकलाई आकर्षित गर्ने धेरै ठाउँ छन्, जुन प्रचारको अभावमा छन् । यस्ता दुर्गम बस्तीका लहरा पहरा, छाँगा, छहरा र पृथ्वीका गर्भभित्रका विषय उजागर गर्ने व्यक्ति यस ठाउँमा जन्मेकै छैनन् । यस धर्तीमा जन्मेको नाताले यो ठाउँका बारे केही जानकारी गराउनु आफूले कर्तव्य सम्झेको छु । ■

अठासी वर्षमा कैलाश मानसरोवर

नन्दु उप्रेती

नन्दकला कर्णालीकी छोरी थिइन् । कर्णालीकै बुहारी । उनी त्यहींकै प्रौढ शिक्षाकी विद्यार्थी र प्रौढ विद्यार्थीकी गुरुआमा थिइन् र थिइन् त्यहींकै गाउँलेकी स्थानीय अगुवा । समग्र अरू नागरिकको जीवन जस्तै जीवन बिताएकी नन्दकलाका सोच र विचार भने अलि भिन्न थिए । परिणामस्वरूप जीवनको उत्तरार्धमा उनको जीवनले एक लोकसंस्कृति जगेर्ना गर्ने व्यक्ति र अब्बल लेखकको रूप धारण गर्न सक्यो । आफ्ना साथीसङ्गीसँग गाउने सुनाउने गरेका तिजका गीत र पुराना भजनको सङ्कलन 'पुराना भजन तथा तिज गीत सङ्ग्रह' उनको पहिलो कृतिका रूपमा २०७८ सालमा प्रकाशित भयो । नियात्रा सङ्ग्रह 'अठासी वर्षमा कैलाश मानसरोवर' विसं २०७९ मा प्रकाशित भयो । पहिलो कृति प्रकाशित हुँदा उनी ९१ वर्षकी थिइन् भने दोस्रो कृति प्रकाशित हुँदा उनको उमेर ९२ वर्ष पार गरेर ९३ वर्ष लाग्दै थियो ।

नन्दकलाको जन्म विसं १९८७ माघ १ गते दैलेख जिल्लाको पराजुल, पोखरीपाटा गाउँमा एक आचार्य परिवारमा भएको थियो । उनी जन्मिएको परिवारको पेसा खेतीकिसानी थियो । नन्दकला सुवेदीको नाम आफूले सुनेकै भरमा कण्ठ भएका श्लोकहरूसँगै जोडिएको छ । विवाहपछिको कुरा हो ।

नन्दकला सुवेदीको परिवार उनकै अठोट अनुसार छोराछोरी पढाउने उद्देश्य लिएर २०२२ सालमा दैलेखबाट सुर्खेत बसाइँ सऱ्यो । छोराछोरीलाई स्कुल पढाउन पठाउँदा उनी आफूलाई पनि पढ्न पाउने दिन आओस् भनेर पुकारा गर्थिन् । आफ्नो कृति 'अठासी वर्षमा कैलाश मानवसरोवर' मा उनी यसरी भन्छिन्, "छोराछोरी स्कुल गएको देख्दा मलाई पनि उनीहरू जस्तै हुन पाए हुन्थ्यो भन्ने लाग्थ्यो । भगवान्सँग मैले कसरी पढ्न पाउने होला भनेर पुकारा गर्थें । पढ्दै जाँदा अक्किल पनि आयो । कबाट का कि की कु कू के कै भए भैँ ख ग सबैबाट त्यस्तै होला नि' पक्कै भन्ने लाग्यो । पछि पढाउनेले पनि ठिक हो भने । मैले त नपढी पो जानिहालें । सधैं पढ्ने ठाउँमा जान काँ भ्याउनु ? एक दिन गएर हप्तादिनको पाठ ल्याएर पढ्नुपर्थ्यो मैले । अझ मान्छेहरू सुवेद्नी साइँली बौलाउन लागी समेत भन्थे तर मैले केही पनि वास्ता गरिनँ । मात्रा मिला'र पढ्न, लेख्न सक्ने भएँ । म त जम्मा २० दिन जाँदा प्रौढशिक्षाको तीन महिनाका सबै क्लास सकिएछन् ।"

उनको इच्छा अनुसार नै छोराछोरीको शिक्षा सन्तोषजनक हुँदै गयो । उनीहरू अधिकांश रोजगारीमा लागे । कहिल्यै व्यक्त नगरिराखेको उनको जीवनको अर्को इच्छाले अब उनलाई झकझकाउन थाल्यो । त्यो इच्छा भनेको टाढा टाढासम्म विभिन्न स्थानको घुमफिर

गर्ने । सायद उनका मनमा कल्पनाशीलताको क्षमता सशक्त थियो । साहित्यिक सिर्जनाको मेसो नपाएका कारण त्यो कल्पनाशीलताले उनलाई यात्राको बाटो देखाएको हुन सक्छ । त्यसैले घरव्यवहार सहज भएपछि कहिले श्रीमान्सँग त कहिले छोराछोरीसँग नन्दकलाले नेपाल र भारतका धेरै धार्मिक एवं पर्यटकीय स्थानको भ्रमण गरिन् । उनको अन्तिम भ्रमण भने ८८ वर्षको उमेरमा चीन, तिब्बतस्थित कैलाश मानसरोवरको यात्रा थियो ।

'अठासी वर्षमा कैलाश मानसरोवर' नियात्रासङ्ग्रह लेखन र प्रकाशनका बारेमा उनी सोही पुस्तकको भूमिकामा भन्छिन्, "काठमाडौँमा कान्छी छोरीका घरमा जाँदा जहिले पनि ज्वाइँछोरी दुवैले तपाईंले सम्झेजति जीवनका सबै कुरा लेखिदिनु, पछि किताब निकालौँला भनिन् । अठासी वर्षको उमेरमा कैलाश मानसरोवर पुगेर फर्केपछि त ज्वाइँले साह्रै जोड गरेर डायरी र कलम अगाडि राखिदिनुभयो । कहिले ठाउँका नाम मात्रै सम्झेर लेखेँ । कहिले घुम्न जाँदा गरे भोगेका कुरा लेखेँ । कहिले दुःख पाएका कुरा त कहिले रमाइलो भएका कुरा लेखेँ । मनले सम्झेको जति लेखेँ । कति कुरा छुटे बिर्सेर त कति कुरा छुटे हात दुखेर लेख्न नसकेर । पछि कान्छा ज्वाइँले आफैँ सोधी सोधी छुटेका कुरा थप्न लाउनुभयो । मैले लेख्न नसक्दा मैले सम्झेका कुरा थपी पनि दिनुभयो । तलमाथि भएकालाई मिलाइदिनुभयो । त्यसमा छोराछोरी, बुहारीहरूले पनि सम्झिन सघाए ।" लोकगीत खास गरी तिजका गीत र भजन गाउन रुचाउने नन्दकला सुवेदीको पहिलो कृति पनि यिनै सन्दर्भसँग सम्बन्धित छ । परिवारका सदस्य र आफन्तजनले उनको प्रतिभालाई चिनेका थिए, जानेका थिए । समय घर्कनै लागेको छ, लोकसंस्कृति लोप हुँदै जाने बाटोमा छ । उनीहरूले नन्दकलालाई आफूसँग भएका ती अमूल्य चिजलाई सदाका लागि जीवित राखिदिन आग्रह गरेपछि उनको पहिलो कृति 'पुराना भजन र तिज गीत सङ्ग्रह' प्रकाशित भयो । यो सङ्ग्रहमा विभिन्न देवदेवीका उपासना गर्दै गाइने २४ वटा भजन समेटिएका छन् । यसमा सङ्गृहीत भजन खास गरी गाउँमा बस्ने मानिसले गाउने लोकभजन हुन् । यी भजन मन्दिरमा गाइने, पूजापाठमा गाइने, धार्मिक कार्यक्रममा गाइने, पूजापाठपछि रातभर जाग्राम बस्दा गाइने भजन हुन् । साथै यस कृतिमा २५ वटा तिजका गीत समेटिएका छन् । यी गीतमा गाउँका महिलाले तिजका समयमा गाउने गीतमा हुने दुःख, पीर, व्यथा, खुसी, बिछोड, मिलन, विरह जस्ता विषयवस्तु समेटिएका छन् । यसरी यो कृति ४९ वटा रचनाको सङ्ग्रह बनेको छ ।

नेपालको दैलेख (सुर्खेत क्षेत्रमा गाइने भजन तथा तिज गीत नै हुन् नन्दकलाले आफ्नो समयमा आफ्ना साथीसँगीसँग गाउने गरेका लोकगीत र भजन । लोप हुँदै छन् क्रमशः यी । यिनै हुन् नन्दकलाको पहिलो कृतिमा समेटिएका सामग्री । उनले गरेको सङ्कलनले शब्दको संरक्षण गर्न त अवश्य सहयोग पुऱ्याएको छ तर भाका हराउनबाट कसरी रोक्ने ? यस्ता सामग्री सङ्कलन गरेर संरक्षण गरिदिने नन्दकलाले ९४ वर्षको उमेरमा २०८१ साल भदौ २२ गते यो धर्ती छाडिन् ।

यात्राकी पारखी नन्दकला सुवेदीले जीवनमा धेरै ठाउँको यात्रा गरिन् । ३५ वर्षको उमेरमा दैलेखको पराजुल, पोखरीपाटाबाट सुर्खेत बसाइँसराइ नै उनको पहिलो यात्रा थियो भने ८८ वर्षको उमेरमा चीनको तिब्बतस्थित प्रसिद्ध कैलाश मानसरोवरको भ्रमण उनको अन्तिम यात्रा थियो । यी दुई यात्राका बिचमा उनले नेपाल र भारतका धेरै धार्मिक र पर्यटकीय स्थलको यात्रा गरिन् । यात्राका कुनै कुरा पनि कलमले डायरीमा लेखेर राखिनन् उनले तर मनभित्र सम्झनाका पानामा यात्राका सबै तितामिठा सन्दर्भ र घटनालाई सुरक्षित राखेकी थिइन् । जीवनका सबै कर्म र इच्छा पूर्ण भएको अनुभूति भएपश्चात् मात्र उनले तिनलाई अक्षर र शब्दमा रूपान्तरण गरिन् । सम्झनाको चामत्कारिक क्षमताकी धनी नन्दकला सुवेदीले यादको नदीमा बग्दै बग्दै सिञ्चित गरिन् नियात्रा भूमिलाई । पाठकले पढ्दा 'आहा !' भन्दै पढ्ने स्तरको उनको नियात्रासङ्ग्रह 'अठासी वर्षमा कैलाश मानसरोवर' नेपाली साहित्य जगत्को कालजयी सम्पत्ति बनेको छ ।

कहिले बिरामी पर्नुभयो निकै साह्रै । कहिले के भयो तर आमाले बिस्तारै बिस्तारै लेखिदिनुभयो जीवनका धेरै कुरा यात्रासँग जोडेर आफ्नै कथ्यशैलीमा । सुनाखरी फुले जस्तै लाग्यो बगैँचामा । स्थानीय शैली र लबज झल्कने भाषाको प्रयोग, यात्राका घटना र सन्दर्भको जीवन्त प्रस्तुति, भोगे गरेका व्यवहारको इमानदार प्रकटीकरण यस कृतिमा झल्कने नन्दकलाको लेखकीय विशेषता बनेका छन् । कर्णालीको दैलेख र सुर्खेतमा जीवनका सम्पूर्ण दिन बिताएकी कर्णालीकी आमालेखकको यस कृतिलाई र स्वयम् आमालाई साहित्यिक संस्था 'साहित्य सन्ध्या नेपाल' ले काठमाडौँमा २०८१ सालको साहित्य सन्ध्या नियात्रा पुरस्कार प्रदान गरेर सम्मान गरेको थियो ।

नन्दकलाका आफ्नै छोराछोरी प्रकाशक रहेको यो कृति लेखकको ९३ वर्ष प्रवेशका दिन २०८१ साल माघ १ गते सार्वजनिक भएको हो । यस कामले नन्दकलालाई कर्णालीको मात्र होइन, सिङ्गै देशको ज्येष्ठ नागरिक लेखकका रूपमा स्थापित गरायो । कर्णालीको साहित्यिक यात्रालाई एक खुड्किलो माथि चढायो । साहित्यिक स्रष्टा, सर्जकलाई सधैँभरि प्रेरणा प्राप्त भइरहने स्रोतको सिर्जना भयो । लेखकचाहिँ कृतिको पानी भूमिकामा वरिष्ठ नियात्राकार प्रतीक ढकालले लेखे झैँ 'अक्षरकी सगरमाथा' बनिन्भन्दा अतियुक्ति नहोला । उनले नेपाली लोकसंस्कृति र साहित्यलाई दिएको योगदान सदा सदा अविस्मरणीय रहिरहला । ■

सौका तथा राउटे जाति

पदम बडाल

नारा जोशी

सुदूरपश्चिम प्रदेश दार्चुला जिल्लाको उत्तरमा रहेको ब्याँस क्षेत्रमा बसोबास गर्ने अल्पसङ्ख्यक समुदायलाई ब्याँसी भनिन्छ । लिपुलेकबाट पूर्व तिङ्कर र तिङ्करबाट दक्षिण राप्लासम्मको क्षेत्रका आदिवासी समुदाय आफूलाई ब्याँसी वा सौका पनि भन्छन् । सीमापारि भारतमा यो समुदायलाई भोटे र रं भनिन्छ । ब्याँसीहरू दार्चुला जिल्ला ब्याँस गाउँपालिकाको तिङ्कर, छाङ्रु, राप्ला र अपि हिमाल गाउँपालिकाको सितोलाका मूल बासिन्दा भए पनि सदरमुकाम खलङ्गा, कञ्चनपुरदेखि काठमाडौँसम्म बस्दै आएका छन् भने छिमेकी भारतका विभिन्न क्षेत्रमा पनी उनीहरूको बसोबास छ ।

ब्याँसीहरू बसोबास गर्ने तीन वटा उपत्यका रहेका थिए । जसमा ब्याँस उपत्यका (व्याङ्खो), बम्बा (चौदास) उपत्यका र दारमा उपत्यका पर्दछन् । हाल दारमा र बम्बा उपत्यकाहरू भारततर्फ पर्दछन् । इस्ट इन्डियासँग सम्झौता हुनुपूर्व सबै क्षेत्र पहिले जुम्ला र डोटी राज्यको अधीनमा रहेका थिए । ब्याँसीहरू आफ्नो भाषालाई रं भन्न रुचाउँछन् ।

समुदाय र भाषाको नामकरण

ब्याँसीहरूलाई स्थानीय स्तरमा सौका र उनीहरूले प्रयोग गर्ने भाषालाई शौक्या भाषा भनिन्छ । ब्याँसी आदिवासीले व्यापारको काम गर्ने भएकाले यिनीहरूलाई साहुकार भन्ने गरिएको र बिस्तारै साहुकार शब्द अपभ्रंश भई सौका भएको कुरा यस समुदायका अगुवाको भनाइ छ । ब्याँसी सौका जाति आफूलाई 'रं' समुदाय र 'रं' भाषीका रूपमा चिनाउँछन् । उनीहरू भाषालाई 'ब्याँसी ल्वो' र 'रं ल्वो' भन्छन् । नेपालमा बसोबास गर्ने ब्याँसीले भाषालाई ब्याँसी र भारतमा बसोबास गर्ने ब्याँसीले आफ्नो भाषालाई रंल्वो भन्ने गर्छन् ।

२०७८ को जनगणना अनुसार दुई हजार २५० जनसङ्ख्या मात्र भए तापनि आफ्नो काम र परिश्रमका आधारमा जिल्लामा आफ्नो स्थान स्थापित गरेको विशेष जाति हो । उनीहरूको शारीरिक बनावट मङ्गोलियन र बौद्धमार्गी जस्ता भए तापनि संस्कृति, परम्परा हिन्दुसँग प्रायः मिल्दोजुल्दो छ ।

यहाँ सौका जातिका पनि केही उपजाति छन्, जसमध्ये प्रमुख उपजाति कुटीयाल, नवीयाल, गुन्जीयाल, तिङ्करी छङ्गरियाल, ऐतवाल, बुढाथोकी, नवलच्याल, बौनाल, फिर्माल, ग्वाला, ढताल, दुलाल, सुनाल, ठकरियाल, रौतेला, रिमापाल, अनुवाल, बुद्धियाल आदि छन् ।

यिनीहरूको संस्कार परम्परा उपजाति अनुसार फरक भए पनि धेरै जसो खानपान रहनसहन भाषा भने एउटै नै हुन्छ । आफ्नो धर्म र संस्कारप्रति जातीयताको हिसाबले कट्टर हुँदाहुँदै पनि वर्तमान समयमा भने केही लचिलो भएको देखिन्छ । सम्पूर्ण जातजातिको बसाइँसराइका क्रममा उनीहरू पनि बसाइँसराइ गरी अन्य ठाउँमा बसोबास गरेको पाइन्छ । उनीहरूले प्रत्येक गाउँमा शिव मन्दिरको स्थापना गरेका हुन्छन् । सबै जातिले शिवको र देवीको पूजा गर्छन् । पूजा गर्दा शुद्धतामा विशेष ध्यान दिएर नियमको परिपालन गर्छन् । पूजाआजा गर्दा सफा शुद्ध पोसाक लगाउने गोधन अर्क (गौमूत्र) र जललाई अलग अलग भाँडोमा राखेर हरियो दुवोले छर्कने, एवं कन्या केटीको सम्मानसाथ पूजा गर्ने परम्परा छ । नारी जातिले टाउको छोप्नुलाई शुभ मान्ने घरमा जलले भरिएको अम्खोरा कलश, गाग्रीलाई शुभ मान्ने परम्परामा दृढ निश्चित आस्थावान् जाति हो । चाडपर्व खुब रमाएर मनाउँछन् । गाउँलेलाई जम्मा गर्ने भोज खुवाउने परम्परागत मान्यता हो । उनीहरूको प्रमुख चाड घवला हो भने पितृपूजालाई पनि उत्तिकै महत्त्व एवं श्रद्धाका साथ सम्पन्न गर्छन् । उनीहरूको पूजा सामग्री

भनेको फलफूल, अपुङ्गो (गहुँको पिठो घिउमा भुटेर गुड, नरिवलको धुलो बदाम आदि मिसाएर बनाएको) प्रसाद हुन्छ । पूजा गर्दा पुरुष जातिको सहभागिता नै हुन्छ भन्दा पनि फरक पर्ने छैन । मन्दिरहरूमा महिला जातिलाई सहभागी गराइँदैन । बलि परम्पराका अनुयायी पूजाका भाँडा भने तामाको नै प्रयोग गर्छन् । देवीदेवताको पूजा गरेको दिन अन्य कुनै काम गर्दैनन् । यो दिन माटोमा काम गर्नुलाई अशुभ मान्ने गरिन्छ । पूजामा धेरै विश्वास गर्ने, घवला पूजा गर्दा तामाको थाललाई कुमार केटाले चक्कुले बजाउने अनि मात्र पूजा आरम्भ गर्ने चलन छ । पूजाको समाप्तिमा कन्या केटी मिली पन्चैबाजा बजाई भैलो खेल्ने चलन छ । भैलो खेल्नेबेला भैलिनीहरू विशेष उत्साहका साथ रमाएका हुन्छन् । भैलीको गीत भने आफ्नै सौका भाषामा गाइन्छ । कुलदेवताको पूजाबाहेक दसैं, तिहार, होली, माघेसङ्क्रान्ति, कृष्णाष्टमी, ऋषितर्पणी (राखी) न्वाकी (नयाँ अन्न भित्र्याउने) जस्ता हिन्दु धर्मका पर्व पनि आस्थापूर्वक मनाउने गर्छन् ।

वेशभूषामा महिलाहरू च्याङ्वाला (कम्मरमाथि च्याङ र कम्मरमुनि वाला) टाउकोमा छपुली ((जुक्ति) दुई रङको कपडाले बनाएको एक प्रकारको कपडा), खुट्टामा दोचा (रङ्गिन कपडाले बनाएको घुँडासम्को जुत्ता) लगाउने चलन छ । यो जाति आभूषणको प्रिय जाति हो । महिलाको नाकमा ठुलो दानादार फूली, कानमा ठुल्ठुला मुन्द्री, घाँटीमा कण्ठी, चन्द्रहार, चम्पाकली, हातमा पौंजी, वाला, हातका पाँचै औँलामा औंठी लगाउँछन् । यी गहना सुन, चाँदी एवं हिरा, पन्ना, मुगाको लगाउने चलन थियो तर वर्तमान समयमा नक्कलीले पनि आफ्नो स्थान ओगटिसकेको देखिन्छ ।

> पुरुष जातिको वेशभूषा भनेको माथिल्लो शरीरमा बख्खु घुंडासम्मको तल्लो शरीरमा पायजामा, खुट्टामा दोचा, टाउकोमा सेतो पगडी, कम्मरमा सेतो पटुका ढाल, तरबारले सजिएका भारतीय राजपुतको जस्तै पोसाक हुन्छ ।

पुरुष जातिको वेशभूषा भनेको माथिल्लो शरीरमा बख्खु घुंडासम्मको तल्लो शरीरमा पायजामा, खुट्टामा दोचा, टाउकोमा सेतो पगडी, कम्मरमा सेतो पटुका ढाल, तरबारले सजिएका भारतीय राजपुतले जस्तै पोसाक हुन्छ । गाउँका मान्यजन व्यक्तिले सधैँ नै टाउकोमा पगडी बाँध्ने परम्परा छ । गाउँघरमा राम्रो सहयोगका कार्य गर्ने व्यक्तिलाई सम्मानस्वरूप पगडी दिने चलन छ । उनीहरूको भाषा भने ब्याँसी (सौके) नै छ तर लिपि छैन । ब्याँसी भाषामा बुवालाई 'बा', आमालाई 'ना' बाजेलाई 'लला' बज्यैलाई 'तीती' दिदीलाई 'ताता' दाजुभाइलाई हया, ननु, काका, जेठोबुवालाई स्याँका, पोदवा भनी बोलाइन्छ ।

उनीहरूले संस्कारको विशेष पालना गर्ने हुनाले जन्मदेखि मृत्युसम्म आठ वटा संस्कार गर्ने चलन छ, जुन यस प्रकार छन् । जन्म, न्वारान, कर्णवेद, भूमो, छेवर, विवाह, बुढानी, मृत्यु प्रमुख संस्कार हुन्, जुन हरेक परिवारले अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ ।

भूमो भनेको बच्चा तीन महिनाको भएपछि बुच्चीमा (पिठिउँमा) बोक्ने चलन हो । समाज वा परिवारमा जुन व्यक्तिका जन्मेका बच्चा सबै जीवित हुन्छन् त्यस्ता केटाकेटीले अन्य परिवारमा जन्मिएका बच्चालाई नयाँ कपडाले बाँधेर पिठिउँमा बोक्ने काम शुभ दिन, शुभ साइतमा गरिन्छ । यो बच्चालाई बोक्ने नयाँ कपडा तासको भए अझै राम्रो मानिन्छ । भूमो गर्दा पनि भोज गर्ने चलन छ । भोजमा सौका जाति मांसहारलाई विशेष महत्त्व दिन्छन् । खाना खाने बेला खाना राखेको थालको चारैतिर रक्सी, अक्षता र जल छर्केर मात्र खाना खाने गर्छन् । प्रत्येक कार्यको आरम्भमा गोधन अर्क (गौमूत्र) लाई छर्केर स्थानलाई शुद्ध बनाउने मान्यता छ । छेवर भनेको बच्चाको जन्मेपछि तीन वर्ष/पाँच वर्ष/सात वर्षमा कपाल काट्ने चलन हो । यो कपाललाई तीर्थस्थलमा विसर्जन गरिन्छ । मानिसको मृत्यु भएको १३ दिनमा श्राद्ध गरिन्छ बुढानी संस्कार एक वर्षदेखि २० वर्षको उमेरसम्म जहिले गरे पनि हुन्छ । यो संस्कार गरेपछि वयस्क भन्ने बुझिने हुँदा मन्दिरमा विधिपूर्वक गरिन्छ । ब्याँसी संस्कृतिमा तीन किसिमको विवाह गरिन्छ । दाइजोप्रथा छैन तर हिजोआज अन्य जातजातिको देखासिकी गरी धेरै दाइजो दिने चलन चल्दै गएको छ । यस समाजका अगुवाले यसलाई विकृति मानेका छन् ।

यो जाति परिश्रमी, कर्तव्यनिष्ठ, लगनशील, समयको परिपालक, उद्यमी, कलाकार, हस्तकलामा निपुण, इमानदार, उत्तम किसिमको व्यापारी, मित्रतामा अथाह विश्वास गर्ने, मानवधर्मबाट ओतप्रोत भएको जाति हो । उनीहरूको बसोबास दार्चुला जिल्लाको सदरमुकाम खलङ्गाको महाकाली नगरपालिकाको बङ्गावगढ, राल्पा, सितोला, छाङ्रु, तिङ्करमा छ । उनीहरूको रहनसहन गृहनिर्माण गृह सज्जा, भोजनको व्यवस्थापन, पारिवारिक व्यवस्थापन, उत्तम किसिमको देखिन्छ । अतिथिको मानसम्मान गर्ने उनीहरूको पुर्ख्यौली चलन हो । यो जातिमा लैङ्गिक विभेद नभई पुरुष र महिलामा समभाव छ ।

व्यापारमा पनि पुरुष महिला उस्तै काममा निपुण छन् । भारतको राजधानी दिल्लीदेखि तिब्बतको सीमाक्षेत्र तक्लाकोटसम्मका महिला एक्लै व्यापार गर्छन् भने सुदूरपश्चिमका नौ वटै जिल्ला र नेपालको

राजधानी काठमाडौँमा पनि उनीहरूको व्यापार सञ्चालन गरेको पाइन्छ । उनीहरू घुम्ती व्यापारमा पनि लगनशील देखिन्छन् । घरेलु उद्योगमा ब्याँसी जातिको अग्रपङ्क्तिमा स्थान छ भन्दा दुईमत हुने छैन। ऊनको व्यापारलाई उनीहरू आफ्नो वंशावली व्यापार ठान्दछन् । हरेक घरमा गलैँचा, स्विटर, राडीपाखी, मोजा, पन्जा, मफलर, चुटुकु (कम्बल) आदिको नियमित रूपमा बुनाई हुने गर्छ । पशुपालन पनि प्रमुख व्यवसाय हो । घोडा, खच्चर, चौँरी, बाख्रा, भेडा, कुकुरपालन गर्ने चलन छ । कुकर त उनीहरूको एक प्रकारको रक्षक नै हो । प्रत्येक परिवारसँग कालो ठुलो कुकुर हुन्छ; जुन उनीहरूको व्यापारको सिलसिलामा जहाँ जाँदा पनि सँगै जान्छ, मालिकसँगै घोडा, खच्चर, चौँरी, बाख्रा, भेडा आदिको रक्षार्थ तैनाथ हुन्छ ।

सौका जातिका मानिस निजामती कर्मचारी, नेपाली सेना, प्रहरी, अन्य सङ्घसंस्थामा पनि संलग्न छन् । नेपाली सेनाका बाहिनीपति स्व. गोपालसिंह बोहरा, चिकित्सा सेवामा कार्यरत डाक्टर विशनसिंह बोहरा, नेपाल राष्ट्र बैङ्कका राजपत्राङ्कित प्रथम श्रेणीका अवकाशप्राप्त जयराम बोहरा, दूरसञ्चारका चिफइन्जिनियर गजेन्द्रसिंह बोहरा, समाजसेवी छन्नदेवी तिङ्कर, मोतिमादेवी तिङ्करी, कान्ति ऐतवाल, सिए पुष्कर लाल, महिला प्रशिक्षणमा केन्द्रमा राजपत्राङ्कित द्वितीय श्रेणीकी कर्मचारी गोविन्दी ऐतवाल, पञ्चायतकालमा वनमन्त्रीको पदसम्म पुग्न सफल बहादुरसिंह ऐतवाल जस्ता व्यक्तित्व यो जातिको गौरव हुन् । उहाँहरू जनसङ्ख्याको हिसाबबाट अल्पसङ्ख्यक भए पनि देशको सेवामा अहम् भूमिका निर्वाह गरेको विषय सुदूरपश्चिमका जनमानसमा छर्लङ्ग छ । सुदूरपश्चिमको पहिचान बोकेको यो जाति आत्मस्वाभिमानी र गौरवशाली जाति हो। सिए पुष्कर लाल यो जातिकै प्रथम सिए हुनुहुन्छ ।

राउटे जाति

मानव सभ्यताको विकासको क्रममा मानवले डुलुवा, जङ्गली आँखेट युग बाँच्दै सभ्य समाजको सिर्जना गर्न सक्षम भएको हो । प्रकृतिको प्रतिकूल अवस्थालाई जितेर सुरक्षित जीवनयापन गर्नु मानिसको पहिलो आवश्यकता हो । मानिसको आवश्यकीय आवश्यकता गाँस, बास र कपास हो। यो आवश्यकता परिपूर्ति गर्नका लागि मानिसले समाजको व्यवस्था गरेको हुनु पर्छ । यसरी समाजभन्दा बाहिर बसेर आफ्नो जीवनयापन गर्ने क्रममा जङ्गलमै बसोबास गर्ने जाति हो राउटे । राउटे जाति देशको अन्य भागमा पनि बसोबास गर्छन् होला तर यहाँ सुदूरपश्चिम प्रदेशको केही ठाउँमा बसोबास गर्नेको विषयमा सङ्क्षिप्त परिचय पस्कने जमर्को गरिरहेकी छु ।

सुदूरपश्चिम प्रदेशको साबिकको महाकाली अञ्चलमा राउटे जाति जङ्गली अवस्थामा नै छ । हुन त अन्य जातिको पनि पहाडी र हिमाली प्रदेशमा त्यति राम्ररी व्यवस्था हुन सकेको छैन बाटो पुल नहुँदा तुइनमै जीवनको इहलीला समाप्त भएका कैयौँ उदाहरण यहाँ छन् भने अछाम, बझाङमा रजस्वला भएका बेला महिलाले ज्यान गुमाएका कैयौँ घटना पनि छर्लङ्ग नै छन् । समग्र प्रदेशको जनजीवनको अध्ययन गर्ने हो भने त बहुसङ्ख्या मानवले मानव जीवनयापन गर्न पाएको छैन । रोग, भोक, रूढीवादी परम्परा, अन्धविश्वास, छुवाछुत वर्तमान अवस्थामा पनि ज्युँका त्युँ छ भन्दा अतियुक्ति हुने छैन ।

तर, राउटे जाति भने जङ्गली अवस्थामा नै छ । यस जातिका मानिसको ज्ञान, सिप, धारणा, सभ्यता संस्कृति, शिक्षा र स्वास्थ्यमा कुनै किसिमको खास उन्नति भएको छैन । उनीहरूको जीवनको सुनिश्चित लक्ष्य नै छैन । भौतिक, सामाजिक, सांस्कृतिक विकासका लागि सामूहिक अर्थात् सङ्गठनको आवश्यकता पर्दछ भन्ने विषय महसुस गर्न सकेको छैन । यो जनजाति दार्चुला, बैतडी, डडेलधुरा जिल्लाका जङ्गलमा विद्यमान छ । जुन वर्तमान अवस्थामा पनि जङ्गलमै डुलुवा जीवनयापन गरिरहेका छन् । ओडारमा बस्ने जङ्गली कन्दमूल खाने, आफ्नो समुदायभन्दा बाहिरको मानिस देखेमा डराउने, नयाँ ठाउँमा जान पनि नसक्ने प्रवृत्ति विद्यमान नै छ । उनीहरूको बोल्ने भाषा पनि आफ्नै छ । साङ्केतिक भाषाको प्रयोग भएको देखिन्छ । शरीरको बनावट पनि अन्य मानवका तुलनामा फरक किसिमको देखिन्छ । आपसमा नाताकुटुम्बको विकास अन्य जाति सरह भएको छैन । आपसमा आदरभाव सम्मान, परम्परागत मूल्य र मान्यता अविछिन्न रूपमा चलेको पाइँदैन । उनीहरूको बसोबासको स्थान निश्चित नभएकाले नियम, सामाजिक मूल्यमान्यतामा पनि निश्चितता छैन । लिखित दस्ताबेज नपाइँदा यस भेगका ज्येष्ठ नागरिकबाट श्रुति परम्परामा जे जानकारी छ त्यो राउटे जातिको परिचय हो ।

झन्डै सात सय वर्षअगाडि यो जाति दार्चुला जिल्लाको पहाडी भागका ओडारमा बसोबास गर्दथे । जङ्गलमा कन्दमूल र जङ्गली जनावरको मासु खोज्ने क्रममा जहाँ पुगे त्यहीँ ओडारमा बस्ने परम्परा भएकाले परिवारको व्यवस्था एवं सम्बन्ध पनि थिएन । दार्चुलाबाट विस्तार हुँदै बैतडी, डडेलधुरा र छिमेकी राष्ट्र भारतको बालुवाकोट, लुवाघाँट, महाकाली नदीको किनाराका ओडार बस्दै आएका किंवदन्ती श्रुति परम्परामा चलिरहेका छन् । यिनीहरूमध्येकै केही समुदाय दार्चुला र बैतडीमा व्यवस्थित भएर बसेका पनि छन् । उनीहरू खेतीपातीको काम गर्ने काठको काम गर्ने र आफ्नै समुदायमा सीमित रहेका छन् । अन्य मानव समाजमा गएर काम नगर्ने, आफ्ना बालबच्चालाई आफू जहाँ गयो त्यहीँ लैजाने, अरूको विश्वास नगर्ने चलन वर्तमान समयसम्म

पनि विद्यमान छ । खाना खाँदा अरूको अगाडि नखाने, आफ्नो खानामा कन्दमूललाई बढी महत्त्व दिने, अन्य मानिस देखेमा लुक्ने, एकान्त स्थानलाई बढी रुचाउने, चराचुरुङ्गी मार्ने पोलेर खाने, यस्ता समुदाय दार्चुला जिल्लाको केही पहाडी भेगमा, बैतडी जिल्लाको पन्ज्युका नयौमा, डडेल्धुरा जिल्लाको जोगबुडामा छन् । अन्य ठाउँका राउटे जातिभन्दा डडेलधुराका राउटे जाति वर्तमान समयमा केही निश्चित समुदायमा बसेका छन् । डडेलधुरा जिल्लाको जोगबुडा अन्तर्गत आलिताल गाउँपालिकाको आमपानी र शीर्ष गाविसको जिमरेनीमा बस्ने जाति भने स्थायी रूपमा बसोबास गर्न थालेको छ । वर्तमान समयमा यिनीहरूका लागि विद्यालयको व्यवस्था पनि गरिएको छ तर सबैलाई शिक्षाको महत्त्व थाहा नहुँदा विद्यालय जाने बालबालिकाको सङ्ख्या न्यून थियो । दिवाखाजाको व्यवस्थाले केही आकर्षण बढाएको छ तर यिनीहरूका बच्चा दिवाखाजालाई पनि त्यति महत्त्व दिँदैनन् । यो जाति परम्परागत काठका ठेकी, आरी, मदानी, कुर्सी, टेबुल जस्ता सामग्री बनाउन दक्ष देखिन्छ तर आफ्नो ठाउँ छाडेर कामको खोजीमा टाढा वा सहर जान चाहँदैनन् । भौतिक सुखको खोजी गर्ने चाहना नै छैन भन्दा हुन्छ । थोरै खाने कठिन जीवनयापन गर्ने तर आफ्नै कुटम्बमा बस्ने गर्छन् । नयाँ लुगा लगाउन लाज मान्ने, नयाँ मानिससँग बस्न लाज मान्ने जस्ता विषय वर्तमान समयमा पनि देखिन्छन् ।

उनीहरूको सामाजिक संस्कार पनि आफ्नै किसिमको छ जन्म, मृत्यु, विवाहको आफ्नै परम्परा छ । ईश्वरप्रति आस्था राख्दछन् । खास गरी सूर्य र अग्निको पूजा गर्छन् । नवजात शिशुको जन्म हुँदा उसलाई कन्दमूलसँग सम्बन्ध कायम गर्ने मान्यता छ । यस सम्बन्धमा भनाइ नै छ राउटेको बच्चा जन्मेमा उनले त्यो बच्चालाई लगेर तरुको लहराको छेउमा गई 'तौडया भएइ बुबा तौडया' अर्थात् तरुलको बिरुवा जस्तै झाङ्गिनु भनी आशीर्वाद दिने चलन छ भन्ने भनाइ श्रुति परम्परामा छ ।

बच्चालाई लुगा पनि सनपाट र भाङको रेसाबाट तयार भएको लगाउने चलन छ । बच्चाको कम्मर गोडामा पनि सनपाटकै डोरी बाँध्ने गर्छन् । अन्नप्राशनमा पनि कन्दमूललाई नै समावेश गर्छन् । प्रकृति प्रेमी र प्रकृतिका पूजक हुन् । अब बिस्तारै सरकार तथा एनजिओ र आइएनजिओको पहलमा उनीहरूको व्यवस्थापन गर्ने प्रयास भइरहेका छन् तर सुविधाको वास्ता नगर्ने जाति भएकाले आधुनिकताले छोएको छैन । अन्य समुदायसँग समावेश हुन अझै केही समय लाग्ने छ ।

सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने सौका जाति एवं राउटे जातिको तुलनात्मक अध्ययन गर्ने हो भने सौका जाति मेहनती, उच्च स्तरको सिप भएको व्यापारी, उद्यमी हो भने राउटे जाति अविकसित, जङ्गली अवस्थामा नै जीवन चलाइरहेको आधुनिक समाजको रहनसहन, खानपान, सुख सुविधाको कुनै असर नपरेको वा वास्ता नै नभएको जाति हो । यी दुवै जाति आफ्नो परम्परा र रहनसहनमा आआफ्नै किसिमको जीवनयापन गरिरहेका अल्पसङ्ख्यक जाति हुन् । सुदूरपश्चिम प्रदेशको जातीय गणना गर्दा उपरोक्त दुवै जातिको महत्त्वपूर्ण स्थान छ । उनीहरूको जीवनशैली, परम्परा खोजअनुसन्धान हुन सके यस प्रदेशको अल्पसङ्ख्यक राउटे जातिको पहिचान राष्ट्रियस्तरमा हुने छ । ▪

मुक्तक

रीता चन्द

मेरो मुटुभित्र छौ प्यारो नेपाल तिमी
शिखरमा सेताम्य भयौ हिमाल तिमी
सतरङ्गी जस्तै रङ्गीचङ्गी भै सिँगारिएर
आऊ मेरो सामीप्य आऊ मुनाल तिमी ।

अन्धविश्वासमा अघि नसर्नु हेर छोरी
छिट्टै कसैको विश्वास नगर्नु हेर छोरी
निर्मला, भागरथी बनाइदेलान कसैले
लहलहैमा अरूको भर नपर्नु हेर छोरी ।

प्राण भन्दा पनि माया गर्छौ र तिमी
जिन्दगीमा उनकै भर पर्छौ र तिमी
बुढेसकालका आमाबुवाको सेवा गर्न
भगवान् मानेर नजिक सर्छौ र तिमी । ▪

रहस्यमै पताल भूमेश्वर गुफा

नरेन्द्रबहादुर चन्द

दार्चुला लेकम गाउँपालिका–४, खरकडामा रहेको प्राचीन नागर शैलीको मन्दिर, पाँच भाइ पाण्डवले बनाएको, दशरथचन्द नगरपालिका–४, सात देवल र न्वाललो, पुरचौडी नगरपालिका–९ मा रहेका पञ्चदेवल जसमा १२०३ सालमा बनेको शिलालेख छ । सुदूरपश्चिम प्रदेशका अनेक पर्यटकीय स्थल कुनै धार्मिक, कुनै प्राकृतिक, कुनै मानवनिर्मित छन् । अपि, सैपाल, ओम पर्वत जस्ता हिमशिखर पृथ्वीको स्वर्ग खप्तड क्षेत्र, सुर्मा सरोवर, उकु भग्नावशेष दरबार, सहिद दशरथ चन्दको जन्मघर अमरगढी किल्ला, घटाल थान, अजय मेरुकोट, बडीमालिका, मेलौली, त्रिपुरासुन्दरी, निङ्लाशैनी, डिलाशैनी, कपलशैनी, उग्रतारा, शैलेश्वरी, सुर्मा, दुर्गा भयालिङ्ग डोटी, समैजी सदाफल, चार केदार रौलाकेदार, ग्वाल्लेक केदार, असिम केदार, सिगास केदार, मालिकार्जुन ज्येतिर्लिङ्ग, लटिनाथ, वैजनाथ, शिवनाथ, हुनैनाथ, सेती नदीको झरना, छहरा झरना डोटी, झिलमिल ताल, वेतदकोट ताल, घोडाघोडी ताल, आलिताल, पताल भूमेश्वर ताल, देवताल पञ्चदेवल अछमा, डडेलधुरा अजयमेरुकोटमा रहेका देवल डोटीको शिखर नगरपालिकामा रहेको देवल खप्तड त्रिवेणी, पुरचौडी नगरपालिका हाटमा रहेको त्रिवेणी र राता शिला देवता पाटनमा रहेको पाटन उपत्यका, उदैदेव मन्दिर, सुङरकोट बनारसी धाम, बझाङ सेती नदीको तटमा रहेको तातोपानी दार्चुलामा महाकाली नदी तटमा रहेको तातोपानी यसै पावन तपोभूभि, देवभूमिका महत्त्वपूर्ण धार्मिक पर्यटकीय स्थल हुन् ।

बनारसी देवताले खपरे दानवको वध गरेदेखि बनारसी देवताको महिमा चुलिएको थियो । परापूर्वकालदेखि मानी चन्द राजाले दलित पुजारी नियुक्त गरी पूजा गर्ने गरेका थिए । जहाँ ब्राह्मण, क्षेत्री र दलित सबैले संयुक्त पूजा गर्छन् । सुदूरपश्चिमकै मात्र नभई नेपालकै पहिलो दलित पुजारी रहेको मन्दिर बनारसी धाम हो, जहाँ ठुलो जात्रा लाग्ने गर्छ । शक्ति र आस्थाको केन्द्र भेदभावमुक्त मन्दिर नेपाल देशकै धरोहर हो । यो आस्थाको केन्द्र मात्र नभई शक्तिको केन्द्र पनि हो । जहाँ दलित मुख्य पुजारी हुन्छन् ।

मेलैली भगवती

बैतडी जिल्लाको मेलैली नगरपालिका तल्लो स्वराडको मध्य क्षेत्रमा पर्ने शिखर प्यागोडा शैलीमा निर्मित मेलौली भगवती सात बहिनी भगवती शक्तिपीठमध्ये मैलौली भगवतीको मन्दिर मेलौली नगरपालिकाको मुख्य केन्द्रमा रहेको छ । यस मन्दिर । मेलौली तल्लो स्वराडको मध्य क्षेत्रमा बैतडी सदरमुकामबाट १२ कोश पर्दछ । यो मन्दिर समुद्री सतहबाट लगभग एक हजार सात सय मिटरको उचाइमा अवस्थित छ । बैतडी जिल्लामा यत्तिको उचाइमा सम्म परेको दुबोचौरले भरिपूर्ण एक मात्र स्थल यही मेलौली मन्दिरपरिसर मात्रै हो । मानवनिर्मित मन्दिर कला र शैलीको उच्चकोटिको मन्दिरभित्र पर्छ । यो मन्दिरमा प्रयोग गरिएको ढुङ्गाले सबैको ध्यान आकृष्ट गर्छ । मेलौली मन्दिर कुनै समयमा देउकी प्रथाको उद्गम स्थलले चर्चित थियो, जुन काठमाडौँको वसन्तपुर क्षेत्रमा रहेको तलेजु भवानी मन्दिरमा गरिने जीवित कुमारी देवीको पूजा हुने गर्छ । मेलौली भवानीमा पनि उस्तै परम्परा थियो तर पूजाको गलत प्रयोग गरेपश्चात् यसको निरन्तरता रहेन । अधिकांश सुदूरपश्चिमका साहित्य, कला, शैली, परम्परा, मूल्यमान्यता देवीदेवताका बारेमा अध्ययन अनुसन्धान गर्ने रुचि राख्ने हुनाले म रहस्यमै रहेको पताल भूमेश्वर गुफाको रहस्य सार्वजनिक गर्ने जमर्को गर्दै छु । सुदूरपश्चिम प्रदेश बैतडी जिल्ला सुर्नया गाउँपालिका–२ मा अवस्थित पताल भूमेश्वर धाम धार्मिक एवं पर्यटकीय दृष्टिकोणले एक अतुलनीय अनुसन्धान केन्द्र हो । दशरथ चन्द राजमार्ग सिउँडे बजारदेखि २० मिनेटको पैदल मार्ग प्रयोग गरी सजिलै पुग्न सकिन्छ । यहाँ जङ्गल निकै घना भएका कारण

विभिन्न जङ्गली जीवजन्तुको वासस्थान पनि छ। पताल भूमेश्वर धाम जाने मुख्यद्वारनजिकै पनि एउटा गुफा छ, जुन गुफाको नाम अर्जुन गुफा रहेको छ। मुख्य गुफा पाँच रहेका छन्, जुन गुफामध्ये एउटाको मात्र अनुसन्धान भएको छ जुन गुफाको नाम पाताल (युधिष्ठिर) गुफा नामकरण गरिएको छ। युधिष्ठिर गुफानजिकै तलाउ मन्दिरछेउमै भीम गुफा रहेको छ। हिन्दु धर्म परम्परा अनुसार पाञ्चायन देवीदेवताको बास रहेकाले पनि पाँच गुफा रहेको किंवदन्ती छ। पाँच पाण्डवले पाँच वटै फरक फरक गुफाबाट पताल लोक भ्रमण गरेको, ती गुफाभित्र ३३ कोटि देवीदेवता विराजमान रहको किंवदन्ती पाइन्छ।

रहस्यमै गुफा मात्र छैनन् रहस्यमै तलाउ पनि छ। सतीदेवीको मृत शरीर बोकेर भगवान् शिवले पहिलो पाइला यसै पवित्र स्थलमा राखेका थिए र सतीदेवीको वियोगमा आँसु खस्दा ताल बनेको र त्रिशूल प्रहार गर्दा गुफा बनेको जनविश्वास छ। शिवअश्रु तालको जल टाढाबाट हेर्दा धमिलो देखिन्छ तर अन्जुलीमा राख्दा कञ्चन स्वच्छ देखिन्छ। पताल गुफाको अनुसन्धान गर्ने सदस्य नौ सय मिटर भित्रसम्म पुगेका छन्। फ्रान्सेली गुफा विशेषज्ञको टोलीको एक जना सदस्य स्वयम् म पनि भएकाले नौ सय मिटर भित्र प्रवेश गर्दा गुफाको भित्तामा विभिन्न देवीदेवताका मूर्ति देखिन्छन्। करिब हरेक एक सय मिटर भित्र पस्दा शाखा गुफा भेटिन्छन् ती शाखा गुफाको सयदेखि दुई सय मिटरमा टुङ्गिन्छन्। नौ सय मिटर भित्र पस्दा पनि अक्सिजनको मात्रामा कुनै कमी नहुनु पहिलो रहस्य हो। दोस्रो रहस्य भनेको कुनै पनि जीवित प्राणी देख्न सकिँदैन।

तेस्रो रहस्य अहिलेसम्म कहीँ पनि नौ सय मिटरभन्दा भित्र जान सकेका छैनन्। चौथो रहस्य बर्सातको समयमा धेरै मात्रामा पानी गुफाभित्र प्रवेश गर्छ तर कहाँ निस्कन्छ पत्ता लागेको छैन। यो एसियाकै गहिरो गुफा प्रमाणित भएको छ जसको गहिराइ १६५ मिटर रहेको भने अन्तिम विन्दुसम्म पुग्न सके विश्वकै गहिरो र लामो गुफा हुने निश्चित छ। पताल भूमेश्वरको मन्दिर पुनर्निर्माण गरिएको छ जुन सिमेन्ट कङ्क्रिट मरुभूमि बनाइएको छ। अझै पनि शैली र स्थानीय स्रोतसाधनको प्रयोग गरी निर्माण गर्नुपर्ने हो तेस्तो हुन सकेको छैन।

दशरथचन्द नगरपालिका-४ मा रहेको सात देवल विश्वसम्पदा सूचीमा सूचीकृत हुन सक्ने सम्भावना बोकेको ऐतिहासिक कलात्मक धरोहर हुन्। पाण्डवहरूले स्थापना गरेका शिवलिङ्ग निकै दिव्य र अलौकिक छन्। महाभारत युद्ध द्वापर युगमा भएको थियो। महाभारत युद्ध हिन्दु धर्मका चार युगमध्ये तेस्रो युग द्वापर युगमा लडिएको मानिन्छ। युद्ध समाप्त भएपछि नै कलियुगको आरम्भ भएको भनिन्छ। धर्मग्रन्थका अनुसार यो युद्ध लगभग पाँच हजार वर्षअघि भएको थियो। जब युधिष्ठिरले जुवाको खेलमा सबथोक (राज्य, भाइ, श्रीमती द्रौपदी) हारे तब कौरवले उनलाई १३ वर्षको वनवास सजाय दिए। तीमध्ये १२ वर्ष जङ्गलमा र अन्तिम एक वर्ष अज्ञातवासमा बिताउनुपर्ने सर्त थियो। अज्ञातवास पत्ता लागे पुनः वनवास हुने सर्तका कारण पाण्डवले निर्माण गरेका सात देवल अज्ञातवासको समयमा बनाएका थिए।

अज्ञातवास समयमा सात देवल बनेको प्रमाण भेटिन्छ। पहिलो प्रमाणका रूपमा सात वटा देवलमध्ये एउटा देवल अपूर्ण नै छ उक्त अपूर्ण हुनुको कारण अज्ञातवासको समय थियो। मध्यरातबाट देवल बनाउन सुरु गरेका थिए। बिहान हुनै लाग्दा अज्ञातवास पत्ता लाग्ने भयका कारण अपूर्ण नै छाडी लुकेका थिए। जीर्णोद्धार गर्दा महाभारतको युद्धमा प्रयोग भएका अस्त्रशस्त्र पनि भेटिएका छन्। अद्‍भुत एवं अलौकिक शक्ति प्रयोग गरेर ती देवल र न्वालो पानीका धारा निर्माण गरिएका थिए। एक रातमै ती देवल निर्माण गर्नु अलौकिक शक्तिले मात्र सम्भव हुन्छ।

रहस्यमै गुफा मात्र छैनन् रहस्यमै तलाउ पनि छ। सतीदेवीको मृत शरीर बोकेर भगवान् शिवले पहिलो पाइला यसै पवित्र स्थलमा राखेका थिए र सतीदेवीको वियोगमा आँसु खस्दा ताल बनेको र त्रिशूल प्रहार गर्दा गुफा बनेको जनविश्वास छ। शिवअश्रु तालको जल टाढाबाट हेर्दा धमिलो देखिन्छ तर अन्जुलीमा राख्दा कञ्चन स्वच्छ देखिन्छ।

मन्दिरको टुप्पोमा ढुङ्गाको सुदर्शन चक्रको प्रतिमाको झल्को दिने विशाल चक्रशीला राखिएको थियो। एउटा चक्रशिला जीर्णोद्वारपश्चात् पनि देवलको माथि राख्न नसकेर मन्दिरको छेउमै छ। देवल कलात्मक नागर शैलीमा निर्मित छन्। आफ्नो धर्म, संस्कार र संस्कृति जोगाउन निकै चुनौती देखा परेका छन्।

हाम्रो इतिहास, संस्कार, संस्कृति र शास्त्रको अध्ययन गर्ने भाषा मातृभाषा, राष्ट्र भाषा, संस्कृत आदि हुन्। जसको संरक्षण अध्ययन गर्नु पर्छ। संस्कृत भाषाको ज्ञान नभई कुनै पनि शास्त्रको वास्तविक ज्ञान प्राप्त गर्न सकिँदैन। संस्कृत भाषाको ज्ञानबिना हाम्रो ऐतिहासिक शिलालेख ताम्रपत्रको अध्ययन अनुसन्धान गर्न निकै गाह्रो छ। त्यसैले सुदूरपश्चिम प्रदेशका धरोहर संरक्षण तथा प्रचारप्रसार गर्नु निकै नै आवश्यक छ। ■

सुदूरपश्चिमका महिला साहित्यकार

श्रेष्ठ प्रिया पत्थर

सुदूरपश्चिमका नारी स्रष्टाका बारेमा चर्चा गर्नुपर्दा सर्वप्रथम यस क्षेत्रको लोकसाहित्यलाई कदापि बिर्सनु हुँदैन । लोकसाहित्य भनेको परापूर्वदेखि जन जनमा पुस्तान्तरण हुँदै आएको श्रुति परम्परामा निहित लोकगीत, लोककथा, लोकभाकालाई बुझ्नु पर्दछ । विशेषतः नारीको सन्दर्भमा नारीले कुनै धार्मिक चाडपर्वमा होस् या राम हेर्न जाँदा होस् या घाँस काट्न जाँदा रनवन जाँदा होस् मायाप्रेमका, मिलनविछोडका, मनका पीर, वेदना, दुखेसोलाई गीतका रूपमा सुसेल्दा होस् तत्कालै मुखले तयार गरी गाउने गीतलाई बुझाउँछ । जुन कहिल्यै लेख्य रूपमा लेखिएन तर एक पुस्ताबाट अर्को पुस्तामा पुगेर पनि सुनाइँदै आएका गीत पनि नेपाली लोकसाहित्यमा कम महत्त्वपूर्ण ठानिनु हुँदैन । ती गीत हाम्रो साहित्यको जरो हुन् र हाम्रो संस्कृतिको अमूल्य धरोहर पनि हुन् ।

यहाँ भिन्न धार्मिक तथा सामाजिक कार्य गर्दा गाइने लोकगीत, लोकगाथा समय, अवसर र चाडपर्व अनुसार फरक फरक किसिमको देख्न र सुन्न पाइन्छ । गोःरामा अठेवाली, ठाडो खेल, रनझङिलो, ढुस्को धुमारी र चैतको लोकगाथा गाउने चलन रहेको छ । विवाह र व्रतबन्धमा सगुन, बिहानपख भलौलो, साँझपख सजेवाली, वैश्वानरको फाग देवस्थलमा झोडा, जागर श्रुति परम्पराका आधारमा गाउने चलन रहेको छ । देउडा, भैन, न्यौले आदि लोकगीत हुन् भने चैत, अठेवाली, सजेवाली, भलौलो, झोडाजागर आदि लोकगाथा हुन् । लोकगाथा भन्नाले कुनै ऐतिहासिक वीर पुरुष, स्त्री या घटनाका बारेमा रचिएको गाथा वा भनौँ गीतिकथा हुन् । यस प्रकार सगुन, फाग, भलौलो, चैत, भडा, भैन, चाचरी, देउडा आदि यस क्षेत्रका लोककला र सङ्गीतका मौलिक पहिचान हुन् जसमा नारी स्वर र भूमिका रहन्छ ।

सुदूरपश्चिममा आधुनिक नारी साहित्य

पछिल्लो समयमा सुदूरपश्चिममा नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय कार्य भएको देखिन्छ । 'सुदूरपश्चिमाञ्चल गजल मञ्च', धनगढी कैलाली, 'भानु पुस्तकालय' सत्ती, कैलाली, 'सुदूरपश्चिमाञ्चल साहित्य समाज', धनगढी, कैलाली, 'जनपुस्तकालय', 'प्रतिभा पुस्तकालय' अत्तरिया, कैलाली, 'विद्यार्थी साहित्य प्रतिष्ठान', 'नवरत्न साहित्य प्रतिष्ठान' धनगढी तथा 'देवकोटा साहित्य परिवार' टीकापुर, 'सामुदायिक पुस्तकालय' टीकापुर जस्ता सङ्घ संस्थाले पनि यहाँको साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । साहित्यलाई संस्थागत गर्ने कार्यमा यी संस्थाको

भूमिका महत्त्वपूर्ण रहेको छ । त्यसै गरी यस क्षेत्रको साहित्यको विकासमा यस क्षेत्रबाट प्रकाशित हुने साहित्यिक पत्रिकाको भूमिका पनि महत्त्वपूर्ण रहेको छ । ती पत्रिकामा भानु पुस्तकालयबाट प्रकाशित हुने पत्रिका 'अङ्कुर', कैलाली जनपुस्तकालयबाट प्रकाशित हुने पत्रिका 'मालिका' सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढीबाट प्रकाशित हुने पत्रिका 'सुरभि', प्राज्ञ समाज टीकापुरबाट प्रकाशित हुने पत्रिका 'प्रज्ञाचक्षु', कैलाली बहुमुखी क्याम्पस धनगढीबाट प्रकाशित हुने पत्रिका 'सुसेली', सुदूरपश्चिमाञ्चल एकेडेमी क्याम्पस धनगढीबाट प्रकाशित हुने पत्रिका 'फूलबारी' जस्ता साहित्यिक पत्रिका र विभिन्न एफएमले गर्ने साहित्यिक कार्यक्रमलाई पनि बिर्सन मिल्दैन ।

त्यसै गरी महेन्द्रनगर कञ्चनपुरमा 'महाकाली साहित्य सङ्गम' को स्थापनाको साथसाथै साहित्यको विकास भएको पाइन्छ । वीरबहादुर चन्दद्वारा प्रकाशित 'गुगुल्डी' मासिक, महाकाली साहित्य सङ्गमद्वारा प्रकाशित हुने 'महाकाली सङ्गम' विभिन्न एफएमले पनि यस क्षेत्रको साहित्य विकासमा निकै टेवा पुऱ्याएको देखिन्छ । हाल स्थापना भएका 'मानसखण्ड फाउन्डेसन', प्रगतिशील लेखक सङ्घद्वारा प्रकाशित हुने पत्रिका 'ह्याँक' ले पनि निकै महिला साहित्यकारलाई जन्माएको देखिन्छ । यहाँ सुदूरपश्चिम क्षेत्रमा रही कार्य गर्ने नारी साहित्यकारका सम्बन्धमा अध्ययन गर्ने क्रममा नारी स्रष्टाको व्यक्तिगत परिचयका आधारमा उनीहरूको योगदानलाई चर्चा गरिएको छ –

नारा जोशी : महाकाली नपा–५, मोहती (खिर्कोट) बैतडीमा २०१३ जेठ १ गते माता तुलसीदेवी अवस्थी र पिता खिमानन्द अवस्थीको कोखमा जन्मिनुभएकी नारा जोशी यस क्षेत्रकी वरिष्ठ लेखिका हुनुहुन्छ । उहाँका प्रकाशित पुस्तकमा 'भिडमा एक्लो मान्छे' (लघुकथासङ्ग्रह २०६५), 'मैले देखेको जीवन' (संस्मरण २०६९) र 'अन्तरबोध' (लेखसङ्ग्रह २०८१) रहेका छन् । हाल उहाँ 'मानसखण्ड फाउन्डेसन' महेन्द्रनगरको अध्यक्ष भई संस्थालाई नेतृत्व दिइरहनुभएको छ ।

फाल्गुना दाहाल (२०१८) : बुधबारे–४, झापामा पिता स्व. प्रभाकर निरौला माता पवित्रा निरौलाकी सुपुत्रीका रूपमा २०१८ साल असार ७ गते जन्मिनुभएकी फाल्गुना दाहाल विषेशतः कविता विधामा कलम चलाउने स्रष्टा हुनुहुन्छ । फाल्गुना दाहालको 'पीडाका सुस्केरा' (कवितासङ्ग्रह २०६९), 'सम्झनामा' (२०७९), 'अचम्मको ऐना' (२०७५) प्रकाशित छन् ।

हेमन्ती जोशी (२०१८) : पिता काशीनाथ जोशी तथा माता सुशीला जोशीकी सुपुत्रीका रूपमा २०१८ भदौ १८ गते डोटी जिल्लाको सिमचौर गाविस काटैमा जन्मिएर कैलाली जिल्लाको भजनी (रजवारा) का हुर्किनुभएकी हेमन्ती जोशीले स्कुले जीवनदेखि नै कविता लेख्न सुरु गर्नुभएको भए पनि ५० को दशकको पूर्वार्धबाट साहित्य लेखनमा विशेष क्रियाशील हुनुहुन्छ । जोशीको कथासङ्ग्रह 'प्रतिविम्ब' (२०६४) 'पत्र पत्र जिन्दगी' (२०६९) र 'मनहरू जित्न सके' (२०६६) गजलसङ्ग्रह र 'बगरदेखि सगरसम्म' मुक्तकसङ्ग्रह प्रकाशित भइसकेको छ । त्यस्तै 'सहयात्रा' (संयुक्त कवितासङ्ग्रह) पनि प्रकाशित भएको छ । त्यसै गरी उहाँले 'तिलोत्तमा स्मृति ग्रन्थ' र 'श्रेष्ठ प्रिया पत्थर अभिनन्दन ग्रन्थ' को सम्पादन गर्नुभएको छ । सुदूरपश्चिमको धर्तीमा जन्मिएर यसै क्षेत्रलाई कर्मथलो बनाएकी कथाकार हेमन्ती जोशीको कथासङ्ग्रह 'प्रतिबिम्व' ले उहाँलाई सुदूरपश्चिमको प्रथम महिला कथाकारका रूपमा उभ्याइदिएको छ । उहाँले आफ्ना स्वर्गीय पति गणेशप्रसाद जोशीको स्मृतिमा २५ हजार राशिको 'गणेश–हेमन्ती स्मृति पुरस्कार' को २०६६ सालमा स्थापना गरी प्रत्येक वर्ष उक्त पुरस्कार साहित्यिक योगदानका आधारमा साहित्यकारलाई प्रदान गर्दै आउनुभएको छ ।

श्रेष्ठ प्रिया पत्थर (२०२१) : पिता पूर्णमान श्रेष्ठ र माता कृष्णकुमारी श्रेष्ठको कोखबाट डोटीमा २०२१ सालमा जन्मिई कैलाली जिल्लामा बसोवास गर्दै आउनुभएकी श्रेष्ठ प्रिया 'पत्थर' सुदूरपश्चिममा प्रथम नारी लेखिकाका रूपमा चिनिनुहुन्छ । विसं २०३८ सालमा 'खप्तड सन्देश' साप्ताहिक धनगढीबाट 'आकाङ्क्षा सबै मरिसके' कविता विधाबाट उदाउनुभएकी श्रेष्ठ प्रिया पत्थरको प्रथम कृति 'पतिङ्गर' उपन्यास रहेको र उक्त पुस्तक २०४८ सालमा प्रकाशित भएको देखिन्छ । श्रेष्ठ प्रियाका छ वटा उपन्यास, चार वटा गजलसङ्ग्रह, एउटा कवितासङ्ग्रह, एउटा कथासङ्ग्रह, दुई वटा भूमिकासङ्ग्रह, एउटासमीक्षासङ्ग्रह, एउटा संस्मरणसङ्ग्रह, एउटा व्यक्तित्व र कृतित्व, एउटा मुक्तकसङ्ग्रह गरी १८ वटा पुस्तक प्रकाशित भएको पाइन्छ ।

उहाँको 'नेपाली साहित्य तथा संस्कृति प्रतिष्ठानको संयोजकत्वमा अभिनन्दनग्रन्थसमेत प्रकाशित भएको छ । श्रेष्ठ प्रिया पत्थरले 'अङ्कुर', 'गजल प्रवाह' अर्धवार्षिक, 'मालिका' आदि साहित्यिक पत्रिका र 'मनिराज जोशी अभिनन्दन ग्रन्थ', 'लोकेन्द्रबहादुर चन्द अभिनन्दन ग्रन्थ' को समेत सम्पादन गर्नुभएको छ ।

श्रेष्ठ प्रिया 'पत्थर' ले आफ्ना मातापिताको स्मृतिमा रु. २५ हजारको 'पूर्ण–कृष्ण स्मृति साहित्य पुरस्कार' स्थापना गर्नुभएको छ । श्रेष्ठ प्रियाका

प्रकाशित कृतिलाई लिएर एमए शोधका विद्यार्थीले शोधपत्रसमेत तयार गरेका छन् ।

निभा शाह : अछाममा जन्मिनुभएकी निभा शाहको हालसम्म 'इन्कलाव जिन्दावाद' (२०६३) 'कालापानीकी द्रौपती' (२०६६) 'मनसरा' (२०७२) गरी तीन वटा कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् । उहाँ धेरै संस्थाबाट पुरस्कृत र सम्मानित भइसक्नुभएको छ ।

डा. तुलसी शर्मा (२०३८) : पिता स्व. प्रजापति शर्मा तथा माता स्व. यशोदादेवी शर्माको कोखमा मुडभरा–१, डोटीमा २०३८ साल कात्तिक ५ गते जन्मनुभएकी तुलसी शर्मा उपन्यास विधामा लेख्न मन पराउनुहुन्छ । उहाँको 'भाउजू' उपन्यास २०५९ सालमा प्रकाशित भएको छ भने हालै उहाँको समालोचनासङ्ग्रह प्रकाशित भएको छ । एमए, बिएड, एमफिल गरेर नेपाली विषयमा सुदूरपश्चिम विश्वविद्यालयबाट विद्यावारिधिसम्म शिक्षा आर्जन गर्नुभएकी तुलसी कथा, उपन्यास, कविता लेख्न मनपराउनुहुन्छ । उहाँ सुप साहित्य समाज धनगढी, कैलाली, जनपुस्तकालय, धनगढी जस्ता संस्थामा आबद्ध हुनुहुन्छ । धनगढी नपा–५ मा बसोबास गर्ने उहाँ पेसाले शिक्षिका हुनुहुन्छ ।

तारा भट्ट पल्लवी (२०३८) : पिता सुदर्शन भट्ट तथा माता यशोदा भट्टको कोखमा २०३८ साल मङ्सिर ९ गते जन्मिनुभएकी तारा भट्ट (श्रेष्ठ) एक सक्रिय नारी लेखिका हुनुहुन्छ । उहाँ सुप साहित्य समाज, कैलाली जनपुस्तकालय, सुप गजलमञ्च जस्ता संस्थामा आबद्ध हुनुहुन्छ ।

दीपा ऐर 'उदासी' (२०४०) : पिता गगनसिंह ऐर र माता हिरादेवी सालमा जेठी छोरीका रूपमा जन्मिनुभएकी उहाँको 'घामछाया' (गजलसङ्ग्रह २०६६, असार), 'आँखामा राखी हेर' (कवितासङ्ग्रह २०६६), 'तिम्रो आकृति' (गीतसङ्ग्रह २०६६) एकैसालमा प्रकाशित छन् । 'विश्व नारी साहित्य सम्मेलन पदक २०७१' त्रिमूर्ति निकेतन, काठमाडौँबाट सम्मानित उहाँ विभिन्न साहित्यिक संस्थाबाट गरिएको प्रतियोगितामा पुरस्कृत भइसक्नुभएको छ ।

माधवी घर्तीमगर 'बगर' (२०४५) : वीरेन्द्रनगर खलाटी सुर्खेतमा पिता गणेशबहादुर घर्तीमगर तथा माता मायादेवी घर्तीमगरको कोखमा २०४५ साल जन्मिनुभएकी माधवी 'बगर' को 'बगरमा एउटा लहर मायाको' (गजलसङ्ग्रह २०६१) प्रकाशित भएको छ ।

स्व. पुष्पा जोशी (२०४५) : अत्तरिया, कैलालीमा आइएडमा अध्ययन गर्दागर्दै १८ वर्षको कलिलो उमेरमा उपन्यास जस्तो बृहत् आख्यानमा आफूलाई समर्पित गरी 'पवित्रा' उपन्यास लेख्ने पुष्पा जोशीको साहित्यिक योगदानलाई सेती अञ्चलले मात्र होइन, सिङ्गो सुदूरपश्चिमाञ्चलले बिर्सन हुँदैन । उहाँको यो उपन्यास २०६३ सालमा प्रकाशित भएको हो । पुस्तक प्रकाशित गरेकै वर्ष १८ वर्षको कलिलो उमेरमा उहाँको देहावसान भयो ।

दिपिसा 'कैजी' (२०४५) : कालीकोट जिल्लाको पाखा–५ मा पिता कृष्ण विष्ट तथा माता जानकी विष्टको कोखमा २०४५ साल असोज २० गते जन्मिनुभएकी दिपिसा 'कैजी' को 'अश्रु दोभान' (हाइकुसङ्ग्रह २०६०) प्रकाशित भएको पाइन्छ ।

दीपा ढकाल 'आँसु' (२०४७) : कैलाली जिल्ला पहलमानपुर गाविस वडा नं २ मा पिता कमल ढकाल र माता चन्द्रकलाकी पुत्री दीपा ढकाल 'आँसु' ले १४ वर्षको उमेरमा गजलसङ्ग्रह 'शान्तिको बिगुल' प्रकाशित गरी नेपाली गजलको इतिहासमा प्रथम बाल गजलकार बन्ने श्रेय पाउनुभएको छ । २०४७ जेठ १५ मा उहाँको जन्म भएको हो ।

करिश्मा सिंह 'कञ्चन' (२०४९) : पिता भीमबहादुर सिंह तथा माता दुर्गादेवी सिंहको कोखमा २०४९ साल कात्तिक २७ गते कोल्हापुर महाराष्ट्र भारतमा जन्मिनुभएकी करिश्मा सिंह 'कञ्चन' को २०६९ सालमा 'कञ्चन' (गजलसङ्ग्रह प्रकाशित भएको छ ।

भुवनेश्वरी शर्मा : शर्माको 'जागरण' नामक कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ ।

मञ्जु वैरागी चन्द : डोटीमा बसोबास गर्दै आउनुभएकी मञ्जु वैरागी चन्दको छन्दात्मक कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ ।

कल्पना भट्ट : डडेलधुरामा जन्मिई हाल धनगढीमा बसोबास गर्ने कल्पनाका 'पापी संसार' (उपन्यास) २०६३ मा प्रकाशित भएको देखिन्छ । उहाँले कवितातर्फ पनि कलम चलाउँदै आउनुभएको छ ।

पार्वती भट्ट : डडेलधुरामा जन्मिई हाल काठमाडौँ बस्दै आउनुभएकी पार्वती भट्टका 'अनिदा सपनाहरू' (मुक्तकसङ्ग्रह) प्रकाशित छ ।

कोपिला शर्मा : उहाँको 'सन्दुस' (गजलसङ्ग्रह) प्रकाशित भएको छ । उहाँ कविता, गजल लेख्दै आइरहनुभएको छ ।

सुमन स्मारिका : सुमनको 'कैफियत, मेहेफिल' (संयुक्त गजलसङ्ग्रह), 'साहेब' (गजलसङ्ग्रह) प्रकाशित छ ।

गङ्गा विष्ट : महेन्द्रनगरमा बसोबास गर्दै आउनुभएकी गङ्गा विष्टका 'सवाल' (गजलसङ्ग्रह) प्रकाशित छ ।

विमला चन्द : बैतडी घर भएकी चन्दको 'मेरो आगमनको प्रतीक्षामा म' (कवितासङ्ग्रह) प्रकाशित छ ।

रितु पाण्डेय : कैलालीकी रितु पाण्डेयको प्रियसी (गजलसङ्ग्रह) प्रकाशित भएको छ ।

साफी राजवंशी : कृष्णपुर नगरपालिका–६, कञ्चनपुरकी साफी राजवंशीको 'सिर्जल' (मुक्तकसङ्ग्रह २०७४), 'मनके बह' (संयुक्त मुक्तकसङ्ग्रह २०७५), 'गोरपासु' (निबन्धसङ्ग्रह २०७८) प्रकाशित छन् ।

शर्मिला चौधरी : २०४२ साल कात्तिक १२ गते जन्मनुभएकी बेलौरी, कञ्चनपुर निवासी शर्मिला चौधरीको 'मनके फूला' (कवितासङ्ग्रह २०६२), 'कम्हलरीया' (उपन्यास), 'दुःखके हलकारा' (उपन्यास २०६४) प्रकाशित छ ।

रविना चौधरी : भजनी नगरपालिका–६, कैलालीकी रविना चौधरीको 'औरी' (गजलसङ्ग्रह २०७२) प्रकाशित भएको देखिन्छ ।

लक्ष्मी पन्त : कञ्चनपुरकी लक्ष्मी पन्तको 'दुई आँखर' डोटेली गीतसङ्ग्रह प्रकाशित भएको छ ।

मीना पन्त : कञ्चनपुरकै मीना पन्तको 'डोटेली गीत सङ्ग्रह' प्रकाशित भएको छ ।

सरिता जोशी : जोशीको 'महाकालीका छालहरू' संयुक्त गजलसङ्ग्रह प्रकाशित भएको छ ।

गीता स्मृति कठायत : गीताको 'महफिल' र 'रैवार टीकापुरका' संयुक्त गजलसङ्ग्रह प्रकाशित भएका छन् ।

उषा जोशी : उषा जोशी विशेषतः गजल, मुक्तक र कवितातर्फ कलम चलाउने गर्नुहुन्छ ।

त्यस्तै बझाङकी निर्मला सिंह, प्रभालक्ष्मी बजाल, कलावती जोशी, रूपाकुमारी बोहरा, कल्पना श्रेष्ठ, सत्यकुमारी जोशी, प्रार्थना खनाल, कैलालीकी, श्रेष्ठ रक्षा 'रोदन', समीपा शाह ठकुरी, जुनु भट्ट, लक्ष्मी ओझा, कौशिला सावद, माधवी घर्तीमगर, दिपिसा कैजी, रेनुका महतरा, रूपा स्वार, दुर्गाबम मल्ल, जमुना बोहरा, सुमन 'स्मारिका' दुर्गा जोशी, आशा साकी बलायर, मोतीसरा विष्ट फुटकर रूपमा कविता, गजल लेख्ने चर्चित प्रतिभा हुन् ।

त्यस्तै कञ्चनपुर जिल्लामा रही कवितातर्फ कलम चलाउने प्रतिभामा चन्द्रकला पन्त, मधु हमाल, आनन्दी पन्त, सरिता पन्थी, सरिता जोशी, सरस्वती भाट धामी, निर्मला भाट, रितु कुँवर, लक्ष्मी जोशी, सानु जोशी, बबिता कार्की, चाँदनी भट्ट पनि सक्रिय हुनुनहुन्छ ।

त्यस्तै डोटी जिल्लामा रही कलम चलाउने प्रतिभामा कुश्मा भट्ट (गजल, मुक्तक), गीता स्मृति कठायत (गजल, मुक्तक), आशा साँकी (गजल, मुक्तक), सीता सावँद (गजल, मुक्तक), प्रमिला उपाध्याय (गजल, मुक्तक), गीता जोशी (मुक्तक, कविता), कल्पना जोशी (कविता), मुना मटेली (गजल, मुक्तक) ले विधामा कलम चलाइरहनुभएको देखिन्छ ।

बैतडीबाट काव्यतर्फ कलम चलाउनेमा पार्वती भट्ट प्रेमाश्रु रहनुभएको छ ।

यी प्रतिभाका अतिरिक्त हाल थुप्रै प्रतिभा सुदूरपश्चिमाञ्चलको साहित्यिक क्षितिजमा उदाएका छन् । उनीहरूको साहित्य लेखनको निरन्तरता कहिलेसम्म रहिरहने हो त्यो भने हेर्न बाँकी नै छ । किनभने सुदूरपश्चिमका धर्तीमा थुप्रै नारी स्रष्टा बेलाबखत देखिए र केही समयपछि हराए पनि । तीमध्ये केही साह्रै प्रखर प्रतिभाका धनी पनि थिए । समयका विभिन्न कालखण्डमा उदाएर हराएका ती नारी स्रष्टाको खोजी तथा अनुसन्धान गर्न बाँकी नै छ । तीमध्ये गङ्गा बम, जानकी तुलाधर, कमला पोखरेल, विश्वशान्ति श्रेष्ठलाई लिन सकिन्छ । २०४० को दशकको पूर्वार्धमा स्थानीय पत्रपत्रिकामा देखिएर ४० को दशककै अन्त्यसम्ममा हराएका ती प्रतिभा कहाँ छन् ? के गर्दै छन् ? केही अत्तोपत्तो छैन ।

नेपाली साहित्यको फाँटमा सिर्जनाबाहेक विभिन्न पत्रपत्रिका, विभिन्न कृतिको सम्पादनमा, साहित्यिक सङ्घ सङ्गठनमा महिलाले आफ्नो सक्रियता देखाएका छन् । यसका अतिरिक्त पत्रकारिताको माध्यमबाट कलम चलाउने महिला पत्रकार तथा लेखिका बढी सक्रिय रहनु र विभिन्न पत्रपत्रिकाको सम्पादन गरेर मात्र होइन, महिला साहित्यकारले नारी जागरणका लागि देखाएको प्रतिबद्धता पनि सराहनीय छ ।

नारी हक अधिकारका कुरामा मात्र नरहेर समाजका सबै विषयलाई समेत आत्मसात् गरेर विशुद्ध साहित्य सिर्जनामा केन्द्रित हुने हो भने नेपाली साहित्यमा यस क्षेत्रका नारी हस्ताक्षर अझ बढी सक्षम र सशक्त हुने कुरामा शङ्का छैन । सङ्ख्याको दृष्टिले कम भए पनि नेपाली साहित्यमा यस क्षेत्रमा महिला लेखनको स्थिति मजबुत छ ।

हाल देखा परेका स्थापित र नवोदित लेखिकाका साहित्य सिर्जनाको सक्रियताले उज्यालो भविष्यको सङ्केत गर्दागर्दै पनि खड्केको कुरा के छ भने वर्तमान समयमा काठमाडौंबाट प्रकाशित हुने गरेको स्तरीय साहित्यिक पत्रपत्रिकामा नारी हस्ताक्षरको उपस्थिति शून्यप्रायः देखिएको छ । यसको विपरीत स्थानीय क्षेत्रबाट प्रकाशित हुने समाचारमूलक पत्रिकाका अतिरिक्त यस क्षेत्रबाट बेलाबखत प्रकाशित हुने पत्रिका 'सुरभि' 'मालिका' 'गजल प्रवाह', 'सुसेली', 'फूलबारी' 'प्रज्ञाचक्षु' 'अङ्कुर' आदिमा महिला प्रतिभाको मनग्गे रचना प्रकाशित भएको पाइन्छ । ■

शिक्षाका प्रवर्तक गोपालसिंह जमादार

पुरनसिंह दयाल

पञ्चायतकालमा बैतडी जिल्ला पनि शिक्षाका क्षेत्रमा प्रतिष्ठित जिल्लामध्येको एउटा थियो । यस बैतडी जिल्ला अन्तर्गतको हालको मेलौली नपा-५, खलिगाड शिक्षाको क्षेत्रमा तल्लो स्वराडको नामुद शिक्षा केन्द्र मानिन्छ। यस क्षेत्रमा शिक्षाको यस विशिष्ट परिस्थितिमा यस गाउँमा मात्र होइन, सिङ्गो तल्लो स्वराडमा नै आधुनिक शिक्षाको जग बसाल्न एउटा उज्ज्वल नक्षत्रका रूपमा उदय हुन पुगे गोपालसिंह जमादार । बैतडी जिल्ला अन्तर्गत मेलौली नगरपालिका वडा नं. ५, खलिगाडका लागि गोपालसिंह राना फरक जाति समुदायका व्यक्ति थिए। अङ्ग्रेजहरूको हिन्दुस्तानी सेनाको इन्डियन हस्पिटल कोरमा जमादारको पदमा नियुक्त र नियमित गर्दा इसं १९२७ जनवरी १५ को अङ्ग्रेजी र हिन्दी भाषामा लेखिएको पत्रमा अङ्ग्रेजीमा उहाँको नाम जादार गोपाल सिंह गुरुङ लेखिएको छ भने हिन्दीमा 'जमादार गोपाल सिंह' मात्र लेखिएको छ। माइला छोरा धीरजबहादुर रानाका अनुसार पेन्सनका कागजपत्रमा पनि राणा नै रहेको र त्यसै अनुरूप जमिनसम्बन्धीका कागजपत्रमा केहीमा राना र केहीमा राणा उल्लेखित भएको बताउनुहुन्छ ।

अङ्ग्रेज सेनाबाट जमादार पदमा पदोन्नतिको पत्रलाई आधिकारिक मान्ने हो भने उहाँ गुरुङ जातिको ठहरिनुहुन्छ। यस गाउँमा बसोबासपछिका कागजपत्रमा कही राना र कही राणा नै भएका र छोरा, बुहारी, नाति, नातिनीसम्ममा पनि विविधता देखिएको अवस्थालाई मध्यनजर गर्दा उहाँका छोरा धीरज राना भन्नुहुन्छ । बहुसङ्ख्यक प्रमाणका आधारमा आफ्ना पूर्वज जनजातिका गुरुङ वा मगर समुदायसँग सरोकार राख्नुहुन्थ्यो भन्ने कुरामा विश्वस्त हुनुहुन्छ र अब सबैलाई एक रूपता दिनुपर्ने हुँदा 'राना' थरलाई नै राख्न उपयुक्त ठान्नुहुन्छ । त्यो थर राख्नमा कुनै किसिमको लघुताभास उहाँ राख्नुहुन्न । छोराका नाम, थरमा पनि विविधता छ । जेठो छोरा स्व. मानबहादुरकोमा र उहाँको सम्पूर्ण परिवार राणा बनेका छन् भने धीरज र करणबहादुर राना (श्रीमती भागरतीको नागरिकतामा श्रीमान्को ठाउँमा केशवबहादुर राना) का परिवार रानाको थरबाट नै लिखित रूपमा चिनिन्छन् ।

७१ वर्षीय धीरजबहादुर भन्नुहुन्छ, "युवतीकालमा माइला छोरा रतन खत्रीकी बहिनी महानन्द सिंह खत्रीकी फुपू कमली आफन्तसित भारतको लखनउतिर जानेआउने क्रममा गोपालसिंह रानासँग भेटघाट हुन थालेछ । पटक पटकको भेटघाटले उहाँहरूमा निकटता बढ्दै गएछ । त्यही निकटता पछि प्रेम विवाहमा परिणत भएछ।" गोपाल सिंहको आवत जावत जन्मघरभन्दा ससुराली घरतिर बढ्न थाल्दा कमलीको जन्मथलोको विजय हुन पुग्यो र उनी पनि यहीँ खलिगाडको ज्वाइँ बन्न पुगे । धीरज भन्नुहुन्छ, "गोपाल सिंहका बुवाको नाम दलबहादुर थियो । आमाको नाम चाहिँ थाहा छैन । उहाँका गाउँ र जिल्लाको नाम थाहा छैन । कसैलाई परिचय दिनुपरे आफ्नो नाम जिएस राना भन्नुहुन्थ्यो रे ।"

नोकरीको सिलसिलामा पटक पटकको कमलीसँगको ससुराली घरको आवतजावतले खलिगाडप्रतिको मायाममता बढ्दै गयो । प्रकृतिको काखमा बसेको यस सुरम्य नगरीले गोपाल सिंहको मन पनि लोभिँदै गयो । ससुराली घरमा नै लामो समय बस्नुभन्दा स्वतन्त्र ढङ्गको बसोबासका लागि उपजाउ ठाउँमा जमिन किन्न आरम्भ गर्नुभयो । धीरजबहादुर बताउनुहुन्छ, "उहाँले एक किलो जति सुन र ४० किलो चाँदी ल्याउनुभएको थियो । केही ससुरालीपट्टिलाई दिनुभयो भने शेष परिवारजनका लागि गरगहना बनाउनुका साथै रौंडाली, बेलोगडो, कपडाको रुखमुनिको खेत, पेल्यासिरोडासम्म जमिन किन्नुभयो ।

बुङ्गाको मूल टोलभन्दा अलि टाढा पानीको पर्याप्तता र बाँजघारीको सामीप्यतामा तत्कालीन समयको एउटा नामुद घर बनाउनुभयो सिङ्गो घरका लागि जमादार साबले सूर्नया नदीको छेउ खोँचबाट सालको काठ प्रतिगोटा चार आना (२५ पैसा) दिएर ढुवानी गराएका थिए ।

टुपी बाँधी पढ्नु परेका दिन र सरकारी सेवाका साथै अध्ययन गरी अफिसर बन्नुभएका गोपाल सिंहलाई शिक्षाको महत्त्व आत्मीय रूपले नै बुझेका कारण शिक्षाको अभावमा रुमलिएको नयाँ पुस्तालाई शिक्षित पार्न स्वस्फूर्त

रूपमा लागेको देखिन्छ । शिक्षाप्रतिको चासो भएका अभिभावक एवं बालक उनीकहाँ पढाइ माग्न आउन थाले । कुनगाडको उहाँको नौलो घर विस्तार विस्तार प्राइमरी स्कुलका रूपमा परिणत हुन थाल्यो ।

आफू बसेको गाउँ ठाउँलाई सुशिक्षित, सुसंस्कृति, सुसभ्य र समृद्ध बनाउने उत्कण्ठा उनमा तीव्र रूपमा बढेको देखिन्छ किनभने बुँगा टोलकै प्रेमबहादुर चन्द, भगीरथ चन्दहरूलाई उहाँले भारतीय सेनामा भर्ना गराउनुभएको थियो । प्रेम चन्द पछि जमादार पदमा पेन्सनमा आएका थिए । भनिन्छ जोसँग जे को बिउ हुन्छ त्यसले त्यसैको खेती गर्छ । उनीसँग त्यही शिक्षा थियो, त्यसैको बिउ छर्न आरम्भ गर्नुभयो । जमादार साहेबले बालशिक्षाको आरम्भ आफ्नो घरआँगनदेखि ००७/०८ सालदेखि आरम्भ गरे पनि त्यसको प्रचार बढ्दै जाँदा पढ्ने विद्यार्थीको पनि सङ्ख्या बढ्दै जान थाल्यो । उहाँले आफ्नो घर कुनागाडपछि डगरी, मतरथप्याभडुवाको रुखमुनि, भमक सिल्डा चौतारीमा शेरा पढाउनुका साथै लामो समय उहाँले मल्लो चौगाउँमा सिङ्गो खलिगाडका विद्यार्थीलाई केन्द्र पर्ने ठाउँमा पढाउन आरम्भ गर्नुभयो । आफ्नो किसिमले कक्षा निर्धारण गरेका थिए । त्यही चौर मेरो पनि पहिलो विद्यालय बनेको थियो भने गोपाल जमादार मेरा प्रथम गुरु थिए ।

खलिगाडका केही नामुद व्यक्ति यिनका प्रारम्भिककालका विद्यार्थी थिए । तिनमा जयराज जोशी, केशवानन्द जोशी, हंसराज जोशी, कृष्णदत्त पन्त, लक्ष्मीदत्त पन्त, दामोदर जोशी, रामसिंह पुजारा, बहादुर सिंह पुजारा, वीरबहादुर चन्द, किसन चन्द, पदमसिंह पुजारा, गन्धर्व पोखरेल, मगनी पोखरेल, कर्ण दयाल, दशरथ दयाल, लोगे पार्की, हतरङ्गाका ठगी भट्ट, भगीरथ भट्ट, हजारी भट्टलगायत छिमेकी गाउँ शेरा, भुर्काली, हडिनादेखि टाढा टाढासम्मका विद्यार्थी पनि डेरा गरी पढ्न आउने कुरा बुझिन्छ । दशरथ जोशी भन्नहुन्छ, "एक हिउँद उहाँबाट मैले पनि अङ्ग्रेजी सिकेको थिएँ । केशवानन्द र जयराज दाजु शाङ्खवेद संस्कृत पाठशालाका पहिला विद्यार्थी भए पनि अङ्ग्रेजीलगायतको आधुनिक शिक्षा उहाँहरूले रानाजीबाट नै सिकेका थिए । उनी बहुमुखी प्रतिभाका धनी थिए । उनले शेरा र हतरङ्गा भोरीबटा पनि पढाएका थिए । जेबबड्या पनि पढाएका थिए । ७२ वर्षीय नरपति पन्त भन्नुहुन्छ, "उहाँ समाज रूपान्तरणका लागि निका मान्छे हुनुहुन्थ्यो । अङ्ग्रेजीका माना आफैँ लेखिदिनुहुन्थ्यो र कडाइका साथ कण्ठ गर्न लगाउँनुहुन्थ्यो । मैले पनि पाँचसम्म उनीबाट नै पढेको हुँ । अङ्ग्रेजी र नेपालीका अक्षर अति सुन्दर लेख्ने गर्नुहुन्थ्यो । गाउँबाहिर टाढाको क्षेत्र भनेको हालको डडेलधुरा जिल्ला अन्तर्गतको अजयमेरु गापाको राजुल, बैतडीकै शिवनाथ गापाको पुँडिल, मेलौलीको रिङ्गा गएर अनौपचारिक रूपमा पढाउनुभयो । हालको पाटन नपाको बल्लौसांवासीले पनि उहाँलाई लैजान चाहेका थिए तर जानुभएन । विसं २०१० तिर मेलौलीको मणिलेक हाइस्कुल काँडामा त्यतिखेर अङ्ग्रेजी विषयको शिक्षण गर्ने शिक्षकको अभाव भएका कारण उहाँलाई बोलाइयो ।" दुई/तीन वर्ष जति उक्त स्कुलमा उहाँले पढाएको वर्तमान प्रअ देवदत्त कलौनीलगायतका व्यक्ति बताउनुहुन्छ । उहाँले विविध शिक्षण विधि तथा प्रक्रिया अपनाउनुभएको थियो । घेरा प्रणाली : फरक फरक कक्षा निर्धारण गरिएका भए पनि एउटा बृहत् घेरामा कक्षा अनुसारका विद्यार्थी एकसाथ बसालेर पढाउने । हाजिरी व्यवस्था, राष्ट्रिय गीत गायन, पुस्तक व्यवस्थापन खरी र कमेरोको प्रयोग गरेर पढाउनुहुन्थ्यो । तत्कालीन समयमा कपी किन्न र पाउन पनि गाउँघरमा त्यतिको सहजता थिएन । २ कक्षासम्म विद्यार्थी खिराका ठुलाठुला पाटी, निङ्गालाको कलम, कमेरोको दुवात वा खरीको प्रयोग गर्ने गर्नुहुन्थ्यो । पाटीलाई तावाको मोसो लगाई सुकाएर लोहरोले घोटेर चम्काउने गर्नुहुन्थ्यो । मेहनती विद्यार्थीले पाटी भरी भरी सुन्दर अक्षर बनाई बाह्रखरी र २० सम्मका दुनोट र पव्वा, हुटो, ढामहरू लेखाउने र तह अनुसार कण्ठ गर्न लगाउनुहुन्थ्यो । स्टेलमा लेखाउने, भौतिक क्रियाकलाप, अतिरिक्त गर्नुहुन्थ्यो ।

शुल्क त्यतिको कडा राखिएको थिएन । क्षमतावाहरू एक/दुई रुपियाँ पनि दिन्थे । नहुनेहरू आन मानु अर्थात् दुई/चार आना पैसा, एक/दुई माना चामल पनि दिन्थे । त्यति पनि नहुनेले भए फलफूल, तरकारी र आफ्नो उत्पादन दिन्थे । अनुशासनमा कडा गर्न घँघारुको लट्ठी प्रायःजसो टेकिराख्नुहुन्थ्यो । कसै विद्यार्थीले बढी नै अनुशासनहीनता देखायो भने गोर्खालीको सामान्य गाली 'गाँठे' भनेर लट्ठीले हिर्काउनुहुन्थ्यो । स्थानीय भाषाको गाली 'तेरी मुण्डी काटिझाउ' भनेर पनि पिट्नुहुन्थ्यो । हिन्दीमा पनि 'बन्दर कहीँका' भनेर गाली गर्नुहुन्थ्यो । अङ्ग्रेजी माना र दुनोट कण्ठ नगरे पनि हात थाप्न लगाएर हान्ने वा मुर्गा बनाउने गर्नुहुन्थ्यो । कमजोर मनस्थितिका विद्यार्थी त अलि जोडले बोल्दा नै भयभीत हुने गर्दथे । मेहनती र अनुशासित विद्यार्थीको पीठ थपथपाएर प्रोत्साहित पनि गर्नुहुन्थ्यो ।

जमादार गोपालसिंह राना शिक्षा सेवकका साथै धार्मिक प्रवृत्तिबाट पनि भरिपूर्ण देखा पर्नुहुन्छ । छोरा धीरजबहादुरका अनुसार उनको घरमा गीता, महाभारत, रामायण, भागवत्लगायतका विभिन्न धार्मिक पुस्तकको अध्ययनका साथै शालिग्रामको पनि पूजा गर्नुहुन्थ्यो । चण्डी पाठ गर्नुहुन्थ्यो । शिक्षक दशरथ जोशी भन्नुहुन्छ, "आफ्नो घरमा उहाँ नवाह, सप्ताह पनि लगाउनुहुन्थ्यो । बिहान धारामा नुहाउन आउँदा भागवत्लगायतका साथै

अनेक धार्मिक श्लोकहरू जोड जोडले पाठ गर्नुहुन्थ्यो । धेरै खुबीवाला थिए ।" तत्कालीन समयसम्म यस क्षेत्रमा नै नभएको लीला रामलीला उहाँले लगाउन आरम्भ गर्नुभयो । त्यसका लागि आवश्यक चाहिने पर्दा, मुखौटा र अन्य सामग्रीका साथै ब्याट्रीबाट चल्ने फोनोग्राफ ल्याउनुभएको थियो । हार्मोनियमदेखि अनेक किसिमका वाद्यवादनका सामग्री सङ्कलन गरेका थिए । रामलीलाका लागि आफ्ना विद्यार्थीबाट र विशेष खुबी देखिएका गाउँलेलाई विभिन्न पात्रको भूमिकाका लागि हप्तौं अभ्यास गराएर खलिगाड गाउँकै मध्य दशामा, डगरीमा र गाजरीमा रामलीला लगाएको सम्झना जीवित बुढापाका अझै गर्नुहुन्छ । रामको भूमिकामा बासु चन्द थिए भने लक्ष्मणको पात्र भएर जयराज जोशीले रामलीलामा खेलेका थिए । रावणका पात्र किसन चन्द बनेका थिए । सीता कालीचरन बनाइए, जनकका पात्र मगनी जोशी बनेका थिए । बहुमुखीप्रतिभाका धनी हरिसिंह दयालले सुपर्णखा, शबरीदेखि विभिन्न पात्रको भूमिकाको अतिरिक्त जोकरका रूपमा दर्शकलाई हँसाइराख्ने गर्नुहुन्थ्यो रे ।

तत्कालीन समय भनेको दोस्रो विश्वयुद्धको समय पनि थियो । यहाँका सुरा व्यक्तिलाई अङ्ग्रेजको र पछि भारतीय सेनामा सेवारत हुने गर्दथे । उताबाट आउने प्रियअप्रिय घटना भारतीय बोर्डरसम्म तार (आकाशवाणी) चिठीपत्र पढिदिनुहुन्थ्यो । अङ्ग्रेजी भाषामा । त्यतिखेर अङ्ग्रेजी पढ्न सक्ने व्यक्ति गोपालसिंह जस्ता विरलै हुने गर्दथे । तसर्थ ती संवेदनशील कुरा प्रायःजसो मृत्युसम्बन्धी हुने गर्दथे । यस कारण पनि अर्धसिपालु व्यक्तिलाई पढाउने कुरा हुँदैनथ्यो । अतः टाढा टाढाका गाउँबाट पनि तार लिएर जमादार गोपालसिंह रानाकहाँ आउने गर्दथे । उहाँ राम्रो किसिमले पढेर उचित रायसल्लाह दिने गर्नुहुन्थ्यो । क्षेत्रीबाहुनको बाहुल्यता भएको गाउँमा केही व्यक्ति दलित समुदायले बोकेका दाउरा मात्र होइन, ढिकेनुन पनि पानीले धुनुहुन्थ्यो भने केही समाजप्रति समभाव राख्ने साहसिला व्यक्ति जसकोमा पनि खाइदिनुहुन्थ्यो । केही लुकीछिपी सद्भावपूर्ण व्यवहार गर्ने हुन्थे । सप्ताह, नवाह लगाउने कुरा त माथि उल्लेख भइसकेको छ । त्यसको अतिरिक्त रामायण, महाभारत, कृष्णचरित्रलगायतका नेपाली धार्मिक पुस्तक भाषा मिलाएर हिउँदका समय आफू र जान्ने विद्यार्थीबाट पढ्न लगाई गुण ज्ञानका कुरा रात रातभर गर्नुहुन्थ्यो । कुनै दिन उहाँले फोनोग्राफद्वारा हिन्दी, कुमाउनी र नेपाली गीत सुनाउने गर्नुहुन्थ्यो । टोल टोलबाट महिला, पुरुष चादर, कम्बल ओढेर पनि हिउँदका ठुला राति सुन्न जाने गर्नुहुन्थ्यो । तावा जस्ता रिकार्डप्लेहरू सियोद्वारा घुमाई गीतसङ्गीत सुनाउने कुरा उहाँकै माहिला छोरा धीरज राना, कान्छा केशव, दशरथ जोशी, कृष्णसिंह खत्रीलगायतका कलमकारलाई पनि केही गीतका सम्झना छन् ।

तल् घरका ज्यू झनान – मारझपुका, कुकुडी काँ......
काली–गोरी फुन्कै जोडी – हा...हा..हा... जस्ता मनोरञ्जनात्मक गीतहरू हुने गर्दथे । गाउँमा हुने विभिन्न चाडबाड, मेलापर्वमा उहाँसँग भएका हार्मोनियम, तबला, मादललगायतका वाद्यवादनको प्रयोगका साथै फोनोग्राफद्वारा मनोरञ्जन गरिन्थ्यो । त्यतिखेर आजका जस्ता मनोरञ्जनका र सूचनाका साधन हुँदैनथे । ■

मेनपा, खलिगाड, बैतडी

मुक्तक

भीमसिंह धामी

अब माया त भरपूर मिलोस् उसलाई,
सुन खोज्दा कोहिनुर मिलोस् उसलाई ।
हरेक हिसाबले योग्य खोज्दै थिइन् क्यारे
भन्दैन मभन्दा नि झुर मिलोस् उसलाई ॥

न स्वर्ग न नर्क न त कारागारमा छु
प्रिया म तिम्रो दिलको दरबारमा छु ।
तीव्र गतिमा दौडिरहेछ तिम्रो जवानी
म त्यही जवानी स्पर्श गर्ने हतारमा छु ॥

तिम्रो बन्ने कोसिस भरपूर गरियो
खै के पुगेन गर्न त हजुर हजुर गरियो ।
मायाको सट्टा मृत्यु उपहार बन्यो
बुझ्न सकिएन खै के कसुर गरियो ॥

दिल दुखेको उपचार कहाँ हुन्छ
अन्तिम घडीमा सुधार कहाँ हुन्छ ।
कति पीर गर्छौ भै जाने कुराको
मृत्युलाई रोक्ने औजार कहाँ हुन्छ ॥ ■

कर्णालीका देवता

कालीबहादुर शाही

कर्णालीका प्रत्येक गाउँबस्तीमा हरेक क्रियाकलापमा देवीदेवताको सुझाव अनुसार गर्ने प्रचलन हालसम्म चलिरहेको पाइन्छ । खासमा देवीदेवताको उत्पत्ति मानव सृष्टिसँगै भएको पाइन्छ । अलौकिक शक्ति मानव शरीर वा आत्मामा चढेर लौकिक गतिविधि प्रदर्शन गराउने अद्‌भुत शक्तिलाई देवीदेवता मानिन्छन् । पुस्तौंदेखि मानव समाजले देवीदेवताप्रति विश्वास, भरोसा तथा डरत्रास पनि मान्दै आएको पाइन्छ ।

समाजमा ब्रह्मा, विष्णु र महेश्वर, राम, कृष्ण, भगवती, गणेशको मूर्ति या फोटो राखेर पूजा गर्ने गरिन्छ । मूर्ति स्थापना गरी पूजा आराधना गरिने पवित्र स्थानलाई मन्दिर भनिन्छ भने मस्टो भवानीलगायत देवता तथा दैत्य, राक्षस, भूत, भ्याउन आदिको मूर्ति राखिँदैन । पूजा वा धाम गरिने पवित्र स्थानलाई माँडु, माडौ, स्थान (थान) भनिन्छ । अलौकिक एवं अदृश्य तथा अस्पर्शी शक्तिहरूको पूजापाठ, गर्ने शैलीगत रूपमा ठाउँ समाज अनुसार पृथकता पाइनु स्वाभाविक नै मानिन्छ । जसरी सुरुमा जुन तरिकालाई सम्मान र पूजा गरिँदै आएको हुन्छ । त्यही शैली र प्रकृति पुस्तान्तरण हुँदै जान्छ र पछिल्लो पुस्ताले सोहीबमोजिम अवलम्बन गर्दै आएको पाइन्छ ।

महिला (स्त्री जाति) लाई अलौकिक शक्तिलाई देवी भनिँदै आएको पाइन्छ । जस्तो नौबहिनी भवानीले पूजा गर्दै आएको पाइन्छ । नौबहिनी भवानी शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्धमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदात्री भनिन्छ । कतै कतै भने नौबहिनीका नाम यसरी उल्लेख गरिएको पाइन्छ ।

मस्टाका नौ दिदीबहिनी– कालिका, मालिका, कनकासुन्दरी, त्रिपुरासुन्दरी, जालपा, खेसमालिनी, ठिग्याली, हिमालिनी र विन्ध्यवासिनी भनिएको छ भने कतै यसरी पनि उल्लेख गरिएको पाइन्छ, कालिका, मालिका, भवानी, जालपा, सुनन्दा, अलकनन्दा, कनकासुन्दरी, त्रिपुरासुन्दरी र उग्रतारा हुन् । यी नौ दुर्गा भवानीलाई राक्षसको प्रकोपबाट बचाउनका लागि मस्टोको अवतारमा देव प्रकट भएको पाइन्छ । जसका कारण नवदुर्गा भवानी र सम्पूर्ण लोकको रक्षा भएको हो । (शर्मा २००८.९४)

प्रायः कर्णालीमा सबै मानव बस्तीमा देवताका माँडुहरू गाउँको चारै दिशातर्फ किल्ला किल्ला सुरक्षार्थ भूमिकामा निर्माण गरिएको देखिन्छन् । जसका कारण दैत्य, असुर वा भूत, प्रेत, पिचास गाउँबस्ती प्रवेश गर्न नपाओस् भनेर देवताले सुरक्षा दिएको पाइन्छ ।

यसरी देवतालाई मानव समाजले आफ्नो सुख, दुःख, पीडा, समस्या, अनिष्ठ, भएका बेला हेराउने, देखाउने र सुल्झाउन बिन्ती गर्दछन् र हरेक कार्यको समाधानका लागि अनुरोध गरिन्छ । सधैं पहरेदार र सुरक्षाकार्यको भूमिकामा इष्टदेवतालाई राखेको पाइन्छ । शुभकार्यको थालनी, भविष्यवाणी, राम्रो काम सफलता बनाउने जिम्मासमेत देवतालाई दिएको पाइन्छ । पुर्खौंदेखि हालसम्म, देवीदेवतालाई विश्वास र भरोसाको केन्द्रविन्दुमा राखिएको पाइन्छ ।

चिनियाँ यात्री हु यान साङले आफ्नो किताब 'द किङ्डम एनाजम' मा लेखेका छन्, "कैलाश पर्वतको पश्चिममा सतलज नदीको माथिल्लो क्षेत्र 'ख्युङलुङ' मा पाँचौं शताब्दीभन्दाअघि नौतले दरबार थियो । त्यहाँ लामो समयसम्म मातृसत्ता चलेको पाइन्छ ।"

यस प्रसङ्गमा समाजशास्त्री, विद्वान् छक्कबहादुर लामाका अनुसार– यस्तो सुन्दर ठाउँ जो भूस्वर्ग भन्न लायक छ । उत्तरमा कैलाश, पूर्वमा गुरला मान्धता र पश्चिममा नन्दी हिमालले ओदाने शोभा दिएको छ । बिचमा पठार छ । पठारको बिचमा ताल छ । तालको बिचमा पहाड छ । त्यही पहाडमा नौतले दरबार थियो । त्यहाँ गणनायक आइमाईले (महिला) राज्य सञ्चालन गरेका थिए ।

आइमाईको राज्यमा पुरुष सेवक थिए । धेरै थिचोमिचो भएपछि पुरुषले आन्दोलन गरे । सो समयमा विवाहको सन्दर्भमा महिलाले भनेको जस्तो मात्र हुन्थ्यो । देवताको सभ्यताको केन्द्र मानसरोवर ताल हो । राक्षसहरूको लङ्कारी वा राक्षस ताल हो ।

कर्णाली क्षेत्रमा बसोबास गरेको समयदेखि नै आफ्नो देवीदेवताको पूजाआजा गर्दै आएको पाइन्छ । हाल कर्णाली प्रदेशका हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालीकोटमा मनाउँदै आएका देवीदेवताको जन्म प्रकृति शैली तथा यहाँ सम्मानित देवताको प्रकृतिलाई आधार बनाई देवीदेवताको सबैखाले विवरण, कार्यशैली, पूजाप्रकृति र कार्यक्षमताका आधारमा तथा स्थानीय, बुढापाका, धामी डाङरी, पूजारीका अनुसार यहाँ (कर्णालीमा मान्दै आएका) देवीदेवतालाई निम्न चार भागमा विभाजन गर्न उपयुक्त ठानिएको छ । यी देवताको जन्मगत शैली फरक फरक अवस्थाको पाइन्छ ।

१. कुल देवता, (इन्द्रका पालामा जन्मेका देवीदेवता) मस्टो र भवानी
२. स्वस्फूर्त, सङ्कटमा उत्पन्न भएका देवताहरू
३. अर्धदैविक (मुइया, मृत्तात्मा, पितृदेव)
४. दैत्य, राक्षसी देवता (पारोखाल्या) वाहन देवता

कुलदेवता (इन्द्र देवका पालामा जन्मेका देवीदेवता)

मस्टो र भवानी

देवीदेवताको शब्दिक अर्थ, प्रचलन, मानव जातिसँग दैत्यसँग देवीदेवताको सम्बन्धको सन्दर्भमा मानव जातिले मान्दै आएका देवीदेवताका जन्म प्रकृतिको अध्ययन गरिएको छ । नेपालमा खस संस्कृति मस्टो भवानीको सन्दर्भमा खोज अनुसन्धान गरिएको पाइन्छ । त्यसरी अनुसन्धान अध्ययन गरिएका प्रसङ्गलाई आधिकारिकता एवं पूर्ण वैज्ञानिक बनाउन समावेश गर्नु उपयुक्त ठानिएको छ । मस्टो र नवदुर्गा भवानीको जन्म उत्पत्तिको सन्दर्भहरू यस प्रकार देखिन्छन् । लेखक तेजबहादुर कार्कीको मस्टो संस्कृति : ऐतिहासिक र सांस्कृतिक अध्ययन (२०७७) अनुसार मस्टो र भवानीको जन्म, उत्पत्ति, अर्थ आदि विषयवस्तुको समावेश गरिएको छ । खस जातिको पूर्वजले मरुतस (वायुलाई) देवता मानी पूजा गर्ने चलन चलाउन थाले । त्यही मरुतसबाट मउत मउट्ट मस्ट मस्टो शब्द विकास भएको पाइन्छ । कसैले महादेवको मस्तक गणबाट मस्टा वा मस्टो भएको भनेका छन् । मरुत्को (विद्युत् र हावा) विशेष उपासक खस आर्य जातिले मरुत् मरुत् भन्दै मस्तबाट मस्टो भएको भनाइ छ । यसरी नै वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार कर्णालीको सिँजामा (वर्तमान नेपाली भाषाको पूर्वरूप) मा मान्छेलाई मन्ठ, मान्ठ, मन्टा भन्दछन् । मर्त्यलोकलाई मान्ठलोक वा मन्ठलोक भनिन्छ । मन्ठ शब्दसँग मस्टोको निकटतम सम्बन्ध हुन सक्छ अनि मस्टोको व्युत्पत्ति हुँदै जाँदा मन्ठले मानेको हुँदा मस्ठो भएको देखिन्छ । मस्ठोलाई मैठो, भइठो पनि भनिन्छ ।

यसरी नै संस्कृतिविद् प्राडा पेशल दाहालको मत छ । मस्टो शब्द संस्कृत भाषाको मस्तकबाट व्युत्पत्ति भएको हो ।

इतिहासकार पूर्णप्रकाश नेपाल 'यात्री' लेख्छन् । मस्टोको उत्पत्ति स्थल मानसरोवर भन्नाले डोटी कर्णालीकै भूभाग रहेछ भन्ने लाग्छ । पाँचौं शताब्दीपूर्व बभ्काङको राजसत्तामा सैपाल थापाको समयमा मस्टोले मान्यता पाएको देखिन्छ । योगी नरहरिनाथले मस्टोलाई महेश्वरको अंशावतार भएको व्याख्या गरेका छन् । उनले अष्टमूर्ति महादेव शिवको (पृथ्वी, जल, तेज, वायु, आकाश, चन्द्र, सूर्य र आत्मा) तथा माता गौरीलाई १०८ पटक पूजा गर्ने मस्टो (कालाशिला मस्टो, विनायक) महाकाली नदी र कर्णाली नदीको तिरैतिर मानसरोवर कैलाश जान्छन् र फर्किएर अछामको कुची विनायक प्रवेश गरी बस्न थाल्छन् । मस्टोलाई कसैले पाण्डवको औतार पनि भनेका छन् । खापर मस्टोलाई इन्द्रपुत्र पनि भनेको पाइन्छ । मस्टाको उत्पत्ति, जन्मको सन्दर्भमा प्राडा जयराज पन्तको मस्टा परम्परा र तिनका गीतहरू नामक पुस्तकमा उल्लेख भए अनुसार देवीदेवताको जन्म वा उत्पत्ति भएको प्रसङ्ग माथि उल्लेख भइसकेको छ तर त्यसैमा थप केही भनाइ यहाँ समावेश गर्न आवश्यक देखिन्छ । भगवान् शङ्करले दसौं दिशाका जीवजन्तुको पालनपोषणका लागि संरक्षण गर्ने जिम्मेवारी दिएर खटाइएको वा गाउँबस्तीमा तैनाथ गरिएका देवतालाई स्थानीय बासिन्दाले मस्टा नाम दिएर पूजाआजा गर्ने गरेको पाइन्छ । प्राडा जयराज पन्तका अनुसार १२ भाइ मस्टाहरू :

> देवीदेवताको शब्दिक अर्थ, प्रचलन, मानव जातिसँग दैत्यसँग देवीदेवताको सम्बन्धको सन्दर्भमा मानव जातिले मान्दै आएका देवीदेवताका जन्म प्रकृतिको अध्ययन गरिएको छ ।

क. जेठो– कैलाश, बुढो, रुद्र, दुणार, दुधेर प्रघेशिल्टो
ख. माहिलो– बान्नी, बाविरो, रमाल, रुमाली, लडे, थापा, कुवु, लाकुडी, लडी, चाल
ग. साहिँलो– उखड्या, सिम, तुसापानी, धुरापानी, सुकिलो दाडे र बाँ
घ. ठाहिँलो– कालो सिल्टो, कालशिला, खापडेर मुण्डा
ङ. राहिँलो– क्षेत्रपाल, गुरो, सुन्दरगाउँले, कलि र लाङखुरे
च. काहिँलो– गुणे, धौलपुरे, सुन्दाल, सिम र उडी सितल
छ. अन्तरे– माङले पुवाले, उखाडी र लाखुड्या
ज. मन्तरे– लिउडी, कमल र डोगी
झ. जन्तरे– विजय, विनायक, वनपाला
ञ. लन्तरे– मण्डली, कैली, साइन, कुमाल र क्युडाली
ट. लखन्तरे– बाँस्कोटे, डाङडी, प्रवाले र कर्मी

ठ. कान्छो– बाँठेपाल, वराह, बार

प्राडा सूर्यमणि ज्ञवालीको बाइसे राज्यको इतिहास, नामक पुस्तकमा मस्टाको १२ भाइलाई यस प्रकार विभाजन गरेको पाइन्छ ।

मस्टाका नाम, स्थान र जिल्ला

१. ढँडार मस्टो – बभ्काङ

२. खापर (खप्तड) मस्टो – खप्तड

३. तेडी मस्टो – गढसेरा (डोटी)

४. कवा मस्टो – कवालेक (अछाम)

५. कालासिल्ला मस्टो – विनायक (अछाम)

६. रुमाल मस्टो – खिड्किसैना (कालीकोट)

७. बुडु मस्टो – जुम्ला

८. व्यार्प मस्टो – जुम्ला, मुगु

९. गुरो मस्टो – हुम्ला र मुगु

१०. दारे मस्टो – जुम्ला, मुगु, जाजरकोट

११. दुधे मस्टो – जुम्ला, मुगु, जाजरकोट

१२. बाबिरो मस्टो – जुम्ला

स्वस्फूर्त/सङ्कटमा उत्पन्न भएका देवीदेवता

जन्मनु, उत्पत्ति हुनु भनेको नयाँ स्वरूप धारण गर्नु हो । जसले आफ्नो जीवनचर्या व्यतीत गर्न केही न केही गर्नुपर्ने हुन्छ । कुनै पनि प्राणी वा बोटबिरुवा जन्मन्छन् । उत्पादन हुन्छन् । तिनीहरूले पनि आफ्नो जीवनभर लीला देखाएर विशेषता बिछ्याएर, नासो छाडेर जान्छन् आफूले सक्ने, क्षमता अनुसारको सिप कला, प्रदर्शन गरेर गएको इतिहासले देखाउँछ । मानिसले प्राणी वा प्रकृतिमाथि देखाएको हर्कतले असह्य भएर दैवीशक्ति उत्पन्न हुन्छ । त्यही नै प्रकृतिका देवताको स्वस्फूर्त उत्पत्ति भएको मानिएको छ । जस्तो, सर्किदेवता, महादेव, हंसपाल आदि देवताको सामान्य जन्म प्रकृतिको इतिवृत्तान्त यहाँ उल्लेख गर्न आवश्यक ठानिएको छ ।

अर्धदैविक शक्ति (भुइयाँ, भूत्तात्मा पितृदेवता)

कर्णालीका प्रायः गाउँबस्तीमा यस प्रकृतिका अर्धदैविक शक्तिका देवीदेवतालाई (भुइयाँ, मृतात्मा, पितृदेव) आदि नामले सम्बोधन भएका हुन्छन् र सम्मान गरिएको पाइन्छ । ती अर्धदैविक शक्ति (भुइयाँ देवता) मा, पतुरराजा, जोगराजा, पित्रन्नी, जिउपाई, गर्भ्या, लाटी देउती, भ्काँगिरे, बाम्नी... आदिको नाम समावेश गरिएको छ । यी भुइयाँ, देवताका धामी र डाङरी पनि हुन्छन् भने पूर्णिमाको दिनमा पूजाआजा गर्नेका लागि माडु (थान) पनि स्थापना गरिएका हुन्छन् ।

दैत्य, राक्षसी देवता

दैत्य (राक्षस, रागस) तथा देवीदेवताको जन्म, उत्पत्तिको सन्दर्भलाई नियाल्दा सुर र असुर भएर जन्मेका भनिएको छ । उनीहरू दिदीबहिनीका सन्तान हुन् । पछि एकआपसमा नमिल्दा दिनप्रतिदिन शत्रुता बढ्दै गयो । सुर (देवता) र असुर दैत्य (राक्षस) भनेर परिचित भएको इतिहास र पौराणिक कथनले बताउँछ ।

देवताहरू गाउँघर मानव समाजको कल्याण, रेखदेख, प्रगतिका लागि पहरेदारको भूमिकामा देखिएपछि मानिसले आफ्नो बस्तीनजिक माडु (थान) निर्माण गरी देवीदेवताको पूजा उपासना गर्ने प्रचलन गर्दै आएको पाइन्छ भने दैत्य/राक्षसले अहित गर्ने, देवताको विपरीत क्रियाकलाप गर्ने भएकाले उनीहरू वनपाखा, जङ्गल, भिर ओढारमा बसोबास गर्दै आएको पाइन्छ । कुनै समयमा दैत्य/राक्षसलाई मानिसले वा अन्य कुनै शक्ति वा देवीदेवता स्वयम्ले फकाएर, सम्भ्काएर, आफ्नो माडु (थान) को नजिक ल्याई बसालेको इतिहास पाइन्छ । त्यसरी बसालेका दैत्य, राक्षसलाई पारोखाले (पारोखाल्या, पर बसेर खाने) पहरेदार, (सिपाही) वाहन आदि नामले सम्बोधन गरिएको पाइन्छ । देवीदेवताले आफ्ना वाहन, पारोखालेका रूपमा राखिएका दैत्य, राक्षसी देवलाई आफू जानुभन्दा अगाडि ती वाहनलाई पठाउँछन् । अन्तिममा मात्र आफू प्रयोग हुने गरेको इतिहास पाइन्छ । यी वाहन पनि कोही धामी, डाङरी भएका छन् भने कोही वाहनको रूपमा मात्र सीमित भएका हुन्छन् । कहिलेकाहीँ आङमा देवशक्ति चढेर काम्छन् । पतुर्छन् र आफ्नो स्वामी देवतालाई काँधमा चढाएर घुमी घुमी नाच्ने गर्दछन् ।

कसैले त धामी सरहको सुविधा र भूमिकामा रहन पाएका हुन्छन् कसैलाई कुनै भूत लाग्यो भने ती राक्षसी देवताले पिटेर तातो आगोले पोलेर भगाउने गरेका उदाहरण प्रशस्त पाइन्छन् । ती देवता ल्वासुर, स्वाँलो, सल्लेरी, वाँण, गाइगुण्या, साणवेताल, कालढुल्या, छणी आँखुव्या, डुव्या, खुराणो, धोद्याली, वाल्जाणी, हाँस्या विणी आदि देखिन्छन् । धामीका रूपमा सम्मानित भएका र ठुलै देवताका रूपमा सम्मानित भएका देवता छिप्राको ल्वासुर, छाँगो आदि हुन् । यिनीहरू मस्टोको सम्मान सरहको भूमिकामा भएको पाइन्छ ।

लवासुरले देवताहरू फलामको जेलभित्र भएको समयमा फलामले त्यो जेललाई काटेर सबै देवीदेवतालाई जेलमुक्त गरेकाले ल्वासुर (लवासुर) भनिएको भनाइ छ ।

कर्णालीका देवीदेवताले विभिन्न खालका मुद्दा मामिला, भ्कगडाको फैसला गर्ने, जारी काट्ने, उपचार गर्ने शुभ साइतका लागि लगन जुराउने, मृतात्मा ठेगानमा राख्ने, अदृश्य शक्ति, दैत्य, राक्षस, भूतप्रेत, पिचास आदिलाई भगाउने र फकाइफुल्याई आफ्नो वाहन बनाउने, विभिन्न आश्चर्यजनक चमत्कार देखाउने, दैवी प्रकोपबाट बचाउन र भविष्यवाणी गर्ने, आदि विभिन्न विषयवस्तुका बारेमा मानिसलाई सघाउने, सचेत गराउने र सहयोग गर्ने कार्य गरेको पाइन्छ । त्यसैले कर्णालीमा देवीदेवताप्रतिको जनविश्वास धेरैभन्दा धेरै मात्रामा पाइन्छ । ■

सुदूरपश्चिमका विविध सुस्केरा

रामचन्द्र नेपाल

'आफ्नो भूमिको साँचो माया शब्दमा हुँदैन, यसको उन्नति हुने कर्ममा हुन्छ ।' –अज्ञात

एउटा निर्वाह यात्रा ! कसैलाई थाहा छैन यो कुन अज्ञातकालदेखि चलिआएको हो, पेट अघि सारेर गरिएको खोजी क्रम हो । दौरा फाटे, सुरुवाल उध्रिए, टोपीका घेरा मैलिए, पुरानिए अनि लुगा मात्र होइन, कति पुस्ता फेरिए तर यस्तै यात्रा जारी छ । पुस्ता नयाँ आयो तर पुरानै बिँडो थामियो । लाहुर जाने संस्कृति मौलायो । पेट र परिवारका लागि परदेशको परिश्रम । निर्वाहका लागि मान्छे छरिइरहे – दिल्ली, मुम्बई, बैङ्ग्लोर, चेन्नई तथा अन्यत्र । यही क्रममा के गयो के आयो अर्कै कुरा तर यहीँ कति गीत बने । कति देउडा, ठाडी भाका गाइए, गाउँघर, बाटाघाटामा, वनपाखामा ।

'पैया गुडन लाग्या, बम्बई जान्या रेलका पैया गुडन लाग्या'

या

'झुपा रेलपाना बम्बैका लाहुर्‍या, मैं हुं रेलपाना हिंट बम्बै झान्या कि'

उता वनपाखामा घँसियारी विरहिणी साथीसित विरह पोख्छन्,

'बैङ्ग्लोर छौ कि तमी
दिल्ली पन्जाप छौ कि
मद्रास् छौ कि तमी'

खोलो सुसाएझैँ पहाडबाट झर्दा, मेलापात गर्दा, बस रेलमा चढ्दा, फुटिआउने ठाडीभाका होस् या अर्को, यी गीत मात्र होइनन्, कठिन जीविका र ढुकढुकी हुन्, तपाईं–हामी बजेका वा गाएका मान्छौं ।

बोर्डरमा हेपिएका अन्त्यहीन कथा, साहुका गालीगलौज र अप्ठ्यारा परिस्थितिका व्यथा यी अर्कै शोककाव्य हुन् । गरिबी छ, त्यसैले शिरमा ढाका टोपी छ । भोक छ, त्यसैले आङमा फाटेको इस्टकोट छ । अशिक्षा छ, हिन्दी राम्रोसँग नआउनाले आफ्नै भाषा बचेको छ । किनभने त्यता जाने, सम्भ्रान्त भनिने अथवा हुनेखानेका त न टाउकामा टोपी, न जिब्रामा भाषा । उतैका जस्ता देखिन खोज्नेहरू यस्तै बहानामा आफू बाँचेको भ्रममा हुन्छन् ।

युवा गए । बुढा भएर फर्किए । कति त रोग अघि लाएर फर्किए ।

कसले कसरी सिकायो होला, मुग्लान जाने यो बिनासिपको सिप (?) बेलुकीपख भारतीय रात्रीबस समात्न गौरीफन्टामा लागेको लाइन होस् या गड्डा चौकीको लाइन, देखाइरहेछ एउटा बाध्यात्मक तर व्यङ्ग्यात्मक यात्रा । हिँड्न त हिँडेका हुन्, एउटा सुनौलो बिहानी खोज्न तर पुगेछन् भारतीय सहरमा । साइत त निकालेका हुन् टीका लगाएर तर विकल्पमा आजभोलि पुग्न थालेका छन् खाडीमा ।

डडेलधुरा आलीताल गाउँको एउटा पसलमा बेलुकीखेर केही सुल्पा तान्दै थिए । कुरा गर्दै थिए । केही मान्छे गाउँदै थिए, देउडाको 'न्याउल्या' जस्तै भाकामा

कै मुल्या मन्तरी भयो २
ए, पर्धान मन्तरी भयो । २
त्यार का दिन मि हेर २
दलबिर्‍या क्याइ नाङै रयो । २

अनि,

सधैँझैँ पोहोरसाल पनि धेरै हल्ला भयो । त्यो हल्ला झन्डै गाउँसम्म गयो । भन्थे, सरकार नयाँ आयो । भन्थे, विकासका लागि गोष्ठी गर्ने सल्लाह भयो । धेरै विद्वान् आए । डाक्टर आए । जान्नेबुझ्ने माउड्या आए । ठुला ठुला मान्छे आए । पेपर पढे । रमाइलो वातावरणमा भव्य गोष्ठी सम्पन्न गरे । गोष्ठीका निष्कर्षले किताब बन्यो । उनीहरू काठमाडौँ गए । किताब पनि काठमाडौँ गयो तर गाउँमा, गोष्ठी हेर्न गएकाबाहेक केही फर्केर गएन ।

गाउँलेहरूले भनेका कुरा हुन् यी ।

के भयो त ?

हरिना भिरमा घाँस काटिरहिन् । बुढा धनबहादुर थोरै दुध दिने गाईभैँसी हेरिरहे । घरको खाँचो घरमै

रह्यो । काम खोज्न गएको उनको बेरोजगार छोरो, कतै पाएछ अलिकता । बेलुकी नान्नानो लगाएर अरिङ्गाले हुँदै आयो ।

अनि ?... अनि त जाँतमा जाँड पसे जस्तै भयो । गाउँले पनि के कम ? आआफ्नै छाप्राबाट चुहिएको आकाश हेरिरहे, केही झर्छ कि भनेर तर शीतबाहेक केही झरेन ।

सायल गाउँकी हरिना बिहानै उठ्छिन् । आफ्नो काम सकेर जोत्ने गोरु खेतसम्म पुऱ्याउँछिन् । हलो जुवा आफैँ काँधमा बोकेर जान्छिन् । बेलुकी धोकेर अझसम्म सुतिरहेको लोग्नेलाई बडा मुस्किलले उठाउँछिन् । गोरु आफैँ नार्छिन् । अनि लोग्नेको हात समातेर हलाको अनौमा राखिदिन्छिन् । उस्तै पऱ्यो भने गोरु पनि धपाउँछिन् । अनि ऊ केहीबेर 'जोतिदिन्छ । जोत्दा हलाको अनौ समात्न हुने भए हरिनाले अलि छिटैदेखि समात्ने थिइन् । अझ अबेरसम्म समात्ने थिइन् । त... त .. त... भन्दै धेरैबेर जोत्ने थिइन् ।

उनलाई थाहा छ– थोरै तलमाथि भए गोरुले होइन, कुटाइ उनले पाउँछिन् । अलिकता समय नमिले खाना होइन, गाली खान्छिन् । किनभने ऊ पुरुष हो र उनी 'स्वाइनी मान्स' हुन् । अनि कहिलेकाहीँ त एक्लै लुकेर सुदूरपश्चिम रुन्छिन् ।

यो रडाकोले बेला बेला लाग्छ उनलाई, ऊ पनि लाहुऱ्या भइदिए हुन्थ्यो । बरु बाहिरै गैदिए हुन्थ्यो । जे जे गर्थ्यो उतै गर्थ्यो । जे जे पर्थ्यो यतै टर्थ्यो ।

"सायल गाउँकी हरिना बिहानै उठ्छिन् । आफ्नो काम सकेर जोत्ने गोरु खेतसम्म पुऱ्याउँछिन् । हलो जुवा आफैँ काँधमा बोकेर जान्छिन् । बेलुकी धोकेर अझसम्म सुतिरहेको लोग्नेलाई बडा मुस्किलले उठाउँछिन् ।

गाउँका हरिनाहरू, देउमती, बेलमती श्रमगीत गाउँदै पर्सो (मल) छर्छन् खेतबारीमा । मल छर्दा गाइने गीत छुट्टै छ । रनन पार्छन् स्वरलहरी ।

"लाग लाग परस्यारिउ पर्सो फिंज्न लाग
पर्सो फिंज्या खेत गड़ा बाला झुली जान्ना
बाला झुल्या खेत गड़ा चडा मुसा खान्ना ।
अन्नपात उब्जीकन भकारी भरिन्ना ...

खन्छन् । छर्छन् । रोप्छन्, काट्छन् । बाली भित्र्याउँछन् । उनीहरू ग्रामीण अर्थतन्त्रका मियो हुन् । चालक हुन् । हरेक बेला हतार हुन्छ उनीहरूलाई । टुक्रुक्क बस्न भ्याउँदैनन् र सागको सट्टा उमालेको चाउचाउ, तरकारीको झोलमा मुछेर भात खान्छन् ।

कि पुरुषहरू जँड्याहा छन् । कि पुरुषहरू लापरवाह छन् । कि पुरुषहरू अल्छी छन्, उनीहरू ठान्छन् ।

उनलाई कुटाइ खाइएला भन्ने डर हुन्छ । भएको पनि त्यस्तै छ । कति पटक बोलचाल बन्द भएको छ । एक पटक त लामो समय बोलचाल बन्द भयो । कुरा बिग्रिन लागेर एक दिन उनले भनिन्, "बोल्या मन त नाई थियो रे ! मुर्कट्याकी धोती जली !"

बोलचाल बन्द होस्, केही भएन । धेरै कुरा धेरै ठाउँमा समान नहुन्, केही भएन । नौ जिल्लाका विभिन्न भेगमा बोलिने डोट्याली भाषाका सस्याना भेद हुन्, केही भएन तर साना नानीदेखि बुढाबुढीसम्म, महिलादेखि पुरुषसम्म, वरदेखि परसम्म, तलदेखि माथिसम्म बिनाविभेद सबैलाई जोड्ने केही छ भने, त्यो हो देउडाखेल । जब रन्को छुट्छ देउडाको र २० औँ मान्छे गोलो घेरामा पाइतालाको ताल मिलाउँदै रनन गरी गाउँछन्, तब कसरी थाम्न सकिन्छ र मन ? सकिँदैन । खुट्टाको तालले अनि भाकाको रन्कोले जुरुक जुरुक पारिहाल्छ ।

सबै शिल्पी, सबैको सहभागिता, सबैले जानेको, सबैले मन पराएको सायद देउडा जस्तो कुनै गीत हुँदैन । यस्तो कुनै रीत हुँदैन । यस्तो कुनै सङ्गीत हुँदैन । सबैलाई जोड्छ देउडाले ।

के हुन्छ साँच्ची, यहाँबाट देउडा टपक्क टिपेर झिकिदिने हो भने ?

बिनादेउडा सास कसरी फेर्छ सुपले ? त्यसैले, यो स्पन्दन हो, ढुकढुकी हो । ध्वनि हो, झङ्कार हो । एक उत्ताल तरङ्ग हो । एकता हो, चिनारीको साइनबोर्ड हो । अझ भनौँ, गौरा र देउडा धर्ती हो, आकाश पनि हो । यो अग्नि, वायु, यम र वरुण पनि हो । यस पौराणिक मानसखण्ड भूमिमा शिवपार्वतीसहितको गरिमामय कैलाश हो ।

यो आफैँमा प्राकृतिक कला, लोककविता, आँसु कवित्वका साथै श्रद्धापद्धति र मनोरञ्जन पनि हो ।

डोटीका १० वर्षे बालक केशवराज आफ्ना बज्याबज्यैलाई बिहानै ढोग गर्छन् । बाबा इजाको दर्शन गर्छन् । अग्रजको सम्मान गर्छन् । आफू कतै बाहिर जाँदा ढोगेर जान्छन् । जानेलाई त्यस्तै श्रद्धाले बिदाइ गर्छन् र फर्की आउँदा पनि त्यसरी नै निहुरिन्छन् । अरूहरू पनि अनेक काजबारमा आदली कुशली गर्छन् । पाको मानिसले बोलेको सबैले सुन्छन् । भनेको टर्छन् । विभिन्न समाज, संस्कार हेरे बुझेकाहरू भन्छन्, "सुदूरपश्चिममा अग्रजलाई गर्ने आदर सम्मान, ज्येष्ठलाई गरिने श्रद्धा, ढोग अरू समुदायमा, क्षेत्रमा कमै पाइन्छ ।" छोरी बिदाइ र अन्य वियोगमा शोकपूर्ण रुवाइ काव्यात्मक हुन्छन् ।

'खा हो सर', 'तम झा इजा', 'पाउलागी गुरु ! तम

याईं बस !’ ‘मन्त्रीले भुण्यो’ ठाडो लाग्छ र त मिठासपूर्ण छ । अर्ग्यानिक छ र त अल्काइन छ । भाषाका कुरा गर्दा ‘बाकरी घाँस खान्छे । मेरी भैँसी गई । मेरी घडी बन्द होइ गई । पहाडकी सौँराइ लागि । को खालो कोदयाको रोटो,’ आदि । लिङ्ग निर्णय बुझ्नु भो नि ! अझ क्रियाविशेषणमा समेत लिङ्ग निर्णय हुन्छ ।

तर, आउनुहोस्, म यहाँलाई प्रदेशको पछिल्लो नामकरणतिर लैजान्छु । के भन्छन् यहाँकाहरू ?

“न भूगोल, न इतिहास, न कुनै विशेषता ! सुदूरपश्चिम नाम किन राख्नुपर्‍यो ?” बुद्धिजीविको गुनासो ।

“पहिले नै ढलिसकेको केन्द्रीकृत राज्यव्यवस्थाले फालेर राखेको बासी नाम टिपियो,” जान्नेसुन्नेहरू भन्छन् ।

“न इतिहास, न सांस्कृतिक विशेषता, न भौगोलिक पहिचान अनिच्छित भारी बोकेर अनिश्चित दिशामा हिँडिरहेका छौँ,” लेखक, साहित्यकार भन्छन् ।

मन परेको छैन नाम । मनपरेको छैन काम । अनि मनपर्ने खालको छैन दाम । यस मनोविज्ञानले कता कता कचपल्टिएको छ सुदूरपश्चिम ।

स्थानीय देवीदेवता धेरै छन् । कुलदेवता धेरै छन् । एउटै थरका विभिन्न गोत्र छन् । महादेवका छोरानाति जोडिएका थुप्रै नाथ देउता र परम्परा छन् । यो सिद्धनाथ बैजनाथ भूमिमा । कुल पुरुषहरू सबै देउता हुन् । पूजिन्छन् । एक पटक एक जना अनुसन्धाता भन्दै थिए, “माणौँ माणौँमा केही पृथक् संस्कृति र शिला शिलामा छरपष्ट इतिहास ।” देवीदेवताका विशाल परिषद्मा परिवार र निश्चित समुदायका छुट्टै स्थानीय देउता पनि छन् । देउता वृक्ष, जल, बारीमा छन्, कान्लामा छन् । देवल र न्वालामा छन् । बारहरू, फलेका तुलफूलमा देउता छन् । हुँदा हुँदा विश्वास देउता, चलन र अभ्यास पनि कहिलेकहीँ देउताकै कोटिमा पुगिदिन्छन् ।

तिनै देउता रिसाउने डरले कहिलेकाहीँ गतिहीन हुने गर्छ सुदूरपश्चिम तर जागृतहरू भन्छन्, “चलन र देउता छुट्ट्याइदिऊँ साथी । अभ्यास र देउता छुट्टै राखौँ साथी । हो, आस्था छ देवदेवीमा । विश्वास छ देवीदेवतामा तर विश्वास र ईश्वर अलग राखौँ साथी । ईश्वरलाई ईश्वर मानौँ तर विश्वासलाई ईश्वर होइन साथी !” कुमाउ साथी हो, इष्ट हो, घनिष्ठ हो । योभन्दा धेरै कुरा हो कुमाउ । समसंस्कृतिको छातामुनि उभिँदा राजनीतिक महाकाली नदी देखिँदैन यहाँ । महाभारतको युद्धमा अर्जुनले देखे जस्तै दुवैतिर आफन्त देखिन्छन् यहाँ । पुर्खा जोडिन्छन्, भाषा जोडिन्छन् । इतिहास जोडिन्छन्, सपिण्डी जस्तै यहाँ ।

“नौ जिल्लामा बोलिने शब्द, ध्वनि, लबज र चलनको भेद छ तर गहिरिएर हेर्दा, सिङ्गो नेपाली संस्कृतिका लागि सुदूरपश्चिममा भेदभन्दा, हाम्रो फेद छ । यो गुन होइन र ?” बुझ्भ्कःकी भन्छन् ।

कुरा फागु अथवा होलीका गरौँ । होलीका हाम्रा तीन मुख्य सांस्कृतिक क्षेत्र छन् भनिन्छ । पहिलो, सुदूरपश्चिम र त्यसमा पनि अछामको होली । अछामको होलीको फेद कुमाउमा जोडिन्छ । अहिले त्यता नजाऔँ । सुपको होली खेल देउडाकै सगोत्री जस्तो ।

दोस्रो, मिथिलाञ्चलको होली । रङ र उमङ्ग बराबरी देखिए पनि गीत अनि ढङ्ग पृथक् देखिन्छ ।

तेस्रो, देशका अन्य भागमा खेलिने होली । यहीँ सँगै छ, एक/दुई पृथक् अभ्यासका बाबजुद सुपमा रानाथारू समुदायले खेल्ने होली । यो पनि झन्डै पहाडसँगै मिसिन्छ, उस्तै उस्तै गरेर ।

सुपको रङ भन्नु उत्तरमा बसी नुनदेखि सुनसम्म व्यापार गर्ने शौका हो । दक्षिण कैलाली–कञ्चनपुरका नदीमा बालुवा चालेर सुन निकाल्ने सोनाहा पनि हो । राजी हुन्, राउटे, गाइने हुन् या वादी हुन् सुदूरपश्चिमकै आदिवासी हुन् । इन्द्रेणी हुन् । यहीँ एक जना कविले लेखेका यी पङ्क्ति जोडौँ,

छ रङ्गिन हाम्रो बसोबास नाना
डँगौरा र राना यहीँका खजाना ।

कैलाली र कञ्चनपुरको बसोबासको सम्बन्धमा कुरा गर्दा, कोशीश्च गण्डकीश्चैव काली कर्णाली एव च

त्यसैले भन्छन्– दन्तलहर झैँ मिलेका ।

पोल्टाभरि परिश्रमका मकै, भटमास, गबुवाभरि छाईं/छाँज । पाखा पाखाका सञ्जीवनी जडीबुटी नदेखेर भोको पेट भएँ भन्दै सुदूरपश्चिम कहीं कोकाकोला र पिज्जाको सपनामा त हिँडेको छैन ? आफैसँग सोध्ने बेला आएको छ भन्छन् कर्मठहरू । सुन्नु र गुन्नु पर्ने कुरा यो ।

‘यहाँ घाम पनि अस्ताउन मात्रै आउँछ’ भन्ने डिस्कोर्सलाई अब आफ्नै पौरखले भत्काउनु परेको छ भन्छन् आउन लागेकाहरू । ल है, कसरी हो ! बाहिरबाट कट्टर, कठोर देखिने सुदूरपश्चिम भित्रबाट स्वादिलो, रसिलो नरिवल हो तर नरिवल बोक्ने हातचाहिँ बाँदरका त होइनन् ? सोधौँ है ! ■

> “
> स्थानीय देवीदेवता धेरै छन् । कुलदेवता धेरै छन् । एउटै थरका विभिन्न गोत्र छन् । महादेवका छोरानाति जोडिएका थुप्रै नाथ देउता र परम्परा छन् । यो सिद्धनाथ बैजनाथ भूमिमा ।

पितृसत्ताले बलि चढाएकी धना

सरिता जोशी

नेपाल सांस्कृतिक पर्व, चालचलन, वेशभूषा र रहनसहनका दृष्टिकोणले निकै समृद्ध रहेको छ । विभिन्न भूभागमा फरक फरक किसिमका सांस्कृतिक चालचलन र रहनसहन परम्परादेखि वर्तमान अवस्थासम्म पनि प्रचलनमा रहिआएका छन् । संस्कृति सभ्यताको जननी हो, यसको संरक्षण, संवर्धन, प्रचारप्रसार र जगेर्ना गर्नु हामी सबैको साझा दायित्व हुन आउँछ तर संस्कृति सँगसँगै समाजमा कैयन् विकृति, विसङ्गति र कुप्रथा वर्तमान समयसम्म पनि जरो उखेल्नै नसक्ने गरी गाडिएर बसेका छन् । नेपालको विभिन्न ठाउँमा प्रचलनमा रहेका झुमा प्रथा, देउकी प्रथा, देउको प्रथा, छाउपडी प्रथा, झारा प्रथा, डोलाजी प्रथा, घुम्टो प्रथा, खुला प्रथा, बहुपति प्रथा जस्ता कुप्रथा समाजमा विद्यमान छन्, जसको सिकार अधिकांश निम्न वर्गका व्यक्ति हुने गरेका छन् । समाजमा प्रचलनमा रहेका विभिन्न कुप्रथामध्ये सुदूरपश्चिम प्रदेशमा प्रचलनमा रहेको कुप्रथा देउकी प्रथा हो, वर्तमान समयसम्म पनि त्यसका अवशेष भेटिन्छन् । प्रस्तुत आलेखमा अन्य कुनै पनि प्रथाका बारेमा नभई बैतडी जिल्लामा प्रचलित देउकी प्रथाका कारण नारीले भोगेको कठिन र सङ्घर्षमय जीवनको बारेमा लेख्ने प्रयास गरिएको छ ।

सुदूरपश्चिम प्रदेशको खास गरी पहाडी जिल्लाका विभिन्न मठमन्दिरमा कुमारी केटी चढाउने प्रचलन रहेको पाइन्छ । यसरी चढाइएकी कुमारीलाई नै देवी मानेर पुज्नुको साटो देउकी नाम दिइएको हुन्छ । समाजका उच्च वर्गका ठेकेदारले छोरा प्राप्तिका लागि, महारोग लागेमा, मुद्दामामिला जित्नु परेमा, समाजमा एकछत्र राज गर्न र अन्य व्यक्तिमाथि शोषण गर्ने मनसायले कुनै उच्च पद प्राप्तिका लागि आर्थिक अवस्था शून्य भएका गरिब परिवारकी छोरीहरू न्यून मूल्यमा किनेर देवीदेवताका मन्दिरमा चढाउने प्रथा नै देउकी प्रथा हो । यसरी बलि चढ्नुपर्ने बालिका वर्गीय र जातीय दृष्टिकोणले निम्न वर्ग र समुदायका हुन्छन् । मन्दिरमा चढाइएका बालिकाले मन्दिरको संरक्षण, लिपपोत, धामी, पूजारीको रेखदेख गर्नुपर्ने नियम लागु गरिएको हुन्छ । कहीँ एक परिवारले मात्र त कतै त्यो समुदायमा बसोबास गर्ने सम्पूर्ण घरधुरी मिलेर बालिकालाई देवीदेवताका मठमा चढाएको भेटिन्छ । मन्दिरमा चढाइएका कन्यालाई घर फर्केर जान र आफूखुसी विवाह गर्न छुट दिइएको भने पाइँदैन ।

लालबहादुर कार्कीको नेपाल समाचारपत्रमा प्रकाशित देउकी प्रथा : एक कुरीति शीर्षकको समाचारमा डोटी जिल्लाको रैका मल्ल राजा वंशज नागी मल्लले कत्युरी नरेश (राजा) को राज्य विजय गरेपछि चलाएको देउकी प्रथा र इतिहासकारका भनाइ अनुसार प्राडा सूर्यमणि अधिकारीको बाइसे राज्यको इतिहास (विसं २०६०) पुस्तकको पेज नं. २७८ र २७९ मा डोटी राज्यमा राजा नागमल्लका पालादेखि देवदासी थालिएको उल्लेख गरिएको छ । जुम्लाको रैका मल्ल राजा वंशज नागीमल्लले भागेश्वरलाई चढाएको केटी नै डोटी राज्यकी प्रथम देवदासी अर्थात् देवकी रहेको र उनले रावल थरका दुई कन्या किनेर भागेश्वर देवतालाई चढाएको तथ्यसमेत उल्लेख गरिएको छ । त्यसपछि बालिकाहरू बेच्ने र किनेर मन्दिरमा चढाउने प्रचलनले सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा व्यापकता पाएको देखिन्छ । छोरी बेच्नेहरूमा कमजोर आर्थिक हैसियत भएका व्यक्ति बढी मात्रामा संलग्न रहेको पाइएको छ । बैतडी जिल्लाको भगवती माणौँ, समैजी माणौँ, तल्लो सोराडस्थित मेलौली देवीको मन्दिर, त्रिपुरासुन्दरी मन्दिर, पाटनको ठाकुर उदयदेवको मन्दिरमा बालिका चढाउने प्रचलन रहेको पाइन्छ तर चढाएका बालिका भने पुज्न वा सम्मानसाथ त्यहाँ राखिएको हुँदैन, मन्दिर पुगेपछि देउकीमा परिणत हुन्छन् । कुमारीहरूले मन्दिरसहित नचाहेरै पनि चढाएका व्यक्तिको घरमा गएर घरेलु काम गर्नुपर्ने बाध्यता हुन्छ ।

बैतडीका शक्तिपीठमा देउकी प्रथा कायम

रहेको सन्दर्भ समुन्द्रराज घिमिरेले देवकी विष्टसँग गरेको कुराकानी सेतोपाटी अनलाइमा प्रकाशित गरिएको छ । देवकी विष्टको स्थलगत अध्ययन अनुसार ‘बैतडीमा सात वटा शक्तिपीठ रहेका र ती शक्तिपीठ शक्तिशाली भएकै कारण राजनीति, प्रशासन, समाज सबै शक्तिपीठबाट चल्ने र गरिबमाथि धनाढ्यले शक्ति प्रदर्शन गर्ने उल्लेख गरिएको छ । अचेल पहिले जस्तो खुलमखुला देउकी चढाइँदैन । चढाइहाले पनि प्रहरी, प्रशासन सबै मुकदर्शक हुन्छन् । त्यहाँको मूल नीतिलाई धर्मले नै चलाइरहेको छ । त्यसविरुद्ध बोल्नु भनेको देउताविरुद्ध जानु हो, भन्ने मान्यता धेरैको भएको विष्टको भनाइ छ । चढाइएका बालिकाको विवाहयोग्य उमेर भइसक्दा पनि न बेचेका परिवारले बिहेको कुरा गर्छन्, किनेकाले त विवाह गरिदिने कुरै रहेन । समाजका कथित उच्च वर्ग, धनाढ्य, धर्मका ठेकेदार र निम्न सोच भएका पाखण्डीले धर्मको आडमा, परम्पराको आडमा ती बालिकामाथि घरेलु हिंसा र यौनशोषण गर्ने गरेको घटना देवकी विष्टले भेटेर कुराकानी गरेका कतिपय देउकीले स्वीकार गरेको देखिन्छ ।

अब प्रसङ्ग मोडौँ, मैले बैतडी जिल्लाको एउटा गाउँपालिकामा देखेको देउकी र उनले भोगेको पीडा, अभाव, लाञ्छना र नारकीय जीवनको । पढ्दा र सुन्दा सामान्य लाग्ने यसो हुन्छ रे, उसो भएको थियो रेका आधारमा समाचार लेख्ने र प्रकाशन गर्ने व्यक्तिभन्दा/पत्रकारभन्दा कैयौं कोस नजिकबाट देखेकी छु मैले, सानै उमेरमा देउकी प्रथाका नाममा मन्दिरमा बलि चढेकी छिमेकी गाउँकी धना (नाम परिवर्तन)/देउकी दिदीको जीवन भोगाइ । भौगोलिक दृष्टिकोणले निकै विकट ग्रामीण परिवेशमा जन्मिएँ र हुर्किएँ म । शैक्षिक चेतनाको स्तर सीमित व्यक्तिमा मात्र भएको गाउँमा केही व्यक्ति/पुरुष शिक्षण पेसामा संलग्न थिए भने दुई तीन जना निजामती कर्मचारी । बाँकीले खेतीपाती र सीमापारी बजार धार्चुला र झुलाघाट नजिकका सहरमा गई ज्यालामजदुरी गरेर जीविकोपार्जन गर्नुपर्ने बाध्यता थियो । सीमित घरपरिवारमा बाहेक धेरै जसो परिवारमा चरम गरिबी थियो, जुन अहिले पनि यथावत् नै छ । बुवा शिक्षक भएका कारण हाम्रो परिवार हुनेखानेमै पर्ने हुनाले मेरो बाल्यकाल गाउँका अरू बच्चाभन्दा सुखद नै बित्यो, आफ्नो घरभित्र छोराछोरी, छोरीबुहारी, सासुबुहारीलगायतका कुनै सम्बन्धमा विभेद देखिनँ र महसुस गरिनँ । जब समाजका प्रसङ्ग सुनिन्थे ती घटना सुन्दा र दृश्य देख्दा आङ जिरिङ्ङ हुन्थ्यो । समाजमा जातीय, वर्गीय र लैङ्गिक दृष्टिले विभेदको ठुलो खाडल थियो । उच्च जात कहलिएका र उच्च वर्गले निम्न वर्ग र अन्य जातजातिमाथि गर्ने व्यवहार र विभेद निकै सकसपूर्ण र अत्यासलाग्दो हुन्थ्यो, केही मात्रामा कमी आए जस्तो देखिए पनि अहिले पनि कायम नै रहेको छ । वल्लो पल्लो गाउँका संस्कृति र चलन उस्ताउस्तै भए पनि कुलदेवताको मठमन्दिरमा पूजा गर्ने परम्परा, प्रचलन र समय भने फरक छ । हाम्रो गाउँभन्दा नजिकको समुदायले बिहेबारी चल्ने अर्को गाउँबाट सीमित मूल्यमा आयस्रोतविहीन गरिब परिवारकी छिमेकी गाउँकै छोरी किनेर कुलदेवताको मन्दिरमा चढाएको प्रसङ्ग सुनिन्थे । कुरो के भने उमेरले पाकै देखिने धनादिदी कति सालमा जन्मिएकी हुन् कति सालमा पुरुषसत्ताको बलि चढेकी हुन् उनलाई थाहा रहेनछ, एक दिन कुनै प्रसङ्गमा त्यो कुरा भनेकी थिइन् । उनलाई मन्दिरमा चढाउँदा जन्मिएकै थिइनँ म र उनको जेठो छोरीबिच थोरै उमेरको अन्तर छ ।

बाल्यकालमा दिनदिनै सुनिने घटना र देखिने दृश्य नजिकबाट बुझ्दै गएपछि देउकी शब्द र उनले बाँचेको जीवन निकै सकसयुक्त, टिठलाग्दो, निस्सार र दयालाग्दो रहेछ भन्ने बुझेँ । पुरुषसत्ताले निम्नवर्गका महिलामाथि गर्ने विभेद, थिचोमिचो, उत्पीडन, अन्याय, अत्याचार र हिंसा कति भयावह हुँदो रहेछ भन्ने गाउँमा गाइँगुइँ सुनिने हल्लाको कारण थाहा पाइन्थ्यो । गाउँमा धनाको बारेमा धेरै कुरा सुनिन्थे । ५०/६० घरधुरी भएको एउटा गाउँ भौगोलिक हिसाबले घर टाढा टाढा भएकाले ठुलो क्षेत्रफल ओगटेको छ, सुरुवातमा उनको बस्ने आधार तिनै घरधुरी हुन्, कहिले मन्दिर, कहिले चढाउने व्यक्तिका घरमा पालैपालो सुस्ताउने धना सन्तान जन्मिएपछि कसैले नस्विकार्दा समस्यामा रहेको सुन्नमा आउँथ्यो । यौनशोषण, बलात्कार जस्ता जघन्य अपराधबाट जन्मिएका सन्तानको बुवाको पहिचान धनाले खुलाउन नसक्दा त्यो समुदायको कुनै व्यक्तिले पनि घरमै राख्न नचाहने सृजित समस्याको समाधान खोज्न सबै मिलेर बनाइदिएको सानो अँध्यारो घर हाम्रै गाउँको पुछारमा छ । त्यहाँ घर निर्माण गर्न कुनै एक परिवारले जग्गा उपलब्ध गराएको सुनिन्थ्यो । जहाँ न पानी थियो, न उज्यालोको माध्यम, न त शौचालय नै ।

हाम्रो विद्यालयभन्दा दुई मिटर जति तल रहेको त्यो घरको क्रियाकलाप, त्यो अँध्यारो घरभित्रका

बाल्यकालमा दिनदिनै सुनिने घटना र देखिने दृश्य नजिकबाट बुझ्दै गएपछि देउकी शब्द र उनले बाँचेको जीवन निकै सकसयुक्त, टिठलाग्दो, निस्सार र दयालाग्दो रहेछ भन्ने बुझेँ ।

अँध्यारा सपना, आधा दर्जन छोराछोरीका रुवाई, रोग, भोक, अभावले ग्रस्त अवस्था देखिरहन्थेँ म । मन्दिरमा पूजापाठको समयमा सरसफाइ, अन्य व्यवस्थापन र गाउँघरमा हरेकको घरमा पूजा, व्रतबन्ध, विवाह, पास्नी, न्वारन, गौरा, जात जस्ता धार्मिक संस्कारमा घरेलु काम गर्नुपर्ने हुदाँ दुधे बच्चासमेत ठुलो बच्चाको जिम्मा लगाएर जानुपर्ने बाध्यता थियो धनाको । नसकेर, नचाहेर पनि त्यो गाउँबाट अन्यत्र जाने अनुमति थिएन, जाने आधार पनि त थिएन सायद, जाँदा त्यहाँको देवता रिसाएर अनिष्ट हुन्छ भन्ने मान्यता रहेको देखिन्छ । भोकाएका, तिर्खाएका अबोध बच्चाको रोदन र क्रन्दन विद्यालयसम्म सुनिन्थ्यो । शिक्षित, सभ्य र विभेदरहित पारिवारिक वातावरणमा पुल्पुलिएर बाल्यकाल बिताएकी र बुवाको हात समाउँदै विद्यालय जाने मेरो मनमा अबोध बच्चाको अवस्था देखेर करुणा जाग्थ्यो । बुवाको पहिचान नभएका देउकीको गर्भबाट जन्मिएका सन्तानलाई हेर्ने दृष्टिकोण समाजमा तल्लोस्तरको थियो । विद्यालयमा नाम दर्ता गर्न बुवा चाहिन्थ्यो, बुवाविहीन उनीहरूलाई विद्यालय आउन सकस थियो, अफ्ठ्यारो थियो, अभाव थियो र सबैभन्दा बढी अरू व्यक्तिका सामु शिर ठड्याएर बाँच्ने चुनौती थियो, आउँदासमेत अरू बच्चाले गिज्याउने र टाढै बस्न खोज्ने प्रवृत्ति विद्यमान थियो । यस्ता समस्यासँग जुध्न नसकेका कारण हुन सक्छन् उनका छोरीले दुई सय मिटरनजिक भएर पनि विद्यालयको प्राङ्गण टेक्ने हिम्मत नगरेका तर ५०/५१ सालतिर जन्मिएको एउटै मात्र छोराले भने भर्ना भएर ४/५ कक्षासम्म औपचारिक शिक्षा हासिल गरेको देखेकी थिएँ ।

रामेश्वरी पन्तको कान्तिपुरमा प्रकाशित विचारमा 'देउकी त मन्दिरभित्रका यौनदासी बन्छन् नै, जीवन गुजाराका लागि वेश्यावृत्ति अपनाउन बाध्य छन् । उनीहरूबाट जन्मेका सन्तानले अनागरिक भएर गुमनामको जीवन बाँचेका छन्' भन्ने उल्लेख गरिएको छ । पन्तले स्थलगत अध्ययन नगरी देवकी विष्टले निर्माण गरेको वृत्तचित्रका आधारमा त्यो धारणा बनाएको देखिन्छ । देउकीले आफूखुसी, आफ्नै इच्छा र रहरले वेश्यागमन गर्दैनन् होला । सायद कुनै नारीले पनि गर्दैनन्, हरेकपल्ट फरक फरक व्यक्तिबाट यौनशोषणको सिकार हुनुपर्ने भएकाले वेश्यागमनको नाम दिइएको हुन सक्छ । धनाको हकमा भने पुरुषसत्ताका ठेकेदारको यौनशोषणमा परेर आधा दर्जन सन्तान जन्माएकी उनका हरेक सन्तान जन्मिएका बखत उनको अनुहारमा देखिने दुःख, पीडा र अप्ठ्यारो अवस्था देख्दा रहरले नभई बाध्यताले जन्माएकी हुन् भन्ने अनुमान गर्न गाह्रो हुँदैनथ्यो । बुवाको पहिचान खुलाउन नसक्दा कैयौँ पटक भित्रभित्रै मरेर बाँचेकी थिइन् उनी, उनको कुरा गर्ने शैलीबाट यस्तो अनुभूति हुन्थ्यो ।

"

रामेश्वरी पन्तको कान्तिपुरमा प्रकाशित विचारमा 'देउकी त मन्दिरभित्रका यौनदासी बन्छन् नै, जीवन गुजाराका लागि वेश्यावृत्ति अपनाउन बाध्य छन् । उनीहरूबाट जन्मेका सन्तानले अनागरिक भएर गुमनामको जीवन बाँचेका छन्' भन्ने उल्लेख गरिएको छ ।

गाउँकै पुछारमा घर हुनुले विद्यालय जाँदा, मेलापात गर्दा, खेतबारीमा काम गर्दा, पानीघट्ट जाँदा आकलझुकल भेट भइरहन्थ्यो । समाजमा हामी घोषित ब्राह्मणका सन्तान हुनुले हाम्री आमा, काकी, ठुलीआमा उमेरकी धनाले भेट्दा हामीलाई ढोग्थिन्, गाउँका अरू व्यक्तिले धनादिदी सम्बोधन गर्ने हुनाले हामी पनि धना दी नै भन्ने गर्थ्यौं, उनी सबैकी धना दी थिइन् । जातीयताकै कारण आफूभन्दा सानालाई ढोगेकामा नराम्रो, नमिठो अनुभूति हुन्थ्यो तर कथित मान्यता स्वीकार गर्नुसिवाय विकल्प थिएन । अहिले पनि आफूभन्दा ठुलो व्यक्तिले ढोगेकोमा नरमाइलो लाग्छ मलाई, टाढैबाट पहिले नै नमस्कार गर्छु म । यस्ता सन्दर्भमा परिवारसँग कुरा गर्दा कैयौँ पटक खप्की खानुपरेको तितो अनुभव छ मसँग । यति लेखिरहँदा ब्राह्मण समुदायले सामाजिक सद्भाव खल्बलाउन खाजेको आरोप लगाउँछन् भने पनि लगाउन् स्वीकार छ मलाई ।

त्यो समयमा गाउँमा जातीय, वर्गीय र लैङ्गिक विभेद भए पनि एकअर्को गाउँको/समुदायको सामाजिक कार्यमा भने सहकार्य थियो, हरेक परिवार र छरछिमेकीबिच हार्दिकता र आत्मीयता थियो, मर्दापर्दा सबै एकजुट हुन्थे । जुन समुदायले धनालाई देउकी चढाएको हो, त्यो समुदायका व्यक्तिले दिएको खाद्यान्न र लुगाफाटोले मात्रै जीविकोपार्जन गर्न मुस्किल पर्थ्यो उनलाई । गरिखान आफूसँग खेतबारी थिएन । ज्याला मजदुरीबाट माना चामल र केही मकै मात्र पाउँथिन् । अरू गाउँका व्यक्तिको सहयोगी भावनाले हुन सक्छ, धनाले आफ्नो गाउँभन्दा पर परका वल्लो पल्लो गाउँ गर्खामा समेत जीविकोपार्जनकै लागि खाद्यान्न र लुगाफाटोको सहयोग माग्दै हिँडेको । हरेक सिजनको बाली भित्र्याउने समयमा वर्षभरि पुग्ने गरी खाद्यान्नको जोहो गर्नुपर्ने चटारो हुन्थ्यो उनलाई । धना आउने पूर्वअनुमान गर्दै हरेकको घरमा सक्ने जति छुट्याएर राखेकै हुन्थे । बाली भित्र्याउने समयमा अरू गाउँतिर

पनि जानुपर्ने भएकाले हाम्रो गाउँमा कहिले ढिलो त कहिले चाँडै आइपुग्थिन्, एउटा बोरा र नाम्लो बोकेर। बाँच्नकै निम्ति र आफूसँगै हुर्किंदै गरेका आधा दर्जन सन्तानको लालनपालनका लागि यस्तो कदम उठाउनु बाध्यता थियो भन्ने बुझेकी थिएँ मैले । प्राकृतिक सौन्दर्यको बिचमा गाउँको टुप्पोको हाम्रो घरमा हरेक समयमा आउँथिन् कहिले घरभित्र पसेर त कहिले घरबाहिरै बसेर उपलब्ध गराएको खाद्यान्न पोको पार्थिन् । उनको जिउको एकसरो पुरानो थोत्रो लुगा, कम्मरमा बाँधिएको सेतो पटुकी, टाउकोमा बेरेको सानो गम्चा, नारी भएर पनि आमनारीभन्दा फरक रित्तो सिउँदो र शृङ्गारविहीन शरीर देख्दा मन कुँडिन्थ्यो, मन र मस्तिष्कमा अरू महिला र उनको जीवन भोगाइको तुलना हुन्थ्यो । अन्य परिवारमा त बुवा, आमा, बाजे, बज्यै, काका, काकी, फुपू हरेक साइनो हुन्छन् तर धना र धनाका सन्तान नितान्त एक्ला थिए, टुहुरा थिए । साइनोविहीन, आफन्तविहीन । उनले हाम्रो घरमा पस्दा बुवाआमा काममा व्यस्त भएको समयमा घरको ठुली छोरी भएकाले मलाई अह्राउनुहुन्थ्यो तर रोचक प्रसङ्ग के भने उनको भाग राखेकोभन्दा जहिल्यै पनि खाद्यान्न बढाएर थपिदिन्थेँ ता कि धनाको परिवारको दुई छाक अरू टारियोस् भनेर । गाउँमा हुनेखाने वर्गमै पर्ने हुनाले खान लाउन धौ धौ थिएन, त्यही भएर पनि मैले थपेर दिनुमा सन्तुष्टि मान्थेँ ।

धनाको बारेमा कहीँकतै कसैले लेखेको छ वा छैन, निकै अध्ययन गर्दा पनि भेट्टाउन सकिनँ तर मैले नजिकबाट नियालेको उनको जीवन भोगाइ यति निरीह, भयावह, लाचार, कठिन थियो, समाजले हेर्ने दृष्टिकोण, अपहेलना, घृणा, तिरस्कार र अपमान यति अचाक्ली थियो कि जोकोहीले सहनै सक्दैनथे, बाँच्न सक्दैनथे । बुवाविहीन सन्तानको बिचल्ली नहोस् भन्ने मातृस्नेहले आँसु पिएर पनि मन्द मुस्कानले प्रस्तुत हुन्थिन् सबैसामु । धनाको छोरोको नागरिकता बनाउने उमेर भइसकेपछि भने देउकी चढाएको समुदायमा एकाएक खैलाबैला र बहसको विषय बन्यो यो। अविवाहित आमाको गर्भबाट जन्मेको सन्तानको बुवा छैन, धना स्वयम् अनागरिक भएर बाँचेकी छन्, नागरिकता भएकै भए पनि आमाको नामबाट नागरिकता पाउने अधिकार प्रश्नमूलक छ उनका निम्ति । समुदायका कुनै पुरुषले धनाका सन्तानका शरीरमा आफ्नो रक्तसञ्चार भइरहेको स्वीकार गर्ने हिम्मत नै गरेनन् । समस्याबाट मुक्तिका निम्ति गाउँका ठुलाठालु भनाउँदाले कानुनको उल्लङ्घन गर्दै षड्यन्त्रपूर्ण तरिकाले अति निम्नवर्गीय एक पुरुषलाई बलिको बोको बनाउँदै उनकै नामबाट धनाको पति र धनाको छोरोको पिता बनाएर अनागरिक हुनबाट मुक्त त गराइदिए, आफ्नै वैधानिक श्रीमतीबाट जन्मेका सात सन्तानको जिम्मेवारीले थला परेका ती पुरुषले धना र कागजमा पिता बनेका धनाको छोरोको जिम्मेवारी भने कहिल्यै लिएनन् । न ती व्यक्तिले पत्नी स्वीकारे, न धनाले पति भनेर स्वीकारिन् न त छोरोले कहिल्यै बुवा नै सम्बोधन गऱ्यो । नागरिकतामा अवैधानिक बुवाको नाम देख्दा ती भाइको मन कति दुख्दो हो, यो कुराले कति बिझाउँदो हो, यो भने उनैलाई थाहा होला तर धनाका आफूखुसी बिहे गरेर गएका छोरीले भने श्रीमान्कै नामबाट नागरिकता बनाए होलान् या अनागरिक नै भएर बाँचेका छन्, यो अनुसन्धेय विषय रह्यो । केही महिनाअगाडि धनाको मृत्युको दुःखद खबर सामाजिक सञ्जालबाटै थाहा पाइयो । धेरै वर्षदेखिको सपना थियो, गाउँ गएको समयमा उनले मन्दिरमा बलि चढेदेखि भोगेको जीवन र बाँच्नका लागि गरेको सङ्घर्ष उनकै मुखबाट सुन्ने र उनका कथा, व्यथा, पीडा, अभाव र ती सुस्केरा लिपिबद्ध गर्ने, आफ्नै पारिवारिक जिम्मेवारीले त्यो सम्भव भएन । धनाको असमयमै दिवङ्गत भएसँगै मेरो प्रत्यक्ष भेट्ने सपना पनि दिवङ्गत भयो । धना मरेकी होइनन्, मेरो नजरमा त उनी बाँचेकी हुन्, पूर्ण आयु बाँचेकै भए पनि जीवनको उत्तरार्धसम्म गाउँलेकी दासी, ज्यालाविहीन घरेलु कामदार, यौनहिंसा, यौनशोषणको सिकार भइरहन्थिन्, उनको शारीरिक र मानसिक अवस्थाले त्यो थेग्नै सक्दैनथ्यो । चस्स बिझेका सामाजिक बेथितिका कतिपय लेख्नैपर्ने कुरा आलेखमा लेख्नै सकिनँ, धनाको बारेमा लेखिएकै कारण त्यो समुदायका व्यक्तिबाट आउने गाली, धम्की, आक्रामक व्यवहार र आलोचनाको भने सामना गर्न म तयार छु ।

धना दिदी तपाईं असमयमै जानुभो, अकालमै जानुभो, बाँचेको भए अनेकौँ समस्यासँग जुधिरहनुपर्थ्यो। अब तपाईंमाथि धर्मका ठेकेदार र पुरुषसत्ताको खोल ओढेका महामानवले गिद्देनजर लगाउने छैनन्, राति एउटै ओछ्यान गरेर सुतेकाहरू बिहान भेट्दा मुख फर्काएर हिँड्ने छैनन् । जीविकोपार्जनकै लागि कसैको घरको दैलोमा उभिनुपर्ने छैन, अरूको आँगनाको डिलको पर बस्नुपर्ने छैन, पापी पेट र शरीर ढाक्नकै लागि हात फैलाउनुपर्ने छैन, एक मुट्ठी दाल, चामलकै निम्ति सेतो पटुकी बाँधेको त्यो आँचल थाप्नुपर्ने छैन, नाम्लो र बोरा बोकेर चप्पलविहीन पट्पटी फुटेका पैतालाले गाउँ गाउँ डुल्नुपर्ने छैन, तपाईं इतिहासमा गर्विलो र साहसी नारी पात्र भएर बाँच्नु हुने छ, आधा दर्जन सन्तानकी अविवाहित आमा बनेर भोगेको यो लोकको दुःख, पीडा, अभाव भने तपाईंको अन्त्येष्टि गरेको नदीमै विलीन भएका छन् भन्ने कल्पना गरेकी छु, परलोकमा मोक्ष प्राप्ति होस्, साँच्चिकै स्वर्ग र नर्क छ भने स्वर्गमै बास होस्, अश्रुपूर्ण श्रद्धाञ्जली धना दिदी । ■

सुदूरपश्चिमी संस्कृतिमा जन्मसंस्कार र लोकसाहित्य

उमेश अवस्थी 'आदर्श'

वैदिक सनातन संस्कृतिमा सोह्र (षोडष) संस्कारमध्ये जन्मसंस्कारको स्थान पनि अग्र भागमा आउँछ । मानव जीवनको धरतीयात्राको सुरुवातमा गरिने यही संस्कारले मान्छेलाई संसारमा कुन नामबाट चिन्ने भन्ने कुराको टुङ्गो लाग्दछ अर्थात् व्यक्तिको नामिक पहिचान यही संस्कारबाट तय गरिन्छ । शिशु जन्मेको नौ दिनको समयावधिसँग जोडिएकाले यसलाई न्वारन पनि भन्ने गरिन्छ । सुदूरपश्चिम (कालीकर्णाली) क्षेत्रलाई ऐतिहासिक रूपमा मानसखण्ड भन्ने गरिएको छ । यस क्षेत्रमा प्राचीन समयदेखि नै गर्भवती स्त्रीलाई प्रसूति व्यथा लागेको समयदेखि न्वारान नहुन्जेलसम्मको समयलाई विशेष महत्त्व दिने गरिएको छ । शिशु जन्मिने समयमा अनुभवी महिलाले प्रसूतिलाई साहस र ढाडस दिने काम गर्दछन् । अहिलेको समयमा धेरै जसोले प्रसूति गराउनका लागि स्वास्थ्य संस्थाको प्रयोग गरे तापनि पहुँच नभएका क्षेत्रमा अझै पनि गाउँघरमै प्रसूति गराउँछन् ।

शिशु जन्मिसकेपछि चिप्लो काठमा नाभीलाई माथिबाट छुरीले काटेर धागोले बाँध्ने गरिन्छ । बालक जन्मिएको समय यकिन होस् भन्नका लागि समय टिप्ने कार्य गरिन्छ; जसलाई प्राचीन समयदेखि सङ्क टिप्नु भनिन्छ । यसका लागि पहिला पहिला पानीघडीको प्रयोग गरिन्थ्यो । पानीघडी तामाको कचौरा जस्तो पातलो हुन्छ । जसको प्रयोग प्राग् परम्परामा स्थानीयले युगौँदेखि गरिआएको अनुमान छ ।

शिशु जन्मेको छैटौँ दिनमा जन्मसमय अनुसार ज्योतिषबाट लग्न, ग्रह, राशि आदि हेराउने काम गरिन्छ । अहिलेको समयमा शिशुको जन्मदर्ता सरकारी कार्यालयमा गराउने प्रचलन छ भने प्राचीन समयदेखि यस्तो कार्य स्थानीय ज्योतिषको घरमा गरिन्थ्यो । यसपश्चात् न्वारानका लागि उपयुक्त र शुभ समयको प्रतीक्षा गरिन्थ्यो विशेषतः छोराको ११ औँ दिन र छोरीको नवौँ दिनमा न्वारान गर्ने प्रचलन रहिआएको छ । शिशु जन्मिएको दिनदेखि ११ दिनसम्म परिवार र आफन्तजनले नातक बार्ने चलन रहेको छ । नातकको समयमा सकभर मन्दिर नजाने र गइहाले तापनि पानी छुन नमिल्ने प्रचलन चलिआएको छ । नातकभरिको समयमा घरमा पूजा, बिहे, व्रतबन्ध आदि पनि कसैले नगर्ने चलन छ । शिशु जन्मेको छैटौँ दिनदेखि छैटी खेल्ने गरिन्छ । छैटी ढोलक र मिजुराका साथ स्थानीय लोकलयमा समूहमा खेलिन्छ । यस दिनलाई छैटीका रूपमा लिइन्छ ।

छैटीका दिनमा भगवान् श्रीकृष्णका जन्मका गाथा र भेग अनुसारका मौलिक छैटी गाउने गरिन्छ । सुदूरपश्चिम क्षेत्रमा छैटीलाई भाग्य कोरिने दिनका रूपमा समेत लिने गरिएको पाइन्छ ।

शिशु जन्मेको ११ औँ दिनमा न्वारान गरिन्छ । न्वारान गरिने दिनमा गाउँघरका सबै छिमेकी, बन्धुबान्धव, इष्टमित्र तथा कुटुम्बजन, पण्डित पुरोहित आदिलाई निमन्त्रणा गरी भोज खुवाउने प्रचलन आदिम समयदेखि चलिआएको छ तर सुदूरपश्चिमको सहरी क्षेत्रतर्फ यो प्रचलन क्रमिक रूपमा घट्दै गएको छ । त्यस दिन कुलगुरुका हस्तबाट कर्मकाण्ड गराई नामकरण गरिन्छ र सो अवसरमा महिलाले सगुन गाउने गर्दछन् । न्वारान कार्य समाप्त हुँदाका बखत शिशुका कानमा उसको नाम सुनाइन्छ । परम्परागत दृष्टिकोणले भन्ने हो भने यसपश्चात् शिशुको आधिकारिक रूपमा जन्मदर्ता गर्ने कार्य गरिन्छ । जन्ममिति, समय र जन्मग्रामको प्रयोग गर्दै ज्योतिषीले शिशुको धड्को (सामान्य पहिचानको कुण्डली), चिना (विस्तृतीकरण गरिएको कुण्डली) तयार गर्दछन् ।

पहिलो सन्तानका रूपमा छोरा जन्मेको भए दुबो हाल्ने चलन छ । सर्वप्रथम पण्डितले त्यसपछि मामाले दुबो हाल्ने चलन रहेको छ । आफन्त तथा इष्टमित्रले बाबुलाई दुबो हालेर सगुनका रूपमा अन्न र पैसा दिने

चलन छ । यद्यपि अहिले छोरी जन्मिँदा पनि दुबो हाल्ने चलन चलिसकेको छ ।

जन्मसंस्कारमाथि लोकसाहित्यको प्रभाव

सुदूरपश्चिम (मानसखण्ड) क्षेत्र वेशभूषा, भाषा, साहित्य, कला, संस्कृति तथा लोकपरम्परामा प्राग् युगदेखि नै विविधतायुक्त विशेषताले भरिपूर्ण छ तर वर्तमान समयमा यस क्षेत्रका कला, संस्कृति र लोकपरम्परालाई अतिरञ्जित गरिएको देखिन्छ । मानसखण्ड क्षेत्रमा लोकसंस्कार, ऐतिहासिक र सांस्कृतिक पर्व, कृषि तथा पशुपालन कर्म, घरपैँचो, सामाजिक कार्यलगायतका सबै अवसरमा लोकसाहित्यको प्रस्तुति गर्ने गरिन्छ । लोकपरम्परा अनुसार कुन कार्यका लागि कसले, कस्तो लोकसाहित्य, कसरी प्रस्तुत गर्ने भन्ने कुरा मौलिक परम्परामा आधारित हुने गर्दछ । मानसखण्ड क्षेत्रमा जन्मसंस्कारमा गरिने संस्कार कर्म अनुसार भिन्न भिन्न लोकसाहित्यको प्रस्तुति गरिएको पाइन्छ । जन्मसंस्कारमा विशेष गरी सगुन, फाग र छैटी प्रस्तुत गर्ने गरिन्छ । शिशु जन्मिएका बेला महिला जम्मा भई आमा र बच्चाको मङ्गलकामना गर्दै मनोवैज्ञानिक रूपमा ढाडस दिनका लागि फाग, सगुन गाउने गरिन्छ । शिशु जन्मिनेबित्तिकै सर्वप्रथम देवीदेवता र पितृलाई सम्झिँदै उनकै कारण बच्चा र आमा स्वस्थ छन्, सन्तानको प्राप्ति भयो भन्ने कामनाका साथ देहायका फाग गाउने गरिएको छः–

दाइना भया देउ रे पितर
दाइना भया पञ्चकोटी देवा
दाइना भयै दाइना भयै जनमथात माटी
दाइना भया चन्द्र सुरीज

सुरुवातमा यसरी श्रीगणेशलगायतका विभिन्न देवीदेवता, कुलदेवता, जन्मभूमि, सूर्य र चन्द्रको नाम स्मरण गर्दै फाग गाउने गरिन्छ । गर्भमा शिशुको जीवनचक्र सुरुवात भएको समयका शुभ सङ्केतहरूको चर्चासमेत फागमा यसरी गरिएको पाइन्छः–

कब ली छै बाला तुइले गरभैको बास
कब आइ छै इजुका कोख
कैले तेरो साँचोटाँचो अऱ्यो
नौ मैना पैल्लि लिया गरभैको बास
तब बटी इजुका कोख
देउदेउताइले सँचोटाँचो अऱ्यो ।

मानसखण्ड लोकपरम्परा अनुसार शिशुले जन्म लिइरहेका बखत पुरुषहरू बाहिरै प्रतीक्षारत हुन्छन् । प्रसूति व्यथाले प्रताडित आमाको हाल कस्तो होला ? र शिशुले धरतीमा पाइला टेक्यो/टेकेन भन्ने पीरले पुरुषहरू बाहिरै पिरोलिइरहेका हुन्छन् । त्यस अवस्थाको यथार्थलाई पनि शिशु जन्मेको सूचना लोकसाहित्यमार्फत फागबाटै महिलाले यसरी प्रस्तुत गर्ने गर्दछन् :

मुइ बालो जलमुक्यो इजु माय रनमुकी
बुबुज्यूखाइ कुसताल कइदिय
खालाकी आङनी होली बाबाकी बैसेक
बाबा ज्युखाइ कुसलात कैदिय ।

शिशु जन्मिँदा गर्भावस्था, भ्रुणावस्थाको वर्णनदेखि लिएर आमा प्रसूति भएको समयमा के कस्तो क्रियाकलाप गर्दछिन् ? के के खान रुचाउँछिन् ? यस्ता विषयवस्तु समेटेर पनि फागको प्रस्तुति गरिन्छ ।

गर्भ रहनुलाई फागमा फूल बस्नु भनेर उपमा दिइएको पाइन्छ । गर्भ बसेकै समयदेखि आमाले आफूलाई असहज प्रस्तुत गर्ने, लाजले अरू नजिक नजाने, एकान्तमा बस्न मन पराउने, देउरानी जेठानीले कुरा गर्दा लाज मान्ने जस्ता लक्षण देखिन्छन् । सासूले बासमती चामलको भात खाऊ भन्दा पनि आफूलाई अमिलो खान मन लागेको कुरालाई फागमा यसरी प्रस्तुत गरिन्छ :

बासमती भात सासु बसाइलो होइरैछ
अरहर दाल सासु हर्राइलो होइरैछ
मुइ रे खानौ सासुमाय दखै रे दाडिम ।

त्यसै गरी गर्भावस्था वर्णनमा गर्भमा शिशु बसेको पहिलो महिनामा पानीको केशर जस्तो हुने, दोस्रो महिनामा जम्ने, तेस्रो महिनामा रगतको डल्लो बन्ने, चौथो महिनामा अलि अलि आकृति लिने, पाँचौँ महिना राम्रोसँग अङ्गप्रत्यङ्ग हुने, छैटौँ महिनादेखि हातखुट्टा चलाउन थाल्ने गरी नौ महिनामा बाहिर आउन खोज्ने कुरालाई फागमा यसरी प्रस्तुत गरिएको छ :

पैल्लि मास भयो बालो पानीन केसर
दोसराइ त मास जम्यो पानी केसर ।

शिशु जन्मिएपछि फाग, सगुन गाउने खुसियाली मनाउने गरिन्छ भने छैटौँ दिनमा ढोलक र मिजुराका साथ छटी खेल्ने गरिन्छ । छटीमा प्रायःगरी पुरुष सहभागी हुने गर्दछन् । कतै कतै चलन अनुसार महिला पनि सहभागी गराइन्छ । यसमा विशेष गरी छटी गीतका साथै कृष्णजन्म तथा राम जन्मका खुसियालीमा गाइने ढुस्को धमारी प्रस्तुत गरिन्छ । सुदूरपश्चिम क्षेत्रमा राजा नाग मल्लको धमारीको विशेष महत्त्व रहेको छ । छटी गीतका केही अंश यस्ता छन् :

माय यसोदा तेरो बालो अनबिदी चखनाको
असौज मास खोजन्छ बालो उमाकि चखना
वैशाख मास खोजन्छ बालो सिरौली चखना

छोरा र छोरी जन्मिदाका पनि अन्य फरक फरक फाग हुने गर्दछन् । धमारीको उद्गम स्थल भने भगवान् श्रीकृष्णको जन्मस्थल गोकुललाई मान्ने गरिएको छ । जन्मसंस्कारमा धमारीको पनि विशेष स्थान रहेको छ । धमारी लोकगीतमा लोकनृत्य र लोकबाजाको समेत प्रस्तुति रहन्छ । ■

लाप्चाबाट मानसरोवर कैलाशको दर्शन

राजन रावत

करिब सात वर्षअगाडिसम्म लाप्चा भनेपछि सीमित व्यक्तिलाई मात्र जानकारी हुने गर्थ्यो । त्यो पनि लिमीका स्थानीय, हालको खार्पुनाथ, सिमकोट र नाम्खा गाउँपालिकाका बासिन्दा जसले पशुपालन गर्थे उनीहरूलाई लाप्चाका बारेमा जानकारी थियो । लाप्चाबाट मानसरोवर कैलाशको दूरदर्शन गर्न सकिने कुरा पनि उनीहरूलाई मात्र थाहा थियो । त्यो कुरा धेरै बाहिर पनि आउँदै थियो । उनीहरूका लागि पानीपँधेरो जस्तो थियो लाप्चा जानु र आउनु । किनकि हरेक वर्ष जानैपर्ने बाध्यता हुन्थ्यो । पहिले लाप्चा पुगेर जसले पशुपालन र वस्तु विनिमय (व्यापार) गरेका हुन्थे, उनीहरूले मानसरोवर कैलाशको दूरदर्शन गरेको कुरा सुनिन्थ्यो । त्यो धेरैले सहजै विश्वास मान्दैनथे पनि । खासमा २०७३ सालपछि मात्र नेपाली भूमि जो हालको नाम्खा गाउँपालिका–६ को लिमीको लाप्चाबाट मानसरोवर कैलाश दर्शन गर्न सकिने कुरा बाहिर आएको हो । त्यतिबेला काठमाडौँबाट तीन जना पत्रकार रुद्र खड्का, भरतबन्धु थापा र कञ्चन अधिकारी आउनुभएको थियो । उहाँहरूको टोलीसँग यो पङ्क्तिकारले पनि पहिलो पटक जाने सौभाग्य प्राप्त गरेको थियो ।

हिजोआज चीनसँग सिमाना जोडिएको लाप्चा क्षेत्रको मौसम सफा हुने हुँदा नेपाली भूमिबाट लाप्चा क्षेत्रबाट मानसरोवर कैलाशको दूरदर्शन गर्न निकै सहज हुन्छ । त्यसैले बर्सेनि त्यहाँ पुगेर दूरदर्शन गर्नेको सङ्ख्या पनि बढिरहेको छ । न्यालु र लाप्चा क्षेत्रको हिउँ फाल्ने कार्य हुनु र मौसम पनि सफा हुने सिजन भएका कारण तीर्थयात्रीलाई सहज हुने गरेको हो । यो मौसम नै लाप्चाबाट मानसरोवर कैलाशको दूरदर्शन गर्ने उपयुक्त समय भएको भर्खरै लाप्चाबाट मानसरोवर कैलाशको दूरदर्शन गरेर फिर्ता हुनुभएकी सञ्चारकर्मी छपाल लामाको भनाइ छ । चिसो बढी हुने गरेको भए पनि कैलाश मानसरोवर स्पष्ट र सफासँग देखिनु नै ठुलो कुरा मान्नुपर्ने हुन्छ । लाप्चा क्षेत्र पुगेपछि बसौँ बसौँ र हेरिरहुँ जस्तो लाग्ने गर्छ । साँच्चै फर्कन मन नै लाग्दैन । मन नहुँदा नहुँदै पनि फर्कनुपर्ने बाध्यता हुन्छ । घाम लागेको भए पनि चिसो मौसम, हावा चलिरहने भएका कारण पनि मन नअघाईकन फर्कनु पर्छ । जेठ–असारमा पानी नपरेका कारण तुवाँलाले मानसरोवर कैलाश देखिए पनि केही मधुरो देखिन्छ, साउन र भदौमा बर्खाको कारण देख्न पाउने नपाउने कुनै ग्यारेन्टी नै हुँदैन तर असोज कात्तिक भने आकाश पनि छ्याङ्ङ हुने भएका कारण एकदमै प्रस्ट रूपमा आफ्नै अगाडि देखिन्छ । यो सौभाग्य त्यहाँ पुग्ने जोकोहीले पनि प्राप्त गर्नु सक्छन् ।

गत असोज २४ र २५ गते परेको वर्षापछिको हिमपातले केही लाप्चा जान समस्या गरेको भए पनि न्यालु, ताक्ची, पुल्की लाग्नालगायतका क्षेत्रमा जमेको हिउँ पूर्वाधार विकास कार्यालयबाट फाल्ने कार्य गरिदिएपछि लाप्चा पुग्न सहज भएको र यसबाट आन्तरिक तथा बाह्य पर्यटकलाई लाप्चा पुग्न सम्भव भएको नाम्खा गाउँपालिका–६ का वडाध्यक्ष पाल्जोर तामाङले बताउनुभयो । अन्य मौसममा बादल लागिरहने भएका कारण मानसरोवर कैलाशको दूरदर्शन गर्न सकिने नसकिने निश्चित नभएको बताउँदै

उहाँले यतिबेला भने आमनेसामने भए जस्तै देखिँदा मनै आनन्दित हुने गरेको बताउनुभयो । चिसो बढी हुने र तापक्रम माइनस डिग्री सेल्सियस हुने भएका कारण बाक्ला र न्याना कपडा बोकेर जानुपर्ने उहाँको सुझाव छ। हिजोआज पनि जिपमा आन्तरिक पर्यटक ताक्चीबाट जाने गरेको पाइन्छ । यस वर्ष गत जेठयता एक हजार ५३७ जनाले लाप्चा पुगेर मानसरोवर कैलाशको दूरदर्शन गरिसकेका छन् । अझै यात्रा गर्ने क्रम जारी रहेको छ । यो सिजन लाप्चा यात्राका लागि उपयुक्त समय भएका कारण यस वर्ष आन्तरिक र बाह्य पर्यटक गत वर्षभन्दा बढेको छ । बस्ने बास र खाने होटेलको पनि समस्या छैन । तुम्लिङ र टाक्ची गरी एक रातमा ७० जनाभन्दा बढी पर्यटकको व्यवस्था गर्न सकिने अवस्था रहेको छ।

अवलोकनका लागि अरू सम्भावना पनि प्रशस्त

नेपालको लाप्चा क्षेत्रबाट मानसरोवर कैलाश त दूरदर्शन गर्न सकिने छँदै छ त्यसका अलवा अरू पनि पर्यटकीय स्थल, जङ्गली जनावर, तालतलैया, झरना पनि प्रशस्त रहेकोले त्यसको प्रचारप्रसार गर्न पनि आवश्यक देखिन्छ । वनखच्चर, वनघोडा, जङ्गली याक, नाउर, दुर्लभ हिमचितुवालगायतका जङ्गली जनावर सहज बथानका रूपमा देख्न पाइन्छ । लिमी क्षेत्रका नामकरण नगरिएका हिमाल, सैपाल हिमाल, शिवकुण्ड पनि देख्न सकिन्छ। लिमीकै महत्त्वपूर्ण एक हजार २७० वर्ष पुरानो ऐतिहासिक गुम्बा पनि रहेको छ।

छैन बासको समस्या

पहिले पहिले लाप्चा जाने क्रममा बासको समस्या हुने गरेको थियो। पछिल्लो चार वर्षयता ताक्ची र तुम्लिङमा बासका लागि होटेल र होमस्टे सञ्चालनमा आउँदा बासको कुनै समस्या छैन । खाना पनि लिमीकै स्थानीय परिकार पाइन्छ। कपडाको हकमा लगाउने बाक्लो टोपी, मोजा ज्याकेटलगायतका न्यानो हुने कपडा भने बोक्नै पर्छ । यतिबेला मौसम सफा भए पनि चिसो हुने भएका कारण तापक्रम माइनस डिग्री सेल्सियसमा झरेको हुन्छ।

यी हुन समस्या

नेपाली भूमि जो पर्यटकी क्षेत्रको प्रवेशद्वारका रूपमा सल्लीलाई मानिन्छ। के गर्नु सल्लीबाट भित्र प्रवेश गरेपछि सञ्चारविहीन भएर जानु पर्ने बाध्यता रहेको छ । त्यसै गरी यो समस्या न्यालु, टाक्चीदेखि लाप्चासम्म अघिल्लो सञ्चारको सुविधा पनि पुग्न सकेको छैन । पछिल्लो सञ्चार प्रविधिको त कुरै नगरौं। लिमीवासी मात्र नभएर त्यहाँ जाने आन्तरिक र बाह्य पर्यटकको अहिले ठुलो माग भने सञ्चारको व्यवस्था गर्न सरकारसँग रहेको छ। गत कात्तिक ४ गते नेपाल पत्रकार महासङ्घ हुम्ला शाखाले आफ्नो चौथो पूर्ण बैठक लाप्चामा राखेको थियो । सो क्षेत्रमा सञ्चारको व्यवस्था नहुँदा चार दिनसम्म पत्रकार महासङ्घ हुम्ला शाखाका सदस्य आफू सम्पर्कमा रहन र आफूसम्बद्ध सञ्चार मिडियामा समाचार दिन सकेका थिएनन् । जिल्लाको उत्तरी क्षेत्रको नाम्खा गाउँपालिका-६ को हिमालपारिको गाउँ लिमी र यही क्षेत्रमा रहेको लाप्चामा हालसम्म सञ्चारको पहुँच नपुगेको भन्दै नेपाल पत्रकार महसङ्घ हुम्ला शाखाको चौथो बैठकले नेपाल सरकारसँग सो क्षेत्रमा सञ्चार सुविधा पुर्‍याउन माग गर्ने निर्णयसमेत गरेको थियो। उक्त माग महासङ्घले सञ्चारमन्त्री जगदीश खरेलसमक्ष समेत पुर्‍याइसकेको छ। सो क्षेत्रमा हालसम्म सञ्चारको पहुँच नपुगेको कारण पर्यटकीय क्षेत्रमा गएर पनि कुनै पनि सञ्चारकर्मीले स्थलगत रूपमा आफ्ना सामग्री दिन नसक्ने अवस्था रहेको छैन।

त्यसैले सरकारले जतिसक्दो चाँडो न्यालु र लाप्चा क्षेत्रमा सञ्चारको पहुँच पुर्‍याउन आवश्यक देखिन्छ। ताक्चीबाट सञ्चार सम्पर्क गर्न लिमीको जाङ गाउँमा दुई घण्टा हिँडेर जानुपर्ने वा बोलेरो जिपमा तीन हजार खर्च गर्नुपर्ने अवस्था रहेको छ । लाप्चा पुग्ने जोकोही आन्तरिक वा बाह्य पर्यटकले प्रवेशद्वार सल्ली छिर्नेबित्तिकै सञ्चार सुविधाबाट बाहिरिनुपर्ने बाध्यता सामान्य जस्तै भइसकेको छ । वर्तमान सञ्चारमन्त्री खरेलको अगुवाइमा जसरी तिलिचो ताल क्षेत्रमा सञ्चार सुविधा पुर्‍याउने कार्य सुरु भएको छ। त्यसरी नै हुम्लाको लाप्चा क्षेत्रमा पनि सञ्चार सुविधा पुर्‍याउन आवश्यक देखिन्छ। लाप्चा जाने सबै क्षेत्रमा मोबाइल फोटो खिच्न, भिडियो हेर्न र खिच्नका लागि बोक्नुपर्ने जस्तो देखिएको छ। यसले गर्दा पनि सो क्षेत्रको कुनै पनि पक्षलाई प्रत्यक्ष रूपमा प्रसारण गर्न सकिने अवस्था रहेको छैन । यो क्षेत्रलाई जतिसक्दो चाँडो सञ्चारको पहुँचमा जोड्नु अहिलेको आवश्यकता पनि हो।

अर्को कुरा सडक सञ्जाल पनि सहज छैन । सल्लीबाट भित्र प्रवेश गर्नेबित्तिकै कच्ची र खाल्टाखुल्टी भएको सडकले गर्दा यात्रा केही सकसपूर्ण हुने गर्छ । कच्ची सडक निर्माण भएको भए पनि त्यसलाई स्तरोन्नति गरेर ग्राबेल गरे यात्रा सहज हुने देखिन्छ। सडक सहज छैन तर पनि पर्यटक लाप्चा पुग्ने रहरले यसलाई पनि सहज रूपम लिने गर्छन् । अर्को कुरा ताक्चीमा लिमी कर्णाली नदीमा पुल निर्माण नभएका कारण बर्खामा यातायातका साधन तर्न सक्दैनन् भने यतिबेला पानी टेकेरै तर्न सकिन्छ र तर्छन् पनि। अर्को कुरा पाँच हजार मिटर उचाइमा रहेका कारण केही वर्षा हुने बित्तिकै हिमपात भइहाल्छ। त्यसैले यो क्षेत्रका लागि एउटा स्काभेटर तयारी अवस्थामा राख्नु आवश्यक छ। ■

डेउडा लोकसंस्कृतिका सामाजिक–सांस्कृतिक आयाम

तीर्थराज भट्ट

डेउडा भन्नु सुदूर तथा मध्यपश्चिम नेपालको एउटा पहाडी लोकसंस्कृति हो, जसमा लोकछन्दमा सृजित द्विपदीय लोकगीतहरू आँसु रचनाका रूपमा गायनको शैलीमा अभिव्यक्त गरिन्छन् र तिनको नृत्यको शैलीमा समन्वित प्रस्तुतीकरण पनि गरिन्छ । यो लोकसंस्कृति विशेष गरी नेपाली सुदूर र मध्यपश्चिमका पहाडी समुदायका माझमा विश्वका जुनसुकै भूभागमा रहने– बस्ने भए पनि तत् तत् ठाउँमा अत्यन्त लोकप्रियतापूर्वक मनाइने गरिन्छ । डेउडा ती भौगोलिक क्षेत्रमा पुस्तौँदेखि मौखिक परम्पराद्वारा जीवित रहेको प्रमुख र प्राचीन लोक सांस्कृतिक सम्पदामध्ये एक हो । डेउडा केवल एक पृथक् गीत मात्र नभई, नृत्यात्मक प्रस्तुतिसहितको लोकगीत हो । यस लोकसंस्कृतिका आफ्नै विशिष्ट विशेषता छन्, जसमा चालढाल, ताल र पाइलाका निश्चित मानक छन्, जसलाई प्रदर्शनका क्रममा अनिवार्य रूपमा पालना गर्नु पर्छ । यसरी डेउडा लोकगीत यस भेगका मूलवासीका लागि सम्पूर्ण ऋतु तथा अवसरका लागि उपयुक्त, उत्सवमूलक लोकसंस्कृति बनेको छ ।

विक्रमीय संवतानुसार भाद्र महिनाले ओल्के सङ्क्रान्तिसँगै हाम्रा घरआँगनमा प्रवेश गर्छ र यस महिनाले हरितालिका तिज, गौरा, श्रीकृष्ण जन्माष्टमी, आदि अनेक पर्व बोकेको हुन्छ । वर्षा ऋतु अझै मेघहरूमा भरिएकै हुन्छ र खेतबारी हरियालीले दुलही झैँ सजिएको बेला हुन्छ । यस मौसममा यी उत्सवले यहाँका नारी र पुरुषलाई डेउडा गीत गाउने र तदनुरूप नाच्ने अनेक अवसर प्रदान गर्छन् । धार्मिक पर्व व्रत राखी देवपूजा गरी मनाएपछि, स्थानीयवासीले आफ्नो सामाजिक अनुभव तथा व्यक्तिगत भावना डेउडाका माध्यमबाट व्यक्त गरेर आनन्द लिन्छन् । डेउडाका द्विपदीय लोकगीतले अखिल जीवनका भावना, विषयवस्तु तथा अनुभवलाई दृढतापूर्वक समेटेका हुन्छन् ।

सामाजिक–सांस्कृतिक महत्त्व र सान्दर्भिकताको कसीमा डेउडाको अध्ययनको दायरा अत्यन्त व्यापक र सम्भावना प्रशस्त रहेको छ । तथापि यस लेखकले प्रस्तुत निबन्धलाई मुख्यतः यस सांस्कृतिक सम्पदाका निम्न विशिष्ट आयाममा केन्द्रित रही संरचित गरेको छ ।

परम्पराको निरन्तरता

डेउडा लोकगीत सुदूर/मध्यपश्चिम क्षेत्रका पहाडी मूलका सनातन धर्मावलम्बीले उनीहरू जुनसुकै स्थानमा बसोबास गरे पनि अनादिकालदेखि नै अभ्यास गर्दै आएका छन् । मानिसले घर, मन्दिर वा सार्वजनिक स्थलमा विविध पर्व तथा संस्कार मनाउँदा, दैनिक जीवनका सुखदुःख, देवस्तुति र प्रार्थना तथा अस्तित्वबारेका अनुभूति डेउडाका माध्यमबाट प्रकट गर्दछन् । डेउडा लोकगीतको माध्यमद्वारा कलाकारका ज्ञान, विचार, बुझाइ, भावना, संवेदना र रुचि अभिव्यक्त हुन्छन्, जुन जीवनशैलीमा परम्पराका रूपमा समाहित भएका हुन्छन् ।

लैङ्गिक सहभागिता

पितृसत्तात्मक सामाजिक संरचनाले पिँढी–दरपिँढी निर्देशित गर्दै नारीलाई विभिन्न अवसरबाट वञ्चित गरेको स्थितिमा प्रत्येक घरकी महिलाले जीवनका फरक फरक चरणमा अनेक दमन, शोषण र अभाव सहनुपरेको छ तर डेउडा लोकसंस्कृति नारी जातिका लागि तुलनात्मक रूपमा समाजका अन्य संस्थाभन्दा अधिक समानतामूलक देखिन्छ । डेउडा लोकपरम्पराले महिलालाई लोकगीत गाउन र नृत्यप्रस्तुतिमा सहभागी हुन स्वतन्त्र एवं सम्मानित मञ्च, न्यूनतम मर्यादा र पर्याप्त अवसर प्रदान गर्दछ । उनीहरूले सामाजिक प्रतिबन्धको डरबिना आफ्नो मनको भावना निर्भीक

रूपमा पोख्न सक्छन् । विशेषतः विवाहित महिला दैनिकीका कष्ट र अभावको निम्नतम खुट्किलाबाट आफूलाई मुक्ति दिलाउँदै डेउडाका स्वर, ताल र शैलीमा गहिरो रूपमा डुब्छन्, जसले तिनीहरूका लागि भावनात्मक शान्ति र स्वतन्त्रताको माध्यमका रूपमा कार्य गर्दछ ।

सामाजिक एकता

जातीय विभाजन र त्यसबाट उत्पन्न सामाजिक विभेद राज्यस्तरमै दशकौँअघि निन्दित र उन्मूलन गरिए तापनि तिनका विकृत प्रभाव अझै समाजमा बाँकी छन्, जसले समाजलाई विखण्डनतर्फ धकेलेको छ। राजनीतिक विचारधाराको असमानताले पनि छिमेकीबिच कटुताको सम्बन्ध जन्माइरहेको छ। त्यसै गरी धनी र गरिबबिचको वर्गीय असमानताले समाजको आधारलाई कमजोर बनाएको छ । यस्ता सबै विभाजनबाट पृथक्, डेउडा लोकसंस्कृतिको वातावरणले सबै प्रकारका भिन्नता, निराशा र विभेदलाई भञ्जन गर्दै सामाजिक विवधतालाई एकातामा अँगाल्दछ। यस लोकगीतले सबै उत्साही तथा इच्छुक जनमानसलाई बिनाजातीय, वर्गीय वा राजनीतिक सोधनी, केवल आफ्नो क्षमता अनुसार डेउडा गायन तथा नृत्यको नेतृत्व गर्ने र सहभागिता जनाउने स्वतन्त्रता प्रदान गर्छ। विभिन्न मेला तथा पर्वमा आयोजना हुने वर्तुलाकार डेउडा खेलमा दुई प्रतिस्पर्धी समूहमा विभक्त सहभागीले आफ्नो समूहको अग्रणी गायक अर्थात् 'गिदारो' लाई पूर्ण उत्साहसहित साथ दिन्छन् र डेउडाको प्रतिस्पर्धात्मक गायन तथा नृत्य प्रस्तुतीकरण जित्न उच्चतम एकता, सामूहिकता र भ्रातृत्वको भाव प्रदर्शन गर्छन् ।

उपेक्षित वर्गको मनोबल

डेउडा किसान, मजदुर र पीडितहरूको भावनात्मक आश्रयस्थल हो। डेउडा लोकगीत गाउने र नृत्य प्रस्तुत गर्ने अभ्यासले उत्पीडित वर्गका मानिसलाई आन्तरिक तथा बाह्य पीडा र वेदनाबाट मुक्ति दिलाउन सहयोग पुऱ्याउँछ, विशेषतः जब अन्य कुनै माध्यम उपलब्ध हुँदैन । जब संसारले असहाय पात्रको आँसुमा ध्यान दिँदैन, त्यस्ता गीत जीवनका कठोर क्षणहरूबाट क्षणिक मात्र भए पनि पलायनको अन्तिम उपाय बन्छन् । समाजका तल्लो तप्काका मानिस आफ्ना मनका भार हटाई हृदयलाई हलुङ्गो बनाउन डेउडा गीत गाउन रोज्छन् । उनीहरू प्रायः 'कठै दैन ऽ...', 'मेरी इजू...', 'कठै लाडी...', आदि जस्ता लोकप्रिय करुणात्मक धुनमा गाएर नियतिसँग संवाद गर्न खोज्छन् र त्यसमाथि विजय प्राप्त गर्ने प्रयास गर्छन् । यसरी यी मानिसले जीवनका प्रतिकूल अवस्थासँग जुध्न नैतिक आत्मबल पुनः प्राप्त गर्न र नवजीवनको स्फूर्ति पाउन प्रयास गर्छन् । यी गीत दुःखी मनको बोझ हटाउने औषधी साबित हुन्छन् । गीतमा पोखिएको व्यथा नियतिको सामना गर्ने साहस बन्छ र नयाँ जीवनप्रेरणा जगाउँछ । त्यसैले डेउडा केवल कलात्मक प्रस्तुति होइन; यो उपेक्षित वर्गका लागि आत्मबल निर्माण गर्ने मनोवैज्ञानिक उपचार पनि हो ।

प्रकृतिको प्रतिविम्ब

डेउडा गीत यहाँका भौगोलिक परिवेश र मूलवासी जनजीवनसँग गहन रूपमा सम्बन्धित छन् । यहाँका डाँडाकाँडा, खोल्साखोला, चराचुरुङ्गी, वनस्पति, चुलोचौका र जनावर आदि विषयवस्तु स्थानीय भाषामा गाइने यी गीतमा अत्यन्त जीवन्त रूपमा प्रतिविम्वबित भएका हुन्छन्। पहाडी जीवनका उतारचढाव, व्यापारिक यात्राका साहसिक भोगाइ, कोदालो र किसानका व्यथा, बुहारीका कर्मघरका पीडा, बेरोजगारी र विच्छेदका प्रसङ्ग, यी सबै विषयवस्तु डेउडामा गीत बनेर गुञ्जिन्छन्, जसले गाउँले जीवनको यथार्थ दर्पणले जस्तै उजागर गर्दछ । यसरी डेउडा लोकजीवनको अभिन्न अङ्ग बनेको छ, जहाँ प्रकृति, संस्कृति र मानवीय अनुभूति एकैसाथ बग्छन् ।

राष्ट्रिय एकताको स्तम्भ

डेउडा लोकसंस्कृति विशेषतः नेपालको काली–कर्णाली क्षेत्रका जनताको सांस्कृतिक पहिचानको माध्यम हो । सङ्घीय शासन प्रणालीको कार्यान्वयनको सन्दर्भमा, डेउडा गीत सुदूरपश्चिम प्रदेशका जनताको सांस्कृतिक सम्पदा र 'राष्ट्रिय' पहिचान झल्काउने स्पष्ट प्रतीक बनेका छन् । यसै गरी देशभर विभिन्न लोकगीत, नृत्य, ललितकला, आख्यान र जनश्रुतिका रूपमा अनेक लोकसांस्कृतिक धरोहर विद्यमान छन्, जसले समग्र राष्ट्रिय एकताको संरचनामा मेरुदण्ड जसरी योगदान पुऱ्याउँछन् । राज्य एवं सत्ताधारी वर्गले यी सम्पूर्ण लोकसंस्कृतिलाई समान मर्यादा र व्यवहारमा आत्मसात् गरे मात्र सबै समुदायले आफूलाई राष्ट्रको अभिन्न अङ्ग महसुस गर्छन् । यसरी जब शासनसत्ताले केन्द्रदेखि सीमासम्म स्थानीय पाहिचानका सबै लोकधरोहरलाई समतामूलक र यथोचित स्थान प्रदान गरेर राष्ट्रिय सुरक्षाको भावनालाई सुदृढ गर्ने तत्त्वका रूपमा हेर्न आवश्यक छ । यस लेखकको विश्वास के छ भने जब सबै समुदायले आफूलाई सम्मानित महसुस गर्छन्, त्यतिबेला मात्र 'एक राष्ट्र' को भावना बलियो बन्नपुग्दछ । यसरी दृष्टिगत गर्दा डेउडा लोकसंस्कृति स्थानीय पहिचान र राष्ट्रिय एकताको स्तम्भका रूपमा रहेको छ । ■

सौन्दर्यको चाँदनीमा कैलाली

यज्ञराज जोशी

सुदूरपश्चिम प्राकृतिक सुन्दरताले सुशोभित छ । चाँदी झैँ टल्कने अपि र सैपाल सुदूरका सिरानी हुन् । कलकल बग्ने खोलानाला, झरझर झर्ने झरना, सुसेली हाल्दै बगिरहने सेती, महाकाली र कर्णाली, हराभरा वनजङ्गल, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, चराको चिरबिर प्रकृतिको छटाभित्र रहेका अनुपम दृश्य हुन् । फाग, चैत, धमारी, हुड्के, छलिया, देउडा, लक्ठौहा, मग्रहवा यहाँका सांस्कृतिक वैभव हुन् । खप्तड, चारबण्ड-अठार खण्ड, टीकापुर पार्क यहाँका पर्यटकीय मनोरम गन्तव्य हुन् । हिमशृङ्खला, चुरे पर्वत, भावर क्षेत्र, तराई गरेर यहाँ विविधतायुक्त हावापानी छ । शैलेश्वरी, बडीमालिका, त्रिपुरासुन्दरी, निङ्गलासैनी, उग्रतारा, केदार यहाँका धार्मिक धरोहर हुन् ।

पर्यटकका लागि सुदूरका यी वैभवता 'भर्जिन' छन् तर पर्यटकीय सम्पदाले भरिपूर्ण हुँदा पनि सुदूर ओझेलमा छ । काठमाडौँ, पोखरा, लुम्बिनी, जोमसोम, लुक्ला अवलोकनका लागि स्वदेशी तथा विदेशी पर्यटकको रोजाइमा पर्ने भए पनि सुदूरपश्चिम पर्न सकेको छैन । पर्यटकीय स्थलको प्रचारप्रसारका लागि उल्लेख्य प्रयास नभएकै कारण विदेशी पर्यटकको रोजाइमा सुदूरपश्चिम पर्न नसकेको बेलाबखतमा चर्चा हुने गर्छ । बाह्य पर्यटक ल्याउन र टिकाउन प्रदेश सरकारले पर्यटन प्रवर्धनका लागि विशेष कार्यक्रम ल्याउन सकेको छैन । बाटोको असुविधा, बसोबासको उचित व्यवस्था नहुनु पनि पर्यटक आकर्षणका बाधक तत्त्व हुन् ।

जिल्लागत रूपमै पर्यटकीय वैभवको चर्चा गर्दा कैलाली निकै सुन्दर छ । लहलह धान र गहुँ झुल्ने कैलाली कृषिप्रधान जिल्ला हो । पहाड, भावर, चुरे पर्वतीय शृङ्खला र तराईको समथर भूभाग यहाँका विशेषता हुन् । नेपालकै लामो कर्णाली नदी र त्यसमाथिको चिसापानी स्थित एकखम्बे पुल पश्चिमसँग जोड्ने सुदूरपश्चिम प्रवेशको मूल गेट हो । पुलको लम्बाइ पाँच सय मिटर र चौडाइ १४ मिटर छ । कर्णालीको निलो पानी, त्यहाँ बहिरहने शीतल, पवन र प्रकृतिसँग रमाउँदै लिइने माछाको स्वाद अलौकिक हुन्छ । कर्णालीमा ऱ्याफ्टिङको आनन्द पनि लिन सकिन्छ ।

अर्को पर्यटकीय गन्तव्य हो, टीकापुरपार्क । कैलालीस्थित टीकापुर नगरपालिका निकै प्रख्यात छ । पाँच वर्ग बिघामा फैलिएको टीकापुर पार्क त्यहाँको प्रख्यातिको कारक हो । स्विट्जरल्यान्डको लक्साल सहरको नक्सा अनुरूप टीकापुरको रेखाङ्कन गरिएको छ । काठमाडौँ-टीकापुरको दुरी ६९० किलोमिटर छ । पार्कमा ८४ प्रकारका गुलाबका फूल पाइन्छन् । नेपालकै दुर्लभ कालो जातको गुलाब टीकापुर पार्कमा मात्रै पाइन्छ । टीकापुर पार्क अवलोकनका लागि दैनिक सयौँ आन्तरिक तथा बाह्य पर्यटक आउने गर्छन् ।

विसं २०२४ मा तत्कालीन राजा महेन्द्र शुक्लाफाँटा वन्यजन्तु आरक्षणमा सिकार खेल्न जाँदा बाघको आक्रमणमा परेका थिए । त्यसपछि उनको होस गुम्यो । लगत्तै टीकापुर (हालको पार्क) मा वैद्य, वातावरणविद् र चिकित्सकले त्यस ठाउँको वातावरणबारे अध्ययन गर्दै राजालाई आराम गर्न सुझाएका थिए । त्यसपछि त्यहाँ महेन्द्र आरोग्यगृह बनाइएको थियो । महेन्द्रले उक्त आरोग्यगृहमा २७ दिन बिताएका थिए । राजा वीरेन्द्रले आफ्ना बुवाले आरोग्यता प्राप्त गरेको स्थानलाई ऐतिहासिक स्थलका रूपमा परिणत गरी टीकापुर पार्क निर्माण गर्न विसं २०२८ मा निर्देशन दिएका थिए । राजा वीरेन्द्रको निर्देशनपश्चात् घना जङ्गललाई कटानी गरी पार्क स्थापना गरिएको थियो ।

पार्कमा चिरविर सुनिने चराको आवाज, चिसापानीबाट कर्णालीको छालसँगै सुसेली हाल्दै बहने पवनले पनि टीकापुर पार्कको शोभालाई सुशोभित तुल्याएको छ । टीकापुर पार्कमा पिकनिकका लागि भिड लाग्ने गर्दछ । टीकापुर विकास समितिले पार्क क्षेत्रमा महेन्द्र आरोग्यगृह, रत्न उद्यान, वीरेन्द्र विश्राम वाटिका, ऐश्वर्य उद्यानलगायतका थुप्रै पूर्वाधार निर्माण गरेको छ । ती पनि पर्यटकका आकर्षणका केन्द्र हुन् ।

कैलालीको अर्को पर्यटकीय गन्तव्य– राजकाँडा हो। जो सूर्योदयको दृश्यावलोकनका लागि निकै प्रख्यात छ। चिसापानीबाट छ किलोमिटर र लम्कीदेखि करिब १६ किलोमिटर उत्तरतर्फ मोहन्याल गाउँपालिका–७ मा पर्छ राजकाँडा। त्यहाँबाट अपि र सैपाल हिमालको मनमोहक दृश्यको अवलोकनसमेत गर्न सकिन्छ। त्यहाँ मोटरेबल बाटोको पहुँच छ। हाइकिङ गर्न चाहनेका लागि पनि त्यो गन्तव्य निकै उपयुक्त स्थान हो। उकालो पैदल यात्रा गरेर राजकाँडाको चुचुरो चुम्दा बेग्लै आनन्द अनुभूति हुने गर्छ। यहाँ पुग्ने कतिपय पर्यटक टेन्टमा त कतिपय (होमस्टे) घरबासमा बस्ने गर्दछन्। राजकाँडामा हिमालका चुचुरोसँगै हात्ती, ढुङ्गा, रानीकुवा, धुलीकोट दरबार, गुफा छन्।

अब चर्चा गरौँ घोडाघोडी तालको। विश्व रामसार सूचीमा सूचीकृत घोडाघोडी ताल पनि कैलालीकै प्रमुख पर्यटकीय तथा धार्मिक गन्तव्य हो। ताल दुई हजार ५६३ हेक्टरमा फैलिएको छ। यसको आकार हातको पन्जा झैँ छ। घोडाघोडीका १९ उपताल छन्। करिब २४५ प्रजातिका चराचुरुङ्गी, गोही, पानीहाँस, जङ्गली धानलगायतका जीवजन्तु यहाँ पाइन्छन्। घोडाघोडीमा तालैतालले ओगटेको क्षेत्रफल मात्र २४८ हेक्टर छ। पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोडिएकाले यहाँ पुग्न कुनै गाह्रो छैन। तालसँगै धार्मिक क्षेत्र छ। शिवपार्वतीको मन्दिर, महुन्याल देउताको मन्दिरले यहाँको धार्मिक वैभवता थपेको छ। धेरैले घोडाघोडी पुगेर विवाह, व्रतबन्ध जस्ता शुभ कार्यसमेत गर्ने गरेका छन्। डुङ्गा र घोडामा सवार भएरसमेत त्यहाँको मनोरञ्जन लिन सकिन्छ। घोडाघोडी तालनजिक सुख्खड गाउँमा आधुनिक होटेल र माघी गाउँमा होमस्टे सञ्चालन छ। पर्यटक आफूले चाहेको ठाउँमा बस्न सक्छन्। उनीहरू माघी होमस्टेमा थारू संस्कृति र खानपानको आनन्द लिन सक्छन्।

यस्तै गर्वा दरबार पनि कैलालीको ऐतिहासिक दरबार हो। चुरे गाउँपालिकाको खैरालास्थित विक्रम सम्बत १९८२ सालमा निर्माण गरिएको गर्वा दरबार सुदूरपश्चिममै एक मात्र राणाकालीन दरबार हो। यो जीर्ण अवस्थामा छ। प्राकृतिक रूपमा तराई र लेकको विशेषता एउटै गाविसमा पाइने खैरालामा आन्तरिक तथा बाह्य पर्यटकका लागि उपयुक्त गन्तव्य हो। चौमालाबाट १८ किलोमिटर उत्तरतर्फ पर्ने गर्वा दरबार चौमालाबाट छ घण्टा पैदल हिँडेपछि पुगिन्छ। दरबार खड्गशमशेर जबराले निर्माण गरेका हुन्। खैराला हावापानी, मौसम र भौगोलिक रूपमा अत्यन्त उपयुक्त भएकाले राणा शासकको रोजाइमा परेको बताइन्छ। मास पिसेर त्यसबाट चिनाई गरिएको गर्वा दरबारमा ८३ झ्याल र ५३ ढोका छन्। १० रोपनी क्षेत्रफलमा फैलिएको यो दरबार तीन खण्ड र तीनतले छ। दरबारभित्र भुइँतले सुरुङ बनाइएको छ। कैलाली सदरमुकाम धनगढीबाट ४५ किलोमिटर उत्तर चुरे क्षेत्रमा पर्ने राणाकालीन दरबारको प्रवर्धनमा सरकारले ध्यान दिए पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने स्थानीयले बताउँदै आएका छन्।

भादा होमस्टे कैलालीको प्रमुख पर्यटकीय गन्तव्य हो। थारू जीवनशैली र संस्कृति त्यहाँको प्रमुख आकर्षण मानिन्छ। धनगढी उपमहानगरपालिका–१६ स्थित भादा होमस्टेमा थारू समुदायका जनजीवनलगायत विशेष खानेकुराका परिकारले पर्यटकको मन लोभ्याउने गर्छ। धनगढीबाट बेली हुँदै भादागाउँ पुग्न १७ किलोमिटर दुरी तय गर्नु पर्छ। काठ र खरका भित्ता, माथि टायलले छाएका घर, चिटिक्क माटोले नै पोतेको आँगनले पनि पर्यटकको मन तान्ने गर्छ। स्थानीयले पर्यटकलाई मनोरञ्जन प्रदान गर्न थारू समुदायको मौलिक संस्कृति सखिया, झुम्रा, मघौटा, लट्ठी, बैठक्की नाँच प्रदर्शन गर्दै आएका छन्। मौलिक परिकार ढिक्री, खरिया, फुलौरी, अण्डिक् भात, खुर्मा, पनझझरा, कचरिक् बरिया, घोँघी, गँगटा, सुटही, मुसाको सेकुवा, सिद्रा, महुँवाको रक्सी, चामलको रक्सी र झोललगायत परिकारका स्वादले पर्यटकलाई खुसी तुल्याउँदै आएका छन्।

यस्तै गोदावरीधाम कैलालीको धार्मिक तथा पर्यटकीय क्षेत्र हो। सुदूरपश्चिमको प्रस्तावित राजधानी अत्तरियादेखि सात किलोमिटर उत्तरतर्फ पर्छ गोदावरी। त्यहाँ नेपालकै ठुलो ५२ फिट अग्लो हनुमानको मूर्ति छ। गोदावरीधाममा प्रत्येक १२ वर्षमा महाकुम्भ, प्रत्येक छ वर्षमा अर्धकुम्भ मेला र प्रत्येक वर्ष बाह्रराशि दर्शन मकर मेला लाग्ने गर्छ। सुदूरपश्चिम प्रदेशका सात वटा पहाडी जिल्लाको मुख्य प्रवेशद्वार हो यो क्षेत्र। यस क्षेत्रलाई सप्त गोदावरीमध्येको प्राचीन गोदावरीका रूपमा लिने गरिन्छ। वृद्ध गौतमीका नामले समेत चिनिने यो क्षेत्रमा भगवान् श्रीकृष्णले स्नान गरेको स्कन्दपुराणमा उल्लेख छ। गोदावरीमा भगवान् राम, भीष्मपितामह र पाण्डवले पनि स्नान गरेको किंवदन्ती छ। त्यस क्षेत्र भएर बग्ने गोदावरी तटमा दिवङ्गत व्यक्तिको अन्तिम संस्कार गर्दा मोक्ष प्राप्त हुने धार्मिक विश्वाससमेत रहको छ।

खानीडाँडा कैलालीको प्रमुख पर्यटकीय गन्तव्य हो। गोदावरीबाट २२ किलोमिटर माथि पर्छ खानीडाँडा। यो प्राकृतिक रूपमा निकै मनोरम स्थल छ। चिसो मौसममा गर्मी र गर्मी मौसममा चिसोको आनन्द लिन मानिस खानीडाँडा पुग्ने गर्छन्। पहाडका रमणीय दृश्यले त्यहाँ पुग्ने जोकोहीको मन तान्ने गर्छ। चुरे शृङ्खलाको सबैभन्दा उच्च भागमा खानीडाँडा अवस्थित छ। त्यहाँबाट कात्तिक महिनामा सैपाल हिमाललाई नियाल्न सकिन्छ। यो लोकल कुखुरा र अर्ग्यानिक खानाका लागि

निकै प्रख्यात छ । यहाँका होटेल तथा कटेज शुक्रबार र शनिबार भरिभराउ हुने गर्छन् । खानीडाँडामा व्यवस्थित पिकनिकस्थल निर्माण गरिएको छ । त्यहाँ पिकनिक मनाउन जानेहरूको पनि बाक्लै उपस्थिति रहने गरेको छ । खानीडाँडाको वातावरणमा रमाउन सीमा क्षेत्रमा पर्ने भारतीय सहरबाट पनि पर्यटक आउने गरेका छन् ।

यस्तै कैलालीस्थित ग्वासी समैजी देवताको मन्दिर स्थल पनि धार्मिक आस्थाको वैभव क्षेत्र हो । देवताको मूलस्थान गोदावरी नगरपालिका–१२, कुमिभ्फाल क्षेत्रमा छ । ग्वासी र समैजीको थान मछेली खोला वारिपारि छन् । शिलामा देवी–देवताको बास रहेको छ । मछेलीका पश्चिमतर्फ समैजीको स्थानमा अत्रीगोत्रीय ओभ्फा पुजारी र पूर्वपट्टि रहेको ग्वासीको स्थानमा भारद्वाज गोत्रीय भट्ट पुजारी छन् । दुवै स्थानमा देवी/देवताको संयुक्त रूपमा पूजा लगाइन्छ । समैजी देवता र ग्वासी देवीको दाजु तथा बहिनी रहेको धार्मिक विश्वास छ । स्कन्दपुराण मानसखण्डमा उल्लेख गरिए अनुसार यो पवित्र फलाद्री पर्वत क्षेत्रमा 'स्वर्णा' 'रौप्या' र 'कालिन्दी' नामक भगवतीको निवास क्षेत्र हो । यी भगवती यस क्षेत्रमा धेरै अघिदेखि निवास गरिरहेकी मानिन्छन् । ग्वासी समैजीको क्षेत्र शिवगङ्गा नदीदेखि पश्चिम, कञ्चनपुरको दोमिल्ला पहरियादेखि पूर्व, मोहना नदीदेखि उत्तर र मौरी मस्सेदेखि दक्षिण रहेको छ ।

धनगढी उपमहानगरपालिकाको मुख्य बजारसँग जोडिएको जाखोरतालले पनि पर्यटक तान्ने गरेको छ । जाखोरताल चरा अवलोकनका लागि महत्त्वपूर्ण गन्तव्य बन्ने गरेको हो । देवहरिया वनस्पति उद्यानमा रहेको तालमा विभिन्न प्रजातिका रैथाने र आगन्तुक जलपन्छीको उपस्थितिले मोहकता थपिरहेको हुन्छ । देवरिया वनस्पति उद्यानमा १२.५ हेक्टर क्षेत्रफलमा फैलिएको जाखोरतालमा हरिहाँस, नकटा, सिलसिले हाँस, बगाले सिमकुखुरा, लामऔँले, कुर्मा, कर्रा, साउँरी, जलेवा, बकुल्लालगायत विभिन्न प्रजातिका जलपन्छी देखिने गरेका छन्। चरा अवलोकनका लागि विभिन्न ठाउँबाट चराप्रेमी जाखोरताल पुग्ने गरेका छन् तर संरक्षणको अभावमा ताल जोखिममा पनि छ । ताल जलकुम्भीले छोपिने र सम्बन्धित निकायले समयमै हटाउन ध्यान नदिँदा पुरिँदै गएको छ ।

यस्तै धनगढीको उत्तरबेहडीस्थित शिवपुरीधाम पनि पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । १०८ फिट उचाइको शिवलिङ्ग, वरपर १०८ तुलसीमठ, १०८ केजीको घण्ट, १०८ घण्ट र १०८ धाम सुशोभित छ । पूजाआजाका साथै अग्लो शिवलिङ्ग दर्शनका लागि धाममा धार्मिक पर्यटकको घुइँचो लाग्ने गरेको छ । शिवपुरीधाममा नेपाल आमाको मन्दिर, दुर्गा मन्दिर, मुक्तिनाथ मन्दिर, सूर्यनारायण मन्दिर, गणेश मन्दिर, पाँच वटा वाटिका, शिवकुण्ड, गणेशकुण्ड, दुर्गाकुण्ड, विष्णुकुण्ड, सूर्यनारायणकुण्ड, उग्रतारा मन्दिर, पुरानो शिव मन्दिर छन् । त्यहाँ थारू समुदायको थनुवा मन्दिरसमेत रहेको छ । धार्मिक वनसहितको धाम ठुलो आकर्षणका रूपमा रहेको छ । त्यहाँ विवाह, व्रतबन्ध जस्ता कर्म पनि हुँदै आएका छन् । साउने सोमबारको व्रत बस्ने हजारौँ श्रद्धालु भक्तजनको धाममा भिड लाग्ने गर्छ । धाममा शिवरात्रि, नयाँ वर्ष, गौरापर्व तथा होली पर्वमा भक्तजनको ठुलो घुइँचो लाग्ने गर्छ ।

माथि चर्चा गरिएका धार्मिक तथा पर्यटकीय वैभवसँगै तीन हजार २३५ वर्ग किलोमिटरमा फैलिएको कैलालीमा अन्य थुप्रै धार्मिक तथा पर्यटकीय गन्तव्य छन् । यहाँका अधिकांश पालिकाका नाम नै धार्मिक तथा पर्यटकीय स्थलबाट नामाङ्कित छन् । टीकापुर नगरपालिका, बर्दगोरिया गाउँपालिका, घोडाघोडी नगरपालिका, गौरीगङ्गा नगरपालिका, चुरे गाउँपालिका, गोदावरी नगरपालिका यसका उदाहरण हुन् । गोदावरीमा गोदावरी धामसँगै हाटखोली, लामीताल, वनदेवी मन्दिर, बुढीताल, भल्का, पिकनिकस्थल, मछेली नदी पनि आकर्षक पर्यटकीय स्थल हुन् । गौरीगङ्गा नगरपालिकामा राधाकृष्ण मन्दिर, कालिका मन्दिर, बागडोला मन्दिर, गायत्री अनुष्ठान, दैद्वारी मन्दिर, गोलादेउ मन्दिर, मोहन्याल मन्दिर, सप्तऋषि आश्रम, शिव मन्दिर, कालिका मन्दिर, रामकृष्ण मन्दिर र मोहन्याल बाबा मन्दिर पर्यटकीय स्थलका रूपमा छन् ।

भजनी नगरपालिका, टीकापुर र जानकी नगरपालिका भएर बहने नदीमा डल्फिन पाइन्छ । जसको संरक्षण र प्रचारप्रसार गर्न सके पर्यटक आगमनको राम्रो सम्भावना छ । बर्दगोरियामा रहेको बर्दगोरिया धाम पनि ओभ्फेलमा छ । त्यसको प्रचारप्रसारका लागि महोत्सव आयोजना हुँदै आएको भए पनि पर्यटकको ध्यान तान्न सकेको छैन । कर्णाली नदीमा साहसी पर्यटकका लागि र्‍याफ्टिङको राम्रो सम्भावना छ । कैलारी गाउँपालिकाले वनदेवी मन्दिर, कालीमाई मन्दिर, कोइलही ताल, सामरचौरा थारू गाउँ र शिव मन्दिर पर्यटक आकर्षणका केन्द्र बन्न सक्छन् ।

जोशीपुर गाउँपालिको लभ्ली पार्क, थारू फुडल्यान्ड, पुरानो शैलीको जोशीपुर बजार पर्यटकको रोजाइ बन्न सक्छन् । यस्तै धनगढीको दशरथ चन्द पार्क कुनै समय युवायुवतीको पहिलो रोजाइमा पर्ने गर्थ्यो तर हाल उक्त पार्क ओभ्फेलमा छ । धनगढी–१ मा रहेको शान्ति बालउद्यान बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री रहेको छ । उद्यानमा फूलबारी, पिरामिड, योगधाम, शान्तिको प्रतीक परीको मूर्ति, चिप्लेटी, पिङलगायत

पूर्वाधार छन् । यो बाल र वृद्ध पर्यटकको हब बन्न सक्छ । यस्तै लक्ष्मीनारायण मन्दिर, नैनादेवी मन्दिर, पशुपति मन्दिर, बैङ्कटेश्वर मन्दिर, वनदेवी मन्दिर पनि यहाँका धार्मिक पर्यटकीय हब बन्न सक्छन् । कैलाली चाँदी झैँ टल्किने नदीले घेरिएको छ । जुन आफैँमा अलौकिक सुन्दरताको खानी हो ।

मुलुक सङ्घीय संरचनामा छ। तिनै तहका सरकार छन् तर पर्यटकीय क्षेत्रको विकास र प्रवर्धनमा उनीहरूको ध्यान पुगेको देखिँदैन । आर्थिक समृद्धिको मेरुदण्ड पर्यटन क्षेत्र पनि हो । कैलालीसहित सुदूरपश्चिममा यो क्षेत्र ओझेलमा परेको छ । उत्साह र उमङ्गका साथ जनताका इच्छा, आकाङ्क्षा एवं चाहनालाई तिनै तहको नेतृत्वले सम्बोधन गरेको खण्डमा पर्यटनसँगै सबै क्षेत्रले काँचुली फेर्ने थियो । सरकारले भौगोलिक अवस्था, विकासको गति, सामाजिक सांस्कृतिक अवस्थाको वास्तविक मूल्याङ्कन गरेर काम गर्नु पर्छ ।

कैलालीको पर्यटकीय क्षेत्रको विकासका लागि प्रदेश र स्थानीय सरकारले विगतको झैँ अरूकै मुख ताक्ने काम नगरी आफ्नै बलबुतामा मुहार फेर्न सक्ने, जनताको जीविकोपार्जनलाई सहज बनाउन सक्ने, दीर्घकालीन लाभ लिन सक्ने र दिगो विकासको लक्ष्यमा समाहित हुन प्रस्ट खाका कोरी सोही अनुरूप अगाडि बढ्न सक्नु पर्छ ।

पर्यटकलाई आकर्षित गर्न सरकारी तथा निजी क्षेत्रले पनि प्रभावकारी कार्यक्रम ल्याएका छैनन् । प्राकृतिक क्षेत्रको अवलोकनका लागि आउने पर्यटकलाई आवतजावतका लागि यातायातको सुविधा नहुनु, सबै जिल्लामा विमानस्थल सञ्चालन नहुनु, सञ्चालन भएका स्थानमा पनि महँगो हवाई भाडा, रोयल्टी महँगो हुनु, पर्यटकलाई उद्धारको व्यवस्था नहुँदा पर्यटकको आकर्षण बढाउन सकिएको छैन ।

कैलाली विशाल छिमेकी मुलुक भारतसँग जोडिएको जिल्ला हो । नेपाल र भारतबिच रोटीबेटीको सम्बन्ध छ । धार्मिक सहिष्णुता छ । तिकुनिया र गौरीफन्टा जस्ता चलायमान नाका छन् । भारतमा मात्रै कैलालीका धार्मिक र पर्यटकीय क्षेत्रको चर्चा गर्दा ठूलो सङ्ख्यामा पर्यटक भित्र्याउन सकिन्छ । अध्यागमन कार्यालय कैलालीकै तथ्याङ्कले पनि कैलालीका नाका भएर विभिन्न मुलुकबाट आउने पर्यटकको सङ्ख्या ठूलो रहे पनि उनीहरूको रोजाइमा यहाँका पर्यटकीय स्थल भने पर्न सकेका छैनन् । सुदूरपश्चिम भएर काठमाडौँ, पोखरालगायत देशका अन्य ठाउँ घुम्न जाने पर्यटकको सङ्ख्या धेरै छ । पर्यटकीय स्थलको प्रचारप्रसारका लागि उल्लेख्य प्रयास नभएकै कारण विदेशी पर्यटकको रोजाइमा कैलाली पर्न नसकेको हो । यदि कैलाली हुँदै सुदूरपश्चिममा बाह्य पर्यटक टिकाउने हो भने प्रदेश सरकारले पर्यटन प्रवर्धनका लागि विशेष कार्यक्रम ल्याउनुपर्ने हुन्छ । पर्यटकीय स्थलको प्रचारप्रसारका लागि पर्चा, पम्प्लेट र विभिन्न होर्डिङ बोर्ड लगाउनुपर्ने हुन्छ । कैलाली सुदूरपश्चिमको सुविधासम्पन्न जिल्ला हो । कैलालीमा आएका पर्यटकलाई सुदूरपश्चिममा अन्य जिल्लामा पनि लैजान सक्नु पर्दछ । यसो गर्न सक्यौँ भने मात्र यहाँको धार्मिक र पर्यटकीय क्षेत्रको विकास सम्भव छ । ■

गजल

राजेन्द्र ओड

यो तिहार मेरै लागि यति खास भयो
बैनीलाई दादाको उपहार लाश भयो

कति भिजाएँ यी मेरा आँखा रोई रोईकन
अब त फर्किंदैन भन्ने मनमा आस भयो

सबका घर झिलिमिली लक्ष्मीपूजा थियो
हाम्रो घरमा मृत्युको खबर टाँस भयो

सोचेकी थिएँ यसपालि भाइटीका लगाउँछु
दादा शब्द मेरा लागि आजबाट नाश भयो

आमाबाबा आजसम्म हेरिरहन्थे तेरै बाटो
दुई वर्ष तड्पी तड्पी स्वर्गबास भयो ॥ ■

विपिन जोशीको सम्झनामा तिहार विशेष)
गोमा जोशी

मैले देखेको कर्णालीसँग सुख साट्न पाइनँ

कुलचन्द्र वाग्ले

घामको किरणमा जमिन टल्किएको ऐना जस्तै । आँखा तिर्मिराउने । एकटक हेर्नै मुस्किल । जमिनभन्दा केही माथि उठेका बोटबिरुवा र पोथ्राले ढाकिएको जमिनमा हरियाली । नजिकै उभिएर हेर्दा तिला नदी ससाना लहर कात्दै, सुसेल्दै निरन्तर बग्दै । कर्णालीमा हामफाल्न दौडिएको । कति सफा, कति कञ्चन, पानीको ओतभित्र तिलाको अन्तरङ्ग ढुङ्गा टलक्क । कतै फिसफिसाउँदै बालुवा टाढा गन्तव्यको यात्री जस्तै कर्णालीको जुम्ला ।

कर्णालीसँग साइनो– अलिकति संस्कृति, अलिकति प्रकृति, जीवनको केही अनुभूति, त्यस्तो बेला साक्षात्कार गरेँ, जतिबेला हिंसाले रगताम्य थियो कर्णाली । त्यसैले मभित्रको कर्णालीमा दुई धार छ । जीवन छ, समाज छ र संस्कृतिसँगै प्रकृति छ । अर्कोतिर प्रताडित छ जीवन । भताभुङ्ग । त्योबेला बाँच्ने अधिकार खोसिएको कर्णाली । यी पङ्क्ति पनि दुई धारमा बग्ने नै भए । निलो कञ्चन कर्णाली, अर्को रगताम्य कर्णाली ।

स्रोत तिब्बतको मोप्चोचोङ्हिम नदी । शीतल चिसो । प्रसिद्ध धार्मिक मानसरोवर ताल हुँदै बग्ने यो खोलामा मुगुको करण खोला मिसिन्छ । अनि पवित्र नदीले कर्णाली नाम पायो रे । बाजुरा, जुम्ला, कालीकोट आदि ठाउँ छुँदै बग्ने कर्णालीले राराको पानी पिएको छ । भारततिर घाँघरा पनि भनिने कर्णालीले एक हजार ८० किलोमिटर यात्रा तय गर्छ । पाँच सय सात किमी नेपाललाई जीवन दिन्छ । अर्थात् तिब्बतदेखि नेपाल छिचोलेर भारतसम्म ।

यो हो जुम्ला । सानैदेखि सुन्न थालेको जुम्ला । जुम्लीले ल्याएको जिम्मुको बास्ना महकिन्थ्यो हाम्रो गाउँघर नरङ्गातिर । आमा र अरू कुनै भान्सेले पकाएको कालो मासको दाल झान्दा बास्ना उडेर भित्र, बाहिर स्वादको सन्देश आउँथ्यो । घरगाउँमा बिहान, बेलुका मासको दाल झाने यसरी नै जिम्मु महकिन्थ्यो ।

हो, मभित्र जुम्लाको चित्र लामो समय यस्तै जियो । जुम्ली तिनै हुन्– स्वादिलो जिम्मु, हिङ, सिलाजित र

अरू यस्तै भन्नेहरू, चामलसित साट्ने, पैसासँग बिक्ने। तिनको आकृति, पहिरन र बोलीको तमिज घुर्मैलो घुर्मैलो अहिले पनि जिउँदै छ। पछि बुझेँ, उनीहरू भोक्तासम्म प्राकृतिक स्वादका औषधी पुऱ्याउने व्यापारी। हरेक वर्ष हेमन्त, शिशिरतिर ती यता बेसी झर्दा हुन्।

पहाडी हाम्रा गाउँघरतिर महिला प्रशाधन चुरा, पोते र शृङ्गार सामग्री बेच्न प्रायः मुस्लिम समुदायका व्यापारी आउँथे। त्यसैले होला यिनीहरूलाई यहाँ चुरेटा भनियो। यस्तै थिए काँधमा कपडाको भारी बोकेर आउने व्यापारी। प्रायः नेवार समुदायका। पुग्थे भातगाउँबाट माटाका भाँडा बनाउने शिल्प प्रजापति। यिनीहरू नै हुन्– वस्तु विनिमय व्यापारबाट पैसाको कारोबार सिकाउने गाउँमा अब्बल व्यापारी। मेरो आँखीझ्यालको नेपाल कुनो यस्तै थियो।

जीवन तिला जस्तै बग्ने। फरक तिला कहिलेदेखि अनन्त छ वा कहिलेसम्म अनन्त ? तर प्राणी जीवन बग्दासम्म तिलासँगै सुसेल्छ। जीवन चाँडै थाक्छ। विश्राम लिन्छ। अनगिन्ती पुस्ताले तिला पिए। पिउँदै छन् अझै तर तिला सुक्दैन। जहाँ सुरु हो यात्रा, त्यतै फर्कौं अब।

कर्णाली प्रदेशको जुम्ला। सदरमुकाम खलङ्गा। हेलिकोप्टरमा यात्रा। दृश्य अनौठा थिए, अद्‌भुत। दुवैतिर अग्ला, अग्ला पहाड। हेलीबाट धेरै ठाउँका ती पहाडी टुप्पा आँखाले भेट्नै नसक्ने। तल चाहिँ खोँच, खोल्सी र अँध्यारा गल्छी। खोला, खोल्सा र नदी। जहाँ झाडीले ढाकिन्थेनन्, वनेलुले छोपिन्थेनन् त्यहाँ ती बग्दा दृश्य हुन्थे। पहाडी खोँचबाट उडेको हेली डबल प्रतिध्वनित। अलिकति यताउता भए पङ्खा ठोकिन्छ कि ? कर्णालीका पहाडी जिल्लाको प्रतिनिधि नमुना लाग्यो जुम्ला।

रुख र पोथ्रा एकतिर मात्रै नतमस्तक। ती सोझाभन्दा एकतिर मात्रै झुकेका। बोझले थिचिएका, भुइँ ढोग्न उद्यत जस्ता कोमल। कुनै एक रुख जता झुक्यो, हेर्दा त्यहाँ ती सबै एउटै लयमा झुकेका। यस्तो दृश्य किन ? पहिलो द्रष्टा कुतूहलले मन हलचल भयो। अनौठा रहस्य ?

तर, पहाडी लमतन्न साप्राको कापबाट बहने एकसुरे हावाले जता झुकायो त्यतै झुके ती रुख, पोथ्रा। त्यसमाथि बर्सियो हिउँ। तिनको झुक्ने नियति हावा र हिउँ वा तुषारोले निर्मित गर्दिएछन्। बोझले जता धकेल्यो, त्यतै झुक्नु। भारी बोकेको मान्छे जस्तै। बुझ्न खोज्दा थाहा भयो।

पहाडको करालो गरामा बनेका टाकुरे घर। एउटा यहाँ छ। अर्को ऊ त्यहाँ। अर्को उहाँ। फुस्रो माटोले छाइएका फाट्टफाट्टै घर। कतै दाउराका चिर्पट देखिन्छन्। अर्को अनौठा जिज्ञासा। अरे, घर पनि माटोले छाउन मिल्ने ? प्रकृतिसँग बाँच्न, प्रकृतिसँग मिल्नु पर्ने। छादनको आधुनिक सामग्री नपुगेको बेला। न जस्ता न पाता न सिमेन्ट र खर। खरले त सायद यहाँको बोझ धान्ने होइन।

पुर्खाले प्रकृतिको परीक्षण गरे, ऊबेलाको वैज्ञानिक उपाय खोजे। प्रकृतिसँग मिल्न र जोगिन रोजे– माटोको छानो। महिनौँ जम्ने हिउँको भारी थेग्न र छेक्न बाक्लो माटोको छानो। कतै कतै देखिन्छन् दुई/तीन घर। केहीमा सुकाइएका छन् राता, पहेँला, सेता र टाटेपाटे लुगा। हेलीबाट देखिने दौडिएका दृश्य हुन् यी।

अनि लाग्यो। यस्ता बस्तीमा माओवादी हिंसा सजिलै चल्छ कि क्या हो ? न गुहार। न भरोसा। काट्न, मार्न थर्काएर मन लागेको भोज गर्न सजिलै ठाउँ। पुग्न चाहिँ गारो होला हिँडाइ, बस्। मानवीय संवेदना मरेपछि, सुरक्षाको के उपाय होला र त्यहाँ ? उही मनचिन्ते भगवान् भरोसा मात्र। यी ठाउँ आतङ्कका साम्राज्य हुन् कि ? जन्तु, जनावरको पनि।

जुम्ला त त्यति प्रताडित भइसकेको रहेनछ तर कर्णाली रक्ताम्य। रोल्पासमेत बुद्ध प्रदेश लुम्बिनी पनि रगतको आहालमा पर्दै थियो। त्यसो त पूरै नेपालमा यतिबेला विचारको द्वन्द्व होइन, हिंसा, प्रतिहिंसाको भयो। जब मानवीय संवेदना मारियो, मऱ्यो, तब नेपाली मन जानअन्जान क्रूर बने। वर्तमानले पनि त भनेकै छ। त्यही बेला मनलाई अनौठो लाग्यो– नाम चिनियाँ, आश्रय हिन्दुस्थान, हिंसा–प्रताडना नेपालमा ? यो पनि नसुल्झिएको रहस्य।

प्रतिनिधि सभाको चुनाव सम्पन्न भयो २०५६ सालमा। प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई (किसुनजी) र गृहमन्त्री पूर्णबहादुर खड्का। नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, पूर्वप्रधानमन्त्री। नेपाल कम्युनिस्ट पार्टी माओवादी प्रायोजित हिंसा द्वन्द्व पीडादायी उत्कर्षमा थियो। प्रतिदिन निहत्था नेपाली नागरिक मारिन्थे, कुटिन्थे, चुटिन्थे। बैङ्क लुटिन्थे। राज्यका संयन्त्र, संरचना भुटिन्थे।

भोलिपल्ट समाचारका हेडिङ बन्थे, बनाइन्थे, गौरवपूर्ण सफाया। पत्रकारिताको मुख्य स्रोत विषय प्रायः यस्तै हुन्थे। मारिने र अङ्गभङ्ग गरिनेहरू नै आरोपित बनाइन्थे, सुराकी वा सामन्त, दलाल। विचारले चाहिँ ती प्रायः प्रजातन्त्रवादी, निहत्था। आरोप जे जडिए पनि तिनको दोष प्रजातन्त्रवादी हुनु थियो, कम्युनिष्ट भाषामा।

यो यस्तो बेलाको विवरण हो, जतिबेला पश्चिम नेपाल हिंसाले आक्रान्त थियो, आतङ्कित। पछि त पूर्वतर्फ पनि फैलिँदै गयो। जे देखियो, तिनको सङ्क्षिप्त विवरण। सम्पूर्ण त यी पङ्क्तिमा अटाउने होइनन् र एक जनाको देखिइमा सम्पूर्णता सम्भव हुँदैन पनि।

हो, यस्तो दुःखद बेला मैले कर्णालीको जीवन

देखेँ । कर्णालीको माटो टेकेँ । त्यसैले होला कर्णालीसँग सुख साट्न पाइनँ । कर्णालीको सुख न देख्न पाएँ, न भोग्न पाएँ । दुर्भाग्य नै होला ? आँखीझ्यालबाट जति देखेँ त्यो देखाइ, भोगाइ अलिकति लेख्न जायज भयो, रहरभन्दा पनि आवश्यक भयो ।

हिंसा, प्रतिहिंसाले मर्माहत गिरिजाप्रसाद कोइरालाले सायद सङ्कल्प गर्नुभएको थियो, हिंसा जसरी पनि अन्त्य गर्नु पर्छ । जनता बचाउनु पर्छ र शान्ति फर्काउनु पर्छ । त्यसैले कर्णालीका घुम्तीमा उहाँ भन्नुहुन्थ्यो, “जारी हिंसा दुई पाटाको चिम्टा जस्तो । एउटा माओवादी, अर्को सेना (राजावादी) । चिम्टाको दुई पाटाले च्यापिएर मारिने जनता, खास गरी प्रजातन्त्रवादी, कांग्रेस । उदाहरण दिँदै, माओवादीको धम्की र भयले त्रस्त मान्छे बास दिन्छ, गाँस दिन बाध्य हुन्छ । भोलिपल्ट त्यही भयत्रस्त निहत्थालाई सेनाले पनि कुट्छ, चुट्छ । किन बास, गाँस दिएको भन्छ ? त्यो बाध्य मान्छेले गरोस् के ?

शान्ति सङ्कल्प सफल गर्ने नेता गिरिजाप्रसाद कोइरालाको यात्रामा सहभागी हुने पत्रकार थिएँ म । कर्णालीका र अन्य जिल्लामा पनि समाचारदाताको दायित्वमा निकै पुगेको छु । छापा माध्यम अत्यन्त कमलाई अन्तर्वार्ता दिने कोइरालासँग गोरखापत्रका लागि अन्तर्वार्ता लिने अवसर छोपेको हुँ । महेश आचार्यले सहयोग जुटाइदिनुभयो । अर्थात् मैले गरेको पत्रकारितामा गिरिजाप्रसाद कोइराला भन्न मात्र यो प्रसङ्ग जोडेको हुँ । यही जोडाइले म कर्णाली जान रोजिएँ ।

यहीबेला हो अहिलेको कर्णाली प्रदेशका रुकुम, सल्यान, कालीकोट, जाजरकोटलगायत लुम्बिनीको रोल्पा गएको । माओवादी हिंसामा सबैभन्दा प्रताडित बनाइएका जिल्ला हुन् यी । रोल्पा, रुकुम त आफ्नो उद्गमको ठाउँ भन्छन् यिनीहरू । जुम्ला त अघि नै भनिसकेँ । जे देखेँ, जति देखेँ त्यति न लेख्न सकेँ, न अहिले लेख्न सक्छु । सबैको सीमा हुने रहेछ तर केही दृश्य बुझ्ने गरी लेख्नैपर्छ । त्यसले फराकिलो चित्र चित्रण दिन सक्छ । किनकि केही बोधगम्य हुन्छन् । त्यसैले हाम्रा पुर्खाले भनिदिए, ‘जुँगा चल्यो, कुरा बुझ्यो ।’ कति सटिक, गहिरो बोध हुने ।

भनिसकेँ तिला नदीछेउ ऐना टल्किएको फाँट । खेत हो त्यो । जहाँ बनेको हेलीप्याडको हिउँ पन्छाएर भुँइ टेकेको हेली र हामी उत्रियौँ । केही कदम परको भवनमा कार्यक्रम । त्यहाँसम्म बाटो आलो थियो,हिउँ पन्छाइएको । कोठाभित्र खानपिन । कर्मचारीसँग स्थितिबोध । बाहिर नागरिकसँग खुला छलफल । तात्तातो बाफ उड्दो भात आयो, दाल, तरकारी, अचार । कर्मचारी साथीले भने, “खाइहाल्नोस् सर, नत्र त यहाँ भात नै चामल पल्टिन्छ चिसोले ।” मलाई त्यस्तो के थाहा । चौपट गर्मी हुने नरङ्गाको म । थाहा पाउन मन लाग्यो । अर्कोतिर ठुलाबडालाई पर्खेर सँगै खाने परम्परा सिकाइएको । नभन्दै एकैछिनमा भात चामल पो भयो र हात चम्चा जस्तै अकडियो । खान त खाएँ ।

बाहिर स्थानीय जनता उपस्थित । घुइँचो । नजिकै ठुलो चौतारो । नजिकबाट हेरेँ । मनमा धेरै कुरा खेले । गाउँमा जिम्मु लिएर आउने र यहाँ देखेका जुम्लीलाई दाँजे । पहिरन त्यस्तै, लबज उस्तै, शरीरको बनोट पनि मिल्दो । फरक यहाँ शिखर तिलाको चिसो पचाउन बाक्लो धुस्सुन धारण । यता आउँदा चाहिँ गर्मीमा पातलो पहिरन, बस् । कार्यक्रम रफ्तारमा चल्यो । हिंसा बढ्दै गएको गुनासो । स्कुल, खानेपानी, बिजुली, सडक, स्वास्थ्य चौकी, जागिर, थप हवाई यातायात आदि माग स्थानीय गाउँलेले राखे । शान्त श्रवण, बिचबिचमा बातचित । सभापति गिरिजाप्रसाद कोइरालाले सक्दो गर्ने वचन दिनुभयो तर हिंसा प्रताडित अरू जिल्लाको मुख्य माग चाहिँ हुन्थ्यो, बाँच्न पाउनु पर्‍यो । शान्ति चाहियो । माओवादी अत्याचारको फेहरिस्त र त्यसको अन्त्य होस्, भनिन्थ्यो । आँसु छचल्किएका आँखा र थरथराउँदो आवाज । त्यहाँ बाँचे न विकास !

“ रोल्पामा दुःखेसो पोख्ने सानो स्वरमा, साउती मारे जस्तो यताउता पल्याकपुलुक हेर्दै ‘भित्ताको पनि कान हुन्छ’भन्थे बुढापाकाले । जो नजिकै थिए ती थोरै आए ।

रोल्पामा दुःखेसो पोख्ने सानो स्वरमा, साउती मारे जस्तो यताउता पल्याकपुलुक हेर्दै ‘भित्ताको पनि कान हुन्छ’ भन्थे बुढापाकाले । जो नजिकै थिए ती थोरै आए । अरूहरू भयभीत अलि टाढा उभिएर यतै हेर्थे, गिरिजाप्रसादतिर । सबै भयभीत ।

तपाईंसँग भेटेको थाहा पाए, मार्दिन बेर छैन, कतिले उहाँसँग खुसुक्क भने । उहाँले ढाढस, सान्त्वना र सुरक्षा वचन दिएको पनि सुनेँ । अलि पर मैदानमा, बारी र डिलमा उभिने महिला, पुरुषको आँखा विस्फारित ठुला देखिन्थे । सोच्दा हुन्, यस्तो डरमर्दो बेलामा पनि हामीसँग आउने कस्तो मान्छे होला ? उनीहरूलाई घरआँगनमै आएका गिरिजाप्रसादलाई देख्ने त मन रहेछ । भेट्ने मन हुँदो हो तर आफ्नै नेतालाई भेट्नसमेत हिंसाले रोक्यो ।

जुम्लाको कार्यक्रम चल्दै थियो, त्यहाँ कार्यरत कर्मचारीले नजिकैका भद्र पुरुषलाई देखाउँदै सोधे, “उहाँ कति वर्षको हुनुहोला ?” ती पुरुष मुस्कुराइरहे । भनेँ, “६० जति ।” होइन, सोध्नोस् । सोधेँ, उनले जवाफ फर्काए,

"४० ।" मेरो टाउको फेरि चक्करायो । होइन के हो यो ? यति बुढो मान्छे ४० मात्रै ? किन ? ती कर्मचारीले बिस्तारै कानमा फुस्फुसाए, "सर कुपोषणका कारण ।" म त छक्क परेँ । बिर्सनसक्ने कुरै भएन ।

यति प्रसङ्गले त्यसबेलाको जुम्लाको कुपोषण अर्थात् गरिबी, शारीरिक बनोट र पहिरन संस्कार आदिको ज्ञान पाएँ । बाक्ला लुगा, मैलो गन्ध, महिलाको कपाल जटा जस्ता । सायद चिसो ठाउँ भएर होला । तिनको शरीर तिलामा नपखालिएको कति भयो होला ? यस्तै सोचेँ । पर एक महिला अर्कीको टाउकोमा जुम्रा खोज्दै थिइन् क्यार । पुगेका जिल्लामा आफ्नै सुरक्षा गर्न हम्मे देखिन्थे सुरक्षाकर्मी । जहाँ पुग्यो हामी घेरामा हुन्थ्यौँ । गिरिजाबाबुलाई सुरक्षा घेरामा कार्यक्रम स्थल लगिन्थ्यो । जमिनभित्र विस्फोटक बिछ्याइएको (ल्यान्ड माइन) छ, यताउता नगर्नुहोला । अट्याक पनि हुन सक्छ भनिन्थ्यो । यसरी दुःखेको थियो कर्णाली ।

टुरमुकाम नेपालगन्ज । दिनभर यहाँका जिल्लामा भेटघाट, कुराकानी, स्थितिबोध । साँझ नेपालगन्ज । हप्ता दिन गिरिजाबाबुको दिनचर्या यस्तै रह्यो । डाइनेस्टी हेलीका पाइलट थिए कर्णेल नारायणसिंह पुन, रोल्पाको लिबाङका । धुलो उडाउँदै बारीमा हेली ओर्ल्यो । सुरक्षाकर्मीले पहिल्यै भनेका थिए, "यहाँको खोँचमा माओवादीहरू राता झन्डा फहराएर नारा जुलुस गर्दै छन् ।" तल हेर्दा त्यो दृश्य देखियो पनि । हेलीको आवाज बन्दपछि उनीहरूको नारा केहीबेर अलि अलि सुनियो ।

सबैभन्दा पछि ओर्लने म । एक निरीक्षक र प्रहरीले पर्खेर लगे मलाई । सुरक्षा घेरामा सभापति कोइराला अगाडि जाँदै । यो बारीको दाहिनेतिरको करालोमा घनाबस्ती । ठुला घर, भवन । एउटा भवनमा ठुलो चारतारे झन्डा, चिसो हावामा लहरिएको देखेँ । लाग्यो यहाँ कुनै डर छैन कि ? सोधेँ, "त्यो झन्डा ?" सायद ती प्रहरी निरीक्षक जे भन्न खोज्दै थिए मेरो प्रश्नले बाटो खुलेछ । भने, "त्यो घर मन्त्री सुरेन्द्र हमालको हो ।" उनले बेलीविस्तार सुनाए, "झन्डा जोगाउन धेरै सास्ती छ सर । दर्जनौँ सुरक्षाकर्मी तैनाथ हुनु परेको छ । आसपास घरका बासिन्दा यही कारण कुनै पनि क्षण आक्रमण हुने भयले त्रस्त छन् । गुनासो गर्छन् । घरधनी हमाल यहाँ थिएनन् । सायद ती प्रहरीले सोचे गिरिजाबाबुसम्म यो कुरा पुग्ने माध्यम हुँ म । नेपालगन्जमा साँझ उहाँलाई भनेँ पनि । ओल्टाइपल्टाई सोध्नुभयो । उहाँको आशय बुझिने गरी व्यक्त भयो, बासिन्दाको रक्षा हुनुपर्ने । थप्नुभयो, "त्यतिबेलै मलाई पनि देखाउनुपर्ने त्यो झन्डा ।"

त्यसताका धापसीमै बस्ने कांग्रेस नेता हमालसँग पछि बाटोमा जम्काभेट भयो । झन्डा सोधेको मात्र के थिएँ, उहाँले अगाडि नै भन्नुभयो, "झन्डा हटाउन लगाएँ ।" सायद गिरिजाबाबुले उनलाई सम्झाउनुभयो कि ? यही रोल्पाको धन्सार बैठकमा एक फोटोग्राफरले हृदयविदारक तस्बिर खुसुक्क दिए, हेर्दा निहत्था देखिने मान्छेको छिनालिएको टाउको धडमा समानान्तर टाँसेर राखेको । माओवादीले मारिएका उनी आफूलाई कांग्रेस भन्थे रे । ती अघि खोँचका माओवादीले हामीपछि त्यहाँ पुगेको रसियन हेलिकोप्टरमा गोली दागेछन् । संयोगले पुछारमा लागेछ, पिलपिल गर्ने बत्तीको तार चुँडिएछ । गिरिजाबाबु सबार हेली भन्ठानेर गोली दागेको हुन् कि के ? बुझिएन । फर्केपछि एयरपोर्टमा सुनाए त्यसका पाइलटले । त्यसताका पहेँला, राता रसियन ठुला हेली यतातिर उपभोग्य सामग्री ढुवानीको प्रयोगमा रहेछन् ।

कति अग्ला पहाड । हरियाली चाहिँ पातलो । रुकुम, खलङ्गामा कार्यक्रम, सभा । सुरु हुनलाग्दा खोलापारिको बस्तीबाट कांग्रेसका स्थानीय नेताको अर्थी पो लिएर आए बाँचेका कार्यकर्ताले । त्यतिबेलै गृहमन्त्रीसँग गिरिजाबाबुले फोनमा कुरा गरेको सम्झन्छु । कर्णालीमा जहाँको कार्यक्रममा पनि सोझा, मैला र न्याउरो अनुहार लिएका स्थानीय आएको देखेँ । सुकिलामुकिला त नगण्य । यही हो कर्णाली ।

फर्केर साँझ एयरपोर्टको अतिथि कक्षमा उपस्थितिसँग एकाध घण्टा प्रायः आँखो देखा हाल बताउने र उनीहरूको कुरा सुन्ने गिरिजाबाबु । चियाको चुस्की लिँदै, थकान पनि सुस्ताउने । पुनः होटेलमा फर्केपछि हामीसँग अनुभूति साट्ने ।

रुकुमदेखि फर्किएको हेली जब बाक्लो बादलमा हरायो । यतातिर बादल आइरहँदो । हेली त घुमेको घुम्यै । कतै जमिन देखिँदैन । अघिल्तिर शान्त लाग्ने गिरिजाबाबु । निकैबेरको कसरतपछि कर्णेल नारायणसिंह पुनले बादलभित्र सानो छिद्र भेटेछन् । सूचना दिइयो । बाँचिने सूचना पाए जस्तै । बादलको प्वालबाट हुत्तिए झैँ छिरेको हेली एकैछिनमा नेपालगन्ज । आकाशमा उड्दो हेलीको सिसाबाट सधैँ भुइँतिर हेर्ने गिरिजाबाबु नागरिकको सर्वाङ्गीण विकासनिम्ति सडक पहिलो सर्त हो भन्ने । देखेका जटिल पहाडी भूबनोटको जटिल बस्तीमा विकास त के आधारभूत आवश्यकता पुग्न पनि निकै कठिन । फर्केर साझँ त्यो ठाउँ ख्याल गर्नुभयो ? हामीलाई सोध्ने उहाँ । कतै आँखा पथ्र्यो, कतै अन्तै ।

उहाँ बयान गर्ने र बारम्बार दोहोऱ्याउनुहुन्थ्यो, हिंसा, हत्या रोकिनैपर्छ । कर्णालीमा सडक पुऱ्याउने गिरिजाप्रसाद कोइरालानिम्ति कर्णाली यात्रा शान्ति नायकको दृढ प्रतिज्ञा थियो भन्ने लाग्छ । मङ्सिरको चिसो सिरेटो, सितको झरी र हुस्सु । गिरिजाबाबु भारी मन, भारी बोझ र दृढ प्रतिज्ञा लिएर फर्किनुभयो काठमाडौँ । हामी पनि सँगै । सायद अहिले कर्णाली शान्त छ । सडक हिँडेर फेरिँदै छ । ■

नेपाली साहित्यका धरोहर पहलमान सिंह स्वार

प्राडा श्रीराम प्रसाद उपाध्याय

विसं १९३५ माघ ७ बिहीबार (१८७८ नोबेम्बर २१) मा अछाम जिल्लाको रिडीकोटमा जन्मेका पहलमान सिंह स्वार नेपाली साहित्यका अत्यन्त अग्रज व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको शतवर्षिक अवसरमा प्रकाशित स्मृति ग्रन्थले उहाँको योगदानको विषयमा विभिन्न विद्वान् तथा विदुषीले व्यक्त गरेका विचारले सत्कर्ममा लाग्न अभिप्रेरित गर्दछ ।

इतिहास शिरोमणि बाबुराम आर्चायले साहित्यकार तथा कावि पहलमान सिंह स्वारद्वारा रचित अभिज्ञान शाकुन्तलमा वहाँका सङ्घर्षमय जीवन तथा अभिज्ञान शाकुन्तलको विशेषतामाथि प्रकाश पार्नुभएको छ । अभिज्ञान शाकुन्तलका भाषा तथा लेखनशैली अत्यन्त हृदयस्पर्शी छन् । स्मृतिग्रन्थमा इतिहास शिरोमणि बाबुराम आर्चायले मेरा अनन्य मित्र श्री पहलमान सिंह स्वारले ३३ वर्षअगाडि मलाई देखाउनुभएको कालीदासको अभिज्ञान शाकुन्तलको राष्ट्रभाषामा गरिएको अनुवादको पाण्डुलिपि प्रकाशित पुस्तकका रूपमा देख्न पाइयो भनी लेख्नुभएको छ ।

कवि धरणीधर कोइराला लेख्नुहुन्छ, “नेपालमा नेपालीमा स्वर्गीय श्री पहलमान सिंह स्वार जस्ता मानिस पनि हुँदा रहेछन् भन्ने एक किसिमको आश्चर्य मलाई भएको थियो । त्यसबेला, जुनबेला मलाई मेरा पुज्य काका कृष्णप्रसाद कोइरालाले उहाँसित मेरो परिचय गराई दिनुभएको थियो । स्वारजी त्यसबेला सेन्ट्रल जेलमा हाकिम हुनुहुँदो रहेछ । मलाई जेल हेर्न मन लाग्दा उहाँले मलाई सहर्ष जेलभित्र लिएर जानुभयो । राजबन्दीतिर भने लानुभएन ।”

प्राज्ञ सूर्यविक्रम ज्ञवालीले पहलमान सिंह स्वार र राष्ट्रिय विभूति मोतीराम भट्टसँग तुलना गर्दै लेख्नुहुन्छ, “पहलमान सिंह स्वारको जन्म १८७८ इस्वीमा भएको थियो । प्रसिद्ध मातृभाषाप्रेमी तथा राष्ट्रिय विभूति मोतीराम भट्टको जन्म १८६६ इस्वीमा पहलमान सिंह स्वारको जन्म हुनुभन्दा १२ वर्षअघि भएको हो । त्यसैले पहलमान सिंह स्वारको आफ्ना यौवनकालमा भानुभक्तको रामायणसित तथा मोतीराम भट्ट औ उनका मित्रमण्डली रचित नेपाली नाटक तथा कवितासित पनि परिचय हुनु आश्चर्यको कुरा छैन ।

उहाँले लेखेको ‘अटलबहादुर’ नाटक दार्जिलिङमा प्रदर्शन गरिएको थियो । उहाँले गुजरातीबाट नेपाली भाषामा पुस्तक अनुवाद गर्नुभएको थियो । अमृतप्रसाद आचार्यले पहलमान सिंह स्वारका मौलिक र अनुदित गरी लगभग छ/सात वटा नाट्यकृति रहेका बताउनुभएको छ । जस्तै, अटलबहादुर, विमलादेवी, विष्णुमाया, अभिज्ञान शाकुन्तल, रत्नावली, आनन्दराज र लागुभागा । यी नाटकमध्ये अटलबहादुरको स्थान शीर्षस्थ रहेको छ । प्रथम विश्वयुद्ध हुनुभन्दा पाँच वर्षअघि १९०९ इस्वीमा दार्जिलिङमा प्रदर्शित अटलबहादुरले निकै प्रशंसा प्राप्त गरेको थियो ।

अटलबहादुर नाटकमा कान्छी रानीको देवर अमरबहादुर तथा सेनापति गुलाबसिंहसँग अनैतिक सम्बन्ध हुन्छ । यिनले राजा राजबहादुरलाई विष खुवाई मारेर अमरबहादुर स्वयम् राजा भएका थिए । अमरबहादुर राजा भएपछि देशमा अशान्ति बढ्यो । कर्मचारीका जागिर खोसिए । सबै पाठशाला बन्द गरिएका थिए । राजा हुने आफ्नो अधिकारबाट आफूलाई बहिष्कार गर्ने काका अमरबहादुरलाई सिपाहीको मद्दतबाट खतम गरिदिएका थिए तर दुर्भाग्यबस बन्दुकको गोली लागेर अटलबहादुर र यिनकी प्रेमिका कमलनयनी पनि मर्छिन् । यसरी अटलबहादुर ऐतिहासिक वियोगान्त नाटकको पनि अन्त्य हुन्छ ।

विसं १९५३ (१८९६ ई.) मा सुरु गरेर छ वर्ष

लगाएर लेखिएको अटलबहादुर नाटकले दर्शकलाई मनमोहित पारेको थियो। १९०५ इस्वीमा प्रकाशित यस नाटकले स्वदेशमा मात्र होइन, विदेशमा पनि लोकप्रियता प्राप्त गरेको थियो। प्रधानमन्त्री चन्द्रशमशेरको कडा शासनमा अटलबहादुर जस्तो ऐतिहासिक नाटक मञ्चन हुनु अत्यन्त जोखिमपूर्ण काम थियो। अटलबहादुर नाटक प्रकाशित भएको १५ वर्षपछि १९२० इस्वीमा मकैको खेती लेखेबापत रामेछापका सुब्बा कृष्णलाल अधिकारीलाई कडा कैदको सजाय दिइएको थियो। यिनको मृत्यु कैदखानामा नै भएको थियो। नाट्य सम्राट् बालकृष्ण सम तीन वर्षका बालक नै हुँदा नाटककार पलमानसिंह स्वारको 'अटलबहादुर' प्रकाशित भइसकेको थियो। उहाँका दुवै नाटकमा बेलायती कवि तथा नाट्यकार सेक्सपियरको हेमलेटको छाप परेको भनी भन्ने गरिन्छ तर यी दुवैका साहित्यिक कृतिमा नेपाली मन तथा सामाजिक मौलिक परिवेश पाइन्छ।

पहलमान सिंह स्वारका सुपुत्र तारामान स्वारको भनाइमा पिताजीले भारतको दिघाही, मुम्बई, बनारससमेत अनेक ठाउँमा कष्टकर जीवन व्यतीत गरे पनि साहित्यलाई कहिलै छाड्नुभएन। उहाँ संस्कृत, उर्दु, फारसी, गुजराती, मराठी, ब्रज, भाषाका ज्ञाता हुनहुन्थ्यो। उहाँले 'प्रेमावृत्त वचनसङ्ग्रह', 'अटलबहादुर', 'अभिज्ञान शाकुन्तल' जस्ता कृति लेखेर नेपाली साहित्यको भण्डार भर्नुभएको थियो। तारामान स्वारको भनाइमा उहाँ कलानिपुण हुनुहुन्थ्यो। विसं १९६५ (१९०८ ई.) मा बेलायत, जाने क्रममा बम्बई आउँदा पहलमान सिंह स्वारले बनाएको कला देखेर चन्द्रशमशेर चकित भएका थिए। यिनले पहलमान सिंह स्वारलाई नेपाल फर्कने अनुमति दिनुका साथै जागिर पनि दिएका थिए,

१९९१ जेठ ७ आइतबार (१९३४ मे २०) मा साहित्यकार पहलमान सिंह स्वार आफ्नी प्यारी पत्नी मनोरमा कुमारीलाई छाडेर ५६ वर्षकै कलिलो उमेरमा नेपाली साहित्यलाई टुहुरो पारेर जानुभयो। शिक्षाको क्षेत्रमा राजा जयपृथ्वीबहादुर सिंहको जस्तो योगदान रहेको छ। त्यस्तै योगदान साहित्यको क्षेत्रमा नाट्यकार पहलमान सिंह स्वारको रहेको छ। पश्चिम नेपालका यी दुई तपस्वीको आआफ्नै किसिमको योगदान रहेको छ। यस्ता महान् यी दुई सपुतको यथोचित सम्मान हुन सकेको छैन। सुदूरपश्चिम प्रदेशको नामकरण यी दुवै सपुतको नामबाट हुन आवश्यक छ।

नेपालका सबै साहित्यकारले साहित्य तथा कलाको क्षेत्रमा काम गर्ने प्रेरणा नाट्यकार पहलमान सिंह स्वारबाट नै प्राप्त गर्नुभएको हो। नाट्यकार पहलमान सिंह स्वार जस्तै नाट्य सम्राट् बालकृष्ण समले पनि साहित्य र कलालाई सँगसँगै लिएर जानुभएको थियो। नाट्यकार पहलमान सिंह स्वारको स्मृतिमा प्रकाशित ग्रन्थमा कवि हृदयचन्द्र सिंह प्रधान, कृष्णचन्द्र सिंह प्रधान जस्ताका समीक्षात्मक लेख प्रकाशित छन्। नेपालको त्यस्तो भौगोलिक स्थानमा जन्मिएर पनि नेपाली समाजलाई अन्धकारबाट उज्यालोमा ल्याउने राजा जयपृथ्वीबहादुर सिंह र पहलमान सिंहप्रति लाख लाख बन्दना। ■

मुक्तक

दीपा शाही रावत

रणनीति यहाँ निकै गर्नेहरू थुप्रै जुटेका देखिन्छन्
कुर्सी तानातानका लागि यहाँ फुटेका देखिन्छन्
अचम्म छ देशलाई टुक्रा टुक्रा बनाए निकै नेताले
यहाँ त निकै मर्ने गरिबका छोरा कुटेका देखिन्छन्।

खोक्रो भाषणको भरमा राजनीति चलाउने नेता भए
भ्रष्टाचारको खेती मौलाउनका लागि आउने नेता भए
देशमा हाहाकार छ खाडीमा रगत पसिना बेच्छन् युवा
गरिबको रेमिट्यान्सबाट खुबै मस्तीले रमाउने नेता भए।

जिन्दगीले कहाँ पुर्‍यायो यो निकै दुःख भोगाइ भयो
खडेरी परेको जीवन आँसु नै आँसु पोखाइ भयो
कारागार भएर आए सुन्दर संसार थिए मेरा कतै
निकै सङ्घर्ष गरें खुसी लुटियो मात्र टोकाइ भयो।

ओभाने थिए नयन आँसुको दहले ताल बनायो
उर्लिएको ज्वारभाटाले हृदयभित्र छाल बनायो
जीवनको गन्तव्य आँधीबेहरीको चपेटामा पर्दा
तिम्रो र मेरो सम्बन्धमा नतोडिने पर्खाल बनायो। ■

भैलोको उद्गम भूमि कर्णाली

मनोहर लामिछाने

भैली खेल्दा भैलेरा/भैलेनीले 'हामी त्यसै आएनौँ, बलिराजाले पठाको' भन्ने उक्तिको प्रयोग विगतदेखि वर्तमानसम्म गरिरहेका छन् । ती बलिराजा को हुन् ? भन्ने प्रसङ्गमा आआफ्नै भनाइ र चर्चा पाइन्छ । प्रह्लादका नाति विरोचनका पुत्र बलिराजाले देव–दानव युद्धमा देवतालाई पराजित गरी स्वर्गमा बसोबास गरेको अवस्थामा उनले अश्वमेघ यज्ञ गर्दा वामन रूपधारी विष्णुले तीन पाउ जमिन माग्दा पृथ्वी र आकाशमा दुई पाउले ओगटी एक पाउ अझैँ बाँकी हुँदा आफ्नो शिरमा राख्न भनेको प्रसङ्ग र तिनै दानी बलिको आग्रहमा मर्त्यलोकमा यमपञ्चकका पाँच दिन जान भनेको हुँदा यमपञ्चकको पाँच दिन असुर राजाको सम्झनामा भैलोको प्रचलन चलेको भन्ने एउटा मान्यता छ । अर्कोतिर चौधौँ शताब्दीतिर हालको पाल्पाका मगर राजा बलिहाङले मगर राज्य स्थापना गरी असल शासन गरेका थिए । यिनले आफ्नो मृत्युको जानकारी जनतालाई दिँदै मृत्युलाई रोक्न आफ्ना जनताले कात्तिक औँसीदेखि तीन दिनसम्म नाचगान गर्ने गर्दा आफ्नो मृत्यु टर्ने भने अनुसार देउसी भैलोको प्रारम्भ भएको मान्यता छ । विशाल खस राज्य खण्डीकरण हुँदै गर्दा समालवंशीय बडेराजा मलय बमकी छोरी मल्लादेवी (पूर्णमाला) का पति कल्याल वंशीय जुम्ला राज्यका राजा बलिराजले जुम्ला राज्यमा भैलोको प्रचलन चलाएको बारेमा चर्चा गर्ने गरिन्छ ।

अपाडराज्य जुम्लामा भैलोको उत्पत्ति

भैलोको उत्पत्ति जुम्लामा कसरी भयो भन्ने सम्बन्धमा तत्कालीन खस क्षेत्रका बारेमा अध्ययन गर्नुपर्ने हुन्छ । बलिराजा जुम्लाको राजा हुँदै गर्दा विशाल शक्तिशाली राज्य विभिन्न राज्यमा टुक्रिसकेको थियो । विसं. १४०६ तिर खारी प्रदेश खसराज्यबाट अगल भइसकेको थियो भने विसं. १४०९ मा निरयपालको विद्रोहले स्वतन्त्र डोटी राज्यको उदयले ठुलो भूभाग खस राज्यबाट अलग भएको थियो । त्यस्तै विसं. १४२२ तिर गरुड ज्ञानचन्द्रको उदयले कुमाउ, गडवाल स्वतन्त्र भइसकेका थिए । यति मात्रै होइन, मुसलमानको आक्रमणले यो क्षेत्रमा अब के हुने भन्ने अवस्था थियो । दक्षिणबाट उत्तरतर्फ अगाडि बढिरहेका तुगलक र सुल्तानसँग यसपूर्वका लडाइँमा त्रसित खसानी शासकमा एकअर्कासँग राम्रो सम्बन्ध थिएन । यस्तै विषम परिस्थितिमा बम्म परिवारमा भएको राज्य बाँडफाँडबाट बाइसे राज्यको अभ्युदय हुन गएको अवस्थामा बलिराजले जुम्ला राज्यलाई बुद्धिमत्तापूर्वक सञ्चालन गर्नुपर्ने जिम्मेवारी थियो । उनको कुशलताले जुम्ला शक्तिशाली राज्यका रूपमा रहेको थियो । जुम्लालाई छिमेकी राज्यले सिर्तो र सौगात बुझाउनु पर्दथ्यो । जुम्लालाई टीकोफुर्को गर्ने चलन थियो । यस्तो विषम अवस्थामा राज्यलाई बचाउन बलिराजाले जुम्ला राज्यबाट भैलोको प्रचलन चलाएको पाइन्छ ।

सैनिक शक्तिलाई मजबुत बनाउन, नगद र अन्न सङ्कलन गर्ने प्रारम्भिक उद्देश्य रहेको देखिन्छ । प्रारम्भमा खसानी राज्यका विभिन्न स्थान, विभिन्न समयमा भैलो खेल्ने गरिन्थ्यो । वर्तमानको जस्तो दीपावलीमा भैलो खेल्ने प्रचलन थिएन । भैलो सम्बन्धमा संस्कृतिकर्मी यज्ञराज उपाध्याय लेख्छन्, "खसान क्षेत्रका जुम्ली महाराज बलिराजाले भूमि रक्षाका लागि आवश्यक पर्ने रसद सङ्कलन गर्न आफ्नो सैनिक पल्टनलाई खस राज्य अन्तर्गतका विभिन्न ठाउँमा पठाई सैनिक पल्टनद्वारा घर घरबाट रसद उठाएको तत्कालीन कार्य नै भैलो हो ।" (उपाध्याय, यज्ञराज (२०८०), काली–कर्णालीको लोकसाहित्य र संस्कृति) त्यस्तै लोकसाहित्यका अध्येता नारायणप्रसाद तिमिल्सेना लेख्छन्, "कर्णाली प्रदेशका लोकवार्ताका जानकारले जुम्लाका राजा बलिराज शाहीले राज्यमा परेको आर्थिक सङ्कटबाट मुक्ति पाउन केही व्यक्तिको समूह बनाएर घर घरबाट रमाइलो गर्दै मनोरञ्जन गर्न देउसी खेल्दै सबैलाई खुसी बनाएर मानो मुठी चामल र आना दाम पैसा माग्न पठाएकाले

बलिराजाले पठाएको उक्त गीतको आरम्भमा गाउने गरेको हो भन्ने तर्क पाइन्छ । (तिमिल्सेना, नारायण (२०७७), दैलेखी लोकसाहित्य) त्यस्तै पूर्णप्रकाश नेपाल 'यात्री' लेख्छन्, "भैलो खेल प्रायः शरद ऋतुको आरम्भदेखि नै सुरु गर्ने सामाजिक विधान छ । कतै कतै शरद्कालीन रात्रिदेखि मकरसङ्क्रान्तिको अघिल्लो दिनसम्म अर्थात् हेमन्त ऋतु चर्चालाई समेत यसै आमोदप्रमोदमा व्यतीत गर्दछन् ।" (नेपाल, पूर्णप्रकाश (२०४१), भेरी लोकसाहित्य) यसरी जुम्लामा मार्ग शुक्ल पूर्णिमाको रात र पौष शुक्ल प्रतिपदादेखि पञ्चमीसम्म तथा कतै कतै पुस महिनाभरि भैलो खेल्ने गरिन्छ । एकदिने भैलोलाई सानो भैलो र पुसमा खेलिने भैलोलाई ठुलो भैलो भनिन्छ । सुरुवाततिर तिनै अवसरमा भैलो खेल्ने गरिन्थ्यो, क) तिहार ख) मेलापर्व र ग) अन्य कुनै शुभकार्यमा । यसको सुरुवात जुम्ला राज्यमा भएको मानिन्छ । यस सम्बन्धमा यज्ञराज उपाध्याय लेख्छन्, "काली-कर्णाली क्षेत्रका विभिन्न जिल्लामा भैलो माग्ने अवसर भिन्न भिन्न समयमा चल्ने गरेको छ । अछाममा पुसको पूर्णिमा, बझाङमा मङ्सिरको पूर्णिमा र डडेलधुरामा विजयादशमीको रातिदेखि कार्तिक शुक्ल द्वितीया अर्थात् भाइटीकासम्म भैलो खेल्ने चलन छ ।" (उपाध्याय, यज्ञराज (२०८०, काली-कर्णालीको लोकसाहित्य) भैलोकै सन्दर्भमा बालकृष्ण पोखरेल लेख्दछन्, "बलिराजको चर्चामा पनि अचेल केही नेपाली विचारक ध्यान दिँदै छन् । यिनी तिहारका भैलीका प्रेरणादाता बलिराज हुन् भन्ने कुरामा धेरैको एकमत पाइन्छ," (पोखरेल, बालकृष्ण (२०३१), पाँच सय वर्ष) यिनै प्राध्यापक पोखरेल भिन्न प्रसङ्गमा लेख्छन्, "बलिराजाको नाममा तिहारमा खेलिने भैलो तिमुर लङलाई दिन सङ्कलन गरेको चन्दा थियो ।" प्राज्ञ रत्नाकर देवकोटा लेख्छन्, "राजा बलिराजले जुम्ला क्षेत्रमा भैलो खेल्ने परम्परा चलाएकै कारणले विसं. १८४६ पछिका जुम्ला गौडाका बडाहाकिमले जुम्लाको यस भैलोलाई विशेष महत्त्व दिएर होला, ठुली भैली खेल्ने भैलेरा भैलेरी भैलो माग्न जुम्ला गौडामा आए भने राजप्रसादको छत वा बार्दलीबाट उनीहरूलाई पैसा छरिदिने चलने थियो ।" (देवकोटा, रत्नाकर (२०६४), बृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना) यस सम्बन्धमा सत्यमोहन जोशी लेख्छन्, "कर्णाली अञ्चलमा दुई किसिमका भैली खेल्ने चलन रहेछ एउटा ठुली भैली अर्को सानी भैली । भैली खेल्ने लोग्ने मानिसलाई भैलेरा र स्वास्नी मानिसलाई भैलेरीभन्दा रहेछन् । ठुली भैली पौष शुक्ल प्रतिपदादेखि खेल्ने चलन छ । सानी भैली चाहिँ मङ्सिर पूर्णिमाको एक रात मात्र खेलिन्छ । (जोशी, सत्यमोहन (२०७८), कर्णाली लोकसंस्कृति भाग १ इतिहास) प्रदीप रिमाल लेख्छन्, "कर्णाली अञ्चलमा मङ्सिर पूर्णिमाको दिन सानी भैली गाइन्छ । सानी भैली सकिएको १५ दिनपछि अर्थात् औँसीका दिनदेखि पाँचदिनसम्म ठुली भैली खेलिन्छ ।"(रिमाल, प्रदीप (२०७८), कर्णाली लोकसंस्कृति भाग ५) यस्तै कुनै समय जुम्ला राज्यमै पर्ने वर्तमानको डोल्पातिर छोरा तिहार मान्ने चलन रहेको छ । पौष शुक्ल द्वितीयाका दिन छोराले आमाको हातबाट टीका लगाएर त्यसैदिन भैलो खेल्दै चामल, पैसा माग्ने चलन रहेको पाइन्छ । वर्तमान समयमा तिहारका पाँच दिन भैलो खेल्ने प्रचलन खसानमा थिएन । यही भैलो रूपान्तरण तिहारको औँसीका दिनमा खेलिने गर्दथ्यो । गाईतिहारका दिन बिहान शुद्ध भएर गाईलाई पुजिसकेपछि गाउँघरका बाटाघाटामा तोरण बाटोको दायाँबायाँ बाँधेर भैली खेल्न घर घरमा जाने गरिन्थ्यो । भैलीको बोल स्थान अनुसार फरक फरक हुन्थ्यो । मगर प्रभावित क्षेत्रमा भैलीसँगै देउसी पनि खेलिन्थ्यो । कर्णालीकै केही स्थानमा त्यसै दिन सैरली ल्याउने प्रचलन पनि थियो । वर्तमानमा तिहारका पाँचै दिन देउसी भैलीको नाममा भैली खेलिए पनि काली-कर्णालीको भूखण्डमा पुरानै रूपमा भैली खेल्न छाडिएको भने छैन ।

> भैलीको बोल स्थान अनुसार फरक फरक हुन्थ्यो । मगर प्रभावित क्षेत्रमा भैलीसँगै देउसी पनि खेलिन्थ्यो । कर्णालीकै केही स्थानमा त्यसै दिन सैरली ल्याउने प्रचलन पनि थियो ।

भैलोका बोल

भैली खेल्ने समूहमा एक जनाले भैलो भट्याउने गर्छ भने अन्य व्यक्तिले भइली, भैलो आदि भन्ने गर्दछन् । कतिपय स्थानमा पुरुष र महिलाको छुट्टाछुट्टै समूह हुन्छ भने कतिपय स्थानमा सामूहिक रूपमा केटाकेटीसँगै भैलो खेल्ने गर्दछन् । युवतीको समूहलाई सैरली पनि भन्ने गरिन्छ । यसरी भैलीका बोल सुरिलो कन्ठले भट्याउनेले भट्याउँदै जान्छ भने समूहले भैली भन्दै जान्छ । भैलो पनि बुढो भैलो र कालो भैलो भन्ने गरिन्छ । भैलोका केही बोल यहाँ उल्लेख गरिएको छ ।

जुम्लामा पैला भैलो सुरु गर्दा मङ्लबारमा औँसी परेको हुनाले प्रतिपदा तिथि बुधबारबाट सुरु भएको मानिन्छ । भैलोको नमुना यस प्रकार रहेको छ :

जब रवि जान्या छन् गुरुका धनु राशिमा
शुभकार्य कै हुन्नन् यै पौष मासमा
रीतिथिति थाम्नलाई भैलो चलन चलाया
बलिराजले भैलेरा मानसरोवर पठाया

डोल्पातिर छोरा तिहारमा खेलिने भैलोको नमुना

यस प्रकार छ :

अउँशी बार - मैलो
हरमुद बार - मैलो
दरमुद्याया खोली - मैलो
बाँस झोली - मैलो
आर्या न तार्या - मैलो
रायाकी छाती - मैलो
बाखरी खानु - मैलो
त्यो बाखरी कसो सुवाला - मैलो
मैलो दिन्या घरिनाको एक कान सुन छ - मैलो
एक कान मोती - मैलो
सूर्यकी ज्योति - मैलो

सल्यान जिल्लाको उत्तर पश्चिम क्षेत्रमा खेलिने भैलोको एक नमुना

ए भन भन भाइ हो - भइली
आयो तिहार - भइली
आयो दुहार - भइली
वर्ष दिनको - भइली
तिहारैमा - भइली
खेल्दै आयौँ - भइली

दैलेख जिल्लाका दसैँ पूर्णिमाको रातमा खेल्ने भैलोको नमुना यस प्रकार रहेको छः

डोट्याल भाइ लामा - भैलो र भैलो
काटौँला खामा - भैलो र भौलो
चिराहाइय - भैलो र भैलो
डोट्याल भाइ लिलीमा - भैलो र भैलो
कोटौला खलिया - भैलो र भैलो
यी फरी उँचा - भैलो र भैलो

यसरी कर्णाली क्षेत्रका विभिन्न स्थानमा तिहारको अवसर वा संस्थागत रूपमा खेलिने भैलोमा विभिन्न प्रकारले यो पर्व सम्पन्न गर्ने गरिन्छ।

भैलो संस्कृति नेपालको पहिचान

स्थान अनुसार मङ्सिर, पुस वा दसैँदेखि तिहार वा यमपञ्चकमा खेलिने भैलोले वर्तमानमा देश विदेशमा यसको प्रभाव विस्तार हुँदै गर्दा केही सामाजिक सद्भाव र सांस्कृतिक पक्ष गाँसिन पुगेको पाइन्छ । नेपालका कैयौँ गाउँ समाजमा भैलोको तयारीका लागि आवश्यक पर्ने लोकबाजा, वेशभूषा, पोसाक मात्र होइन, अनगिन्ती लोकगीत सिर्जना भएका छन् । परम्परागत राष्ट्रिय पोसाकसमेत वाद्यसामग्रीसहित ख्यातिप्राप्त नेपाली कलाकर्मी भैलोसँग जोडिँदै गएका छन् । नेपालभित्रका विभिन्न विद्यालय, स्थानीय क्लब र राजनीतिक पार्टीका सांस्कृतिक एकाइले भैलोलक्षित कार्यक्रमका लागि स्थानीय लोकबाजा, उपयुक्त पोसाक तथा विभिन्न प्रकारका भैलोलक्षित गीत सङ्कलन, सिर्जना गर्दै कलाकारलाई प्रशिक्षित गरिरहेका देखिन्छन् । जसले गर्दा आधुनिकताका नाममा विदेशी प्रभावका अनावश्यक गीतसङ्गीतको बोझबाट मुक्त गर्दै त्यसको प्रभावलाई निषेध गर्ने कार्य गरेको पाइन्छ । प्रारम्भदेखि भैलोमा जातीय विभेद छैन भने प्रारम्भमा राज्यलाई सहयोग गर्ने प्रचलनमा ल्याइएको भैलोले वर्तमानमा समेत सङ्कलित रकमबाट स्थानीय विकास निर्माणमा योगदान दिएको पाइन्छ।

आधुनिकताका नाममा भित्रिएका नवीन महँगा बाजागाजाका सट्टा हाम्रा पुर्खाको लामो अनुभवले सृजित परम्परागत रूपमा स्थानीय सामग्रीबाट बनेका बाजा र परम्परागत पोसाकको निर्माणले रोजगारी र आयआर्जनमा महत्त्वपूर्ण टेवा दिएको पाइन्छ । यस्ता सामग्रीको माग नेपाली रहेका विभिन्न मुलुकमा बढिरहेको हुँदा अन्तर्राष्ट्रिय मुद्राको आपूर्तिमा पनि केही हदसम्म काम गरेको देखिन्छ। हाम्रा कैयौँ पर्यटकीय स्थलमा हाम्रा लोकबाजाको प्रयोगले पर्यटकलाई आकर्षण पनि प्रदान गर्न सक्छ। यसरी आयआर्जनसँग गाँसिएर हाम्रो संस्कृतिको संरक्षण गर्न र नेपाललाई चिनाउन भैलोको महत्त्वपूर्ण भूमिका रहेको छ।

तत्कालीन जुम्ला राज्यका राजा बलिराजले जुन झन्डै ६५० वर्षअगाडिदेखि प्रचलनमा आएको भैलो आज देशविदेशमा प्रयोगमा आइरहनु र यसको महत्त्व दिनानुदिन बढिरहनुले खसानवासीको मात्र होइन, राष्ट्रकै गौरवको कुरा हो। पक्कै पनि समाजका मूल्यमान्यता समयसापेक्ष परिवर्तन भइरहन्छन् । त्यही परिवर्तनभित्र समाजमा प्रादुर्भाव भएका सांस्कृतिक विरासत पनि समाजको गति अनुसार परिवर्तन हुन्छन्। यसमा अन्यथा मान्न सकिँदैन। तत्कालीन विशाल खस राज्यमा निर्मित कैयौँ संस्कृति वर्तमानको काली-कर्णाली खण्डले बचाइरहेको छ।

पुर्खाको नासोलाई बचाएको मात्र छैन, वर्तमानमा स्थानान्तरण भएको छ, त्यहीको समाजमा स्थापित हुँदै गएको पनि देखिन्छ। देशको राजधानीलगायत विभिन्न सहर, बजार र विदेशमा समेत यस क्षेत्रबाट स्थानान्तरण भएका मानिसले खेलिने देउडा, भैलो, विसु, गौरालाई स्थानान्तरण गरेका छन्। भैलो आज जुन रूपमा प्रचारित भएको छ, त्यहाँका मूलवासीको महत्त्वपूर्ण भूमिकालाई बिर्सन सकिँदैन । यो कार्य खसान र अन्य क्षेत्रलाई मूलधारमा ल्याउने कडी पनि हो । यद्यपि परम्परागत भैलीमा आएका विकृति, कमीकमजोरीलाई सच्याउँदै स्थानीय सरकार, विद्यालय, सांस्कृतिक अन्वेषकले आआफ्नो स्थानबाट भूमिका खेल्नु पर्दछ । राजनीतिक स्वार्थभन्दा माथि उठेर यस्ता मौलिक पर्वलाई बचाइराख्नु हामी सबैको साझा कर्तव्य हो। ■

दैलेख हुँदै दुल्लुतिर

महानन्द ढकाल

दैलेख–दुल्लु यात्राको श्रेय सुमित्रा न्यौपाने र सन्तोषी विष्टलाई जान्छ । यात्राको योजना यिनै नारी साहित्यकारबाट भएको हो । जसरी पनि घुम्न जाने एक मात्रै लक्ष्य लिएका यिनीलाई साहित्यकार बद्री ढकाल हीरामणिले पूरै सहयोग गर्नुभयो र त हाम्रो यात्रा सफल भयो । यी तिनै जनालाई मनले धन्यवाद मित्र भनिरहेको छ यतिबेला । निर्धारित समयभन्दा झन्डै दुई घण्टापछि मात्र हाम्रो गाडीले हामीलाई अँगालोमा लियो । जाजरकोटबाट सवारी भरेर आएको गाडीको आन्तरिक पाटपुर्जा चेकजाँच गर्ने क्रममा नै इन्जिनका डाक्टरले दुई घण्टा कुराइदिए । बाटोमा बिग्रेर हावा खानुभन्दा घरैछेउमा पानी पिउनु श्रेयष्कर लाग्यो हामीलाई पनि ।

ओमप्रकाश सिंह गाडीचालक थिए । छोटो कदका । 'यस्तो ड्राइभरले पनि खै के गाडी चलाउला' जस्तो लाग्यो सुरुमा त । जिरे खुर्सानीको याद आयो । हेर्दा सानो भएर पनि जिरेले दिने तेज जस्तै भेट्टिए ओमप्रकाश पनि । कतिपय अप्ठ्यारो बाटोलाई सहज पार गराए उनले । उनी पनि धन्यवादका पात्र हुन् हाम्रो यात्राका ।

दिनको १.५५ बजे कोहलपुर बसपार्कमा टिप शुल्क काटेर बद्री ढकालको घरतिर लाग्यो हाम्रो चारपाङ्ग्रे । सुमित्रा न्यौपाने, आयुष्मा र आर्या ढकाल पहिले नै गाडीमा बसिसकेका थिए । घरबाट पन्सेन क्याम्पको चोकसम्म आएर गाडी कुर्नुभएको रहेछ उहाँहरूले पनि । बद्री ढकाल सँगसँगै राधिका गैरे, उत्तम ढकाल, सरोज र जयन्तीलाई गाडीले चढायो । पन्सेन क्याम्पलाई छाडेर कोलहपुर बजारलाई एक फन्को मार्दै साझा चोकसम्म पुग्यौँ हामी । सन्तोषी विष्ट हाम्रो पर्खाइमा हुनुहुँदो रहेछ । हरदम खुसी रहने सन्तोषी विष्टको सहयात्राले हाम्रो यात्राले पूर्णता पाउने कुरामा म ढुक्क थिएँ ।

हाम्रो यात्रा कोहलपुर चौराहाबाट उत्तरको थियो । यात्राका बन्दोबस्तीका सामान लिएर हिँडेको हाम्रो चारपाङ्ग्रेलाई अब रोकिनुपर्ने कतै थिएन । चौराहा पुग्दानपुग्दै शुभयात्राको आशिष् मागेँ कुलदेवतासँग । चौराहाको उत्तरतिर शिवको मन्दिर छ, जुन मन्दिर उपमन्यु गोत्र भएका ढकाल बन्धुको कुलदेवताको मन्दिर पनि हो, त्यसैले पनि सम्झेको हुँ कुलदेवतालाई ।

सुर्खेत, दैलेख, कालीकोट, जुम्ला, जाजरकोट, सल्यान र रुकुमका यात्रु हिँड्ने यो बाटोमा विगतको तुलनामा अलि बढी नै गाडीको भिडभाड बढ्न थालेको छ । कोहलपुरदेखि बबई चेपाङ जागिरको सिलसिलामा सयौँ पटक पुगेको छु । यो सिलसिला जागिरको सरुवा सँगसँगै विगत चार वर्षदेखि टुटेको थियो । सधैँ हिँडेको बाटो भए पनि पहिले र अहिलेमा फरक महसुस हुँदै थियो । यतिबेला यात्रामा थियौँ हामी । जिन्दगी जिउनुको मज्जा लिने क्रममा थियौँ हामी । त्यसैले पनि हुन सक्छ देउरालीको ओरालो लाग्ने क्रमसँगै देखिएको बबई नदीको नागबेली, लमतन्न सुतेको बबईछेउको फाँट र सुरक्षामा जाग्राम बसेका रुखले मन फुरुङ्ङ पार्दै थिए । हामीसँगै बसेका आर्या, आयुष्मा, सरोज र सरोजा रमाइरहेका थिए । विभिन्न घुम्ती पार गर्दै ओरालो झरेर हामी चेपाङ बजार पुग्यौँ ।

दिनको ३.०५ बजे पुगेका थियौँ हामी चेपाङमा । बबई नदीमाथिको पुल, वरिपरिको मनोरम दृश्य कैद गर्न व्यस्त भइसकेका थिए साथीहरू । चेपाङ बस्दा आफ्नै घर र आफ्नै परिवारिक सम्बन्ध जस्तो लाग्ने शम्भु चन्द र सङ्गीता सुवेदीको परिवारलाई नभेटी उकालो चढ्नै मन लागेन । हामीलाई देख्नेबित्तिकै निकै खुसी हुनुभयो सङ्गीता सुवेदी । हाम्रो आठ जनाको समूह सङ्गीताको पछि पछि लाग्यो । चियानास्ताको अफर गर्नु भए पनि फर्कदा खाने सर्तमा पानी मात्रै पिएर हामी उकालो चढ्यौँ । पहिलो पटक पुग्ने निकै रमाउँछन् बबई चेपाङमा । अब त झन् आन्तरिक पर्यटनको सम्भावना बोकेको छ यो क्षेत्रले । सुरुङगमार्गबाट १२.६ किलोमिटरको यात्रा तय गर्दै भेरी नदीको पानी बबई

नदीमा खसाल्ने कामले तीव्रता पाइसकेको थियो । दुई सय मिटर सुरुङ खनिसकेको जानकारी सङ्गीताले दिएकी थिइन् । सुरुङ हेर्ने मन हामीलाई पनि थियो तर यता भुलेनौँ हामी । बबईबाट हर्रे पुग्न ११ किमी उकालो चढ्नुपर्थ्यो । बाँके र बर्दिया राष्ट्रिय निकुञ्जको सिमाना यही हिँड्दै गरेको बाटो थियो । उसो त बाँकेको हात्तीसार चिसापानीदेखि सुर्खेत हर्रेसम्म दुवै राष्ट्रिय निकुञ्जको सिमाना यही रत्न राजमार्ग थियो ।

विभिन्न घुम्ती पार गर्दै उकालो चढेर हामी हर्रेको आर्मी चेकपोस्टमा पुग्यौँ । हर्रेबाट सूर्यनारायण तल देखिए । पश्चिमतिर पहाड पर्वत, वनजङ्गल र बबई नदी हर्रे पोस्टबाट झनै सुन्दर देखिए । दुलहीले ओढ्ने पातलो रङ्गिन घुम्टो ओढे जस्तै सूर्यबाट आएका सप्तरङ्गी किरणले बबई उपत्यकालाई घम्लङ्ङ ढाकेको थियो । कम सुन्दर देखाएको थिएन यो दृश्य । जति हेरे पनि हेरुँ हेरुँ लाग्ने दृश्य । जति बयान गरे पनि कम लाग्छ सौन्दर्यता । धन्य छौ प्रकृति । हामी नेपाली भएर जन्मनुमा यही छ गौरव ।

वीरेन्द्रनगरको इत्राम हुँदै कपासे पुग्दा साँझ परिसकेको थियो । हाम्रो चारपाङ्ग्रेले थकाइ मारेको थिएन । कपासे सुर्खेत उपत्यका र वीरेन्द्रनगर बजारलाई दृश्यावलोकन गराउने यो डाँडो साँच्चिकै मनमोहक छ । यही दृश्यावलोकन गर्न गाडीको गति कम गरायौँ हामीले । कटकुवा, छेडा हुँदै उकालो चढ्दै थियौँ । सल्लाघारी हुँदै गोठीडाँडा पुग्दा मन चङ्गा भएको थियो । गोठीडाँडा सुर्खेतको पुरानो सदरमुकाम पनि हो । सुर्खेतको सदरमुकाम वीरेन्द्रनगर सरेको पनि धेरै भइसकेको थियो । गोठीडाँडाबाट केही उकालो चढेपछि हामी केहीबेर सुस्तायौँ । भोक लागिसकेको थियो । राधिका मेमले अमिलो अचार र बासमतीका चिउरा ल्याउनुभएको रहेछ । हामीलाई थाहै थिएन । उहाँले गाडी रोक्न बल गर्नुको रहस्य पछि मात्रै थाहा भयो । पत्रिकाको पिर्का र पत्रिकाकै थाल बनाएर आलु, बन्दा र केराउको अमिलो अचार र लखनउबाट झिकाएको बासमतीका पाटे सेता चिउरा खुबै मिठो मानी मानी खायौँ । मैले त थपेरै खाएँ । हाम्रो रमाउने तरिका देखेर ड्राइभर भाइ गाडीमा बसेर मुसुमुसु हाँसिरहेका थिए ।

लादेको केही तेर्सो बाटो काटी पुनः उकालो चढ्दै सीतापाइला पुगियो । पहाडको टुप्पामा रहेको यो ठाउँमा ढुङ्गामा सीताको पाइला रहेकाले सीतापाइला भनिएको रे गजलकार मित्र महेन्द्र चन्द महासागरबाट केही महिनाअगाडि जानकारी पाएको थिएँ मैले । हाम्रो चारपङ्ग्रे राता नाङ्ला हुँदै रानीमत्ता पुग्यो । रानी मत्ता सुर्खेत र दैलेखको सिमाना । हामी घुम्नुपर्ने जिल्लाको सिमानामा पुगेका थियौँ । साँझको पाहुना भगवान् बराबर भन्छन् । साँझमा दैलेख छिरेका पाहुँना थियौँ हामी ।

गुँरासे पुग्दा ओरालो सुरु भइसकेको थियो । चारैतिर बत्ती बलिसकेका थिए । दुई घण्टा ढिला गर्नुको पछुतो सुरु हुन थालेको थियो हामीलाई । डाँडपाखामा बलेका बत्ती हेरेर रमायौँ हामी । प्रत्येक रुख-रुखमा बिजुली झुन्डाए जस्तो । गाईबान्न, घोडेवास, ताल पोखरी हुँदै लहरे खोलालाई पछ्याउँदै हामी अगाडि बढ्दै थियौँ । 'राति गयौँ, राति आयौँ आँधीखोला कस्तो थियो कस्तो ?' भने जस्तो भयो हामीलाई उपल्लो डुङ्गेश्वर ।

सियाकोटबाट जुम्ला कालीकोट जाने बाटो छुट्टिने रहेछ । फर्कदा दुल्लु हुँदै फर्कने योजना बनेकाले उपल्लो डुङ्गेश्वर हामीलाई रातिको आँधीखोलो जस्तै हुने भयो । स्थानीय बासिन्दा थिरबहादुर हमालबाट उपल्लो डुङ्गेश्वरका बारेका कुराकानी भयो । खुट्टा तन्काउन झरेका बेलाको सदुपयोग गरेको थिएँ । डाँडा पराजुललगायतका क्षेत्र समेटेर गाउँपालिका बनेको रहेछ यो क्षेत्र ।

रात चढिसकेको थियो । फेसबुकले हाम्रो यात्राको जानकारी हाम्रा शुभचिन्तककहाँ पुऱ्याइसकेको रहेछ । पछिल्लो समयका लोकप्रिय गजलकार कपिल अञ्जानले काठमाडौँबाटै दैलेखका साहित्यकार कृष्ण देवकोटा, आरएस विद्रोहीलगायतलाई सूचना गरिसक्नुभएको रहेछ । साथीले फोन गर्नुभयो । हामी ढुक्क भयौँ । हामीलाई होटेल सोध्दै र खोज्दै हिँड्नुपर्ने भएन ।

रातको ९ बजे हामी न्यु मोडेल होटेलमा पुग्यौँ । गजलकार मित्र आरएस विद्रोहीले स्वागत गर्नुभयो । यो होटेलको व्यवस्था उहाँले नै गर्नुभएको थियो । लेमन टिसँगै आसपासका धार्मिक ऐतिहासिक तथा प्राकृतिक दृश्यह अवलोकन गर्ने योजनाको सूची बन्यो । भोलिपल्ट बिहानै भेट गर्ने वाचासहित आरएस विद्रोही हामीबाट छुट्टिनुभयो ।

बिहान ५:३० मा नै हामी तयार भयौँ । आरएस विद्रोही समयमै आउनुभयो । दैलेख बजारलाई केन्द्रबिन्दु बनाएर फोटा खिच्यौँ र भूर्तीतिर अगाडि बढ्यौँ ।

भूर्तीका पञ्च देवल विश्व सम्पदासूचीमा परेका थिए । यो क्षेत्र पहिलो पटक पुग्दै थिएँ म । बद्री ढकाल यसपहिला पनि आइसक्नुभएको रहेछ । धित नमरेकाले फेरि आएको भन्दै हुनुहुन्थ्यो उहाँ । भूर्तीमा २२ देवल रहेछन् । पाण्डवले बनाएकाले पञ्चदेवल भनिएको रे । उनीहरूले एक रातमा निर्माण गरेका रे । कुन प्रयोजनका लागि निर्माण गरेका होलान् उनीहरूले ? एक रातमै निर्माण गर्नैपर्ने त्यस्तो के बाध्यता परेछ उनीहरूलाई ?

ऐतिहासिक प्रमाणको अभाव अहिले पनि उत्तिकै रहेछ । दैलेख, अछाम र कालीकोटमा यस्ता देवलण प्रशस्त रहेका छन् । दैलेख जिल्लामा मात्रै पनि ११०

देवल रहेको मानिन्छ । शिखर शैलीमा निर्मित मन्दिर जस्ता देखिने यी देवलको गर्भ गृह मूर्ति राख्ने हेतुले बनाएको पाइँदैन । देवलको तल्लो तह पाँच वटा तहबाट निर्मत, वर्गाकारको गाह्रो एवं माथिल्लो भागमा छ तह र शीर्ष भागमा आमलक रिता राखेर निर्माण गरिएका यी देवलका ठुला ढुङ्गा कहाँबाट ल्याइयो ? यो पनि खोजीकै विषय हो जस्तो लाग्छ ।

स्थानीयको धर्मसंस्कृति र चिहनसँग यी देवल सम्बन्धित देखिँदैनन् । शिखर शैलीका मन्दिर जस्ता देखिएकाले हिन्दुसँग र बोधगया स्थित महाबोधीसँग स्वरूप मिल्दोजुल्दो देखिएकोले बौद्ध वास्तुकला जस्ता देखिएकाले यी देवल हिन्दु वा बौद्ध कुन सम्पदाका हुन् ? भन्ने प्रश्न खडा गरेका जस्तो लाग्यो मलाई ।

पाँचौँ शताब्दीमा खस कुमाउ गढवालबाट कर्णाली क्षेत्रमा प्रवेश गरेको इतिहास छ । खसको पूर्वपरम्परा मृतकलाई जलाउने थिएन । पहिले कुलीन खसले शव गाडेर देवल बनाउने परम्परा थियो यही परम्परा कुमाउ गढवाल हुँदै कर्णाली क्षेत्रमा भित्रिएका खसले भित्र्याएका हुन सक्ने भन्ने इतिहास पढेको थिएँ । यो सत्यताको नजिक छ वा छैन म भन्न सक्दिनँ तर स्याङ्जाको दरौं सिरुबारीतिरका बौद्धमार्गी गुरुङ समुदायको चिहानडाँडो छुट्टै हुने र गन्नेमान्ने, ठुला घरनाका गुरुङले शवमाथि घर निर्माण गर्ने परम्परा सानै हुँदा देखेको थिएँ र अझैसम्म पनि यो परम्परा यथावत् छँदै छ । यो पनि यस्तै यस्तै परम्परा हुन सक्छ जस्तो पनि लाग्यो तर जे होस् निर्माण शैली र वास्तुकला हेर्दा भूर्तीका २२ देवल दैलेखको मात्र होइन, नेपालकै महत्त्वपूर्ण सम्पत्ति रहेको महसुस भयो ।

पञ्चदेवल स्थलबाट देखिने महाबुलेक, दक्षिणमा देखिने द्रोणाञ्चल पर्वत र उत्तर पश्चिमतिर देखिने शिरस्थानको दृश्यले मनलाई उद्वेलित पार्‍यो । शिरस्थान कुहिरोले ढाकेको थियो । विद्रोहीले आफूले जानेसम्मको बेलीविस्तार लगाउनुभयो । संरक्षणका पर्खाइमा रहेका ठुलाठुला ढुङ्गाबाट निर्मित देवल हेर्दा सुर्खेतको काँक्रेविहारका ढुङ्गाको याद आयो । छ वटा देवलका शीर्ष भागमा रहेका चक्राकार आमलक शिला खसेका रहेछन् । यी देवलको पुनःनिर्माण गरिदिए हुन्थ्यो भन्ने लाग्यो । हामी बेलासपुर दरबारतिर लाग्यौँ । दैलेख बजारको गणेशचोक हुँदै बेलासपुर दरबार क्षेत्रमा पुगिँदो रहेछ । बाइसे चौबिसे राज्य अन्तर्गतको एक राज्य रहेछ बेलासपुर । यो राज्यले बहादुर शाहको नायबीकालमा गोर्खा राज्यको अधीनस्थ स्वीकारेको रहेछ । सुन्दर ३३० खुड्किला चढेर बेलासपुर दरबार क्षेत्रमा पुगियो । आजभोलि यो क्षेत्रमा दरबारको नामोनिसान रहेनछ । डाँडामा एक मन्दिर रहेछ । प्यागोडा शैलीको मन्दिर । जसलाई बेलासपुर मन्दिर भनिँदो रहेछ । यो मन्दिरमा रेग्मीका सन्तानले पूजापाठ गर्दा रहेछन् । नेपालगन्ज बेलासपुरका रेग्मीले यो मन्दिर निर्माणमा सहयोग गरेको देखियो । वास्तवमा यो क्षेत्र दैलेख बजार र वरिपरिको दृश्यावलोकन गर्न यो सबैभन्दा उपयुक्त लाग्यो । डाँडाको वरिपरि लगाइएका सल्लाका रुखले यो क्षेत्रलाई झनै सुन्दरता थपिरहेका थिए । बगैँचा योजनाबद्ध तरिकाले निर्माण हुँदै रहेछ । यो क्षेत्रलाई व्यवस्थित गर्न सक्ने हो भने बेलासपुर क्षेत्रले बाह्य तथा आन्तरिक पर्यटकलाई अड्याउन सक्दछ । बेलासपुर क्षेत्रबाट देखिने सुन्दरताको बखान गर्दै हाम्रो टोली काँडाचौर हुँदै दैलेख बजार फर्कियौँ ।

बिहानको ९ बज्नै लागेको थियो । दैलेखका साहित्यकार मित्र कृष्ण देवकोटा र नरेन्द्र आचार्य हामी बसेकै होटेलमा कुरेर बस्नुभएको रहेछ । नास्ता खाएर शिरस्थानतिर लाग्ने सल्लाह भयो । दैलेख बजारको पाण्डे होटेलमा बिहानको नास्ता खाने निधो भयो । कार्यालय समय भएकाले आर.यस. विद्रोही र कृष्ण देवकोटासँग अन्य स्थान र बाटोको जानकारी लिएर बिदाइ गर्‍यौँ । नरेन्द्र आचार्य कोटगढीसम्म आउनुभयो । गढीको मूलढोका बन्द थियो । नजिकै रहेको मालपोत कार्यालयको सिँढी चढेर कोतगढीको दृश्यावलोकन गर्‍यौँ ।

कोतगढी युद्ध किल्लाका रूपमा चिनिँदो रहेछ । पुरानो बजारसँगै जोडिएको यो गढी गोरखाली सेनाले विजय अभियानमा निर्माण गरेका रहेछन् । बाहिर हेर्नका लागि बनाइएका १३ वटा त्रिकोणात्मक खापा, चारैतिर दुई मिटर अग्लो कलात्मक ठुलाठुला ढुङ्गाले निर्मित पर्खाल र वरिपरि खाडल बनाइएको रहेछ । विसं १९४६ मा बहादुर शाहको नायबीकालमा निर्माण भएको यो कोतगढीमा तीन वटा घर पनि थिए रे । यी घरको आजभोलि नाम निसान नै रहेनछ ।

सगरमाथा जस्तै अटल शिर हुनु पर्छ ।
नेपालीको रगत भए वीर हुनु पर्छ ।
सान हामी नेपालीको अपमानित हुँदा
मुटुभित्र अलिकति पीर हुनु पर्छ ।

कोतगढी हेर्दै गर्दा झ्याट्ट गजलका दुई सेरको सम्झना भयो । गोर्खालीको बहादुरी त्यसै प्रख्यात भएको थिएन । कुनै बेला नालापानी पुग्दा गर्वले मुटु ढक्क फुलेको थियो । न बाटो न हतियार न यातायातका साधन पाखुराको बलमा ठुलाठुला युद्ध जितेका गोर्खालीलाई कोतगढी बनाउने ठुला ढुङ्गा बोक्न सायद कठिन भएन तर ती ढुङ्गा कहाँबाट ल्याइए भन्ने प्रश्न भने मनमा खेलिरह्यो । नरेन्द्र आचार्यलाई पुनः कोहलपुरमा भेट्ने वाचा गर्दै बिदाइ गर्‍यौँ । ■

खप्की खाँदै खप्तडको

प्रतीक ढकाल

एचबिएफ रे रामप्रसाद भट्टराईको सूत्र । "एचबिएफसहितको ज्यान बोकेर मात्रै भिङ्ग्राना छोड्नोस् है," पारिपट्टि रहेको सैनिक क्याम्पमा बसेर दूरभाषबाटै मलाई सूचना सम्प्रेषण गर्दै छन् पर्यटन मन्त्रालयका उपसचिव यी भट्टराई । "एचबीएफ नभए आजको दिन बडो घातक हुन सक्छ है दाइ !" उनको सूचनाले मलाई थर्काइ पनि रहेछ । भकभकाइ पनि रहेछ र उनको चेतावनीले मलाई हर अर्थमा सजिलो पनि बनाइरहेछ ।

एचबीएफ अर्थात् हेभी ब्रेक फास्ट !

"यहीं भिङ्ग्रानामै दह्रो गरी खाजा खाएर नहिँडे अब बाटोमा केही पनि पाइन्न है ! लन्च प्याक पनि बोक्नुहोला जे जे भेटिन्छ," सरलीकृत व्याख्या पनि प्रसारित भइरहेछ उनको मुखकै एफएमबाट र हामी पनि चिया, बिस्कुट, उसिनेको अन्डासहित सकेसम्म र पाएसम्मको गह्रुँगो खाजा उदरस्थ गर्दै छौं । बाटोका लागि पनि दालमोठ, बिस्कुट र फ्रुटीका प्याकेट च्यापिसकेका छौं, आफ्नो झोलामा । यहाँ धेरै कुरा पाइँदैपाइँदैन । यिनै बभ्काडी साउँद दाइको एउटा सानो पसल मात्रै खुला छ । यहीं जे जे पाइन्छ त्यो पनि अड्कलेर मात्र बोक्दै छौं ।

खबर आयो, "रामप्रसादको सूचना र जानकारीको थैलो अघि लागिसक्यो । अर्जुनले पछ्याइसक्यो र अरूले पनि साथ दिइसके । केही सैनिक पनि साथसाथै माथि जाने भए रे ।"

हिजै जमादार मेघराज रानाभाटले भनेका थिए, "हाम्रो त तल र माथि काम परिरहन्छ । भोलि हजुरहरूकै सहयोगका लागि म पनि दुइटा केटा पठाइदिन्छु । कहीं हिउँमा फस्नुभयो भने तानेर निकाल्छन् नि !"

साँच्चै पठाउने नै भएछन् । हिँडे रे भन्ने नै खबर आयो । अनि यो पनि थाहा पाइयो कि अब मोबाइल सेवाबाट कुराकानी हुने क्षणको समाप्ति पनि धेरै टाढा छैन । सूचनाको सदुपयोग गर्दै तुरुन्तै गृहलक्ष्मीलाई भनें, "अब फोन लाग्दैन रे है योभन्दा माथि । मेरो त ब्याट्री पनि सकिनै लागेको छ । चार्ज गर्ने ठाउँ पनि छैन रे । त्यसैले अब फोनको आस नगर्नु है ।"

यसो सम्झेँ, आज माघ १६ गतेको दिन । अर्थात् 'शहीद दिवस' । मन ढक्क भएर फुल्यो । सम्झेँ 'सुगन्ध' र 'दशरथ' लाई । आदर पलायो मनभरि । यी राष्ट्रकै अमूल्य रत्न हुन् । उज्याला 'शहीद' हुन् । यिनीहरूको कुनै निर्धारित मूल्य नै छैन । अर्थात् यी अमूल्य छन् । त्यसैले कसैले खोजीनीति पनि गर्दैन, सिवाय आजको दिन । किन्न, आँक्न, मोल्न सकिने भए पो खोज्छन् त मान्छेले । त्यसो गर्नै नसक्ने भएपछि त किन खोजुन् त ?

अर्काथरी 'शहिद' छन्, नगद १० लाखका । मूल्य घट्दा घट्दा र शहीदको सङ्ख्यामा एक्कासि हजारौंको सङ्ख्या एकै पटक थपिन थालेपछि शब्दकोश पनि सायद आत्तियो क्यारे ! यी त अलि 'शहीद' जस्तै गह्रुँगा होइनन् कि जस्तो लाग्यो होला मिडियालाई पनि र अलि हलुका शब्दमा ह्रस्व 'शहिद' बनाइदिएछन् ।

त्यसपछि पनि यो क्रम जारी नै रहेपछि माग र आपूर्तिको स्थितिले आफैं निर्धारण गरेछ बजार भाउको इक्विलिब्रियम् र 'सहिद' शब्द जन्म्यो र मूल्य कायम भयो नगद एक लाख । आफू जुन स्तरका छन् त्यस्तै 'सहिद' बनाए धेरैलाई तिनीहरूले । आफ्नो हैसियत जस्तो छ त्यस्तै 'सहिद' पनि उत्पादन गरे तिनीहरूले तर 'शहीद' लाई कसैले विस्थापन गर्न सकेन । 'शहीद' हुने कठिन यज्ञमा होमिन हिँडेका तिनीहरू होमिन त होमिए । ज्यान पनि गएकै हो, तैपनि 'शहीद' हुन सकेनन् । बरु :

कोही 'शहिद' भए ।

कोही 'सहीद' भए ।

कोही 'सहिद' भए ।

धेरै जसो त नगदै 'सहित' भए ।

हिँडाइलाई नै चुनौती दिन बिहानको ठिक ७:३० मै निस्किसकेका छौं, 'डे प्याक' च्यापेर । खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रमा प्रवेश गर्दै छौं । इन्ट्री पोस्टमा आफ्नो नाम

ठेगाना इन्ट्री गरेपछि त माग गरेमा निकुञ्जका कर्मचारीले एक/एक थान लौरो पनि दिने रहेछन् ।

कस्तो राम्रो व्यवस्था ! कस्तो राम्रो हार्दिकता ! मलाई यो प्रणाली मन पर्‍यो । हुन पनि लौरो भयो भने उकालोओरालो गर्न धेरै सजिलो हुन्छ । म त त्यसै पनि ट्रेकिङको 'स्टिक' सँगै थिएँ । लौरो पाएर गीता र वीरबहादुर दुवै लाभान्वित भए । एउटा सानो काठेपुल तर्‍यौँ । मानिस हिँड्ने बाटो र घोडा खच्चड हिँड्ने बाटो छुट्टिएपछि हत्तपत्त 'मानिस हिँड्ने बाटो' तिर लाग्यौँ । वन असाध्यै सप्रेको छ । रुखहरू पनि सुन्दर देखिन्छन् तर बाटोको बनोट नै यस्तो छ कि उकालाको मात्रै सामना गर्नु परिरहेको छ ।

निकै माथि पुगेपछि बाटोको छेउमा हिउँ जमेको देखियो । गीता बहिनी दङ्ङ पर्दै दगुरेर गइन् । त्यसलाई छोइन् र भनिन्, "आज मेरो जीवन धन्य भयो । मैले हिउँ छोएँ दाइ ।"

"अब तपाईंले यस्तो कुरा निरन्तर देख्दै जानुहुने छ । तपाईं अब निरन्तर धन्य भएकोभयै हुनुपर्ने छ । बरु के प्रार्थना गरौँ भने थप हिउँचाहिँ नपरोस् । नत्र हामी नराम्रोसँग रोकिनेछौँ," मैले प्रत्युत्तरमा भन्दै रहेँ ।

बिहानको ७:३० मा झिङ्ग्रानाबाट हिँडाइ प्रारम्भ गरेका हामी ठिक ९:४५ बजे अर्थात् ठिक २:१५ घण्टामा 'झिङ्ग्राना–बिचपानी मध्यविन्दु' लेखेर टाँसेको तिखेको रुखको फेदमा आइपुग्यौँ ।

त्यो मध्यविन्दु नाघेपछि त हामी हिमप्रदेशमै प्रवेश गरे जस्तो भयो । बाटोभरि, वनभरि जताततै हिउँ नै हिउँ । सुरु सुरुमा ठिकठिकै लाग्दालाग्दै अब त हिउँको मोटाइ दुई/तीन फिट हुन थाल्यो । हिउँकै बिचको डोबबाट पुराना पाइलाहरूको सङ्केतलाई पछ्याउँदै हिँड्नुपर्ने हुन थाल्यो । हिँड्ने ठाउँमा रहेको गहिरो भागमा पनि जमिनको नामनिसानै देखिन छोड्यो । निगालाघारीलाई पूरै हिउँले छोपेको देखिन थाल्यो । वनमा लडेपडेका पुराना मुढाले हिउँको बर्को ओढेर ढुक्कसँग सुतेका देखिन थाल्यो । ठाउँ ठाउँमा रहेका कुटी र धर्मशालाका छानाबाट खसेको हिउँले पनि अनौठा अनौठा चित्रकृति बनाएको देख्न थालियो ।

यस्तै कठिनाइमा यात्रा अगाडि बढ्दै छ । हिउँको पत्र अब झन् झन् बाक्लो हुँदै गएको छ । अब त तीन फिट पनि नाघे जस्तो देखिँदै छ । टेकेको लौरो पूरै भासिन थालेको छ हिउँमा । खप्तडले हप्काउन पो थालेको हो कि जस्तो पनि आभास हुँदै छ ।

बिहानको १० बजेदेखि हिँड्न थालेका मध्यविन्दुबाट ठिक १२:४५ मा 'बिचपानी' आइपुगिएको छ अहिले । झिङ्ग्रानादेखि मध्यविन्दुको त्यस्तो एकोहोरो उकालो बाटो नापिसक्न हामीलाई दुई घण्टा १५ मिनेट मात्र लागेको थियो तर मध्यविन्दुदेखि यताको त्यति नै तेर्सो बाटो हिँड्न हामीलाई दुई घण्टा ४५ मिनेट लागेछ । यसबाट के बुझियो भने पाइलाहरू हिउँमा भासिएपछि हिँड्ने काम निकै कठिन हुने रहेछ । यो पौने तीन घण्टाको हिँडाइमा गीता बहिनी एक दर्जनभन्दा बढी नै पटक पछारिइसकेकी छिन् हिउँमा तर हिमसाक्षात्कारको पहिलो अनुभव हुनाले हाँसी हाँसी उठिरहेकी छन् । खुट्टै गाडिएर निकाल्न नसकेको अवस्थामा कहिले वीरबहादुरले तानेको छ; कहिले मैले सहारा दिएर उठाएको छु तर अधिकांश पटक उनी आफैँ उठेकी छन् र हिउँलाई पनि जित्ने सुरमा लागेकी छन् ।

हिउँमाथिका पाइलाहरू

बिचपानीमा पर्यटन बोर्डले बनाएको सुन्दर घर पनि देखियो । अरूबेला भए त्यसमा होटेल चल्थ्यो रे तर अहिले त यो मात्र होइन, यहाँका सबै होटेल बन्द रहेछन् । अरूबेला ग्राहक बस्ने बेन्च जति सबै हिउँले पुरिएका र डेस्कले मात्रै टाउको उठाएर यसो वरपर हेरिरहेका रहेछन् । खरको छानोमाथि आफ्नै पौरखले एक पत्र थपेको छ हिउँले र यो हिउँको छानो यति बाक्लो छ कि यसले त ढुङ्गालाई पनि चुनौती नै दिइरहेछ । सागपात रोप्न बारिएका कोठेबारीमा एकनासको हिउँको तन्ना फलेको छ । बिरुवा उम्रिनुपर्ने ठाउँमा घटीमा पनि तीन फिट अग्लो हिउँ उम्रेको छ र स्थानीय मानिसले 'तिखे' भन्ने गरेका ठुला ठुला रुखसमेत कम्मरसम्म हिउँमा गाडिएर ठिङ्ग उभिएका छन् ।

सुन्दर घर र पुरिएका बेन्च

यस्तै अनौठो दृश्यका बिचमा बसेर निखार्दै छौँ, प्याक लन्चका प्याकेट । वास्तवमा यसको पनि नामै मात्र ठुलो, खासैमा खानु त के नै छ र ? उही झिङ्ग्रानाबाटै ल्याएका एक/एक साना प्याकेट दालमोठ, एक/एक प्याकेट बिस्कुट, एक/एक डब्बा फ्रुटी र आफैँले घरैदेखि झोलामा बोकेर लगेका केही ड्राइफ्रुट ।

बल्ल भेट्यौँ हामीले अर्को समूहको भरिया कालु ठगुल्लालाई यही बिचपानीमा । उनले त 'रामप्रसाद' हरूका आवश्यकता सबैलाई बोरामा हालेर आफ्नै शैलीको भारी बनाएका रहेछन् । हाम्रो वीरबहादुरको भारी कौशल देखेपछि बल्ल जिल खाएँ । नत्र त यी दुई भरियाको पनि भेटै भएको थिएन, अहिलेसम्म । हामीलाई साथी हुन्छ भनेर पठाइएका दुई सैनिक जवानसँग पनि यहीँ नै भयो परिचय । एउटा रहेछन्, प्युठ सुरेश फैजा मगर र अर्का रहेछन् सिपाही पुरण पुन । एउटा बाँकेका र अर्का बागलुङ हुँदै हाल बुटवलका ।

बगलेक–२, कुडासैनका कालु ठगुल्ला भारी बोकेर फेरि दगुरिहाले । सैनिकहरू पनि उनैलाई पछ्याउँदै हिँडे । अहिले पनि हामी नै सबैभन्दा पछाडि नै हिँड्यौँ । दृश्यहरू यति सजीव छन् कि जहाँ हेर्‍यो त्यहीँ मन अल्झिन्छ ।

जे देख्यो त्यसैको फोटो खिच्न मन लाग्छ । त्यही हिउँ जस्तै भएर कहिले रुखको कापमा गएर सुत्न त कहिले घरको छानो भएर फैलिन मन लाग्छ तर हामी त्यसो गर्न सक्दैनौँ किनकि न त हामी हिउँ हौँ न त बालागुरु षडानन्द अधिकारी वा स्वामी श्यामाचरण लाहिडी महासय झैँ सिद्धि प्राप्त योगी नै हौँ । न हामी ओशो जस्तो व्याख्याता हौँ न त स्वामी आनन्द अरुण झैँ सङ्गठक । हामी कुनै शक्ति नभएका मान्छे केवल हेर्न मात्र सक्छौँ र अपलक हेरिरहेका छौँ प्रकृतिको यो अनुपम जादुगरीलाई । उभिएर प्रतीक्षा मात्र गर्नेले पनि सेवा नै गरेका हुन्छन् रे जोन मिल्टनले भनेको । हामी त हेर्दै नै छौँ । पक्कै ठुलै काम भइरहेको होला हाम्रा अन्तस्करणमा तर के भइरहेछ हामी अयोगीहरूलाई थाहा छैन ।

हिउँको छानो

बाटो लाग्यौँ । हतार नगरे खप्तड नपुगिएला कि भन्ने डर पनि छ । फेरि साइनबोर्डले 'अब तीन घण्टा लाग्छ' भनेको हुनाले हिउँका कारणले कठिनाइ थपिएर छ घण्टा नै लागे पनि ७ बजे त खप्तड पुग्ने देखिएकाले आश्वस्त पनि भएका छौँ ।

साइनबोर्डको सहारा

रुख असाध्यै सप्रेका छन् । तिनका हाँगा पूरै शक्तिका साथ फैलिएका छन् । पछि गएर त यो सबै हिउँ पनि नै रुखकै आडमा पो पोषण थपिने हो कि जस्तो पनि देखिँदै छ । रुखको काण्डसम्म हिउँ भरिएको हुनाले प्रकृतिले नै सबै रुखलाई 'उकेरा' हालिदिएको पो हो कि जस्तो पनि देखिँदै छ । हिउँकै ट्र्याकबाट हिँड्दै छौँ । अस्तिको दिनदेखि हिउँ नपरेको हुनाले हिजो मात्रै केही सैनिकले तलकाले माथितिर र माथिकाले तलतिर गएर खोलेका रहेछन् यो अहिलेको बाटो । एक पटक मान्छे हिँडेको हिउँ नदब्ने हुनाले हाम्रो यात्रा पनि तिनै पाइलामाथि हुँदै छ । अनि तिनै पाइला चिप्ला हुने हुनाले हिउँको मेलोमेसो नपाएकी गीता बहिनी पटक पटक बाटोमा चिप्लिरहेकी छन् । केही पर पुगेपछि बायाँ हाततिर एउटा फराकिलो चट्टान आयो, ४५ डिग्री कोणको भित्तो बनेर । ठ्याक्कै मनाङको स्वर्गद्वारी जस्तै । परिक्रमा अन्नपूर्णमा छापिएको विवरण जस्तै ।

बिचबाटोमै स्वर्गद्वारी ?

अनि मूलबाटोमा आयो दुवैतिर सप्रेको निगालो र बिचमा हिँड्नका लागि मात्र ओछ्याइएको हिउँको बाक्लो सेतो डसना । यस्तो सप्रेको निगालोलाई यतातिर एक वचनमा भए 'देउलो' र बहुवचनमा भए 'देउला' भनिँदो रहेछ र तिनका पनि कलिला टुसालाई चाहिँ देउली टुसा रे ।

हिँड्ने बाटो : हिउँको डसना कि सेतो कार्पेट ?

बाटैमा अर्को पनि कुटी देखियो । छानाबाट खसेको हिउँले बनाएको अमूर्त मूर्तिकला पनि देखियो । यस्तो हिमपातका बेलामा पनि पहरोमुनि लुकेर ज्यान जोगाएका केही भुइँफूलहरू देखिए । सेताम्य भएको यो धर्तीमा प्रकृति आफैँले एउटा ढुङ्गामाथि हिउँकै माछा बनाएर घाम तपाउन राखेको रहेछ त्यो पनि देखियो । यस्तो लाग्यो, मानौँ कि प्रकृतिले सिङ्गै माछो तारेर यो ढुङ्गाको प्लेटमा राखिदिएकी छिन् हाम्रो दर्शनार्थ ।

हिउँको माछो

हिउँले विचित्र विचित्र रूप र आकृति बनाएका छन् । कतै ओढारको गेट जस्तो देखिन्छ भने कतै अर्कै खालको राक्षसी मुखाकृति । कतै मन्दिरको स्वरूप देखिन्छ त कतै बगैँचाको प्रकृति । कतै पूरै छोपिएको सतह छ त कतै पूरै शरीर हिउँमा छोपिएर पनि अन्तिम श्वास लिन सङ्घर्षरत बिरुवाका निर्धा निर्धा गुवाहरू ।

हिउँका अनौठा आकृति

धन्य प्रकृति, तिम्रो चामत्कारिक लीला अपरम्पार छ । निकै माथि रहेको एउटा डाँडामा हामी दुवै टिमको फेरि भेट भयो एकैछिनका लागि । सूचना पाइयो, अब यो नै फोन लाग्ने अन्तिम बिन्दु हो । अब यहाँबाट नाघेपछि कहीँ पनि फोनको नेटवर्कले टिप्दैन । बर्मेली नेपाली लबजमा भन्ने हो भने अब फोन घुस्तैन । साथीहरूले भनेको सम्झिएँ, पूर्णचन्द्र भट्टराईलाई फोन गरेर मात्र खप्तड जानू । पर्यटन मन्त्रालयको योजना महाशाखाको हाकिमले भनेको सबैले मान्छन् । मोहनकृष्ण सापकोटालाई भनेर जानू, पर्यटन उद्योग महाशाखाको महानिर्देशकले भनेपछि त्यहाँ राम्रो सत्कार हुन्छ । पर्वतारोहण शाखाको हाकिम सुरेन्द्र सापकोटाले तपाईं आउँदै हुनुहुन्छ भनेर कसैलाई खबर गरिदिएको छ कि छैन ? उसले भनेको सबैतिर लाग्छ । हिक्मतसिंह ऐरजीले भनेको सम्झैँ, "सरले खप्तडको भ्रमण गर्नु भनेको खप्तडका लागि पनि अवसर हो । अब यसले राम्रो प्रचार पाउने छ । सरका पाठकका बिचमा पुग्ने छ खप्तड पनि । त्यसैले सिधै खप्तड पर्यटन विकास समितिकै सम्पर्कमा रहनुहोला । सेना र निकुञ्जतिरभन्दा तपाईंलाई पर्यटन कार्यालय नै सुहाउँछ ।"

यसो फोन झिकेर हेरेको त पूरै अफ भइसकेको रहेछ । ब्याट्री त पूरै मस्त निद्रामा । नम्बर मात्र हेर्न पाएको भए पनि गीता बहिनीको फोनबाट कुरा गरौँला भनेको त मेरो सेटले त पूरै जिब्रो टोकेर महासमाधि लिइसकेको रहेछ । कतै पनि सम्पर्क गर्न सकिएन । यत्रो नाम चलेको ठाउँमा आएर पनि के डराइरहनु भन्ने सोचियो र त्यतापट्टि पटक्कै चिन्ता लिइएन । एक रात बिताउनका लागि पनि

केको हारगुहार गरिरहनु पर्ला र भन्ने सोचियो।

फेरि रामप्रसादले नै भनेका थिए, “माथि त होटेल पनि छ नि !” जब होटेलसमेत छ भने किन गरिरहनुपर्‍यो अर्काको चाकरी ?

पर पर अछामका डाँडा पूरै सेता देखिन थाले। रुखहरूको सप्राइ त झन् प्रतियोगिता जित्नकै लागि हो जस्तो देखिन थाल्यो। यस्तै दृश्यमा अल्मलिइरहेका बेला हाम्रा आँखाअगाडि उदायो एउटा ठुलो हिम मैदान। आँखाले भ्याएसम्म फैलेको छ यो हिउँको डसना। हिउँको च्यादर वा तन्ना भन्नै मिल्दैन यसलाई। किनकि यो घटीमा तीन फिट बाक्लो छ। यति बाक्लो च्यादर हुन्छ ? तन्ना हुन्छ ? अनि कसरी भन्नु ?

पहिलो हिम मैदान (पाटन)

हो, आँखाले भ्याएसम्म फैलिएको छ यो हिम मैदान। घाम लागेको र छाया परेको सबै ठाउँमा पुगेको छ, यही विस्तारित मैदान। शिरको यो ढुङ्गोदेखि त्यो खोल्सोसम्मलाई छोपेर कता हो कता परसम्म फैलिएको छ यो एउटै हिम मैदान। बल्ल कुरो बुझियो अब आउन थालेको रहेछ खप्तड हाम्रो बाटोमा। बल्ल मेसो पाइयो हामी पुग्न थालेका रहेछौँ खप्तड र हामीले नाघेको यो विस्तृत मैदान चाहिँ यहाँको पहिलो पाटन (चौर) रहेछ।

कुटीलाई बायाँ हाततिर पारेर हामी फेरि उकालियौँ। पहिलो पाटन नाघिसकेका हुनाले हामी उत्साही बनेका छौँ। यस्तै २२ पाटनको एरिया हो रे खप्तड, रामप्रसादको सूचनाले यसै भन्छ। यति उचाइमा रहेको विश्वप्रसिद्ध सिमसार हो यो, भट्टराईको जानकारी अझै उन्नत हुन्छ। साँझ पर्दै छ अब त। बास कहाँनिर हो त्यो पनि थाहा छैन। पहिले खप्तड आइनपुगेका मात्र छानिएर पछाडि परेका छौँ। संयोग यस्तो छ कि हाम्रो गाइड वीरबहादुर साउद पनि पहिलोबेते नै हो रहेछन्। भन्दै थिए, “बिचपानीसम्म त आ'को थेँ तर यता चैँ पैलो पटक हो।” खप्तडलाई नचिनेको मान्छे हो भन्ने कुरा त उनले लगाएका चप्पलले नै बुझाउँथ्यो नि ! तर यसभन्दा अगाडि म बोलेको थिइनँ। वर्षायाममा सुन्दर सुन्दर देखिने अरू पाटन पनि बाटामा आउँदै गए। त्यतिबेला कति सुन्दर र हरिया हरिया चौर बन्दा हुन् यी पाटन र यहाँका सबै पुलमुनि पनि सानो सानो पानी बग्दो हो। अहिले त पूरै सेताम्मे हिउँ छ र पुलमाथि पनि हिउँ नै सुतेको छ।

पुल तर्ने पनि हिउँ नै

बाटोमा एउटा सानो गेट आयो। एउटा सानो देवीथान पनि आयो। त्रिवेणी मन्दिरतर्फ जाने बाटो देखाउने ठाउँ आयो। त्यहीँ तल एउटा कुटी आयो फेरि। चारैतिर अँध्यारो फैलिसकेको हुनाले अब हामी आत्तिन थाल्यौँ। हिउँको टलकको कारणले मात्र बाटो देखिएको हो भन्ने जानेपछि हामी अब बेसहारा हुँदै गयौँ।

“त्यो अघि छाडेको घरमा फर्कौं र छानोमुनि बसौँ,” पहिलो पटक खुइय गर्दै निराशा पोखिन् गीता बहिनीले।

“फर्केर त नजाऊँ तर अब जहाँ कुटी भेटिन्छ त्यहीँ बसौँ। त्यसो गरे कसो हुन्छ ?” मैले सुझाएँ।

“बाटो त यै हो मेडम। मैले बिराएको छैन बाटो त। मैले धमिलिएको हिउँमै हिँडाएको छु हजुरहरूलाई तर अझै कति टाढा छ सेनाको ब्यारेक, निकुञ्ज र बास बस्ने ठाउँ त्यो चैँ मलाई थाहा भएन,” वीरबहादुरको वीरत्व पनि यसरी स्खलित भयो। हामी ठिक ठाउँमा छौँ भन्ने सबैलाई थाहा भयो, किनकि अर्को बाटै छैन तर गन्तव्यबाट कति वर छौँ भन्ने कुरो कसैलाई पनि थाहा भएन।

सोच्यौँ, अब त हिउँ नै छ फिट जति अग्लो भइसकेको छ। यस्तो अवस्थामा अब जहाँ छानो पाइन्छ, त्यहीँ घुस्रेर जीवन रक्षा गर्नु पर्छ, नत्र खाइन्छ सिलटिमुर।

निकै पर पुगेपछि, रात निकै झरेपछि, हामीले हाम्रो दाहिने हाततिर तीन वटा घर उभिएका देख्यौँ। छेउमै तारबेरले छेकेको एउटा ढुङ्गो पनि थियो तर अँध्यारो भइसकेको हुनाले त्यसको बेहोरा पढ्न सकिने स्थिति भने थिएन। “अब ऊ त्यै घरमा रात बिताउने,” मैले भनेँ र गीता बहिनीतिर हेरेँ। उनले स्वीकृति जनाउनुबाहेक विकल्पै के थियो र ?

अब त्यो घरसम्म जाने बाटो बनाउन म अगाडि लागेँ। नयाँ ठाउँमा टेक्दा म घुँडामाथि माथिसम्म भासिएँ हिउँमा। लौरो चुर्लुम्मै डुब्थ्यो र टुप्पीको फिता मात्र बाँकी रहन्थ्यो। बडो दुःखले १५० पाइला जति हिँडेर म त्यो घरको ढोकामा पुगेँ तर दुर्भाग्य, ढोकामा त ताला पो लगाइएको रहेछ। फेरि फर्केर अर्कोतिरको खुला झ्यालमा पुगेँ र खापालाई धकेलेर भित्र छिरेँ। मैले पाइला टेकेका ठाउँमा टेक्दै गीता र वीरबहादुर पनि भित्र आइपुगे।

अब हामी तिनै जना एउटा छानोमुनि सुरक्षित थियौँ। राति जस्तो सुकै हिमपात भए पनि अब हामी नमर्ने भएका थियौँ। हाम्रा अरू साथीले आर्मी क्याम्प वा पर्यटन कार्यालय वा निकुञ्ज कार्यालय कतैतिर बसेर रमाइला गफ गरिरहँदा हामी तीन भने जीवनको यो दुर्लभ अनुभवको बाली स्याहार्दै थियौँ।

सबैभन्दा ठुलो कुरो, अब हामी छानोमुनि सुरक्षित बनेका थियौँ र जस्तो सुकै भए पनि जीवनमा एउटा घरको महत्त्व कति हुन्छ भन्ने कुरो आफैँले भोगेर बुझ्दै थियौँ।

आखिर हामी खप्तड आई नै सकेका छौँ। मात्र त्यो अन्तिम विन्दु छुन बाँकी न हो। त्यो पनि भोलि बिहान छोइने छ र यही हिमअनुभूतिको छाप मनमा बोकेर फर्केपछि सानसँग लेखिने छ आनन्दभूमिको आँगन। ■

कात्तिक २० देखि मङ्सिर १९ सम्म

प्राडा श्रेष्ठ सम्मानित

भक्तपुर । साहित्यकार चक्रपाणि चालिसेको १४३ औँ जन्मजयन्तीका अवसरमा आयोजित एक कार्यक्रममा वरिष्ठ समालोचक प्राडा दयाराम श्रेष्ठ 'चक्रपाणि स्मरण पुरस्कार–२०८२ बाट सम्मानित हुनुभएको छ । चक्रपाणि स्मारक प्रतिष्ठानले कात्तिक २० गते आयोजित एक कार्यक्रममा श्रेष्ठलाई सम्मानपत्र र नगद पुरस्कार २० हजारद्वारा सम्मान गरेको हो । सम्मानित व्यक्तित्व प्राडा श्रेष्ठले चक्रपाणि चालिसेलाई आफूले भेट्न नपाए पनि २०१५ सालबाटै पाठ्यपुस्तकमा रहेका उहाँका रचनाबाट परिचित हुन पाएको स्मरण गर्दै चालिसे नेपाली गद्य शिल्पका बेजोड प्रतिभा भएको बताउनुभयो । सम्मानित प्राडा श्रेष्ठको व्यक्तित्व र कृतित्वबारे शैलेन्दुप्रकाश नेपालले प्रकाश पार्नुभएको थियो । सोही अवसरमा चक्रपाणि स्मारक प्रतिष्ठानद्वारा प्रकाशित 'चक्रपाणि साहित्य विशेष' को निबन्ध विशेषाङ्क पनि विमोचन गरिएको थियो । विमोचित कृतिको समीक्षात्मक टिप्पणी डा. यादेवी ढकाल र लक्ष्मी थापाले गर्नुभएको थियो ।

दुई कृति सार्वजनिक

काठमाडौँ । अतनुकुमार बसुको समीक्षात्मक कृति र उर्मिला ढुङ्गानाको बालकवितासङ्ग्रह 'मिठा मिठा तरकारीहरू' दुई कृति सार्वजनिक भएका छन् । कात्तिक २१ गते शुक्रबार काठमाडौँमा आयोजित एक समारोहकाबिच सार्वजनिक भएको समीक्षा पुस्तक ' विजयराज आचार्य स्टोरिज फर चिल्ड्रेन : अ क्रिटिकल इस्टिमेसन' बाट अनुदित ४० बालकथामा आधारित भई बसुले समीक्षा तयार पारेका हुन् । कार्यक्रममा अतनुकुमार बसुले 'इम्प्याक्ट अफ वार अन चिल्ड्रेन' विषयक कार्यपत्र प्रस्तुत गर्दै हाल विभिन्न देशमा भइरहेका युद्धले बालबालिकालाई असर परिरहेको बताउनुभयो ।

एकल लघुकथा वाचन

भक्तपुर । विराट नेपाल भाषा साहित्य सम्मेलन गुठी भक्तपुरले स्रष्टाहरूको एकल साहित्य वाचन कार्यक्रम सम्पन्न गरेको छ । श्याम आशाको एकल लघुकथा वाचन कार्यक्रम कात्तिक २१ गते विराट चिधं दबुमा भएको हो । आशाले नेपाल भाषाका १३ वटा लघुकथा वचन गर्नुभएको थियो । गुठीले हरेक महिना एकल साहित्य वाचन कार्यक्रम गर्दै आएको छ ।

बालकवि पुरस्कृत

काठमाडौँ । अभिनव साहित्य समाजले विद्यालयस्तरीय विकल अभिनव बाल प्रतिभा पुरस्कारका लागि आँसु तथा स्थलगत कविता लेखन तथा वाचन प्रतियोगिता सम्पन्न गरेको छ । कात्तिक २१ गते सम्पन्न प्रतियोगितामा रिपुमर्दिनीकी चाँदनी कडारा प्रथम, मनकामना माविबाट निलिसा थापा द्वितीय, हिम शृङ्खलाबाट आस्ना खड्का तृतीय, नवअरुणिमाबाट रोमी राउत र बाल संसारबाट कृसुप पौडेलले सान्त्वना पुरस्कार प्राप्त गरे । विजेतालाई क्रमशः पाँच हजार, तीन हजार, दुई हजार र एक हजार नगद, प्रमाणपत्र साथै सहभागी सबैलाई बालसाहित्यका पुस्तक र प्रमाणपत्र प्रदान गरिएको थियो ।

अक्षयकोष स्थापना

हेटौँडा । नवसर्जक साहित्य चौतारी नेपालका संस्थापक सदस्य प्रभास घिमिरेको सम्झनामा अक्षय कोष स्थापना भएको छ । हाल कोषमा एक लाख रुपियाँ जम्मा भएको र विभिन्न व्यक्ति तथा संस्थाबाट प्राप्त रकमसमेत कोषमा थप गर्दै जाने बताइएको छ । हेटौँडाको मकवानपुर बहुमुखी क्याम्पसको सभा हलमा कात्तिक २२ गते सम्पन्न उक्त कार्यक्रममा 'प्रभास घिमिरे : सम्झना र सिर्जना' नामक स्मृतिग्रन्थको लोकार्पणसमेत गरिएको थियो । स्मृतिग्रन्थ प्रकाशन तथा अक्षयकोष स्थापनाका सन्दर्भमा चौतारीका संरक्षक दीपक गौतमले प्रकाश पारेका थिए ।

साहित्य सम्मेलन सम्पन्न

अमेरिका । साहित्य परिषद् भुटान स्थापनाको ३३ औँ वर्षमा ११ औँ साहित्य सम्मेलन पेन्सिलभेनियामा सम्पन्न भएको छ । सन् १९९३ मा नेपाली भाषा परिषद् भुटानको नाममा स्थापित संस्थाको नाम हाल साहित्य परिषद् भुटान रहेको छ । कात्तिक २२ गते संस्थापक अध्यक्ष गङ्गाराम

लामिटारेको अध्यक्षतामा सम्पन्न सम्मेलनमा विविध कार्यपत्र, साहित्य परिषद् भुटानको अवधारणा प्रस्तुतिसँगै सांस्कृतिक कार्यक्रम, कविता वाचन, पुरस्कार तथा सम्मान वितरण पनि गरिएको थियो ।

'मेरो आफ्नै कथा' विमोचन

नवलपरासी । आख्यानकार खोपनारायण श्रेष्ठको 'मेरो आफ्नै कथा' विमोचन भएको छ। कात्तिक २२ गते राप्ती नगरपालिकामा जुनुकुमारी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा उक्त कृति विमोचन गरिएको हो । सो कार्यक्रममा विमोचित कृतिमाथि समीक्षक एवं निबन्धकार चिरञ्जीवी दाहालले छोटो समीक्षा गर्नुभएको थियो भने डा. विशाल जोशीले कृतिकारको परिचयसहित व्यक्तित्वबारे प्रकाश पार्नुभएको थियो । कार्यक्रममा कृतिकार खोपनारायण श्रेष्ठले कार्यक्रमबाट थप कार्मका लागि प्रेरित भएको बताउनुभयो ।

स्रष्टा सम्मानित

काठमाडौँ । सखी प्रतिष्ठान काठमाडौँले महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११७ औँ जन्मजयन्तीको अवसरमा कात्तिक २७ गते एक विशेष कार्यक्रमको आयोजना गरी स्रष्टालाई सम्मान गरेको छ । प्रतिष्ठानले नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति तथा कवि बैरागी काइँला, गायिका ज्ञानु राणा, कलाकारद्वय मदनकृष्ण श्रेष्ठ तथा पूजा चन्द र साहित्यकार सुनील सङ्गमलाई सम्मान गरेको हो । कार्यक्रममा महाकवि देवकोटाका ज्येष्ठ सुपुत्र पद्मप्रसाद देवकोटाले महाकविसँगका स्मरण सुनाउनुभएको थियो । सम्मानित व्यक्तित्व गायिका ज्ञानु राणले महाकवि जस्तो विशिष्ट व्यक्तित्वका नामबाट सम्मानित हुन पाउँदा गर्व लागेको बताउनुभयो । प्रतिष्ठानकी अध्यक्ष मन्जिला अनिलको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राई, प्राडा खगेन्द्रप्रसाद लुइटेल, उषा शेरचनलगायतको उपस्थिति थियो ।

'धमिराको देवल' लोकार्पण

काठमाडौँ । शङ्कर लामिछाने प्रतिष्ठानले निबन्धकार बोधराज पौडेलको निबन्धकृति 'धमिराको देवल' को लोकार्पण तथा परिचर्चा कार्यक्रम सम्पन्न गरेको छ । कात्तिक २८ गते काठमाडौँमा आयोजित कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष राधेश्याम लेकाली, प्राडा लक्ष्मणप्रसाद गौतम, सविता ढुङ्गाना, सङ्गीता शर्मा, हिरण्यकुमारी पाठक, प्रमोद प्रधान र प्राडा गोविन्दमानसिंह कार्कीलगायतले कृतिको लोकार्पण गर्नुभएको थियो । लोकार्पित कृतिबारे समालोचकद्वय प्रमोद प्रधान र प्राडा गोविन्दमानसिंह कार्कीले समीक्षात्मक टिप्पणीसहित कृतिको विषयवस्तु, शैली र साहित्यिक आयामबारे प्रकाश पार्नुभएको थियो ।

कवि विनोदी पुरस्कृत

पोखरा । माधव वियोगी वाङ्मय प्रतिष्ठानले माधव वियोगी साहित्य पुरस्कार २०८२ कवि गोविन्दराज विनोदीलाई प्रदान गरेको छ । यसै गरी प्रतिष्ठानले कास्कीका नाट्यकर्मी कृष्ण उदासी र बालसाहित्यमा कलम चलाउने लमजुङका आधुनिक बालसाहित्यकार रमेशचन्द्र घिमिरेलाई माधव वियोगी सम्मान प्रदान गरेको छ । पोखरा बेलघारीस्थित प्रतिष्ठानको अनुष्टुप सभाकक्षमा कात्तिक २९ गते भएको कार्यक्रममा माधव वियोगीले वाङ्मयको विकासमा बाँकी समय अझ सक्रियताका साथ लाग्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । माधव वियोगी साहित्य पुरस्कारको राशि रु. २५ हजार र माधव वियोगी सम्मानको राशि पाँच/पाँच हजार रुपियाँ रहेको छ ।

लघुकथाकार केसी सम्मानित

उदयपुर । लघुकथा प्रतिष्ठान, नेपालले चौथो वार्षिकोत्सवका अवसरमा लघुकथाकार लता केसीलाई 'लघुकथा अभिभावक' को उपाधिबाट सम्मान गर्ने भएको छ । प्रतिष्ठानकी संस्थापक लक्ष्मी रिजाल र 'सन्दर्भ लघुकथा प्रधान पत्रिका' का प्रधान सम्पादक अक्षान्तद्वारा संयुक्त रूपमा मङ्सिर १ गते जारी गरिएको विज्ञप्तिमा नेपाली लघुकथाको विकासमा केसीले पुऱ्याएको योगदानको सम्मान गर्दै केसीलाई सम्मान गर्न लागिएको जनाइएको छ ।

फित्कौली सम्मान अर्पण

काठमाडौँ । नेपाली हास्यव्यङ्ग्यको संवर्धनका निम्ति क्रियाशील फित्कौली अनलाइन मिडिया तथा फित्कौली डटकमद्वारा विशिष्ट हास्यव्यङ्ग्यकार मुकुन्द आचार्यलाई फित्कौली हास्यव्यङ्ग्य राष्ट्रिय सम्मान, २०८२ र अर्का हास्यव्यङ्ग्य कलाकार तथा कवि डम्बर घिमिरेलाई श्रीप्रशन्नमूर्ति फित्कौली सम्मान, २०८२ अर्पण गरियो । मङ्सिर २ गते सम्पन्न कार्यक्रममा प्रमुख अतिथि प्राडा माधवप्रसाद पोखरेलले हास्यव्यङ्ग्य पारामै मन्तव्य दिँदै हास्यव्यङ्ग्यले समाज परिवर्तनमा ठुलो मद्दत गर्ने र खास गरी राजनीतिभित्र देखिएको विकृतिलाई नियन्त्रण गर्न सहयोगी भूमिका हुने बताउनुभयो ।

गोरखापत्र-मधुपर्क साहित्य सम्मेलन

दोलखा । दोलखा जिल्लाको शैलुङ गाउँपालिकामा रहेको रमणीय स्थल शैलुङमा गोरखापत्र संस्थान, मधुपर्क साहित्य सम्मेलन सम्पन्न भएको छ । गोरखापत्र संस्थानको आयोजना र गाउँपालिकाको सहआयोजनामा मङ्सिर ६ गते सम्पन्न सो साहित्य सम्मेलनलाई सम्बोधन गर्दै गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले शैलुङ गाउँपालिका तथा शैलुङ पर्यटन तथा कालापानी बजार टोल विकास संस्थालाई हृदयदेखि नै आभार व्यक्त गर्नुभयो । गोरखापत्रका प्रधान सम्पादक जुनारबाबु बस्नेतको समभापतित्वमा भएको कार्यक्रममा मधुपर्कका सम्पादक त्रिभुवनचन्द्र वाग्लेले भन्नुभयो, "हामी यहाँ आउँदा खाली मन लिएर आएका थियौँ । अब यहाँको माटोसँग मन जोडिएकाले फर्कंदा शैलुङको माया र सम्झना मनभरि, मुटुभरि लिएर जाने छौँ, शब्दमा लेख्ने छौँ, सिर्जनामा अभिव्यक्त गर्ने छौँ ।"

दोलखाका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसाल, शैलुङ गाउँपालिका–८, का वडाध्यक्ष धनबहादुर तामाङ, कालापानी टोल बजार समितिका अध्यक्ष रुद्र थपलिया स्थानीय समाजसेवीलगायतले पर्यटन प्रवर्धनका लागि शैलुङमा आयोजना गरिएको गोरखापत्र साहित्य सम्मेलन अत्यन्तै फलदायी भएको चर्चा गर्दै शुभकामना व्यक्त गर्नुभएको थियो । सम्मेलनमा साहित्यिक क्षेत्रका ३० भन्दा बढी व्यक्तित्वहरूको सहाभागिता थियो । सहाभागी साहित्यकार तथा उपस्थितहरूबाट आआफ्ना रचना वाचनसमेत गरिएको थियो । कार्यक्रममा स्थानीयले माला लगाएर, महिलाहरूले पन्चैबाजा बजाएर स्वागत गर्दै अतिथिलाई बजार परिक्रमा गराउँदै शैलुङको थुम्कोसम्म पुऱ्याइएको थियो ।

कवि गोष्ठीको दोस्रो शृङ्खला

काठमाडौँ । कवि मुकुन्द शर्मा चालिसे र मायादेवी शर्माको घर भसन्थली कैलाशकुञ्जमा कवि गोष्ठीको दोस्रो शृङ्खला सम्पन्न भयो । मङ्सिर ६ गते सम्पन्न कार्यक्रममा कमला देवकोटा, लव खड्का, श्याम सङ्कल्प, बालिका गिरी, अमर अधिकारी, मुकुन्द शर्मा चालिसे, मायादेवी शर्मा, सङ्गम सापकोटा, अरुणबहादुर खत्री 'नदी', डा. जीवन जीवन्त, डा. अम्बिका अर्याल, अनिता लामा, दीपक शर्मा, दीनबन्धु शर्मालगायत विभिन्न कविले आआफ्ना रचना सुनाउनुभको थियो । कवि गोष्ठीको तेस्रो शृङ्खला आगामी पुस ५ गते शनिबार बिहान ८ बजे कवयत्री कमला देवकोटाको घर बुढानीलकण्ठमा हुने भएको छ ।

आचार्यका कथासङ्ग्रह प्रकाशित

ललितपुर । केशवप्रसाद आचार्य (१९८८–२०५६) का कथाहरूका सङ्ग्रह प्रकाशित गरिएको छ । कथाकार अमोद भट्टराईद्वारा सम्पादित उक्त सङ्ग्रहमा स्वर्गीय आचार्यका आठ वटा कथा छन् । मङ्सिर ११ गते आयोजित विशेष कार्यक्रममा कथाकार स्वर्गीय केशवप्रसाद आचार्यकी ८७ वर्षिया पत्नी श्रीधरा आचार्य, समालोचक गीता त्रिपाठी र संविधानविद् भीमार्जुन आचार्यले संयुक्त रूपमा सङ्ग्रह सार्वजनिक गर्नुभयो ।

स्व. आचार्य नेपाली साहित्य र राजनीतिमा सानै उमेरदेखि नै संलग्न थिए । नेपाली आधुनिक कथा साहित्यको इतिहासमा उल्लेख नभएका तर विसं २०१० को दशकमै रूपरेखा, गोरखापत्र, दीपक जस्ता महत्त्वपूर्ण पत्रिकामा उनका कथा प्रकाशित भएका छन् ।

'विलोम' को दसौँ अभ्यास

काठमाडौँ । नेपाली लघुकथा सर्जकहरूसँग भेटघाट, वार्ता र लघुकथा केन्द्रित संवादका माध्यमद्वारा नेपाली लघुकथाको उन्नयनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रारम्भ गरिएको लघुकथा अभ्यास 'विलोम' को १० औँ अभ्यास मङ्सिर १७ गते सम्पन्न भएको छ । १० औँ 'विलोम' वार्ता आख्यानकार एवं कवि दिव्य गिरीसँग भएको हो । लघुकथाकारत्रय विनोद नेपाल, दीपक लोहनी र ममता मृदुलद्वारा प्रारम्भ गरिएको 'विलोम' नामक अभ्यास अन्तर्गत १० औँ अभ्यास सर्जक गिरीको निवासमा भएको हो ।

साझा प्रकाशनको स्थापना दिवस

ललितपुर । साझा प्रकाशनको ६२ औँ स्थापना दिवस सम्पन्न भएको छ । पुल्चोकस्थित साझा प्रकाशनको केन्द्रीय कार्यालयको प्राङ्गणमा मङ्सिर १७ गते सम्पन्न स्थापना दिवसका अवसरमा बृहत् पुस्तक प्रदर्शनी गरिएको छ । स्थापना दिवस कार्यक्रममा प्रमुख अतिथि कृषि तथा सहकारी सचिव मदन भुजेलले साझा प्रकाशन सम्मानित संस्था भएकाले यस्ता संस्था जीवित राख्नुपर्ने बताउनुभयो । साझा प्रकाशनका अध्यक्ष शेखर गिरीको सभापतित्वमा भएको स्थापना दिवसमा विभिन्न सर्जकले गोरखा भाषा प्रकाशिनी समितिको उत्तराधिकर संस्था साझाको स्थापना यस वर्ष ११४ वर्ष हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

गतिविधि संयोजन तीर्थराज अधिकारी